# मेलम्ची नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**प्रदेश नं ३**

मेलम्ची, सिन्धुपाल्चोक

# एकीकृत नगर विकास योजना

# अन्तिम प्रतिवेदन




**परामर्शदाता**

ए-नट/आर्किटेक्ट एण्ड एलाईड जे/भि

पाटनढोका, ललितपूर

मितिः २०७५।११।२६

# कृतज्ञता ज्ञापन

मेलम्ची नगरपालिकाको एकीकृत नगर विकास योजना तर्जुमा गर्ने सुअवसर हामीलाई प्रदान गर्नु भएकोमा मेलम्ची नगरपालिका कार्यालयलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छौं । योजना तर्जुमाको लागि आवश्यकता अनुसार सुझाव, सल्लाह र मार्ग दर्शन गरिदिनु भएकोमा नगर प्रमुख श्री डम्वर बहादुर अर्याल ज्यू, उप-प्रमुख श्री भगवती नेपाल ज्यू र प्रमुख प्रशासकीय अधिकृत श्री देवीप्रसाद थपलिया ज्यू, ईन्जिनियर श्री जीत बहादुर कार्की तथा राजेश शर्मा ज्यूलाई विशेष धन्यवाद दिन चाहन्छौं । साथै योजना तर्जुमाको क्रममा विभिन्न समिति, विषयगत उप समिति, वडा तथा नगर स्तरीय बैठकमा सक्रिय सहभागी हुनु भई तथ्य परक सुझाव सलाह प्रदान गरी कार्य सम्पन्न गर्नको लागि सहयोग गर्नुहुने सबै वडा अध्यक्ष ज्यू, वडा सदस्य ज्यूहरुलाई विषेश धन्यवाद दिन चाहन्छौं ।

योजना तर्जुमाको क्रममा आवश्यक तथ्यांक उपलब्ध गराई दिनु भएकोमा नगरपालिकाका विषयगत शाखा प्रमुख श्री राजेन्द्र दुलाल ज्यू, श्री मधुविलास देवकोटा ज्यू लगाएत सम्पूर्ण कर्मचारी साथीहरु तथा वडा सचिव ज्यूहरुको सहयोग प्रति योजना तर्जुमा  टोली कृतज्ञ छ । वडास्तरीय भेला, तथ्यांक संकलनमा सहयोग गर्नुभएकोमा वडाबासी सबैमा योजना तर्जुमा टोलीको तर्फबाट धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

अन्त्यमा योजनाको अन्तिम रुप तयार गर्नमा विभिन्न स्तरबाट सहयोग गरिदिनु हुने विषय विज्ञहरु, योजना तर्जुमा टोलीका सदस्यहरु, नगर क्षेत्रका सम्पूर्ण बुद्धिजीवी तथा नागरिक समाजका प्रतिनिधिहरु, सुरक्षा निकाय, स्थानीय व्यवसायी, कर्मचारी लगायत सम्पूर्ण प्रत्यक्ष एवं अप्रत्यक्ष साथ-सहयोग गर्नु हुने महानुभावहरु प्रति कृतज्ञता व्यक्त गदर्छौं ।

ए नट/आर्किटेक्ट एण्ड एलाईड जेभी
२०७५/११/२५

## कार्यकारी सारंश

नेपाल लामो केन्द्रीकृत शासन प्रणालीबाट विकेन्द्रीकृत एवं संघीय शासन प्रणालीमा परिवर्तन भएसँगै स्थानीय तहलाई आफ्नो विकास कार्यका गतिविधिको खाका तथा योजना तयार गरी कार्यान्वयन गर्ने अधिकार प्रदान गरिएको छ। क्षेत्रगत प्रवृति, जनसंख्या तथा भविष्यको क्षमताका आधारमा नेपाललाई हालैको राजनीतिक पुनर्संरचनाले २९३ नगरपालिका र ४६० गाँउपालिकाहरु गरी कूल ७५३ स्थानीय तहहरुमा विभाजित गरेको छ। नेपालमा एकीकृत शहरी विकास योजना तर्जुमाको थालनी शहरी विकास तथा भवन निर्माण विभागले आ.व. २०७१/७२ देखि मध्य पहाडी जिल्लाहरुमा पर्ने १० वटा नयाँ शहरहरुको एकीकृत विकास गर्ने उद्देश्यले गरेको थियो। पछि सोहि कुराको अनुशरण गर्दै नगरपालिकाहरुले एकीकृत विकास योजना तर्जुमा र कार्यान्वयन गर्दै आएका छन्।

मेलम्ची नगरपालिकाले नगरको समग्र विकासका लागि विगतदेखि नै आफ्ना विकास गतिविधिहरुलाई सुनियोजित, प्रभावकारी, लागत प्रभावी र बढीभन्दा बढी जनताका सरोकार वा समस्या सम्बोधन गर्न प्रयत्न गर्दै आएको छ। यसै सन्दर्भमा, नगरबासीलाई अधिकतम सेवा-सुविधा दिलाउन, विकास कार्यलाई नतिजामुखी र प्रभावकारी बनाउन, विकासको प्रत्यक्ष अनुभूति गराउन, विकासको गतिलाई दीगो बनाउन सक्ने अग्रणी क्षेत्रहरु र संभावनाहरुको पहिचान गरी विषयगत समन्वयात्मक एकीकृत विकासको खाका सहितको योजना दस्तावेज तयार गरिएको छ। विषयगत क्षेत्रगत विकास गतिविधिहरु एक अर्काका परिपूरक र एक अर्कामा प्रत्यक्ष तथा अप्रत्यक्ष सकरात्मक र नकरात्मक प्रभाव पार्ने भएकोले सबै क्षेत्रहरुलाई समेटेर विकास गर्दा नकरात्मक प्रभावलाई न्यूनीकरण र सकरात्मक प्रभावलाई अधिकीकरण गर्न सहजता हुनुका साथै सन्तुलित विकास हुने भएकोले एकीकृत नगर विकास योजना तर्जुमा गरी सोही अनुसार प्रभावकारी कार्यान्वयन गरिनु पर्दछ।

मेलम्ची नगरपालिकाको एकीकृत नगर विकास योजना तर्जुमाको लागि सहभागितामूलक पद्धतिलाई मुख्य विधिको रुपमा लिइएको छ। सरोकारवाला निकायहरु र व्यक्तिहरुसँगको छलफल/अन्तरक्रिया, स्थलगत अध्ययन भ्रमण, नक्सा अध्यावधिक आदि कार्यहरु गरी योजना दस्तावेज तयार गरिएको छ। विकासका हरेक चरणमा सबै जनताको समान पहुँच होस् भन्ने कुरालाई मनन् गरी सहभागितामूलक तथा समतामूलक प्रक्रियाबाट योजना प्रतिवेदन तयार गरिएको छ। योजना तर्जुमाको कार्य विधिमा नगरपालिकाको आयोजनामा विभिन्न बैठक, गोष्ठी, भेला, छलफल, वडास्तरीय बैठक, लक्षित समूह छलफल, स्थलगत सर्वेक्षण, अवलोकन, नगरपालिकाका जननिर्वाचित पदाधिकारीहरु, नगरपालिकाभित्रका दलीय प्रतिनिधि, स्थानीय जनसमुदाय तथा प्रमुख सरोकारवालाहरुसँगको छलफल, अन्तरक्रिया, औपचारिक तथा अनौपचारिक छलफल,साथै स्थानीय निकाय एवं अन्य स्रोतबाट संकलित सूचना, जानकारी एवं तथ्यांकहरुलाई अध्ययन तथा विश्लेषण गरी योजना प्रतिवेदन तयार गरिएको छ। योजना तर्जुमा टोलीले प्राथमिक र द्वितीय तहका तथ्याङ्क विश्लेषण गरी योजनाको अन्तिम खाका तयार गरेको छ।

कुल क्षेत्रफल १६०.६३ वर्ग कि.मि.मा फैलिएको मेलम्ची नगरपालिकाकोलाई १३ वडा वडामा विभाजन गरिएको छ। वडा नं. ११ को मेलम्ची बजार क्षेत्र बाहेक सबै वडाहरु ग्रामीण प्रकृतिका, सडक संजालले भर्खरै मात्र जोडिएका, सडकहरुको अवस्था कमजोर, बाह्रै महिना यातायात सुचारु हुन नसक्ने, खानेपानी तथा सिंचाईका स-साना र टुक्रे योजनाहरु, कृषि तथा वन्यजन्य उत्पादनको प्रशोधनको संभावनाको अध्ययन र सो अनुसार उद्योगहरुको स्थापना नभएको, निर्वाहमुखी कृषि प्रणाली, सचेतनाको कमी, व्यवसायिक र गुणस्तरीय शिक्षा, स्वास्थ्यको पहुँच कमजोर, व्यवस्थित र दीर्घकालीन सोंचका साथ विकास निर्माणका कार्यहरु अघि नबढेको, बजेटको मुख्य भाग स-साना, टुक्रे योजनामा छरिएको र मर्मत संभार मै बार्षिक बजेट खेर गईरहेको अवस्था छ। अधिकांश वडाहरुमा नगरमा हुनुपर्ने भौतिक पूर्वाधारहरुको विकास कार्य नै थालनी भएको छैन। पर्यटन पूर्वाधारको विकास नहुनु, पर्यटकीय स्थलहरुको पहिचान र विकास गर्न नसक्नु, सांस्कृतिक तथा पुरातात्विक सम्पदाहरुको पहिचान र सर्वेक्षण नगरिनु, वन क्षेत्रको परम्परागत उपयोग, वातावरणीय पक्षको वेवास्ता, जलबायु परिवर्तन अनुकूल ज्ञान र योजनाको अभाव देखिन्छ। नगरपालिका र वडाहरुको संस्थागत क्षमताको विकास नहुँदा जनताका सरोकार र सेवा प्रवाहको गुणस्तरमा समस्या आउनुका साथै नगरको स्रोत साधन परिचालनमा प्रभावकारिता आउन सकेकको छैन। नगरको समग्र विकासका लागि निजी क्षेत्रको लगानीलाई आकर्षित गर्न नसकिएको र विकासका लागि स्रोतमाथिको ठूलो परनिर्भरताले अपेक्षित गतिविधिहरु समयमा सम्पन्न गर्न नसकिने विद्यमान अवस्था नगरपालिका समक्ष रहेको छ।

व्यवसायिक र एकीकृत कृषि (अर्गानिक तरकारी खेती, किवी खेती, अलैंची खेती, चिया खेती, कफी खेती, जडिबुटी खेती), पशुपालन (गाई, भैंसीपालन, बाखापालन, कुखुरापालन, बंगुरपालन, माछापालन), मौरीपालन, फलफूल खेती (स्याउ, अनार, कागती र सुन्तला), पर्यटन विकास (होम स्टे संचालन, होटल व्यवसाय संचालन, पर्यटकीय स्थलहरुको निर्माण, केबुलकार, प्याराग्लाइडिङ, ट्रेकिङ), उद्योगधन्दाको स्थापना (कृषि उत्पादन प्रशोधन, पशुपालन उत्पादन प्रशोधन, वनजन्य, खानी, पर्यटन), जलसम्पदाको बहुउपयोग, गुणस्तरीय शिक्षा, स्वास्थ्य क्षेत्रमा प्रसस्त संभावनाहरु रहेको छ । विद्यमान लगानीका स्रोतको परनिर्भता हेर्दा नगरले उल्लेखित क्षेत्रहरुमा सार्वजनिक निजी साझेदारीको अवधारणालाई आत्मसाथ गरी निजी लगानीमैत्री वातावरण बनाउनु आवश्यक देखिन्छ ।

आवश्यक शहरी  भौतिक पूर्वाधार नहुनु नै यस नगरपालिकाको प्रमुख चुनौती हो । भौतिक पूर्वाधार भन्नाले सडक, यातायात, पुल, खानेपानी, ढल निकास, सिंचाई, उद्योग, पर्यटकीय पूर्वाधार आदि पर्दछ । यसले नगरकेन्द्र र वडा केन्द्रबीचको दुरी बढाउनुका साथै बस्ती विकास, आर्थिक विकास, कृषि, पर्यटन विकास तथा वित्तीय व्यवस्थापनमा समेत असर गरिरहेको छ । निर्वाहमुखी खेती प्रणालीमा आधारित भएकोले कृषिमा धेरै मानिसको सहभागिता, समय खर्चेतापनि त्यसबाट आर्थिक फाइदा भने ज्यादै न्यून छ । ६२ प्रतिशत खेती योग्य जमीन मध्ये २४ प्रतिशत जमीन आकाशे पानीको भरमा छ भने २० प्रतिशत जमीन बाँझो अवस्थामा छ । आकासेपानीको भरमा खेती गर्नुपरेकोले उत्पादकत्वमा ठूलो ह्रास आईरहेको छ । आवश्यक स्थानहरुमा संकलन तथा प्रशोधन केन्द्र नहुँदा उत्पादन भएका बस्तुहरु खेर जाने गरेका छन् । कृषि बजारमा हुने तीव्र उतारचढावले बजारमा उत्पादनको उचित मूल्य अति न्यून छ जसले गर्दा उत्पादकलाई हतोत्साही बनाई रहेको छ ।

मेलम्ची नगरपालिकाले अन्य गाँउपालिकाहरुलाई समेत शिक्षा, स्वास्थ्य र व्यापारिक केन्द्रको रुपमा सेवा दिन सक्दछ । सार्वजनिक विद्यालयहरुको शैक्षिक गुणस्तरमा प्रश्न चिन्ह देखा परेको छ । नगरबासीले सार्वजनिक विद्यालयको शिक्षालाई विस्तारै विस्वास गर्न छाडेका छन् । गरिव, पिछडिएका पारिएका र ग्रामीण जनताका छोराछोरी अध्ययन गर्ने विद्यालयको गुणस्तर खस्कनु र नगरका विद्यार्थी नगरबाट बाहिरिनु नगरको लागि चुनौती पूर्ण कुरा हो । गुणस्तरीय स्वास्थ्य सेवाको लागि नगरबासीले अन्यत्र जानु पर्ने बाध्यता छ ।

पर्यटन विकासको सम्भावना भएपनि पर्यटकीय स्थलहरुको पहिचान, सम्भाव्यता अध्ययन, विकास र प्रचारप्रसार भने भएको छैन । यसैगरी, यी स्थलहरुमा पर्यटकीय पूर्वाधारहरु जस्तैः मोटर बाटो, स्वास्थ्य सेवा, रेष्टुरेन्ट, होटल र होमस्टेहरु पनि बनाउन सकिएको छैन । कृषि तथा पशुपालनमा व्यवसायिकताको लागि खासै पहल भएको छैन । निजी लगानी तथा साझेदारीमा काम गर्न मिल्ने क्षेत्रहरु प्रसस्त भएपनि लगानीमैत्री वातावरण सिर्जना भएको छैन । वडा कार्यालय तथा नगरपालिकाले सार्वजनिक निजी साझेदारीको अवधारणामा काम गर्न आवश्यक ज्ञान, विशेषज्ञता र जनशक्तिको अभाव छ । संचालनमा आएका क्रसर उद्योगहरुको कारण नदी नालामा अनाधिकृत दोहन भई रहेको छ तथापी यसको कुनै पक्षबाट अनुगमन गरिएको छैन । वडाबासीहरुलाई प्रतिस्पर्धात्मक सेवा दिनको लागि वडा कार्यालयहरुको क्षमता विकास, सबै वडामा सन्तुलित, सहभागितामूलक, विभेद रहित, दीगो र आवश्यकतामा आधारित विकास, नगर क्षेत्रमा रहेका संघ संस्थाहरुसँग समन्वय र सहकार्य, सुसंस्कृत, सभ्य, आपसी भाईचारा, समतामूलक र न्यायपूर्ण समाजको निर्माण गर्नका लागि नगरपालिकाले अझै धेरै चुनौतीहरुको सामना र धेरै काम योजनावद्ध तरिकाले गर्नुपर्ने देखिन्छ ।

नगरका ग्रामीण बस्ती तथा अन्य गाँउपालिकाहरु मेलम्चीमा प्रशोधित बस्तु तथा सेवामा निर्भर रहन्छन भने मेलम्ची ग्रामीण क्षेत्रमा उत्पादन हुने कच्चा पदार्थमा निर्भर रहेको हुन्छ । विनिमयका हिसावले हेर्दा सहरले बस्तु तथा सेवा महंगोमा ग्रामीण क्षेत्रमा विक्री गर्दछ भने ग्रामीण क्षेत्रले सहरलाई सस्तोमा कच्चा बस्तुको विक्री गर्दछ यसले सहर र ग्रामीण क्षेत्र बीचमा असमान विनिमय प्रणाली विकसित हुन्छ । विभिन्न कारणहरु मध्ये विनिमयको असमानता र सेवा सुविधाको पहुँचका कारण ग्रामीण भेगबाट सहर तर्फ बसाई सराई तीव्र हुन्छ । मेलम्ची नगरपालिकाका ग्रामीण सहर क्षेत्रहरुको सम्बन्धको विश्लेषण गरिएको छ । २०८८ सम्ममा नगरको जनसंख्या ६४ हजारको हाराहारीमा पुग्ने अनुमान गरिएको छ । शहरीनर्म्स र मापदण्डको आधारमा विश्लेषण गर्दा मेलम्ची नगरपालिका गाउँपालिकाको स्तरमा रहेको देखिन्छ । नगरको घोषणा जनसंख्यालाई मात्र आधार मानेर गर्नुको परिणामले गर्दा पूर्वाधारको अवस्था

तोकिएको शहरी नर्म्स र मापदण्डसँग मेल नखाएको हो । मेलम्चीलाई साँचिकै नगरपालिकाको स्वरुप दिनको लागि धेरै भौतिक पूर्वाधारहरुको विकास गर्नुपर्ने देखिन्छ ।

योजना तर्जूमाको क्रममा मेलम्ची नगरपालिकाको सवल पक्ष, कमजोर पक्ष, अवसर, चुनौतीहरुको गहन विश्लेषण गरिएको छ । सवल पक्षलाई बढाउने, कमजोरी घटाउँदै जाने, अवसरहरुलाई उपयोग गरी चुनौतीको सामना गर्ने गरी योजनाको प्रस्ताव गरिएको छ। नगरको दीगो विकासका लागि अग्रणी क्षेत्रहरुको पहिचान र दीर्घकालीन सोंचको निर्धारण गरिएको छ । ***"मेलम्ची नगर समृद्धिको आधार, कृषि, पर्यटन, उद्योग र जलाधार"*** दीर्घकालीन सोंच हो । दीर्घकालीन सोंचलाई पछ्याउदैं योजना तथा कार्यक्रमहरुलाई लक्ष्य ***"व्यावसायिक कृषि, रोजगारीमूलक पर्यटन, स्थानीय स्रोत साधनमा आधारित उद्योग र वातावरणमैत्री पूर्वाधारको विकास गरी समृद्ध नगर बनाउने"*** तर्फ केन्दित गरिएको छ। विषयगत लक्ष्य, उद्देश्य र प्राथमिकताहरुको निर्धारण, योजना तथा कार्यक्रमको तर्जुमा र मुख्य रणनीति तय गरिएका छन ।

भौतिक पूर्वाधार विकासको लागि रु. ८,६२,८८,५०,०००।-, सामाजिक विकासको लागि रु. २,३१,१७,८८,०००।-, आर्थिक विकास तर्फ रु. १,०६,६८,००,०००।-, संस्कृति, पर्यटन र सम्पदा विकास तर्फ रु. २७,६१,००,०००।-, वन, वातावरण र जलबायु परिवर्तन तर्फ रु. ४४,३०,००,०००।-, विपद् व्यवस्थापन तर्फ २५,५२,३०,०००।-, संस्थागत विकास तर्फ रु. १०,१८,२५,००० ।- तथा राजश्व तथा स्रोत परिचालन तर्फ रु. १४,६१,५०,००० ।- खर्च हुने अनुमान गरिएको छ। यसरी हेर्दा नगरलाई सम्पूर्ण प्रशासनिक खर्चसहित कूल १७ अरब २० करोड रकम ५ वर्षमा आवश्यक हुने देखिन्छ भने ४० % हिस्सा सभ्केदार संघ संस्थाको समेत नगरको कूल बजेट ११ अरब प्रक्षेपण गरिएको छ। योजना अवधिमा कूल ६ अरब २० करोड रकम अपुग हुने हुदा विभिन्न माध्यमबाट प्राप्त हुने अनुदान, ऋृण तथा रोयल्टीले सोको सहजै पूर्ति गर्न सकिने देखिन्छ ।

योजना तथा कार्यक्रमको अनुमानित खर्च व्यवस्थापन नगरपालिकाको आन्तरिक स्रोतहरुबाट प्राप्त हुने आम्दानी, संघीय सरकार, प्रदेश सरकार, केन्द्रीय विभाग तथा निकायहरु र गैससहरुबाट प्राप्त हुने अनुदान सहयोग, निजी क्षेत्रको ऋृण लगानी र साभ्केदारी कार्यक्रम मार्फत जुटाउने नीति लिइएको छ ।

नगरको उल्लेखित वास्तविक अवस्थालाई दृष्टिगत गरी सबै क्षेत्रहरुको सन्तुलित एवं दीगो विकासका लागि मेलम्ची नगरपालिकाको एकीकृत नगर विकास योजना तर्जूमा गरिएको छ । प्रस्तावित योजना तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि आवश्यक स्रोतको व्यवस्थापन, प्रभावकारी कार्यान्वयन, जनसहभागिता, पारदर्शिता, नियमितता, अनुगमन तथा मूल्यांकनका साथै योजनाको कार्यान्वयनमा नगरको पूर्ण प्रतिवद्धता भएमा मेलम्चीलाई समृद्ध नगर बनाउन यो योजना कोसेढुङ्गा सावित हुनेछ ।

विषयसूचि


१ परिचय ...१
१.१ पृष्ठभूमी...१
१.२ औचित्य र आवश्यकता ...२
१.३ अध्ययनको उद्देश्य...२
१.४ अध्ययनको कार्यक्षेत्र ...३
१.५ कार्य सारंस ...७
२ योजना तर्जुमा विधि...८
२.१ परिचय ...८
२.२ तथ्याङ्क प्रशोधन तथा विश्लेषण ...१२
२.३ योजना तयारी तथा प्रस्तुतीकरण...१३
२.४ कार्य सीमा...13
२.५ सन्दर्भ साहित्यहरुको अध्ययन तथा समिक्षा ...१४
२.६ ऐन, नियम तथा नीतिहरुको समीक्षा...२०
३ अध्ययन क्षेत्र मेलम्ची नगरपालिकाको सञ्छिप्त परिचय ...२५
३.१ प्रशासनिक तथा भौगोलिक अवस्थिति ...२५
३.२ भू-उपयोग ...२५
३.३ जलस्रोत तथा जलाधारको अवस्था...२९
३.४ जनसाङ्खिक विवरण ...३०
३.५ शहरी भौतिक पूर्वाधार...३१
३.६ सामाजिक पूर्वाधार तथा अवस्था...३८
३.७ आर्थिक स्थिति ...४२
३.८ पर्यटन तथा संस्कृति ...४५
३.९ वन तथा वातावरण...४८
३.१० विपद व्यवस्थापन एवं जलवायु परिवर्तन ...५०
३.११ नगरको संस्थागत विवरण...५५
४ नगर भित्र विद्यमान समस्या तथा संभावना विश्लेषण...५८
४.१ समस्या तथा सवालहरु...५८
४.२ सम्भावना तथा अवसरहरु...६९
४.३ चुनौतीहरु...७१
५ नगर क्षेत्रको बहु-आयामिक विश्लेषण ...७३
५.१ क्षेत्रीय अन्तर-सम्बन्ध ...73
५.२ मेलम्चीमा ग्रामीण शहर अन्तर सम्बन्ध ...७७
५.३ प्रवृत्ति विश्लेषण (Trend Analysis)...77
५.४ जनसङ्ख्या प्रक्षेपण...78
५.५ शहरी पूर्वाधारको अन्तर विश्लेषण (Gap Analysis) ...७९
५.६ वित्तीय विश्लेषण (Financial Analysis)...८२
५.७ सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती (SWOT) विश्लेषण ...८३
६ एकीकृत नगर विकास योजना ...८५
६.१ नगरका अग्रणी क्षेत्रहरु ...८५

६.२ दीर्घकालीन सोंच वा परिदृश्य ........ ८५
६.३ दीर्घकालीन सोंचको व्याख्या ........ ८५
६.४ नगर विकास लक्ष्य ........ ८६
६.५ एकीकृत नगर विकासका विषयगत योजनाहरु ........ ८७
६.५.१ भौतिक पूर्वाधार विकास योजना ........ ८७
६.५.२ सामाजिक विकास योजना ........ १०१
६.५.३ आर्थिक विकास योजना ........ ११९
६.५.४ पर्यटन, कला, धर्म तथा संस्कृतिक सम्पदा संरक्षण योजना ........ १३१
६.५.५ वन तथा वातावरणीय व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन योजना ........ १३८
६.५.६ विपद् व्यवस्थापन योजना ........ १४६
६.५.७ संस्थागत क्षमता विकास ........ १५२
६.५.८ राजस्व तथा श्रोत परिचालन ........ १६०
६.६ नगरका रणनैतीक तथा दीर्घकालीन योजनाहरु ........ १६५
७ अनुगमन तथा मूल्याङ्कन ........ १६७
७.१ मध्यावधि मूल्यांकन ........ १६८
७.२ अन्तिम मूल्यांकन ........ 168
८ बजेटको व्यस्थापन ........ १६९
८.१ लागत अनुमान ........ १६९
८.२ बजेट प्रक्षेपण ........ 169
८.३ श्रोत पहिचान ........ १७०

**अनुसूचीहरु**

अनुसूची १ : समितीहरुको विवरण
अनुसूची २ : नगर स्तरीय गोष्ठीका केही माइनुटहरु
अनुसूची ३ : वाडा स्तरीय गोष्ठीका केही माइनुटहरु
अनुसूची ४ : वाडा स्तरीय गोष्ठीका कोही फोटोहरु
अनुसूची ५ : नगर स्तरीय गोष्ठीका कोही फोटोहरु
अनुसूची ६ : नगरका जोखिम संबेधनशील क्षेत्रहरुको अध्ययन
अनुसूची ७ : नक्शाहरु

# तालिकाहरुको सूची


तालिका १: वडागत क्षेत्रफल २५
तालिका २: भू उपयोग २६
तालिका २: भू-क्षेत्र (टोपोग्राफी र भिरालोपन) २७
तालिका ३: भू-ढलानको विवरण २८
तालिका ४: जलाधार क्षेत्रको विवरण २९
तालिका ६: जनसंङ्या विवरण ३०
तालिका ७ : २०५८, २०६८ र २०७४ को तुलनाल्मक जनसाङ्खिक विवरण ३०
तालिका ८ : सार्वजानिक बसहरुको रुट विवरण ३१
तालिका ९ : जनसंख्या तथा घरधुरी बृद्धि दर ३५
तालिका १० : प्रमुख वस्ती तथा बजार केन्द्रको विवरण ३६
तालिका ११ : बस्ती विकास गर्न सम्भाव्य स्थानहरु ३७
तालिका १२ : सामुदायिक बालबिकास केन्द्र, विद्यालय, सामाजिक सिकाइ केन्द्र तथा स्रोत केन्द्रहरुको संख्या ३८
तांलिका १३ : तहगत विद्यालय संख्या ३९
तालिका १४ : तहगत विद्यार्थी संख्या ३९
तालिका १५ : स्वास्थ्य संस्थाको विवरण ३९
तालिका १६ज्ञ : खेलमैदानको लागि सम्भाव्य स्थानहरु ४१
तालिका २७ : आम्दानी स्रोत विवरण ४२
तालिका ३८ : बाली उत्पादन विवरण ४३
तालिका ४९ : कृषि पकेट क्षेत्रको विवरण ४४
तालिका २० : प्रमुख पर्यटकीय स्थलहरु ४६
तालिका २१ : प्रमुख मन्दिरहरु ४७
तालिका २२ : सामुदायिक वन विवरण ४८
तालिका २३ : भूकम्पका कारण गएको पहिरो तथा धांजा फाटेको ठाउँको विवरण ५०
तालिका २४ : एकीकृत नमूना बस्ती निर्माण ५१
तालिका २५ : पहिरो, भू-क्षयबाट जोखिमयुक्त ठाउँहरु ५२
तालिका २६ : लगानी तथा साझेदारीमा काम गर्न सकिने क्षेत्रहरु ७१

## चित्रहरुको सूची


| | |
|---|---|
| चित्र १ : भू उपयोग नक्शा | २६ |
| चित्र २ : मेलम्ची नगरपालिकाको भू-उपयोगको राष्ट्रिय तथा जिल्लास्तरसंग तुलनात्मक विवरण | २७ |
| चित्र ३ : मेलम्ची न.पा.भू-क्षेत्र (टोपोग्राफी र भिरालोपन) | २६ |
| चित्र ४: मेलम्ची न.पा.को भू-ढलान | २८ |
| चित्र ५ : जलस्रोत तथा जलाधारको अवस्था | २९ |
| चित्र ६ : वडा नं. ४ को वडा कार्यालय जाने बाटो | ३१ |
| चित्र ७ : MTMP को संयुक्त सडकहरुको नक्शा | ३२ |
| चित्र ८: खानेपानी समस्याको अवस्था | ३३ |
| चित्र ९ : धिताल बेशी स्थित डम्पिङ साइट | ३३ |
| चित्र १० : फोहरमैला व्यवस्थापनको तरिका | ३३ |
| चित्र ११ : चर्पीको किसिम | ३५ |
| चित्र १२ : २०५८, २०६८ तथा २०७४ का वडागत जनसंख्या र घरधुरी संख्याको तुलना | ३५ |
| चित्र १३ : जाल्पादेवी मा. वि., बाहुनेपाटी | ३८ |
| चित्र १४ : थकनी स्वास्थ्य चौकी | ३९ |
| चित्र १५: ईलाका प्रहरी कार्यालय वडा नं ११ | ४२ |
| चित्र १६: बैदेशिक रोजगारीको स्थिति | ४३ |
| चित्र १७ : फटकशीलाको खेतियोग्य जमीन | ४३ |
| चित्र १८त्त वडा नं १ को किवी खेती | ४४ |
| चित्र १९ : नगर क्षेत्रमा रहेका कृषि पकेट क्षेत्रहरु | ४५ |
| चित्र २०: पर्यटकीय क्षेत्रको रुपमा परिचित वडा नं. ३ स्थित चिया बगान | ४५ |
| चित्र २१: शिवपुरी राष्ट्रिय निकुञ्ज क्षेत्र | ४८ |
| चित्र २२ : धिताल बेशी स्थित डम्पिङ साइट | ४९ |
| चित्र २३ : फोहरमैला व्यावस्थापन तरिका | ४९ |
| चित्र २४ : नगरका विभिन्न विपद् संवेदनशील क्षेत्रहरु | ५४ |
| चित्र २५ : बैंकहरुका लगानी विवरण | ५६ |
| चित्र २६ : नगर क्षेत्रमा कार्यालयहरुको वितरण | ५७ |
| चित्र २७: क्षेत्रीय अन्तर-सम्बन्ध | ७३ |
| चित्र २८ : अन्तर- वडा तथा बस्तीहरु बीच अन्तर-सम्बन्ध | ७४ |
| चित्र २९ : मेलम्ची न.पा.को अन्य क्षेत्रसँगको सम्बन्ध | ७४ |
| चित्र ३० : अन्य क्षेत्रको मेलम्चीसँगको सम्बन्ध | ७५ |
| चित्र ३२ : ग्रामीण-शहर अन्तर सम्बन्ध र यसका तत्वहरु | ७६ |
| चित्र ३३ : जनसङ्ख्याको प्रवृत्ति | ७८ |
| चित्र ३४ : बिनियोजित बजेट (हजारमा) | ८२ |
| चित्र ३५ : आन्तरिक आम्दानी (रु. हजारमा) | ८२ |
| चित्र ३६ : मेलम्ची बजार क्षेत्रको प्रस्तावित भू-उपयोग | ८८ |
| चित्र ३७ : मेलम्ची नगरपालिका क्षेत्रको प्रस्तावित भू-उपयोग | ८९ |

## सञ्छिप्त रुप

| | |
|---|---|
| आ.व. | - आर्थिक वर्ष |
| न.पा. | - नगरपालिका |
| जि.प्र.का. | - जिल्ला प्रशासन कार्यालय |
| सा.व.उ.म.सं. | - सामुदायिक वन उपभोक्ता महासंध |
| स्वा.से.वि | - स्वास्थ्य सेवा विभाग |
| रा.पु.प्रा | - राष्ट्रिय पुनर्निर्माण प्राधिकरण |
| उ.वा.सं. | - उद्योग वाणिज्य संध |
| न.वि.स. | - नगर विकास समिति |
| शि.वि. | - शिक्षा विभाग |
| आ.रा.का. | - आन्तरीक राजश्व कार्यालय |
| जि.स्वा.का. | - जिल्ला स्वास्थ्य कार्यालय |
| गा.पा. | - गाँउपालिका |
| को.ले.नि.का | - कोष तथा लेखा नियन्त्रकको कार्यालय |
| श.वि.भ.नि.वि. | - शहरी विकासत तथा भवन निर्माण विभाग |
| जि.खे.वि.स | - जिल्ला खेलकुद विकास समिति |
| ने.प्र. | - नेपाल प्रहरी |
| वै.उ.प्र.के. | - वैकल्पीक उर्जा प्रवर्धन केन्द्र |
| डि.स.का. | - डिभिजन सडक कार्यालय |
| सि.टि.इ.भि.टी. | - प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् |
| MTMP | - Municipal Transportation Master Plan |
| GPS | - Global Positioning System |
| UNDP | - United National Development Program |
| GIS | - Geographical Information System |
| WWF | - World Wide Fund |
| ICIMOD | - The International Centre for Integrated Mountain Development |
| JICA | - Japan International Corporation Agency |
| घ.स.उ. | - घरेलु तथा साना उद्योग |
| जे.टी.ए. | - जूनियर टेक्निकल असिस्टेन्ट |
| सि.डि.का. | - सिंचाई डिभिजन कार्यालय |
| जि.व.का. | - जिल्ला वन कार्यालय |
| ने.प.बो. | - नेपाल पर्यटन बोड |
| गै.स.स. | - गैर सरकारी संस्था |
| जि.स.स | - जिल्ला समन्वय समिती |
| ने.वि.प्रा. | - नेपाल विद्युत प्राधिकरण |

# १ परिचय

नेपालमा योजनावद्ध विकासको सुरुवात भएको ६ दशक भइसकेको छ र यो अवधिमा धरै तहका योजनाहरु प्रयोगमा निर्माण भई व्यवहारमा कार्यान्वयन भई सकेका छन् । क्षेत्रीय विकास योजना, पञ्च वर्षीय योजना, वार्षिक विकास योजना, क्षेत्रगत गुरुयोजना, जिल्ला तथा नगरस्तरमा आवधिक योजना, वडा स्तरीय एकीकृत कार्ययोजना (Integrated Action Plan/ IAP), भौतिक विकास योजना आदि विभिन्न तह र तप्काबाट निर्माण भएका र हुँदै आएका योजनाका उदाहरणहरु हुन् । विकासलाई शिलसिलावद्ध तथा दिशानिर्देश गर्न योजना अपरिहार्य आवश्यकता हो । राष्ट्रिय, क्षेत्रीय, जिल्ला, नगर एवं गाँउस्तरमा विभिन्न क्षेत्रगत योजनाहरु बनिरहेका छन् भने मेलम्ची नगरपालिकाले पनि विभिन्न समयमा आफ्ना विकास कार्यलाई सुनियोजित, प्रभावकारी बनाउन योजनाहरु निर्माण गरी लागू गर्दै आएको छ । यसै सन्दर्भमा, नगरबासीलाई अधिकतम सेवा-सुविधा पुऱ्याउन, विकास कार्यलाई नतिजामुखी र प्रभावकारी बनाई नगरबासीलाई विकासको प्रत्यक्ष अनुभूति दिलाउन एकीकृत विकासको खाका सहितको योजना दस्तावेजको आवश्यकता महसुस गरी मेलमची नगरपालिकाको एकीकृत नगर विकास योजना तर्जुमा गरिएको छ ।

## १.१ पृष्ठभूमी

नेपाल केन्द्रिकृत शासन प्रणालीबाट विकेन्द्रिकृत एवं संघीय शासन प्रणालीमा परिवर्तन भएसँगै स्थानीय तहलाई नै आफ्नो विकास गतिविधिको खाका तथा योजना तयार गरी कार्यान्वयन गर्ने अधिकार प्रदान गरिएको छ । क्षेत्रको प्रवृति, जनसङ्ख्या तथा भविष्यको क्षमताको आधारमा नेपाललाई हालैको राजनीतिक पुनर्संरचनाले २९३ नगरपालिका र ४६० गाँउपालिकाहरु गरी कूल ७५३ स्थानीय तहहरुमा विभाजित गरेको छ । पुनर्संरचनाको परिवर्तित अवस्थालाई २०६८ सालको जनगणना अनुसार विश्लेषण गर्दा कूल २ करोड ६४ लाख जनसंख्याको ६३ प्रतिशत नगरपालिकामा बसोबास गर्दछन् । जनसंख्याको अधिकांस हिस्सा नगरपालिकामा केन्द्रित रहेतापनि वर्तमानको शहरीकरणको प्रवृतिलाई हेर्दा धेरैजसो नगरपालिका आवश्यक शहरी आधारभूत संरचना, सेवा तथा सुविधा प्रदान गर्न असमर्थ देखिन्छन् । क्षेत्रीय सन्दर्भमा नेपालको शहरीकरण प्रकृया निकै तीव्र तथा असन्तुलित छ । यस्ता प्रवृति मुख्यतयः काठमाडौं उपत्यका, तराई तथा उब्जाउ उपत्यकाहरुमा केन्द्रित छ । यसको नतिजा स्वरुप यी ठूला सहरहरु भौतिक पूर्वाधार तथा सेवाहरुको माग पूर्ति गर्न विशेष केन्द्रित रहेतापनि अझै असमर्थ छन् । यी ठूला शहरउन्मुख नगरपालिकाहरुमा पर्यावरणीय गुणस्तरमा गिरावट, अनियन्त्रित भीड, शहरी गरिवी, छरिएका वस्तीहरु, बेरोजगारी तथा अपर्याप्त भौतिक पूर्वाधारहरु जस्ता समस्याहरु देखा परेका छन् । यसरी अव्यवस्थित शहरीकरणले निम्त्याएका नकरात्मक असरहरुले गर्दा यसका आर्थिक लाभ छायाँमा परेको छ । कूल ग्राहर्स्थ उत्पादनमा गैर कृषि क्षेत्रले बढी योगदान दिएतापनि नेपालमा अझै पनि शहरी केन्द्रहरुले आर्थिक विकासमा थप उर्जा प्रदान गरी शहरी तथा ग्रामीण गरिबी न्यूनीकरण गर्नुपर्ने आवश्यकता देखिन्छ ।

धेरैजसो मामिलामा साना सहरलाई गम्भीरताका साथ नलिई आधारभूत पूर्वाधारमा थोरै मात्र बजेट विभाजन गरिन्छ । तर हाल उप-नगरीय (Satellite) शहरीकरणको नयाँ अवधारणाले साना तथा ठूला सहरहरुको व्यवस्थापन गर्ने आशा लिइएको छ । पुराना शहरहरुको अत्याधिक जमीनहरु पहिला नै विभिन्न प्रयोजनको लागि उपयोग भै सकेको हुनाले यस्ता शहरहरुमा नगर विकास योजना गर्न निकै कठिनाइ हुने गर्दछ ।

मेलम्ची नगरपालिकामा आसपासका ग्रामीण पहाडी क्षेत्रहरुबाट मानिसहरु बसाई सरी मेलम्ची नगरभित्र भित्रिने क्रम बढेकोले यो नगरपालिकामा निकट भविष्यमा आवास तथा आधारभूत संरचनाको तीव्र माग बढ्ने संभावित शहरी केन्द्रहरु मध्ये एक हो । हाल धेरैजसो मानिसहरु सुविधासम्पन्न काठमाडौं उपत्यककामा बसाई सराईं गर्ने प्रवृति बढेतापनि निकट भविष्यमा यस मेलम्ची नगरपालिकामा पनि अव्यवस्थित शहरीकरण हुने प्रवल संभावना रहेको छ ।

हालसम्म पनि बढ्दो शहरी समस्यालाई संबोधन गर्न पर्याप्त प्रयास गरिएको छैन । अधिकांश योजनाका कार्यहरु दिशाहीन, छरिएका र स-साना देखिन्छन् । स्थानीय तहको आवश्यकता सम्बोधन गर्ने तथा दीर्घकालीन विकास योजनाको कमीले गर्दा व्यवस्थित शहरी विकास योजनाहरु विफल भएका छन् ।

हाल विकसित शहरी केन्द्रहरुमा आवधिक विकास योजनाको अभ्यास शुरु भएता पनि देशमा प्रमुख शहरी केन्द्रको हकमा न त अनुमोदित भू-उपयोगको योजना अघि बढाइयो न त कुनै ठोस भौतिक योजना कार्यान्वयन प्रक्रिया नै अगाडी बढाइयो । वडा स्तरका छरिएका टुक्रे योजनाहरुले पनि नगरपालिकाको दीर्घकालीन नगर विकास योजना तथा सोंचलाई थप ओझेलमा पारेको छ । परिणाम स्वरुप नगरपालिकामा भौतिक पूर्वाधार बनेको अवस्था भएता पनि सार्थक तथा अर्थपूर्ण प्रगति भने न्यून रहेको छ । तथापि, कुनै पनि क्षेत्रमा बसोबास गर्ने मानिसहरुलाई सेवा र सुविधाहरु उपलब्ध गराउनु राज्यको प्रमुख दायित्व हुन्छ । नगरको विभिन्न भागमा बसोवास गर्ने सबै तह र वर्गमा यस्ता सेवा र सुविधाहरुको पहुँचलाई सहज र सुगम बनाउन न्यायोचित वितरण प्रणाली अपनाउनु पर्ने हुन्छ । उपलब्ध गराइएका सेवा र सुविधाहरुको अन्तिम लक्ष्य त्यहाँ बसोबास गर्ने मानिसहरुको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउनु हुन्छ । तर नेपालको अधिकांश पहाडी क्षेत्रका बस्तीहरुमा न्यूनतम आधारभूत सेवा र सुविधा विकास भएको देखिंदैन् ।

यस प्रकारका समस्याहरु मेलम्ची नगरपालिकामा पनि  यथावत रहेकोले सोही सन्दर्भमा एकीकृत नगर विकास योजना तथा भू-उपयोग योजना तयार गरी विकासलाई योजनावद्ध, नतिजामुखी र प्रभावकारी गर्ने उद्देश्यले एकीकृत नगर विकास योजना तर्जुमा गर्ने निर्णय गरिएको हो ।

## १.२ औचित्य र आवश्यकता

विद्यमान समस्याहरुलाई सम्बोधन गर्न स्थानीय तहहरुले आवधिक विकास योजना तयार गरिरहेका छन् । तर पनि यि योजनाहरुमा उचित भौतिक पूर्वाधार विकास खाका, भू-उपयोग वर्गीकरण, विपद् व्यवस्थापन तथा पर्यावरणीय प्रभाव न्यूनीकरणका उपायहरु समावेश गरिएको पाइँदैन । यसका साथैआफ्नो क्षेत्रमा उपलब्ध स्रोत र साधनहरुको उपयोग र कार्यान्वयन विधिको कमीले गर्दा अधिकांश योजनाहरु कार्यान्वयन चरणमा पुग्दैनन् ।

तर्जुमा गरिएका योजनाहरुले वर्तमानको आवश्यकता र भविष्यका मागहरुलाई पूरा गरी स्थानीय तहको सम्पूर्ण विकासका परिप्रेक्ष्यलाई सम्बोधन गर्ने आशा लिएको हुन्छ ।शहरी क्षेत्रको समग्र विकास गर्न नगर क्षेत्रसँगै वरिपरिका प्रभावित क्षेत्रहरुको विकास आवश्यक हुन्छ भने शहरी विकासको लागि भू-उपयोग योजना अपरिहार्य हुन्छ । यही कारणले गर्दा भू-उपयोग योजना स्थानीय विकास योजनाका लागि प्रारम्भिक मार्गदर्शक मानिन्छ । नगरबासीहरुको यातायातको सुविधालाई थप सहज बनाउन नगर यातायात गुरु योजना तयार तथा परिमार्जन गर्न जरुरी छ । यी दुई योजनाहरुलाई टेकेर सामाजिक-आर्थिक विकास, भौतिक विकास, पर्यावरणीय (जलवायु परिवर्तन सहित) र विपद् व्यवस्थापन, संस्थागत विकास, संसाधनहरुको विकास आदिलाई समेटेर समग्र गुरुयोजना बनाउनु आवश्यक छ । क्षेत्रगत विकास एक अर्काका परिपुरक र एक अर्कामा प्रत्यक्ष तथा अप्रत्यक्ष सकरात्मक र नकरात्मक प्रभाव पार्ने भएकोले सबै क्षेत्रहरुलाई समेटेर विकास गर्दा नकरात्मक प्रभावलाई न्यूनीकरण र सकरात्मक प्रभावलाई अधुनिकीकरण गर्न सहजता हुनुका साथै सन्तुलिन विकास हुने भएकोले एकीकृत योजना तर्जुमा जरुरी हुन्छ ।

नेपालमा एकीकृत शहरी विकास योजना तर्जूमाको थालनी शहरी विकास तथा भवन निर्माण विभागले आ.व. २०७१/७२ देखि मध्य पहाडी जिल्लाहरुमा पर्ने १० वटा नयाँ शहरहरुको समग्र विकास गर्ने उद्देश्यले गरेको थियो । पछि सोहि कुराको अनुसरण गर्दै विभिन्न नगरपालिकाहरुले यसै अवधारणामा रही एकीकृत विकास योजना निर्माण गर्दै आएका छन् । राष्ट्रिय शहरी नीति २०६४ ले निर्दिष्ट गरेका लक्ष्यहरु प्राप्त गर्न, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकार तथा जिम्मेवारी पुरा गर्न एवं मेलम्ची नगर क्षेत्रको सुनियोजित विकास गर्न अत्यावश्यक भएकाले एकीकृत नगर विकास योजना निर्माण गर्न उपयुक्त देखी यो योजना निर्माण गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

यस कार्यको मुख्य उद्देश्य वर्तमान प्रवृति र विकास गतिशिलताको आधारमा मेलम्ची नगरपालिकाको लागि एकीकृत नगर विकास योजना तयार गर्नु हो । मेलम्ची नगरपालिकाले आफ्नो विकासको लागि स्पष्ट एवं उदार सोंचका साथ उपलब्ध स्रोत र साधनको लगानी तुलनात्मक लाभ हुने क्षेत्रमा लगाउने उद्देश्य लिएको छ । यस कार्यको मुख्य उद्देश्यहरु निम्न अनुसार रहेका छन् ।

क) दीर्घकालीन विकास सोंच (२० वर्षे), लक्ष्य (पञ्चवर्षीय), रणनीति तथा पञ्चवर्षीय कार्य योजना निर्धारण गर्ने ।

ख) मेलम्ची नगरपालिका, सरोकारवाला तथा संघ संस्थाहरुसँग परामर्श लिई भू-उपयोग योजना, भौतिक विकास योजना, सामाजिक, सांस्कृतिक, आर्थिक, वित्तीय तथा संस्थागत विकास योजना, पर्यावरणीय र विपद् संवेदनशील भू-उपयोग योजना, शहरी यातायात योजना, विपद् व्यवस्थापन योजना, बहु क्षेत्रीय लगानी योजना तथा अन्य आवश्यक योजनाहरु तयार गर्ने ।

ग) एकीकृत भू-उपयोग तथा सडक संजाल योजना तथा दीर्घकालीन सोंचलाई मध्यनजर गरी अव्यवस्थित शहरी निर्माण कार्यलाई नियन्त्रण गर्न भवन निर्माण मापदण्ड तयार तथा परिमार्जन गर्ने ।

घ) योजना उपसमितिसँगपरामर्श लिई प्राथमिकताका आधारमा उप-परियोजनाहरुको पहिचान र पूर्व-संभाव्यता अध्ययन गर्ने ।

## १.४ अध्ययनको कार्यक्षेत्र

यस अध्ययन भित्र विभिन्न कार्यहरु समावेश रहेका छन्, जसमध्ये एकीकृत नगर विकास योजना तयार पर्ने कार्य मुख्य रहेको छ । यसका अतिरिक्त नगर यातायात गुरुयोजना अद्यावधिक गर्ने, भू-उपयोग योजनाको खाका तयार पर्ने, भवन निर्माण मापदण्ड अद्यावधिक गर्ने र ३ वटा उपपरियोजनाहरुको पूर्वसंभाव्यता अध्ययन गर्ने रहेको छ । विस्तृत कार्यक्षेत्रहरु तल व्याख्या गरिएको छ ।

### १.४.१ भू-उपयोग योजना

भू-उपयोग योजना भू-उपयोग नीति, वि.सं. २०६९ (वि.सं.२०७२मा अद्यावधिक गरिएको) मा आधारित छ र यो योजनाले विभिन्न भू-उपयोग वितरणलाई संकेत गरेको छ । वर्तमान भू-उपयोगको आधारमा नै आवासीय, वाणिज्य, औधोगिक, संस्थागत, मिश्रित उपयोग, कृषि तथा अन्य आवश्यक क्षेत्रहरुलाई तोकेर नगरपालिकाको लागि भू-उपयोग योजना प्रस्तुत गरिएको छ ।

भू-उपयोग योजना तयारीको लागि आवश्यक गुगल नक्साहरु तथा तथ्याङ्क सङ्कलन गरी विद्यमान परिदृश्यलाई उल्लेख गरिएको छ । भू-उपयोग योजनाले विस्तृत विकास प्रवृत्ति, पर्यावरणीय तथा जोखिम संवेदनशिल क्षेत्रहरु तथा भू-उपयोग नियन्त्रणका प्राविधिक पक्षहरुलाई समावेश गरेको हुन्छ भने यस योजनामा भू-उपयोग निर्देशित गर्ने सूचकको रुपमा भू-उपयोग योजना प्रस्ताव गरिएको छ । भू-उपयोग योजनाका आधारमा विस्तृत जोनिङ तथा भू-विकास विनियमलाई प्रस्तावित गरिनु पर्दछ । यस योजना तर्जूमामा गरिएको भू-उपयोग योजनाले भू-उपयोगको सबै पक्षलाई समेट्न नसकेको र यसका लागि छुट्टै गहन अध्ययनको आवश्यकता पर्ने भएकोले यस योजनामा बृहत पक्षहरुलाई मात्र समेटेर भू-योजना प्रस्ताव गरिएको छ ।

### १.४.२ आधार नक्सा अध्यावधिक

मेलम्ची नगरपालिकाको एकीकृत नगर विकास योजना तर्जुमा गर्ने कार्यको लागि आधार नक्सा अध्यावधिक गरियो । आधार नक्सा अध्यावधिक गर्ने कार्यको लागि स्थलगत अध्ययन, भ्रमण, अवलोकन गरी सबै किसिमका पूर्वाधारहरुको नक्साङ्कन समेत गरियो । आधार नक्सा अध्यावधिक गर्दा निम्न पक्षहरुलाई समेटिएको छ ।

- विद्यमान सडक सञ्जाल (सडक, यातायात रुट, बसस्टप, सडकको किसिम),
- सार्वजनिक भवनहरुको अवस्थिति, किसिम, संरचनाको अवस्थिति,
- भू-उपयोग (व्यापारिक, आवसीय, संस्थागत, बसोबास, कृषि, सार्वजनिक आदि)
- जल प्रवाह प्रणाली (नदी, खोला, पोखरी, सिमसार, पानीका स्रोतहरु)
- शहरी पूर्वाधार (विद्युत, टेलिफोन, खानेपानी, ढल निकास, बसपार्क, शहरी सेवा केन्द्र, खेल मैदान),
- सामाजिक पूर्वाधार (स्वास्थ्य, शिक्षा, सुरक्षा, सामुदायिक भवन, सामाजिक संघ संस्था)
- आर्थिक पूर्वाधारहरु (उद्योग, कलकारखाना, कृषि पकेट क्षेत्र, औद्योगिक क्षेत्र, वित्तीय संस्था),

- वातावरणीय संवेदनशील स्थल (भू-क्षय, पहिरो, बाढी, चट्याङ, आगलागी)
- सांस्कृतिक तथा पर्यटकीय स्थल (चिहान, मन्दिर, भ्यूटावर, पार्क, पुरातात्विक क्षेत्र आदि)।

### १.४.३ नगर यातायात गुरुयोजना

मेलम्ची नगरपालिकाले नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (हाल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय) को निर्देशिका तथा मापदण्ड अनुसार तत्कालीन नगरपालिकाको क्षेत्र भित्र नगर यातायात गुरुयोजना तयार गरी सकेकोमा राज्य पुनर्संरचनाले मेलम्ची नगरपालिका भित्र थप क्षेत्र गाभेकोले सो क्षेत्रहरुलाई समेत समेटी परिवर्तित नगरपालिकाको सीमा अनुसार मेलम्ची नगरपालिकाको नगर यातायात गुरु योजना पुनः अद्यावधिक नगरिएको सन्दर्भमा यस योजना तर्जुमाले नगर यातायात गुरुयोजनालाई समेत अद्यावधिक गरेको छ। तत्कालीन नगर यातायात गुरु योजनामा थपिएका नयाँ क्षेत्रहरु र नयाँ निर्माण भएका अन्य सडकहरु स्थलगत अध्ययन तथा वडा अध्यक्ष तथा सदस्यहरुको सुझाव र सल्लाह बमोजिम योजनाको अद्यावधिक गरिएको छ।

### १.४.४ नगरपालिकाको पार्श्वचित्र तयारी

मेलम्ची नगरपालिकाको समग्र क्षेत्रलाई समेटी योजनाका लागि आवश्यक पार्श्वचित्र तयार गरिएको छ। पार्श्वचित्रमा आधारभूत सूचनाहरु जस्तैः भौतिक, सामाजिक, आर्थिक, वातावरणीय, वित्तीय तथा संस्थागत पक्षहरु समेटिको छ। विषयगत मुद्दालाई व्याख्या तथा विश्लेषण समेत गरी नक्सा, चित्र, प्रमुख समस्या र सम्भावनाहरु तथा विगतको आधारमा प्रवृतिगत विश्लेषणसमेत गरी प्रस्तुत गरिएको छ।

### १.४.५ विश्लेषण

विश्लेषण अन्तर्गत प्रवृत्ति विश्लेषण, समस्या तथा संभावना विश्लेषण, क्षेत्रीय विश्लेषण, वित्तीय विश्लेषण गरी विगत र वर्तमान वस्तुस्थितिको तुलनात्मक विश्लेषण गरिएको छ। यसबाट मेलम्ची नगरपालिकाको विगत र वर्तमान स्थिति बुझ्न सहज भएको छ।

### १.४.६ नगरपालिकाको दीर्घकालीन सोंच

नगर विकासका साझेदारहरु, योजनाका तर्जुमाका विषय विज्ञ, निर्वाचित जनप्रतिनिधि, स्थानीय जनताको सहभागिता र निर्णयमा नगरपालिकाको दीर्घकालीन सोंच निर्धारण गरिएको छ। सोही दीर्घकालीन सोंचलाई आधार मानी नगरपालिकाको लक्ष्य, रणनीति, उद्देश्य निर्धारण र उद्देश्य प्राप्तिका लागि विषयगत बार्षिक योजना तथा कार्यक्रमहरुको तर्जुमा गरिएको छ।

### १.४.७ विषयगत लक्ष्य, उद्देश्य तथा रणनीतिहरु

यस योजना तयारीको क्रममा विषयगत लक्ष, उद्देश्य तथा रणनीतिहरु समेत प्रस्ताव गरी विषयगत योजना तयार गरिएको छ। विषयगत योजना तयारीको लागि निर्धारित लक्ष्य र उद्देश्य हासिल गर्ने आधार, योजना तथा कार्यक्रमहरु, जोखिम पक्ष समेत निर्धारण गरी प्रस्ताव गरिएको छ।

### १.४.८ दीर्घकालीन भौतिक विकास योजना तर्जुमा

विद्यमान शहरी वस्तुस्थितिको अध्ययन गरी दीर्घकालमा कस्तो किसिमको शहरनिर्माण गर्ने, कुन कुन क्षेत्रमा के के पूर्वाधार विकास गर्ने, शहरी विकास कुन क्षेत्रतिर विस्तार गर्ने, जोखिमयुक्त क्षेत्र कता रहेका छन् लगायत भविष्यमा कस्तो शहरबनाउने भन्ने विषयलाई विशेष ध्यान दिई दीर्घकालीन भौतिक विकास योजना तर्जुमा गरिएको छ। यस्तो भौतिक विकास योजनाले भविष्यमा विस्तारित हुँदै जाने सहरलाई व्यवस्थित रुपमा विकास हुन मद्धत गर्दछ।

### १.४.९ वातावरण व्यवस्थापन योजना

यस नगर विकास योजना दस्तावेजमा वातावरण व्यवस्थापन योजनालाई पनि समावेश गरिएको छ । वातावरण व्यवस्थापन योजना अन्तर्गत फोहर व्यवस्थापन, प्रदुषण नियन्त्रण, ढल निकास र फोहर पानीको शुद्धिकरण, शहरी हरियाली, कृषि, पार्क, वन क्षेत्र तथा वन्यजन्तु संरक्षण, खुल्ला क्षेत्र व्यवस्थापन तथा संवेदनशील क्षेत्र संरक्षण जस्ता वातावरणीय पक्षलाई समेटी वातावरण व्यवस्थापन योजना तयार गरिएको छ ।

### १.४.१० सामाजिक विकास योजना

सामाजिक विकास योजना अन्तर्गत वर्तमान सामाजिक अवस्थाको विश्लेषण गर्दै शिक्षा, स्वास्थ्य, सुरक्षा, महिला सहभागिता र सशक्तिकरण, समावेशिकरण, पिछडिएका समुदाय/वर्गको विकास, खेलकुद, मनोरञ्जन, पुस्तकालय, सामुदायिक भेला, उत्सव जस्ता सामाजिक विषयलाई मध्यनजर गरी योजनाहरु प्रस्ताव गरिएको छ । यस किसिमको योजनाले सामाजिक विकासलाई विशेष मद्धत पुऱ्याउनेछ ।

### १.४.११ संस्कृति, पर्यटन तथा संरक्षण योजना

नगर क्षेत्रभित्र प्रचलनमा रहेको धर्म, संस्कृति, परम्पराहरुको संरक्षण, विकास गर्ने, सम्पदा, पुरातात्विक महत्वका क्षेत्र लगायत पर्यटन विकासका संभावनाहरुको उजागर गर्ने गरी संस्कृतिक, पर्यटन तथा संरक्षण योजना तयार गरिएको छ । यस योजनामा स्थानीय संस्कृति, चाडपर्व, रीतिरिवाजहरुको संरक्षण र विकासका पक्षहरुलाई समेत समेटिएको छ ।

### १.४.१२ आर्थिक विकास योजना

आर्थिक विकास योजना अन्तर्गत आर्थिक विकासका संभाव्य क्षेत्रहरु, औद्योगिक विकास, रोजगारीको अवसर, कृषिको व्यवसायिकरण, विकास र विस्तार, ग्रामीण-शहरअन्तरसम्बन्ध, उत्पादन, नगदेबाली, साना तथा मझौला उद्योग र व्यवसायिक गतिविधि, कृषिमा आधारित उद्योगहरुको संभावना, आर्थिक क्षेत्र लगायत आर्थिक विकासका समस्या र संभावनालाई समेटी विद्यमान आर्थिक गतिविधिको आधारमा भविष्यको संभावनालाई उजागर गरिएको छ । यस योजनाले नगरको विद्यमान आर्थिक विकाससम्बन्धी समस्याहरुको समाधान र संभावनाहरुलाई अगाडि बढाउन मद्धत गर्नेछ ।

### १.४.१३ वित्तीय विकासको योजना

वित्तीय विकास योजना अन्तर्गत नगरपालिकाको विगतको आय-व्यय तथा योजना कार्यान्वयनका लागि आवश्यक हुने बजेट तथा बजेट उपलब्ध हुने स्रोतहरु समेत पहिचान गरी योजना कार्यान्वयनको लागि वित्तीय विकास योजना प्रस्ताव गरिएको छ ।

### १.४.१४ संस्थागत विकास योजना

संस्थागत सुदृढीकरण विना विकास योजनाहरु कार्यान्वयन गर्न सकिदैन । तसर्थ सुशासन, स्रोत परिचालन, जन सहभागिता, स्थानीय स्रोतको समुचित प्रयोग, नगरपालिकाको विद्यमान स्रोत साधन तथा क्षमता लगायत विविध पक्षलाई समेटी संस्थागत विकास योजना तयार गरिएको छ । संस्थागत विकास योजनाले संस्थागत समन्वय, लगानीको स्रोत तथा योजना कार्यान्वयन सहज बनाउने छ ।

### १.४.१५ बहु-क्षेत्रगत लगानी योजना

बहु-क्षेत्रगत लगानी कार्ययोजनामा प्रस्तावित योजना तथा कार्यक्रमहरुको संभाव्य स्रोत पहिचान गरी लगानी खाका तयार गरिएको छ । यसमा कुन कुन आयोजनाको लागि के कति रकम कुन कुन स्रोतबाट परिचालन गर्न सकिन्छ

सो कुरालाई स्पष्ट किटान गरी योजना खाका तयारी गरिएको छ। योजना कार्यान्वयनको संभाव्य निकाय, उपलब्ध हुन सक्ने स्रोत, लगानी वर्ष समेत किटान गरी योजना दस्तावेजमा समावेश गरिएको छ।

### १.४.१६ निर्माण मापदण्ड

नगरपालिका क्षेत्रभित्र निर्माण हुने पूर्वाधार तथा भवनहरुको निर्माण मापदण्ड समेत तयार गरिएको छ। निर्माण मापदण्ड अन्तर्गत भवनको कभरेज, तल्ला, उचाई, खुल्ला क्षेत्र लगायत न्यूनतम आधारहरु समेत तोकी तयार गरिएको छ। भवन निर्माण मापदण्ड तयार गर्दा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन, २०७२को मापदण्डलाई समेत आधार मानिएको छ।

### १.४.१७ मुख्य परियोजनाहरुको पूर्वसंभाव्यता अध्ययन

यस नगर विकास योजना अन्तरगत योजना तर्जुमा टोलीले प्रस्ताव गरेका विभिन्न परियोजनाहरु मध्ये केही मुख्य परियोजनाहरुको पूर्वसंभाव्यता अध्ययन प्रतिवेदन समेत तयार गरिएको छ। यस किसिमको पूर्वसंभाव्यता अध्ययनले परियोजनाको विस्तृत आयोजना प्रतिवेदन निर्माणमा सहयोग पुऱ्याउनेछ।

### १.४.१८ नक्सा तयारी

एकीकृत नगर विकास योजना तर्जूमाको क्रममा नगर क्षेत्रको अवस्थितिलाई झल्काउने आवश्यक नक्साहरु समेत तयार गरिएको छ। यि नक्साहरुमा नगरपालिका भित्र रहेका आर्थिक, सामाजिक, भौतिक पूर्वाधारहरु तथा नगर क्षेत्रको बस्तुस्थिति झल्केका छन्।

- अवस्थिति नक्सा (Location Map)
- वर्तमान भू-उपयोग नक्सा (Existing Landuse Map)
- वर्तमान पूर्वाधार नक्सा (Existing Infrastructure Map)
- प्रस्तावित भू-उपयोग नक्सा (Proposed Landuse Map)
- वर्तमान र प्रस्तावित सडक सञ्जाल नक्सा (Existing and Proposed Road Network Map)
- वातावरणीय र जोखिम संवेदनशिल नक्सा (Environmental and Risk Sensitive Map)
- विभिन्न श्रोत नक्सा (Different Resource Maps)

### १.४.१९ योजना तर्जूमाको नतिजा

यस योजना तर्जूमाबाट निम्न नतिजाहरु प्राप्त भएका छन्।

- नगरको दीर्घकालीन विकास सोंच सहितको एकीकृत  विकास योजना,
- नगरको आधार नक्सा एवं विभिन्न श्रोत नक्सा, भू-उपयोग नक्सा,
- भवन निर्माण तथा योजना मापदण्ड,
- नगर यातायात गूरुयोजना (अद्यावधिक),
- ३ वटा पूर्वसंभाव्यता अध्ययनको प्रतिवेदन (क. मेलम्ची क्षेत्रमा जग्गा विकासको पूर्वसंभाव्यता अध्ययन, ख) बाहुनेपाटी  क्षेत्रमा जग्गा विकासको पूर्वसंभाव्यता अध्ययन, ग) मेलम्ची नगरपालिका क्षेत्रमा व्यवसायिक तरकारी खेतीको संभाव्यता अध्ययन)।

## १.५ कार्य सारंस

| | |
|---|---|
| २०७५ बैसाख २७ | : नगरसँग प्रारम्भिक छलफल कार्यक्रम |
| २०७५ जेठ १ गते | : मेलम्ची नगरपालिकाको एकीकृत नगर विकास गुरु योजना तर्जुमा सम्बन्धी प्रथम नगर स्तरीय कार्यशाला गोष्ठी गरी एकीकृत नगर विकास गुरुयोजनाका निर्देशक समिति लगायत विषयगत समितिहरु गठन |
| २०७५ जेठ २० देखि २४ | : जिल्ला स्तरमा तथ्यांक संकलन |
| २०७५ जेठ २३ देखि ३१ | : १३ वटा वडाहरुमा वडा स्तरीय भेला तथा तथ्यांक संकलन |
| २०७५ जेठ २३ देखि ३१ गते सम्म | : मेलम्ची नगरपालिकाका १३ वटा वडाहरुमा वडा भेला कार्यक्रम गरी तथ्यांक संकलन तथा छलफल कार्यक्रम गरियो । |
| २०७५ श्रावण १५ | : वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुसँग नगर स्तरीय छलफल गोष्ठी |
| २०७५ भाद्र ७ | : वडा सचिव तथा वडा अध्यक्षहरुसँग सडक योजना सम्बन्धी छलफल |
| २०७५ भाद्र १४ देखि १८ | : विषयगत समिति बैठक |
| २०७५ भाद्र २० देखि २२ | : नगर स्तरीय तथ्यांक संकलन तथा प्रमाणिकरण |
| २०७५ कार्तिक १३ देखि १६ | : नगर तहमा बसेर तथ्यांक/प्रोफाइल परिमार्जन तथा छलफल |
| २०७५ मंसिर १२ र १३ | : नगरको दीर्घकालीन सोंच तथा रणनीतिक योजना निर्माण कार्यशाला गोष्ठी |
| २०७५ पौष २४ | : अन्तिम मस्यौदा प्रतिवेदन पेश |
| २०७५ फाल्गुण १३ | : मस्यौदा प्रतिवेदनको प्रस्तुतीकरण |
| २०७५ चैत्र ०२ | : अन्तिम प्रतिवेदन पेश तथा परामर्श कार्य समापन |

नगर स्तारीय बैठक तथा गोष्ठीहरुको माइन्यूट अनुसूची २ र वडा स्तरीय बैठकहरुको माइन्यूट अनुसूची ३ मा संलग्न गरिएको छ ।

# २ योजना तर्जुमा विधि

## २.१ परिचय

मेलम्ची नगरपालिकाको एकीकृत नगर विकास योजना तर्जुमाको लागि सहभागितामूलक पद्धति (Participatory Approach)लाई मुख्य विधिको रुपमा लिइएको छ। सरोकारवाला निकायहरु र व्यक्तिहरुसँगको छलफल/अन्तरक्रिया, स्थलगत अध्ययन भ्रमण, नक्सा अध्यावधिक आदि कार्यहरु गरी योजना दस्तावेज तयार गरिएको छ। विकासका हरेक चरणमा सबै जनताको समान पहुँच होस् भन्ने कुरालाई मनन गरी सहभागिमूलक तथा समतामूलक प्रक्रियाबाट योजना प्रतिवेदन तयार गरिएको छ। योजना तर्जुमाको कार्य विधिमा नगरपालिकाको आयोजनामा विभिन्न बैठक, गोष्ठी, भेला, छलफल, वडा स्तरीय बैठक, स्थलगत सर्वेक्षण, अवलोकन, नगरपालिकाका जननिर्वाचित पदाधिकारीहरु, नगरपालिकाभित्रका दलीय प्रतिनिधि, स्थानीय जनसमुदाय तथा प्रमुख सरोकारवालाहरुसँग छलफल, अन्तरक्रिया, औपचारिक तथा अनौपचारिक छलफल, लक्षित समूह छलफल साथै स्थानीय तह एवं अन्य स्रोतबाट संकलित सूचना, जानकारी एवं तथ्यांकहरुलाई अध्ययन तथा विश्लेषण गरी योजना प्रतिवेदन तयार गरिएको छ। योजना तर्जुमाको कार्य सम्पन्न गर्न निम्न कार्यहरु गरिएको छ।

### २.१.१ प्रारम्भिक तयारी

योजना निर्माण कार्यलाई व्यवस्थित एवं वस्तुपरक ढङ्गले अगाडि बढाउन आवश्यक पूर्वतयारी गरिएको थियो। नगरपालिकाको आन्तरिक व्यवस्थापन, विस्तृत कार्ययोजना निर्माण, कार्यदलको गठन, जिम्मेवारी बाडफाँट गरी योजना निर्माण कार्य व्यवस्थित एवं मर्यादित ढङ्गले तर्जुमा गरिएको छ। यसका साथै प्रारम्भिक तथ्याङ्क, सूचना, आवश्यक प्रतिवेदनहरु आदि संकलन गर्ने कार्य पनि गरिएको थियो। परामर्शदाता तथा नगरपालिका बीच कार्यसञ्चालन सम्बन्धी विस्तृत सहमतिमा भए पश्चात् विभिन्न विषय विज्ञ तथा जानिफकारहरुको सहभागिता बारे निर्क्यौल गरी कार्य अगाडि बढाइएको थियो।

### २.१.२ योजना समिति निर्माण

योजना निर्माण कार्य एक जटिल र समय लाग्ने प्रक्रिया हो। योजना निर्माणको प्रक्रियामा विभिन्न विषयगत समितिहरु निर्माण गरी तथ्याङ्क एवं सूचना संकलन गर्नुपर्ने भएकाले पूर्वतयारी कार्यशाला गोष्ठीमा विभिन्न योजना समितिहरु गठन गरी योजना कार्य अगाडी बढाइएको छ। यस अन्तर्गत नगरपालिका प्रमुख ज्यूको संयोजकत्वमा निर्देशक समिति, योजना कार्यदल तथा वडा अध्यक्ष ज्यूहरुको संयोजकत्वमा ८ वटा विषयगत समितिहरु गठन गरिएको थियो।

*निर्देशक समितिको बनोट निम्नानुसार रहेको थियो।*

- नगरपालिकाका प्रमुख — संयोजक
- नगर कार्यपालिकाका सदस्यहरु — सदस्य
- विषयगत शाखाकार्यालयका प्रतिनिधिहरु — सदस्य
- नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत — सदस्य सचिव

*निर्देशक समितिको काम, कर्तव्य निम्न अनुसार तोकिएको थियो।*

- योजना तर्जुमा कार्यदललाई आवश्यकता अनुसार दिशा निर्देशन दिने।
- नगरपालिकाको दीर्घकालीन सोंच निर्धारण गर्ने।
- विषयगत उपसमितिलाई आवश्यक सल्लाह सुझाव प्रदान गर्ने।
- नगरस्तरीय भेला गराई रणनीतिक योजना तयार गर्न सहयोग पुऱ्याउने।
- सरोकारवाला निकायबाट आएका सुझावहरुलाई आवश्यकता अनुसार योजनामा समावेश गर्न सल्लाह प्रदान गर्ने।

- सहभागितात्मक बैठक, भेला, कार्यशाला गोष्ठी गराई योजना तर्जुमा कार्य अगाडि बढाउने ।
- एकीकृत नगर विकास योजना दस्तावेजलाई अन्तिम रुप दिने ।

*योजना तर्जुमा कार्यदलको बनोट निम्नानुसार रहेको थियो ।*

| | |
|---|---|
| • नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| • शहरी योजनाकार, नगरपालिकाद्वारा चयन/मनोनयन गरेको | सदस्य |
| • नगरपालिकाका विषयत शाखा प्रमुखहरु | सदस्य |
| • परामर्शदाता (विषय विज्ञहरु) | सदस्य |
| • नगरपालिकाका इन्जिनियर | सदस्य सचिव |

निर्देशक समिति, योजना तर्जुमा कार्यदलका साथै वडा अध्यक्षहरुको संयोजकत्वमा आठ वटा विषयगत समितिहरुको गठन अनुसूचि १ अनुसार गरिएको थियो । विषयगत समितिहरुको काम, कर्तव्य निम्नानुसार तोकिएको थियो ।

- विषयगत योजना तथा कार्यक्रम तयारीको लागि सहजीकरण गर्ने ।
- समस्या पहिचान, योजना छनोट र प्राथमिकीकरणमा सहयोग गर्ने ।
- सरोकारवाला निकायहरुसँगको छलफलमा सहभागिता जनाई सक्रिय सहयोग गर्ने ।
- विषयगत अग्रणी क्षेत्र पहिचान गरी सो सम्बन्धी मस्यौदा योजना तयारीमा सहयोग गर्ने ।
- दीर्घकालीन सोंच कार्यशाला गोष्ठी तथा अन्य परामर्श छलफलमा सक्रिय सहभागिता हुने ।
- विषयसँग सम्बन्धित सूचनाहरु संकलन तथा विश्लेषण गर्न सहयोग गर्ने ।
- योजनाको अन्तिम रुप दिनको लागि आवश्यक सहयोग गर्ने ।

### २.१.३ तथ्याङ्क सङ्कलन

योजना तर्जूमाको लागि आधार तथ्याङ्कको महत्वपूर्ण भूमिका हुन्छ भने तथ्याङ्कीय आधार विना योजनाको जग कमजोर बन्नपुग्छ । परामर्शदाताको स्थलगत अध्ययन टोलीबाट अध्ययनको लागि आवश्यक पर्ने प्राथमिक तथा द्वितीय दुबै किसिमका तथ्यांक, जानकारी तथा सूचनाहरु निम्नानुसार संकलन गरिएको थियो ।

#### २.१.३.१ प्राथमिक तहको तथ्याङ्क

एकीकृत नगर विकास योजना तर्जुमाको लागि आवश्यक पर्ने तथ्याङ्कहरु स्थलगत अध्ययन, भ्रमण तथा विभिन्न निकाय/व्यक्तिहरुसँग औपचारिक तथा अनौपचारिक छलफल, अन्तरक्रियाको माध्यमबाट संकलन गरिएको थियो । प्राथमिक तथ्यांक, सूचना, जानकारी तथा योजनाहरु तल उल्लेखित विधि/ प्रक्रियाबाट सङ्कलन गरिएको थियो ।

- विषय विज्ञहरुसँगको छलफल तथा अन्तरक्रिया मार्फत सङ्कलित सूचनाहरु,
- वडा भेला तथा वडास्तरीय तथ्याङ्क संकलन चेकलिष्ट मार्फत स्थलगत निरीक्षण तथा अध्ययनका क्रममा प्राप्त सूचनाहरु,
- स्याटलाइट सर्भेक्षणबाट प्राप्त सूचनाहरु,
- सडकहरु सम्बन्धी तथ्याङ्क संकलन गर्न वडा अध्यक्ष तथा सचिवहरुको भेलाबाट प्राप्त तथ्याङ्कहरु,
- सामुदायिक भेला, लक्षित समुह परामर्श तथा समुहगत छलफलबाट प्राप्त सूचनाहरु,
- विषयगत समितिहरुसँगको छलफल तथा परामर्शबाट प्राप्त सूचनाहरु आदि ।

**क) स्थलगत अध्ययन, अवलोकन भ्रमण**

योजना क्षेत्रको समस्या र सम्भावनालाई स्थलगत अध्ययन भ्रमण गरी प्राविधिक दृष्टिकोणले निर्माण गर्न स्थलगत अवलोकन भ्रमण महत्वपूर्ण रहेको थियो । साथै स्थलगत अध्ययन तथा अवलोकनले मेलम्ची नगरपालिकाको वस्तुस्थिति अध्ययनको लागि सहजता भएको थियो । स्थलगत अध्ययन भ्रमणमा नगर क्षेत्रको जोखिम स्थानहरु,

संभावनाहरु, प्राकृतिक वातावरण, निर्माणाधिन ठूला आयोजनाहरु, बजार विकासको क्रम, वातावरणीय अवस्था, धार्मिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुको अवलोकन गरिएको थियो ।

**ख) नक्सा अध्यावधिक**

यस एकीकृत नगर विकास योजना तयारको लागि नगरपालिका क्षेत्रलाई समेटी भौतिक, सामाजिक/सार्वजनिक पूर्वाधार, प्राकृतिक वातावरण, सामाजिक वस्तुस्थितिलाई समावेश गरी नक्सा अध्यावधिक गरियो । उपलब्ध भू-उपग्रह नक्सामा सहरमा विद्यमान शहरी पूर्वाधारहरु जस्तैः विद्यालय, क्याम्पस, सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्थाहरु, उद्योग/कलकारखाना, अस्पताल तथा अन्य स्वास्थ्य संस्थाहरु, मठ मन्दिर, होटल, पुल, सडक, पार्क, सिंचाई, खानेपानी लगायत सबै किसिमका पूर्वाधारहरुको अवस्थिति नक्सांकन गर्ने कार्य सम्पन्न गरियो । सोही आधारमा मेलम्ची नगरपालिकाको अध्यावधिक आधार नक्सा तयार गरियो । यसैको आधारमा नगरको भू-क्षेत्र निर्धारण, पूर्वाधारको आवश्यकता विश्लेषण, प्रस्ताव, योजना तयार गरियो । नक्सा अध्यावधिकमा निम्न पक्षहरु समेटिएको छ ।

- Water Supply Source
- Water Tank
- सामाजिक पूर्वाधारहरु
- शैक्षिक र स्वास्थ्य संस्थाहरु
- उद्योग तथा कलकारखानाहरु
- सरकारी/गैर सरकारी संस्था र सामुदायिक केन्द्र
- वडा कार्यालय
- कृषि उत्पादन संकलन केन्द्र
- प्रमुख वस्तीहरु
- प्रमुख बजार क्षेत्र
- मठ मन्दिर
- विद्यमान भू-उपयोग नक्सा
- वातावरण संवेदनशील क्षेत्रहरु
- वन जंगल संरक्षण क्षेत्र
- ताल तथा पोखरी
- भू-उपयोग नक्सा
- धार्मिक पुरातात्विक तथा ऐतिहासिक महत्व भएका स्थलहरु

**ग) सामुदायिक/लक्षित समूह छलफल**

योजना तयारीको लागि सामुदायिक तथा लक्षित समूहसँग छलफल गरी समस्या, सम्भावनाहरु सङ्कलन गरियो । लक्षित समूहमा महिला, दलित, बालबालिका, जनजाति, पछाडि पारिएका वर्गसँग वृहत छलफल गरी लक्षित समूहका सवाल, समस्याहरुलाई यस एकीकृत नगर विकास योजना प्रतिवेदनमा समावेश गरिएको छ ।

### २.१.३.२ द्वितीय तहको तथ्याङ्क

यस अध्ययनका लागि आवश्यक पर्ने द्वितीय तहको तथ्यांकहरु निम्न माध्यमबाट सङ्कलन गरिएको थियो ।

क) विभिन्न कार्यालयका अध्ययन प्रतिवेदनहरु जस्तैः नगरपालिका कार्यालयका प्रतिवेदनहरु, जिल्ला समन्वय समिति, जिल्ला जनस्वास्थ्य, शिक्षा, कृषि, पशु तथा अन्य विकास निर्माणसँग सम्वन्धित कार्यालयहरु, गैससबाट प्रकाशित प्रतिवेदन, पार्श्वचित्र, पुस्तक आदिबाट आवश्यक तथ्याङ्क तथा जानकारी सङ्कलन गरिएको थियो ।

ख) नगरपालिकामा उपलब्ध आवधिक योजना, वार्षिक योजना, नक्सा तथा अन्य जानकारीहरु ।

ग) आवश्यक श्रोत नक्सा, नापी विभागबाट प्राप्त GIS नक्साहरु तथा भू-उपग्रह नक्साहरु ।

घ) केन्द्रिय तथ्याङ्क विभाग, राष्ट्रिय आर्थिक सर्भेक्षण आदिबाट सङ्कलित तथ्याङ्कहरु ।

ङ) यस अघि बनेका योजनाहरु जस्तैः MTMP, भवन निर्माण मापदण्ड, स्थानीय ऐन तथा कानून आदि ।

### २.१.३.३ गोष्ठी तथा छलफलहरु

**क) पूर्व तयारी कार्यशाला गोष्ठी**

योजना निर्माणको प्रारम्भिक चरणको कार्य अन्तर्गत पर्ने यस गोष्ठीमा योजना सम्बन्धी अभिमुखिकरण एवं योजनाको चरण तथा प्रक्रिया बारे छलफल गरिएको थियो । यसै गोष्ठीमा योजना तर्जुमा गर्न आवश्यक निर्देशक समिति,

विषयगत समिति तथा कार्यदलको गठन एवं जिम्मेवारी समेत बाडफाँट गरी योजना निर्माण कार्यको सम्पूर्ण कार्यतालिका तयार गरिएको थियो ।

**ख) वडा भेला**

यस अन्तर्गत नगरका सबै वडाहरुमा योजना टोलीले स्थलगत अध्ययन तथा स्थानीय जनतासँग छलफल तथा परामर्श गरेको थियो । नगरका १३ वटै वडाहरुमा वडास्तरीय योजना भेलाको आयोजना गरी विषयगत योजनासँग सम्बन्धित समस्याहरु, सम्भावनाहरु, सूचना सङ्कलन तथा नक्साङ्कन गर्ने कार्य गरिएको थियो । यसबाट प्राप्त सूचना तथा जानकारीहरुलाई प्रयोग गरि विषयगत योजना तथा श्रोत नक्सा तयारी गरिएको छ ।

**ग) नगर यातायात गुरुयोजना अद्यावधिक गोष्ठी**

मेलम्ची नगरपालिकाले २०७१ मा नगरको यातायात गुरुयोजना तयार गरेको थियो भने सो समयमा सविकका ३ गाविस नगरपालिकामा समावेश भएका थिएनन् । हाल नगरको क्षेत्रफल तथा सडक सञ्जाल वृद्धि भएको र अद्यावधिक यातायात गुरुयोजना आवश्यक रहेकाले मिति २०७५।०५।०७ मा नगर स्तरीय नगर यातायात गुरुयोजना अद्यावधिक गोष्ठी आयोजना गरी यातायात सम्बन्धी तथ्याङ्कहरु अद्यावधिक गरिएको थियो । नगर यातायात गुरुयोजनालाई छुट्टै प्रतिवेदनको रुपमा नगर सभाले पारित गर्ने गरि पेश गरिएको छ ।

**घ) विषयगत समितिसँग छलफल**

योजना टोलीले संकलन गरेको विभिन्न तथ्याङ्क तथा सुचनाहरुमा छलफल तथा प्रमाणीकरण गर्न आठ वटै विषयगत समितिहरुसँग विषयगत तथ्याङ्कमा केन्द्रित भई छलफल गरिएको थियो । मिति २०७५।०५।१४-१७ गतेसम्म दिनको २ वटा समितिका बैठक सञ्चालन गरिएको थियो । सो अवसरमा प्राप्त प्रतिक्रिया एवं सुझावहरुलाई यस योजनामा समावेश गरिएको छ ।

**ङ) दीर्घकालीन सोंच निर्धारण तथा योजना तर्जुमा कार्यशाला गोष्ठीको आयोजना**

यस एकीकृत नगर विकास योजना तयारीको लागि मेलम्ची नगरपालिकाका विद्यमान संभावनाको आधारमा भविष्यमा कहाँ पुग्ने भनी दीर्घकालीन सोंच निर्धारण गर्न दीर्घकालीन सोंच कार्याशाला गोष्ठीको आयोजना गरिएको थियो । योजना तथा कार्यक्रम तयार गर्दा सोही दीर्घकालीन सोंच हासिल गर्नका लागि परिलक्षित हुनगरी प्रस्तावगरिएको छ । दीर्घकालीन सोंच कार्यशालामा विभिन्न समुहहरु बनाई छलफल गरी नगरको दीर्घकालीन सोंच निर्धारण गर्नुका साथै सो सोंच प्राप्त गर्न आगामी ५ वर्षमा लिइने लक्ष्य, विषयगत लक्ष्य, उद्देश्य, कार्यक्रम तथा परियोजनाहरु पनि निर्धारण गरिएको थियो ।

**च) निर्देशक समितिसँगको छलफल**

एकीकृत नगर विकास योजना तर्जूमाको लागि निर्देशक समितिसँग समय समयमा छलफल, अन्तरक्रियाको आयोजना गरिएको थियो । निर्देशक समितिबाट प्राप्त सुझाव सल्लाहलाई आवश्यकता अनुसार योजना प्रतिवेदनमा समावेश गरियो ।

**छ) विषयगत उप-समितिहरुसँगको छलफल**

विषयगत उप-समितिसँग आवश्यकता अनुसार छलफल, बैठक, अन्तरक्रिया गरी विषयगत समस्या, संभावना तथा योजना तर्जूमाको लागि सुझाव, सल्लाह र योजनाको खाका प्राप्त गरिएको थियो । विषयगत समितिहरुले के कस्ता योजना र कार्यक्रमहरुले वडास्तरमा रहेका समस्या सम्बोधन गर्न सक्दछ र वडामा रहेका विषयगत सम्भावनाहरुको उजागर के कसरी गर्न सकिन्छ भनी विस्तृत छलफल, अन्तरक्रिया गरी योजना तर्जुमा कार्यदललाई महत्वपूर्ण सूझाव दिएका थिए ।

**ज) अन्य सरोकारवाला निकायहरुसँगको छलफल/अन्तरक्रिया**

एकीकृत नगर विकास योजना तर्जूमाको लागि मेलम्ची नगरपालिकाका राजनैतिक दलका प्रतिनिधिहरु, स्थानीय समाजसेवीहरु, बुद्धिजीवि, पत्रकार र अन्य सरोकारवाला निकायहरु सम्मिलित छलफल/अन्तरक्रिया गरियो । यस किसिमका छलफल/अन्तरक्रियाबाट नगर विकासका सवल पक्ष, दुर्वल पक्ष, चुनौती र अवसरहरु निर्धारण गरिएको थियो ।

**झ) अन्तिम प्रस्तुती तथा प्रमाणीकरण कार्यशाला**

योजना तर्जुमा कार्यदलको लामो प्रयास तथा सरोकारवालाहरुको अथक सहयोग पश्चात् एकीकृत विकास योजनालाई वृहत् सहभागितात्मक कार्यशाला गोष्ठीमा प्रस्तुत गरि प्रमाणीकरण गरियो ।

## २.२ तथ्याङ्क प्रशोधन तथा विश्लेषण

विभिन्न स्रोतबाट संकलिन तथ्याङ्कहरु योजना तर्जूमाको दृष्टिकोणबाट सान्दर्भिक हो वा होइन भनी यकिन गरी सान्दर्भिक तथ्यांकको प्रशोधन तथा विश्लेषण गरियो । यस योजना तर्जूमामा निम्नानुसार तथ्याङ्कको प्रशोधन तथा विश्लेषण गरिएको छ ।

### २.२.१ प्रशोधन कार्यको सारांश

प्राथमिक तथा द्वितीय तहको तथ्यांक संकलन गर्ने क्रममा विभिन्न तथ्यांकहरु संकलन हुने भएकोले मेलम्ची नगरपालिकाको एकीकृत शहरी विकास योजना तयारीको लागि आश्यक तथ्यांकहरुलाई मात्र प्रशोधन तथा विश्लेषण गरियो । तथ्यांक प्रशोधन गर्ने क्रममा सरल एवं उपयुक्त ढाँचा जस्तैः तालिका, चार्ट, मानचित्र, आदिमा प्रस्तुत गरियो । यसैगरी स्थलगत सर्वेक्षण तथा अध्ययनबाट प्राप्त तथ्यांक, सूचना तथा जानकारीहरुलाई उपयुक्त मान नापको नक्साहरुमा समावेश गरी नक्सामा अध्यावधिक गरियो । प्रशोधित तथ्यांकलाई आवश्यकता अनुसार योजना तर्जुमा प्रतिवेदनमा समावेश गरिएको छ ।

### २.२.२ विश्लेषण कार्यको सारांश

एकीकृत शहरी विकास योजना तर्जूमाको लागि सङ्कलित तथ्यांकहरु प्रशोधन गरिसकेपछि विश्लेषण गरियो । योजना तयारीको लागि विषयगत रुपमा निम्नानुसार विश्लेषण गरिएको छ ।

### २.२.३ भौतिक विश्लेषण

विद्यमान शहरी वस्तुस्थितिको अध्ययन गरी दीर्घकालमा कस्तो किसिमको शहरनिर्माण गर्ने, कुन कुन क्षेत्रमा के के पूर्वाधार विकास गर्ने, शहरी विकास कुन क्षेत्रतिर विस्तार गर्ने, जोखिमयुक्त क्षेत्रहरु कता रहेका छन् लगायत भविष्यमा कस्तो शहरबनाउने भन्ने विषयलाई विशेष ध्यान दिई दीर्घकालीन भौतिक विकास योजना तर्जुमा गरियो । भौतिक विश्लेषण, शहरी भौतिक पूर्वाधारको स्थिति, आवश्यकता, शहरी स्वरुप, प्रवृति विश्लेषण गरिएको छ । भौतिक विश्लेषणको आधारमा नै भौतिक विकास योजना प्रस्ताव गरिएको छ ।

### २.२.४ वातावरणीय विश्लेषण

वातावरणीय विश्लेषण अन्तर्गत शहरी वातावरणका विविध पक्षलाई समेटिएको छ । वातावरणीय विश्लेषण अन्तर्गत फोहर व्यवस्थापनको विद्यमान स्थिति, भावि योजना तथा सम्भावना, प्रदुषण, नियन्त्रण, शहरी हरियाली, कृषि, पार्क, खुल्ला क्षेत्र व्यवस्थापन, संरक्षण तथा संवेदनशील क्षेत्र जस्ता वातावरणीय पक्षको विश्लेषण गरी वातावरणीय अवस्था र भविष्यको योजना तयारीको गरियो । वातावरणीय विश्लेषणले वर्तमान वातावरणीय अवस्था र भविष्यको योजना तयारीको आधार प्रदान गरियो ।

### २.२.५ सामाजिक स्थिति विश्लेषण

सामाजिक स्थिति विश्लेषण अन्तर्गत सामाजिक अवस्था जस्तैः शिक्षा, स्वास्थ्य, सुरक्षा, महिला सहभागिता, समावेशिकरण, पिछडिएका समुदाय/वर्गको विकास, खेलकुद, मनोरञ्जन, पुस्तकालय, सामुदायिक भेला/उत्सव जस्ता सामाजिक विषयलाई विश्लेषण गर्दै सामाजिक स्थिति सुधार गर्न आवश्यक विविध पक्षहरु समेटियो । खासगरी यस अन्तर्गत जनसंख्या वृद्धि, बसाईसराइको प्रवृति, शैक्षिक अवसर, स्वास्थ्य स्थिति, पिछडिएका समुदायहरुको उत्थान र विकासको लागि अपनाइनु पर्ने पद्दतिका विषयमा योजनामा समावेश गर्नुपर्ने विविध पक्षहरु समेटियो । यसै आधारमा सामाजिक योजना तयार गरियो ।

### २.२.६ आर्थिक स्थिति विश्लेषण

आर्थिक स्थिति विश्लेषण अन्तर्गत नगरको आर्थिक स्थिति जस्तैः औद्योगिक विकास, रोजगारीको अवसर, कृषिको व्यवसायिकरण, विकास र विस्तार, कृषिमा आधारित उद्योगको संभावन र विकास, ग्रामीण-शहर अन्तर-सम्बन्ध, उत्पादन, नगदेबाली, साना तथा मझौला उद्योग र व्यवसायिक गतिविधि, आर्थिक क्षेत्र लगायत आर्थिक विकास समस्या र संभावनालाई समेटी विद्यमान आर्थिक गतिविधिको आधारमा भविष्यको संभावनालाई समेटियो । यसैगरी नगरको आयत निर्यात, आर्थिक विकासको अग्रणी क्षेत्र लगायत नगरको विद्यमान आर्थिक स्थितिको साथै भविष्यको आर्थिक विकासको संभावनालाई समेत समेटी आर्थिक स्थिति विश्लेषण गरी सोही अनुसार योजना तथा कार्यक्रमहरु प्रस्ताव गरियो ।

### २.२.७ वित्तीय विश्लेषण

वित्तीय विश्लेषण अन्तर्गत नगरपालिकाको विगतको आय-व्यय तथा योजना कार्यान्वयनका लागि आवश्यक हुने बजेट तथा बजेट उपलब्ध हुने स्रोतहरुको स्थितिलाई समेटियो । यसका साथै योजना कार्यान्वयनको लागि नगरपालिकामा उपलब्ध हुने वित्तीय स्थिति, आम्दानीको संभाव्य स्रोतहरु, लगानीका प्रमुख स्रोतहरु लगायतका वित्तीय पक्षलाई विश्लेषण गरियो । वित्तीय विकास योजना तथा लगानी रणनीति तयार गर्दा सोही आधारमा तयार गरियो ।

### २.२.८ संस्थागत स्थिति विश्लेषण

विद्यमान संस्थागत स्थितिको विश्लेषण गरी भावी संस्थागत सुदृढीकरणको आवश्यकतालाई समेत यस अन्तर्गत समावेश गरियो । सुशासन, स्थानीय स्रोत परिचालन, जनसहभागिता, स्थानीय स्रोतहरुको समुचित प्रयोग, नगरपालिकाको विद्यमान स्रोत साधन तथा क्षमता लगायत विविध पक्षलाई समेटी संस्थागत विकास योजना तयार गर्नको लागि संस्थागत पक्षको विश्लेषण गरिएको छ । विद्यमान संस्थागत संरचना, क्षमता विश्लेषण गरी भविष्यको लागि आवश्यक पर्ने संस्थागत संरचना एवं संस्थागत समन्वय, लगानीको स्रोत तथा योजना कार्यान्वयनका पक्षलाई समेटी संस्थागत विश्लेषण गरी संस्थागत विकास योजना तयार गरियो ।

## २.३ योजना तयारी तथा प्रस्तुतीकरण

एकीकृत नगर विकास योजनाको लागि सबै तहमा छलफल, अन्तरक्रिया तथा विश्लेषण गरी क्षेत्रगत योजनाहरु ( भौतिक विकास, सामाजिक विकास, आर्थिक विकास, वातावरणीय, संस्थागत विकास, वित्तीय विकास, जलवायु परिवर्तन तथा प्रकोप न्यूनीकरण योजना) तयार गरियो । योजना तयार गर्दा विद्यमान अवस्था र परिस्थिति झल्कने गरी विषयगत लक्ष्य, रणनीति, योजना तथा कार्यक्रमहरु तय गरिएको छ ।

यसैगरी योजना तथा कार्यक्रमहरु तय गर्दा अल्पकालीन, मध्यकालीन, दीर्घकालीन गरी योजनाको आवश्यकता र लगानीको स्थिति अनुसार प्रस्ताव गरिएको छ । योजनाहरु प्राथमिकीकरण गर्दा विषयगत उपसमितिको सुझाव एवं प्राविधिक विश्लेषणलाई समेत आधार मानेर व्यवहारिक पक्षलाई ध्यानमा राखेर गरिएको छ । सम्पूर्ण योजना तथा कार्यक्रमहरु वृहत् सहभागितात्मक गोष्ठीमा प्रस्तुत गरेर अन्तिम रुप दिइएको छ ।

## २.४ कार्य सीमा

योजना तर्जुमा कार्य मेलम्ची नगरपालिकाको एकीकृत नगर विकास योजनामा केन्द्रित रहेको छ । यस योजना तर्जुमा कार्य अन्तरगत देहायका सीमाहरु रहेका छन् ।

- पूर्व अध्ययनका स्रोतहरु, तथ्यांक, स्थलगत अनुगमन तथा लक्षित समूह भेलाबाट संकलन गरिएका जानकारीहरु तथा तथ्यांकबाट नगरपालिकाको पार्श्वचित्र निर्माण तथा विश्लेषण गरिएको ।
- स्थलगत अनुगमन पश्चात् एकीकृत नगर विकास योजना तर्जुमाका लागि आधार नक्सा तयार गरिएको ।

- सहभागितात्मक पद्धतिबाट नगरपालिकाको दीर्घकालीन सोंच निर्धारण गर्ने साथै विषयगत लक्ष, उद्देश्य तथा रणनीतिहरु तयार गरिएको ।
- समावेशीकरण तथा समतामूलक सहभागिताबाट दीर्घकालीन भौतिक योजना, वातावरण व्यवस्थापन योजना, सामाजिक विकास योजना, सांस्कृति, पर्यटन तथा संरक्षण योजना, आर्थिक विकास योजना, वित्तीय विकास योजना, संस्थागत विकास योजना लगायत बहु-क्षेत्रीय लगानी योजना निर्धारण गरिएको ।
- नेपाल सरकारले तय गरेका मापदण्डहरुलाई आत्मसाथ गरी निर्माण मापदण्ड तय गरी मुख्य तीन परियोजनाहरुकोपूर्वसंभाव्यता अध्ययन गरिएको ।
- तोकिएको समय, नगरपालिकाबाट प्राप्त सिमित स्रोत साधनको सिमाभित्र रहेर कार्य सम्पन्न गर्नुपर्ने स्थिति रहेको ।

## २.५ सन्दर्भ साहित्यहरुको अध्ययन तथा समिक्षा

### २.५.१ अन्तर्राष्ट्रिय समुदायमा शहरी योजनाको अभ्यास

बेलायत तथा यूरोपमा भएको औद्योगिक क्रान्ति पश्चात् आधुनिक शहरी योजनाको परिकल्पना भएको पाइन्छ । तत् पश्चात् शहरको परिभाषामा परिवर्तन भई शहरलाई आर्थिक विकासको माध्यमको रुपमा परिभाषित गरियो । फलस्वरुप शहरमा मानिसहरु आउने क्रममा व्यापक वृद्धि भयो जुन पहिले कहिल्यै भएको थिएन । रोजगारी तथा अवसरको खोजीमा शहर तर्फ सबैको आकर्षण अभूतपूर्व वृद्धिसँगै शहरी समस्या वृद्धि भएको र सो व्यवस्थापन गर्न विभिन्न कार्यहरु भएका थिए ।

कृषिमा आधारित मध्यकालीन समाजमा जब औद्योगिकीकरणको असर पर्‍यो, मानिसहरुको पेशा पनि क्रमसः कृषिबाट उत्पादनमूलक उद्योगहरुमा परिवर्तन हुदै गयो । यसलाई यातायातको साधनको विकासले थप टेवा पुर्‍याएको छ साथै वाष्प (Setam) ईन्जिनको आविष्कार तथा यातायातका माध्यमहरुको विकास हुनुले सम्पूर्ण शहरी स्वरुप नै परिवर्तन गरेको छ । यसरी एकातिर पेशाको परिर्वतन तथा अर्कोतिर यातायातका माध्यमहरुको विकासले शहरको क्षेत्रफल तथा स्वरुपमा परिवर्तन आएको थियो, जुन क्रम हालसम्म पनि जारी छ । विद्युत तथा रेलवेको विकास पश्चात् यातायात तथा विद्युत प्रणालीको योजना वनाउने क्रम वृद्धि भएको थियो ।

#### २.५.१.१ औद्योगिक क्रान्तिका शहरहरु

बेलायतबाट सुरु भएको औद्योगिक क्रान्ति पुरै यूरोप हुँदै अमेरिकासम्म पुग्यो जसले गर्दा जनसंख्या तथा शहरीकरणमा वृद्धि हुन पुग्यो । सन् १६९५ मा अनुमानित ५५ लाख जनसंख्या रहेको बेलायतमा सन् १८०१ को पहिलो जनगणनामा ९३ लाख पुगेको थियो । जुन १८४१ सम्म आइपुग्दा १ करोड ५९ लाख पुगेको थियो । यसले केबल ४० वर्षमा ६०% जनसंख्या वृद्धि भएको देखाउँदछ । सन् १७७१ देखि १८३१ सम्म म्यान्चेस्टर सहरको मात्र जनसंख्या ६ गुणाले वृद्धि भएको थियो । त्यसैगरि ब्राडफोर्ड शहरको सन् १८११ देखि १८५१ सम्म प्रत्येक वर्ष ५० % का दरले जनसंख्या वृद्धि भएकोमा केवल ५०%को मात्र त्यही जन्म भएको थियो । यो वृद्धिको प्रमुख कारण नै औद्योगिक क्रान्ति थियो ।

औद्योगिक क्रान्तिका शहरहरु घना आवासीय एकाइले भरिएका र अधिकांश अस्वस्थ हुन्थे । आवासको माग निरन्तर वृद्धि भइरहेको हुन्थ्यो भने माग पुरा गर्न नसक्नाले शहरहरु भीड र कोलाहलयुक्त हुन्थे । उपयुक्त सडकमार्ग, नालीहरु तथा खानेपानीको आपूर्तिको कमीले उक्त शहरहरुमा दयनीय वातावरण हुन्थ्यो । एकातिर खस्कदो जनस्वास्थ्य र गरिब जीवन शैलीले उत्पन्न भएको जनजीवन माथिको गम्भीर खतरा र अर्कातिर व्यापारीहरू र बिल्डर जो पैसा र नाफा कमाउँन बढी चिन्तित थिए, तिनले बनाएका घरहरूमा आधारभूत मनोरञ्जनका साधन तथा खुल्ला क्षेत्रहरु लगभग शून्य थिए ।

भीडयुक्त र कोलाहलपूर्ण शहरी वातावरणले मानिसहरुलाई वास्तुकला र आदर्श समुदायहरूको सामाजिक दृष्टिबाट आदर्श शहरको खोजीमा लैजान्छ । एकजना परोपकारी व्यक्ति रोबर्ट ओयन्सको नेतृत्वमा नयाँ श्रृजनाको सुरुवात

भयो जसले ८०० देखि १२०० जना अट्ने सानो शहरको विकास गरे । पछि सन् १८४०मा सार्वजनिक स्वास्थ्य र आवास सम्बन्धी ऐन ब्रिटेनमा लागू भयो, जो स्वस्थ जीवनको लागि कानूनी पृष्ठभूमि र निर्देशित जीवनको मानक निर्धारित भएको थियो । यसको प्रभाव इबेनेजर होवार्डको गार्डन सिटी आन्दोलनमा देखा पर्यो । उहाँले सून्दर तथा एकीकृत बस्ती बनाउन योजना बनाई (6,000 एकड जमिनमा 32,000 व्यक्तिहरु) शहरी तथा ग्रामीण सुविधाहरुको व्यवस्था गरेका थिए । प्रायः द्वितीय विश्वयुद्ध पछि यी शहरहरू बेलायतमा नयाँ शहरहरू निर्माणमा फरक प्रभाव श्रृर्जना गर्न सफल थिए । ईबेनेजर होवार्डले आफ्ना पुस्तक "सामाजिक सुधारको लागि एउटा शान्त पथ" मा बगैचाको शहर बारेको विस्तृत अवधारणा प्रस्ताव गरे, जहाँ उनले बगैचा शहरको निर्माण कसरी गर्ने भनेर वर्णन गरेका छन् । होवार्डको विचारहरू प्रयोग गरेर बेलायतमा निर्मित दुई बगैंचाशहरहरू लेचेथवर्थ गार्डेन सिटी र वेल्भिन थिए । यसको प्रभाव संयुक्त राज्य अमेरिकामा पनि परेको थियो । रेसिडेन्सियल पार्कः न्यू रोचेल, न्यूयर्कस/ वूडबोर्न :बोस्टन/ न्यूपोर्ट न्यूज /वर्जिनियाज् हिलटन भिलेज, Pittsburgh's Chatham Village बगैचा सिटी, न्यूयोर्क/Sunnyside, क्वीन्सस जैक्सन हाइट्स, क्वीन्सस फोर्ट गार्डन आदि उल्लेखनिय उदाहरणहरू थिए ।

### २.५.१.२ औद्योगिक क्रान्ति पछिका शहरहरु

औद्योगिक क्रान्ति पश्चात् ग्रामीण भेगबाट शहरी क्षेत्र तर्फ बसाईसराइको क्रम निरन्तर बढ्यो । औद्योगिकरण तथा बसाईसराईले जनसंख्या वृद्धि तथा औद्योगिकीकरणलाई एकदमै प्रोत्साहन दियो । सन् १८०० को सुरुवात सम्म २०% जनसंख्या वेलायतको १०,००० वा बढि जनसंख्या भएका शहरहरुमा केन्द्रित थियो । त्यसको १ शताब्दी पछि त्यहाँको तीन चौथाई जनसंख्या शहरमा केन्द्रित वा कार्यरत थिए । यस्तै किसिमले अमेरिका, जापान लगायत यूरोप र बाहिरी विश्वको जनसंख्या वृद्धि भैरहेको थियो । यी विकसित देशहरुमा सन् १८५० को अन्त्यसम्म ५०% जनसंख्या शहरमा बसोवास गर्न थालिसकेका थिए । असमान रुपमा भए पनि औद्योगिक क्रान्तिको असर संसार भरी नै देखिन थालिसकेको थियो र शहरीकरण विस्तारै वृद्धि हुँदै थियो ।

औद्योगिकीकरणका केहि सकरात्मक पक्षहरु पनि थिए, यसले शहरीकरणमा वृद्धि गरायो र मानिसहरुलाई आवश्यक सुविधाहरु दिलायो । त्यस समयको शहरहरु फोहरी एवं आवश्यक सेवा तथा सुविधाबाट वञ्चित भएतापनि मानिसहरुको सफा तथा स्वच्छ शहर प्रतिको तिव्र चाहनाले गर्दा पछि गएर बस्न योग्य शहरहरुको विकास भएका थिए । इबेनेजर होवार्डको गार्डन सिटी यसैको प्रतिफल थियो । त्यस समय मानिसहरु राम्रो आवासीय वातावरणको खोजीमा भौतारिन थालिसकेका थिए र शहरको केन्द्र देखि टाढिन थाले, फलस्वरुप केन्द्रहरु ह्रास हुन पुगे । दोस्रो विश्व युद्धले ध्वस्त भएका शहरहरु सन् १९५० को अन्त्य देखि तीव्र रुपले पुनःर्निर्माण एवं पुनःस्थिापित हुन थालिसकेका थिए । यातायातका साधनहरुमा भैरहेको आधुनिकीकरण, हवाइजहाजको आविष्कार, रेलवेको विकास आदि उच्च प्रविधिको विकासले गर्दा शहरहरु बस्नलाई आकर्षक हुँदै गए । इबेनेजर होवार्डको गार्डन सिटी पश्चात् आधुनिक शहरी योजनाको पनि विस्तारै आवश्यकता महसुस हुँदै गयो ।

शहरी योजनाको आवश्कता महसुस भए पश्चात् शहरी योजनामा शैक्षिक पाठ्यक्रम पनि सुरु हुन थाल्यो । सन् १९०९ मा शहरी योजना सम्बन्धी पहिलो शैक्षिक पाठ्यक्रम इङ्गल्याण्डको लिभरपुल विश्वविद्यालयमा शुरु भयो भने संयुक्त राज्य अमेरिकाको हार्वर्ड विश्वविद्यालयमा सन् १९२४ मा शहरी योजना विषयमा पहिलो पल्ट कार्यक्रम स्थापना भयो । द्वितीय विश्वयुद्धको शुरुवातसम्म शहरको व्यवस्थापन नै प्राथमिक चिन्ताको विषय थियो । खुला क्षेत्र र मनोरञ्जन स्थलको आवश्यकता उच्च स्तरमा महसुस भएको थियो । उन्नाइसौ शताब्दिको पछिल्लो भागमा तिर आइपुग्दासम्म मनोरञ्जनको उद्देश्यको लागि तयार गरिएको स्थानहरु र पछि विकास गर्न राखिने मनोरञ्जन क्षेत्रहरूको आवश्यकता शहरी योजनाको मानक भागको रुपमा महसुस भैसकेको थियो । आर्किटेक्ट्स कल्वर्ट वैक्स र फ्रेडरिक ल ओल्मोस्टेले सन् १८५०मा परिकल्पना गरिएको न्यूयर्कको केन्द्रीय पार्कको डिजाइन गरेका थिए । स्वच्छ सास फेर्न मद्दत गर्ने, व्यस्त शहरबीचमा सुन्दर हरियाली र खुला ठाउँको क्षेत्र उपलब्ध गराउने आदि कारणले यो चाँडै अन्य शहरहरुको लागि पनि मोडेल बन्यो ।

यसरी शहरी योजनाको क्षेत्रमा विभिन्न प्रयोग अनि कार्यहरु भएका छन् । द्वितीय विश्वयुद्ध पछि शहरको पुनःर्निर्माणमा बढि जोड दिइयो भने त्यस पछि सहरको पुनरुत्थान तथा पुनर्जीवनमा । एसियन क्षेत्रमा, चाइनाले द्वितीय विश्वयुद्ध

पश्चात् पुडोङको नयाँ क्षेत्रमा आवास, व्यापारिक क्षेत्र तथा उद्योग सहितको योजनावद्ध शहरको विकास गऱ्यो। यसरी, यो राम्रोसँग बुझ्न सकिन्छ कि औद्योगिकीकरण, शहरी योजना तथा विकासको निम्ति क्रन्ति थियो। वर्तमान परिप्रेक्ष्यमा योजनावद्ध शहरीकरण तथा शहरी विकासको सवाल केन्द्रीय महत्वमा रहेको छ।

आजको दिनमा बसाईसराइ तथा शहरी क्षेत्रको जनसंख्या वद्धि समस्याको रूपमा लिईदैन बरु त्यसलाई अवसरको रुपमा लिएर मानिसहरूको उद्देश्य अनुरुप शहर व्यवस्थापन गर्ने गरी योजना बनाइन्छ। तसर्थ शहरी योजना यस्तो माध्यम हो जसले शहरहरु जनसंख्या वृद्धिको उचित व्यवस्थापन गर्दै अवसरहरुले पूर्ण शहरलाई सुरक्षित एवं बस्न लायक बनाउँछ।

### २.५.१.३ समकालीन शहरहरू

सन् १९६० को अन्त्य तिर र १९७० को शुरुवात तिर आधुनिकीकरणले श्रृजित अव्यवस्थित वातावरण तथा ठूला संरचनाहरुले गर्दा शहरमा अपराधको मात्रामा वृद्धि हुनुका साथै धेरै सामाजिक समस्याहरु देखा पर्न थाले। आधुनिक योजनाको पतन सन् १९७० को शुरु देखि नै हुन थालिसकेको थियो जतिवेला सस्ता र अग्ला भवनहरुको निर्माण क्रम रोकिन थालेको थियो। तत् पश्चात् ती धेरै घरहरु भत्काउन शुरु गरियो र त्यसलाई अन्य आवासीय इकाईहरुले प्रतिस्थापन गर्न थालियो। कुनै पनि सामाजिक विसङ्गतिलाई एकै पटक अन्त्य गर्न नसकिने हुँदा आजको दिनमा व्यक्तिको चरित्र तथा विविधतासहित आर्थिक विकासको पाटोलाई बढी महत्व दिन थालिएको छ। जसलाई हामी आजको दिनमा उत्तरआधुनिक युग पनि भन्ने गरका छौ।

समकालीन योजनाको अभ्यासले समतामूलक समाजको सृजना गर्न र न्यायमा आधारित शहरको विकास गर्न पहल गर्दछ। प्रारम्भिक शहरहरु जसमा विसाल आर्थिक असमानताहरु थिए, त्यसको विपरित समकालीन शहरहरु आफ्ना जनतालाई बस्न योग्य वातावरण दिलाउन बढी प्रयत्नशील हुन्छन्। समकालीन शहरहरुको आधारभूत सवालहरु निम्नानुसार रहेका छन्।

- दीगोपन
- समावेशिता र न्याय
- आर्थिक अवसरहरु
- वातावरण मैत्री
- शहरी सुशासन
- मनोरञ्जनका सुविधाहरु तथा खुल्ला क्षेत्रहरु
- पर्याप्त शहरी पूर्वाधारहरु आदि।

यस्तै हाल आएर छरितो शहर (Smart City), सूचना प्रविधि शहर, Metro शहर, हरित शहर आदि अनेक अभ्यासहरु भैरहेका छन्। गतवर्ष, भारत सरकारले १०० वटा Metro शहरनिर्माण गर्ने घोषणा गरेको थियो भने नेपाल सरकारको ०७२/७३ को बजेट भाषणले ३ वटा Smartशहरर ३ वटा हरित शहर निर्माण गर्ने घोषणा गरेको थियो। इन्टरनेट तथा संचार माध्यमको विकासले गर्दा मानिसहरुको आवतजावतमा लाग्ने समयमा धेरै कमी आएको छ भने आधुनिक यातायातका साधनहरुले गर्दा मानिसको आवागमनमा वृद्धि भएको छ। यसका साथै विद्यमान परिप्रेक्ष्यमा कला, संस्कृति, संरक्षण तथा सम्बर्द्धन पनि योजनाको मुख्य हिस्सा हुन पुगेको छ। यसरी समकालीन सहरहरुले विकासका बहुआयामिक पक्षहरुलाई समेटेर बस्न योग्य र मूर्त सहरको सृजना गर्दै गएका छन् जुन हालको भाषामा उत्तरआधुनिकता तर्फ उन्मुख भएको बुझिन्छ।

## २.५.२ राष्ट्रिय स्तरमा शहरी योजनाको अभ्यास

नेपालले सन् १९४४ देखि बस्ती विकासको प्रयास गरेको थियो जस अन्तर्गत हनुमान नगरका बाढी पीडित जनतालाई पुनर्वास गर्न योजनाबद्ध रुपमा राजविराजलाई विकास गरियो। सन् १९५६ मा पहिलो राष्ट्रिय आवधिक योजना (आर्थिक विकास योजना) निर्माण गरि आवधिक रुपमा लागू गरियो भने हाल त्यसको निरन्तरता स्वरुप १४

औं योजना कार्यान्वयनमा छ । १९६० को दशक देखिनै पहाडी तथा हिमाली क्षेत्रका धेरै मानिसहरू (विशेषगरी प्राकृतिक प्रकोपबाट विस्थापित, राष्ट्रिय निकुञ्च क्षेत्रबाट विस्थापित आदि) तराईका मैदानहरुमा पुनर्स्थापित गरियो। सन् १९६९ मा बनेको काठमाडौं उपत्यकाको भौतिक विकास योजना शहरी योजनाको क्षेत्रमा एक कोषेढुङ्गा थियो । त्यस पछि काठमाडौ उपत्यका केन्द्रित धेरै विकास योजना तयार पारिए तर संस्थागत, कानूनी व्यवस्था र वित्तीय स्रोतहरूको कमीका कारणले कहिल्यै पनि कार्यान्वयन गरिएन । ७० को दशकमा क्षेत्रीय विकास अवधारणा ल्याइयो र नेपाललाई सुरुमा चार विकास क्षेत्रहरुमा विभाजित गरियो जुन पछि गएर पाँच विकास क्षेत्रका रुपमा रहे र यो अवधारणा केहि हदसम्म कार्यान्वयन पनि गरियो । ८० को दशकको अन्त्य तिर आइपुग्दा प्रमुख शहरी क्षेत्रहरुको संरचनात्मक योजनाहरु निर्माण गरियो भने ९० को दशकमा पुग्दा नगरपालिकाहरुमा एकीकृत कार्ययोजना निकैनै लोकप्रिय भए । यस किसिमको योजना निर्माण क्रम स्थानीय स्वायत्त शासन ऐन लागू नभएसम्म जारी रहे भने १९९९ मा स्थानीय स्वायत्त शासन ऐन लागू भए पश्चात् स्थानीय निकायहरुले आवधिक योजना निर्माण गर्न शुरुवात गरे । आवधिक योजनाले नियमित हुने गरेका आर्थिक, सामाजिक विकास कार्यलाई मात्र प्राथमिकतामा राख्नाले मुख्य शहरी केन्द्रहरुमा यसले भौतिक विकास तथा भू-उपयोगलाई निर्देशित गर्न सकेन । यसको प्रत्यक्ष असर शहरको स्वरुपमा पर्न गयो र अव्यवस्थित शहरीकरणले प्रश्रय पायो । एकातिर एकीकृत कार्ययोजना (IAP) र संरचनात्मक योजना (Structure Plan) जसले केवल विकासका भौतिक पक्षलाई मात्र निर्देशित गर्यो भने अर्कोतिर आवधिक योजना (Periodic Plan), जसले भौतिक विकासको पक्षलाई धेरै महत्व दिएन । यसरी कुनै-कुनै शहरले पूर्वाधार विकासमा राम्रो कार्यहरु गर्न सफल भए भने स्वास्थ्य, शिक्षा लगाएत अन्य क्षेत्रमा पछाडि नै रहे । विगतका योजना अभ्यासहरुमा शहरी गरिवी, असमानता, सामाजिक वहिस्करण, वातावरण संरक्षण, नगरको क्षमता विकास आदि धेरै सवालहरुलाई महत्व दिइएन ।

यी सबै कुरालाई ध्यानमा राखी नेपाल सरकारले राष्ट्रिय शहरी नीति २०६४ लागू गरी कार्यान्वयन गरेको छ । यसले साना तथा मझौला शहरहरुमा लगानी केन्द्रित गर्नुपर्ने कुरामा जोड दिएको छ भने ठूला शहरहरुको क्षेत्रीय स्तरमा विकास गर्नुपर्ने अवधारणा अगाडि सारेको छ । यसै अवधारणा अनुसार राजधानी तथा ठूला शहरी केन्द्रहरुमा बढ्दो आन्तरिक बसाई सराई रोक्न मध्यपहाडी लोकमार्गमा १० वटा नयाँ शहरको विकास गरिदै छ । यसका साथै विद्यमान शहरी क्षेत्रहरुमा भौतिक पूर्वाधार तथा आर्थिक अवसरहरुको वृद्धि गर्दै मानिसहरु आकर्षण गर्न सरकारले लगानी बढाएको छ ।

### २.५.२.१ काठमाडौं उपत्यकामा शहरी योजनाका प्रयासहरु

सन् १९६९ मा काठमाडौ उपत्यकाको भौतिक विकास योजना निर्माण भएको थियो तर राजनीतिक प्रतिवद्धताको कमीले त्यो लागू हुन सकेन । सन् १९८८ मा काठमाडौं नगर विकास समितिको गठन पश्चात् विभिन्न चरणमा योजनाहरु निर्माण भएका छन् । काठमाडौं तथा अन्य शहरी क्षेत्रमा जग्गा विकास कार्यक्रम लागू गरी व्यवस्थित बस्ती विकास गर्ने यसको प्रमुख उद्देश्य थियो । सडक विस्तार गर्नु, जग्गा एकीकरण आयोजना लागू गर्नु तथा काठमाडौं उपत्यकमा निर्माण मापदण्ड लागू गर्न पनि यसैको हात थियो । पछि यसलाई काठमाडौं उपत्यका विकास प्रधिकरणको रुपमा संरचनात्मक परिवर्तन गरियो । काठमाडौं उपत्यका विकास समिति तथा प्राधिकरणको गठन भए पश्चात् विशेष गरि जग्गा एकीकरण आयोजनाहरु बढी लागू भइरहेका छन् । हालसम्म काठमाडौं उपत्यका भित्र १२ वटा जग्गा एकीकरण आयोजना सम्पन्न भइसकेको र ११ वटा कार्यान्वयनको विभिन्न चरणमा रहेका छन् । २ वटा साइट एण्ड सर्भिसेज योजना कार्यान्वयन भई सकेको छ भने ३५० कि.मी. भन्दा बढी सडकहरु निर्देशित जग्गा विकास (GLD) मार्फत् चौडा भैसकेको छ । सन् १९९० को राजनीतिक परिवर्तन पछि संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम मार्फत् होल्क्रो फक्सले काठमाडौं उपत्यकाको शहरी विकास योजना तथा कार्यक्रमको मस्यौदा तयार पारे । उक्त कार्यक्रम मार्फत् योजनावद्ध पूर्वाधारको विकासद्वारा शहरको वृद्धि नियन्त्रण गर्ने अपेक्षा गरिएको थियो । यसले शहरको सीमाना निर्देशित गर्ने तथा शहरी घनत्व वृद्धि गर्ने नीतिहरु प्रस्ताव गरेको थियो भने पूर्वाधारको आवश्यकता तथा त्यसको दिशा बारे वृहत् अध्ययन गरेको पाइन्छ ।

### २.५.२.२ काठमाण्डौं उपत्यका बाहिरको शहरी योजनाका प्रयासहरु

१९९१ को जनगणना अनुसार पोखरा नेपालको चौथो ठूलो शहरर हाल दोस्रो ठूलो वृद्धिदर (७.४५) भएको शहर हो । पोखरामा शहरी विकासको प्रयास नेपाल एकीकरण हुनु भन्दा पहिले देखि भएको पाइन्छ । चिप्लेढुङ्गा जग्गा एकीकरण योजना उपत्यका बाहिरको पहिलो जग्गा एकीकरण योजना हो। काठमाण्डौं र भारतका विभिन्न शहरहरुमा पृथ्वी राजमार्ग (१९९१) र सिद्धार्थ राजमार्ग (१९६९) बनेपछि पोखरा वासीको पहुँच बढेको पाइन्छ। यसले पोखराको शहरी विकासमा तीव्र वृद्धि भएको पाइन्छ। यसैगरि हनुमान नगरका बाढी पीडितलाई पुनर्वास गराउन सन् १९३८ मा राजविराज शहरको योजनावद्ध तवरले विकास गरियो । तच् पश्चात् भारतसँग सीमाना जोडिएका प्रमुख नाका क्षेत्रहरुमा जङ्गल फडानी गरेर राष्ट्रिय पुनर्वास कम्पनी मार्फत् विभिन्न शहरहरुको विकास गरियो। विगतमा विभिन्न तरिका तथा पद्धति अपनाएर शहरी योजनाको थालनी भएको थियो ।

### २.५.३ हालको योजना प्रवृत्ति

नेपालमा विगतमा विभिन्न योजनाका पद्धतिहरुको प्रयोग गरियो । विशेष गरी समस्याहरुको समाधान गर्न विभिन्न परियोजनाहरुको प्याकेज निर्माण गरियो जसलाई मूलभूत रुपमा समस्या सम्बद्ध योजना भनिदै आएको छ। नेपालमा विभिन्न चरणमा विगतका दशकहरुमा निम्न योजनाहरु निर्माण भएका छन्

- गुरु योजना
- रणनीतिक योजना
- एकीकृत कार्ययोजना
- भौतिक विकास योजना
- आवधिक योजना
- भू-उपयोग योजना तथा भवन निर्माण मापदण्ड

यस मध्ये आवधिक योजना धेरै नगरपालिका तथा जिल्लाहरुले निर्माण गरी लागू पनि गरे। साथै नगर तथा जिल्ला स्तरमा यातायात गुरुयोजनाहरु बनी रहेका छन्। यी सबै योजनाको एक मात्र उद्देश्य भनेको शहरी विकास तथा क्षेत्रीय विकासमा सन्तुलन कायम गर्नु हो । नेपालमा भएका योजनाक्रमहरुलाई क्रमबद्ध रुपमा तलको तालिकामा उल्लेख गरिएको छ।

| समयक्रम | नेपालमा शहरी योजनाका विकासक्रमहरु |
|---|---|
| १९३८ | राजविराजमा पहिलो योजनाबद्ध प्रशासनिक शहरको निर्माण |
| १९५६ | राष्ट्रिय स्तरमा आवधिका योजनाको आरम्भ (पञ्चवर्षीय योजना) |
| १९६२ | काठमाण्डौं सौन्दर्यकरण कार्यक्रम : बेलायती महारानीको काठमाण्डौं भ्रमणको बेला संयुक्त राष्ट्रसंघको प्राविधिक सहयोगमा काठमाण्डौंको सुन्दरता वृद्धि गर्नका लागि तयार पारिएको योजना |
| १९६३ | नगर विकास समिति ऐन, १९६३ |
| १९६५ | तेस्रो राष्ट्रिय योजना (१९६५-७०) जसले नेपाललाई तीन जलाधार क्षेत्र (कोशी, गण्डकी र कर्णाली) मा विभाजन गऱ्यो |
| १९६९ | काठमाण्डौं उपत्यकाको भौतिक विकास योजना (संयुक्त राष्ट्रसंघको प्राविधिक सहयोग र कार्ल पुर्साको नेतृत्वमा) |
| १९७३ | १९६३ मा बनेको काठमाण्डौं उपत्यकाको भौतिक विकास योजनाको राष्ट्रिय विज्ञहरुद्वारा पुनरावलोकन साथै भू-उपयोग योजनाको निर्माण |
| १९७५ | काठमाण्डौं उपत्यकामा चक्रपथको पूर्वअध्ययन तथा योजना बिना नै निर्माण |

| समयक्रम | नेपालमा शहरी योजनाका विकासक्रमहरु |
|---|---|
| १९७४-१९८४ | जर्मन सरकारको सहयोगमा भक्तपुर विकास योजना सफलतापूर्वक सम्पन्न, भक्तपुर विकास योजनाको मुख्य लक्ष्य सम्पदा संरक्षण तथा आर्थिक उपार्जन थियो |
| १९७६ | रष्ट्रिय प्राविधिकहरुद्वारा काठमाण्डौं उपत्यकाको वृहत योजना (काठमाण्डौं उपत्यकाको भौतिक विकास योजना) को पुनरावलोकन साथै न्यूनतम जोनिङ मापदण्ड प्रस्ताव |
| १९८७ - १९८८ | GTZR MSUD को सहयोगमा काठमाण्डौं उपत्यका सहित मुख्य शहरहरुको २० वर्षे संरचनात्मक योजना(Structure Plan)को निर्माण थालनी |
| १९९० | एकीकृत कार्ययोजना (IAP)निर्माणको आरम्भ |
| १९९१ | काठमाण्डौं उपत्यका शहरीविकास योजना तथा कार्यक्रमहरु Hal crow Fox/DHUD/ADB |
| १९९३ | JICA को सहयोगमा काठमाण्डौं उपत्यका शहरी सडक निर्माणको अध्ययन |
| १९९९ | काठमाण्डौं उपत्यकाको नक्साङ्कन कार्यक्रम |
| २००२ | नेपाल सरकारको स्वीकृतमा काठमाण्डौं उपत्यका विकासको दीर्धकालीन सोंचको निर्माण, भिजन २०२० |
| २००५ देखि अहिले सम्म | नगरपालिकाहरुको आवधिक योजनाको अभ्यास |
| २०१२ देखि | जिल्ला तथा नगरपालिकाहरुको यातायात गुरुयोजना निर्माण आरम्भ |
| २०१५ देखि | प्रस्तावित नयाँ शहरहरुको एकीकृत विकास योजनाको निर्माण आरम्भ |

### २.५.४ एकीकृत विकास योजना

एकीकृत विकास योजना एक मध्यकालिन शहरी विकास योजना हो जुन पञ्चवर्षीय राजनैतिक चक्रसँग समायोजन गरिएको हुन्छ । यसले स्थानीय विकास ढाँचालाई समावेश गरी लामो अवधि, जस्तै २०-२५ वर्ष सम्मका लागि रणनीतिक योजना बनाउने कार्य गर्दछ। यो विकास योजना दक्षिण अफ्रिकाबाट प्रारम्भ भएको हो। दक्षिण अफ्रिकाका नगरपालिकाहरुमा धनी र गरिवहरुलाई दिने सेवा बीचको अन्तर निकै ठूलो थियो । यस असमान र पक्षपात्पूर्ण अवस्थाको स्थिति समाप्त गर्न, उत्तर-असमानताको समय पश्चात्का योजनाहरुले व्यापक सहभागितात्मक योजना पद्धतिको अनुसरण गऱ्यो जसलाई हामी एकीकृत विकास योजना भन्छौ । एकीकृत विकास योजना एउटा यस्तो पद्दति हो जसले स्थानीय संस्थाहरु र नागरिकलाई एकै स्थानमा ल्याएर लामो अवधिको विकासको लागि सर्वोकृष्ट योजना तयार पार्छ।

एकीकृत विकास योजनाले समग्र क्षेत्रको विकासको ढाँचा कोर्दछ। यसले समग्र विकासका लागि बिभिन्न सरकारी निकायहरुसगँ समन्वय गरी उक्त क्षेत्रमा बस्ने मानिसहरुको जीवन गुणस्तर वृद्धि गर्न मदत गर्दछ । कुनै क्षेत्रको समग्र विकासकालागि आर्थिक एवं सामाजिक विकासको पाटो अपरिहार्य रहन्छ। यसले कुनै पनि विकास कार्यक्रमको लागि कार्यढाँचा तयार पार्दछ जस्तैः कस्ता आधारभूत संरचना र सेवाहरु आवश्यक छन् ? कसरी वातावरणलाई संरक्षण गर्न सकिन्छ ? आदि। यदि कुनै एकीकृत विकास योजनाको कार्यक्रम सुरु हुन्छ भने सम्पूर्ण शहरको योजना एवम् कार्यक्रमहरु तथा वार्षिक परिषद् बजेट पनि यसै विकास योजना अन्तर्गत हुन आवश्यक छ। अन्य सरकारी निकायहरुले आफ्नो योजना बनाउदा एकीकृत विकास योजना अन्तर्गत रहेर योजना बनाउनु पर्दछ।

## २.६ ऐन, नियम तथा नीतिहरुको समीक्षा

### २.६.१ नगर विकास ऐन

नगर विकास ऐनले शहरी विकासको योजना तयारी र कार्यान्वयनका लागि कानूनी आधार श्रृजना गर्दछ। बढ्दो जनसंख्या तथा शहरीकरण नियन्त्रण गर्नका लागि यो ऐन सन् १९८८ मा तर्जुमा गरिएको थियो । यो ऐनले शहरहरुको पुनःनिर्माण, विस्तार र विकास तथा नयाँ शहरको निर्माण गरी व्यवस्थित पूर्वाधार विकास, खानेपानी, सरसफाइ, बिद्युत, टोलिफोन, शैक्षिक संस्था, अस्पताल, प्रशासनिक संस्थाहरु आदिको व्यवस्थापनमा जोड दिएको छ ।

यो ऐन अनुसार, नेपाल सरकारले नयाँ शहर निर्माणका लागि नेपालको जुनसुकै क्षेत्र, शहर, ग्रामीण क्षेत्र वा क्षेत्रीय विकास केन्द्रमा आवश्यकता अनुसार शहरी विकास समिति गठन गर्न सक्ने छ। उक्त समितिमा नेपाल सरकारले तोकेको अध्यक्ष, प्रमुख जिल्ला अधिकारी वा ५ जनासम्म जिल्ला स्तरका कार्यालयहरुबाट नेपाल सरकारले तोकेका पदाधिकारीहरु, राष्ट्रिय स्तरको राजनैतिक दलको क्षेत्रीय स्तरका प्रतिनिधिहरु, ५ जना नेपाल सरकारले तोकेको सामाजिकक्षेत्रमा योगदान पुऱ्याएका स्थानीय व्यक्तिहरु, मेयर र नेपाल सरकारले नियुक्ति गरेको एक सदस्य सचिव हुने व्यवस्था छ।

नगर विकास समितिले आफ्नो कामलाई सहज संचालन तथा सहजिकरणका लागि आवश्यक परेमा उपसमितिको गठन गर्ने सक्ने प्रावधान छ । यी उपसमितिहरुमा स्थानीय निकायहरु, सामुदायिक कार्यालय, सरकारी संस्थाहरु, राजनैतिक दलका व्यक्तिहरु, नागरिक समाज, संघ संस्था, बुद्धिजीवि, व्यवसायिक निकायहरु र योजना टोली समावेश हुन्छन् । एकीकृत विकास योजनाको कार्य गर्दा नगर विकास ऐन भित्र रहेर काम गर्नुपर्दछ । योजना तयारीको प्रक्रियामा सानो आकारमा मुख्य सल्लाहकार र नगर विकास समितिको सदस्यलाई समावेश गरी समितिको गठन गरिएको हुन्छ। त्यस्तै मुख्य सल्लाहकार समितिको नगर विकास ऐन २०४५ को धारा ७ उपधारा ७.१ मा आधार भएर गठन भएको हुन्छ। मुख्य सल्लाहकार समितिको मुख्य काम भनेको नगर विकास समितिसँग मिलेर योजना बनाउनु तथा नगर विकास समिति र क्षेत्रीय उपसमितिहरुको बीचमा समन्वय गर्नु पनि हो ।

### २.६.२ नगर विकास ऐनका सीमाहरु

नगर विकास ऐनको मुख्य जोड भनेको नगर विकास समितिहरुको गठन र उक्त समितिहरुमा भएका सदस्यहरुको काम र कर्तव्य बनाउनुमा रहेको छ। यस ऐनले योजनाको मुख्य तीन पक्षहरुलाई समेटेको छ ।जग्गा एकीकरण, निर्देशित जग्गा विकास र सेवा सुविधाहरु । यी मध्ये पछिका दुई पक्षहरु कार्यान्वयन गर्न गाह्रो भएकाले अहिले अभ्यासमा छैनन् । यस्तै यो ऐनले शहरी योजनाका धेरै पक्षहरुलाई समेटेको पाइदैन । जस्तैः सेवाहरु उपलब्ध गराउने, आधारभूत संरचनाहरु, सामाजिक मुद्दाहरु, वातावरणीय पक्षहरु आदि । त्यसैले यो ऐनले शहरका मुख्य मुद्धाहरुलाई समेट्न सकेको छैन ।

### २.६.३ जग्गा प्राप्ति ऐन, १९७७

शहरी विकास परियोजना प्रभावकारी तथा कुशल कार्यान्वयनको लागि जग्गा अधिग्रहण ऐन सन् १९७७ बनाइएको हो। वृहत्तर सार्वजनिक हितका लागि सरकारले सार्वजनिक सूचना टाँस गरी जूनसुकै स्थानको जग्गा अधिग्रहण गर्न सक्ने अधिकार यो ऐनले दिएको छ। उक्त सूचनालाई अटेर गरेमा यस ऐनले व्यवस्था गरे अनुसार सरकारले प्रहरीको सहयोग लिन सक्ने छ। यस ऐनले प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जग्गा अधिग्रहण समिति बनाई उचित क्षतिपूर्तिको मुल्याङ्कन गर्छ। शहरका कुनै पनि संरचनाहरु निर्माण गर्न अत्यावश्यक देखिएमा र सो संरचना निर्माण गर्ने स्थानमा उपयुक्त सार्वजनिक जग्गा नहुँदा नेपाल सरकारलाई यस ऐनले निजी जग्गा प्राप्त गर्न सक्ने अधिकार दिएको छ। नगर उन्मूख क्षेत्रहरुमा जग्गा विकास तथा एकीकरण गर्नुपर्ने हुन सक्छ तसर्थ यस ऐनको माध्यमद्वारा जग्गा एकीकरण गरी व्यवस्थित घडेरी विकास गर्न सकिन्छ ।

### २.६.४ भूमि सर्वेक्षण तथा मापन ऐन, १९६३

नेपालमा cadastral सर्वेक्षण पश्चात भूमि सर्वेक्षण र मापन ऐन सन् १९६३ (वि.सं. २०१९) देखि कार्यान्वयनमा आएको हो । यो ऐनले जग्गालाई सर्वेक्षण गर्ने र मापन गर्ने कानूनी आधार दिएको छ । यस ऐनले भूमिलाई विभिन्न वर्गमा विभाजन गरी त्यही अनुरुपको कर निर्धारण गरेको छ भने भूमिको अवस्था (जस्तैः सरकारी जग्गा, सार्वजनिक जग्गा, व्यक्तिगत जग्गा आदि) अनुसार सर्वेक्षण र मापन गर्ने विधि तथा प्रावधान निर्धारण गरेको छ । यो ऐन कार्यान्वयनको लागि भूमि सुधार मन्त्रालय जिम्मेवार छ ।

### २.६.५ वातावरण संरक्षण ऐन, २०५५

यो ऐनले कुनै पनि योजना तथा कार्यक्रम कार्यान्वयन गर्नु पूर्व त्यस्ता कार्यक्रमले वातावरणमा ल्याउन सक्ने प्रभावको बारेमा अध्ययन गर्नुपर्ने कुरामा जोड दिन्छ । यो ऐनले वातावरण संरक्षण प्रतिवेदनका आधारमा कार्यक्रम कार्यान्वयन गर्न स्वीकृति प्रदान गर्ने वा नगर्ने निर्णय प्रदान गर्छ । वातावरण संरक्षण ऐनले वातावरणलाई प्रदूषणबाट बचाउने र सरकारलाई वातावरणीय संरक्षण क्षेत्र घोषणा गरी त्यस्ता क्षेत्रमा औद्योगिक कलकारखानालाई पूर्ण रुपमा निषेध गर्ने अधिकार दिएको छ । यसले प्रदूषणकर्तालाई दण्ड दिने र प्रदूषणले निम्त्याएको क्षतिको मूल्याङ्कन गरी हर्जना तिराउने कानूनी आधार तय गर्दछ ।

### २.६.६ फोहरमैला व्यवस्थापन ऐन, २०११

फोहरमैलालाई स्रोतमा न्यूनीकरण, पुनःप्रयोग, प्रशोधन वा विसर्जन गरी फोहरमैलाको व्यवस्थित एवं प्रभावकारी व्यवस्थापन गर्न तथा फोहरमैलाबाट जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्नका लागि फोहरमैला व्यवस्थापन ऐन २०११ कार्यान्वयनमा ल्याइएको हो । यो ऐन निजी संस्थाहरुलाई फोहरमैला सङ्कलन गरी डम्पिङ्ग साइटसम्म पुऱ्याउने साथै जथाभावी फोहर गर्नेलाई ५० देखि ५००० सम्म जरिवाना गर्ने अधिकार दिएको छ ।

### २.६.७ सवारी तथा यातायात व्यवस्था ऐन, १९९३

सवारी दुर्घटनाको रोकथाम गर्न, दुर्घटनाबाट पीडित पक्षलाई क्षतिपूर्ति दिलाउन, वीमा व्यवस्था गर्न र सर्वसाधारण जनतालाई सरल एवं सुलभ ढंगबाट यातायात सुविधा उपलब्ध गराउन यातायात सेवालाई सुदृढ, सक्षम तथा प्रभावकारी बनाउन वाञ्छनीय भएकोले यो ऐन लागू गरिएको हो । यो ऐनले प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा यातायात व्यवस्था समितिको गठन गरी सवारीको व्यवस्थापन, रुटहरुको व्यवस्थापन, गाडभाडाको निर्धारण तथा अन्य सेवाहरु निर्धारण गर्दछ ।

### २.६.८ सार्वजनिक सडक ऐन, १९७४

सर्वसाधारण जनताको सुविधा तथा आर्थिक हित कायम राख्नको लागि सबै किसिमको सार्वजनिक सडकहरूको वर्गिकरण गरी तिनीहरूको निर्माण, संभार, विस्तार वा सुधार गर्न आवश्यक पर्ने जग्गा प्राप्त गर्न र त्यसको लागि मुनासिब मानिएको मुआब्जा वितरण गर्न सार्वजनिक सडकबाट लाभान्वित हुने सडक छेउका जग्गावालाहरूबाट विकास कर असुल गर्ने व्यवस्था समेत गर्न यो ऐन लागू गरिएको छ । यो ऐनले सडकको सिमा निर्धारण गर्ने देखि सडक निर्माण गर्ने कार्य सडक विभागको मातहातमा रहेर गर्ने कानूनी आधार दिएको छ । यो ऐनले सडकलाई राष्ट्रिय राजमार्ग, आर्टेरियल सडक, जिल्ला सडक तथा शहरी सडकमा विभाजन गरेको छ ।

### २.६.९ राष्ट्रिय सडक मापदण्ड, २०७०

यो मापदण्ड सडक विभागले सडकको एकरुपताकायम गर्नकालागि निर्माण गरेको हो । यसले सडक निर्माण कार्य गर्दा अपनाउनु पर्ने मापदण्डहरुको बारेमा उल्लेख गरीएको छ । यो मापदण्डले सडकको निर्माण गर्दा सवारीको चाप, सवारीको गति, सवारीको आवतजावतको तिब्रता आदिलाई विचार गर्नुपर्ने कुरामा जोड दिन्छ । यो मापदण्डले

सडक निर्माण तथा डिजाईन गर्दा अपनाउनुपर्ने प्राविधिक कुरामा जोड दिएकोछ । विषेश गरेर शहरी क्षेत्रमा गरिने सडक निर्माणको मापदण्ड कायम गर्न यसले मद्दत गर्नेछ ।

### २.६.१० नेपाल शहरी सडक मापदण्ड (भवन विभाग, २०७०)

शहरी क्षेत्रमा निर्माण हुने सडको आधारभूत डिजाइन कस्तो हुनु पर्छ, त्यसको निर्माण प्रविधि, चौडाई आदिको व्याख्या यस मापदण्डमा गरिएको छ। शहरको संचनात्मक स्वरुप र सडकको सञ्जालको तहगत विभाजनले योजना निर्माण तथा शहरी सडकको डिजाईन गर्न निर्देशिका प्रदान गर्दछ । यस मापदण्डले नगरपालिकाको मुख्य शहरी क्षेत्रमा सडक निर्माण गर्दा ध्यान दिनुपर्ने आधारभूत कुराहरुलाई निर्देशित गर्छ भने राष्ट्रिय सडक मापदण्डसँग पनि मिल्न आउँछ ।

### २.६.११ नगर विकास कोष ऐन, २०५३

नेपालमा नगरहरूको निर्माण, विकास र विस्तार एवं नगरहरूमा आधारभूत सामाजिक सेवा र आयमूलक आयोजना संचालन गर्न गराउन तथा त्यस्ता सेवा तथा आयोजना संचालन गर्ने नगर विकाससँग सम्बन्धित निकायलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याई व्यवस्थित ढंगले नगरको विकास गर्न, गराउनको लागि नगर विकास कोषको स्थापना र कार्य सञ्चालनको सम्बन्धमा व्यवस्था गर्न यो ऐन लागू गरिएको हो । यो ऐनको मुख्य उद्देश्य तल उल्लेखित छन् ।

- शहरविकासँग सम्बन्धित निकायलाई प्राविधिक एवं आर्थिक सहयोग गर्ने ।
- शहरसफा वा स्वच्छ राख्नकालागि आवश्यक काम गर्ने ।
- सामाजिक सेवा र आय आर्जनको श्रोत पहिल्याउने विभिन्न कार्यक्रमको पहिचान गर्ने ।
- नगर विकास गर्दा आइपर्ने अनेक समस्याको समाधानका लागि कार्यात्मक अनुसन्धान विधिबाट बाटो पहिचान गर्ने ।

अतः यी उदेश्य पुरा गर्न एकीकृत विकास योजनामार्फत पहिचान भएका परियोजनालाई आर्थिक र प्राविधिक सहयोग नगर विकास कोषबाट हुने संभावना उच्च रहने छ ।

### २.६.१२ राष्ट्रिय यातायात नीति, २००१

यो नीतिले स्थानीय तथा केन्द्रिय सरकारलाई यातायात गुरुयोजना निर्माण गरि त्यसको कार्यान्वयनको लागि मार्गदर्शन दिन्छ । यो ऐनको मुख्य उद्देश्य भनेको सडक सञ्जालको क्षेत्रीय फैलावट र सडक घनत्वको उचित वितरण सुनिश्चित गर्नु हो । यस नीतिले यातायात सम्बद्ध पूर्वाधारहरुको समय सापेक्ष निर्माण, मर्मत-सम्भार, सुधार तथा प्रवलिकरण गर्न केन्द्रिय तथा स्थानीय तहका सकारलाई निर्देशित गर्दछ । यस नीतिको मुख्य उद्देश्य भनेको सबै नागरिकहरुलाई यातायातको समान पहुँच पुऱ्याउनु रहेको छ । पहाडी क्षेत्रहरुमा ४ घण्टाको पैदल दुरी तथा तराईका क्षेत्रहरुमा २ घण्टाको पैदल दुरीमा यातायातको पहुँच उपलब्ध हुनुपर्ने कुरामा जोड दिएको यस नीतिले उत्तर दक्षिण, राष्ट्रिय राजमार्ग तथा जिल्ला जोड्ने सडकहरुलाई पहिलो प्राथमिकतामा राखेको छ । आन्तरिक तथा बाह्य शहरी यातायातको विस्तार, निरन्तर यातायात सेवा, निजी क्षेत्रले दिनुपर्ने सेवा तथा सुविधाहरुको न्यूनतम आवश्यकता बारे पनि यस नीतिले उल्लेख गरेको छ । यसले नगरपालिकामा आन्तरिक यातायातको सुविधा नरहेको तथा अन्य सहरहरुसँग व्यवस्थित तथा छिटो यातायातको माध्यम नहुनाले सोको व्यवस्था गर्दा यसै नीति अनुसार गर्नेपर्ने हुन्छ । शहरमा बढ्दो वायु तथा ध्वनि प्रदुषणलाई कम गर्ने गरी योजना बनाउन यस नीतिले निर्देशित गर्दछ ।

### २.६.१३ राष्ट्रिय शहरी नीति, २०६४

यो नीतिले अनियन्त्रित शहरीकरण तथा शहरी समस्याको समाधानको बारेमा व्याख्या गर्दछ । शहरी मुद्दाहरु जस्तैः पूर्वाधार विकास, रोजगारी सृजना, वातावरणको व्यवस्थापन र सन्तुलित शहरी विकास जस्ता मुद्दाहरु राष्ट्रिय शहरी नीतिमा औंल्याएको छ । यो नीतिको प्रमुख उद्देश्य तीनवटा छन् ।

- सन्तुलित शहरी रुप प्राप्त गर्न आधारभूत संरचनाहरु र सीधा लगानीको विकास गर्ने ।
- स्वच्छ, सुरक्षित र सृजनाको माध्यमबाट समृद्ध शहरी वातावरण तथा शहरी जनसंख्याको जीवनशैली सुधार गर्ने ।
- स्थानीय निकायलाई शहरी मुद्दाहरु व्यवस्थित गर्न सक्षम बनाउने । यसका लागि स्थानिय निकायले आफ्नो शक्ति, संस्थागत सशक्तिकरण र शहरी मुद्दामा काम गर्ने संस्थाहरुसँग समन्वय गरी काम गर्ने वातावरण श्रृजना गर्ने ।

### २.६.१४ राष्ट्रिय औद्योगिक नीति, २०११

औद्योगिक विकासको माध्यमबाट मुलुकको समग्र आर्थिक, सामाजिक क्षेत्रमा सकरात्मक परिवर्तन गर्ने अभिप्रायले समयानुकल नीतिगत सुधारसहित औद्योगिक नीति, २०६६ जारी गरिएको हो । यस नीतिका माध्यमबाट मुलुकमा औद्योगिक विकास सम्बन्धी क्रियाकलापहरूमा बढोत्तरी हुन जाने, व्यापक रूपमा रोजगारीका अवसरहरू श्रृजना हुने र जनताको आयस्तरमा वृद्धि हुन गई अन्ततोगत्वा मुलुकको अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान अग्रणी हुने अपेक्षा गरिएको छ । यो नीतिले लगानीकर्तालाई लगानीको वातावरण सुनिश्चित गरी रोजगार सृजना गर्न मद्दत गर्दछ । नगर क्षेत्रमा गरिने औद्योगिक विकासका कार्यहरु यसै नीतिले निर्देशित गर्दछ ।

### २.६.१५ भू-उपयोग नीति, २०६९

राज्यको सीमित भूमि र भूमिश्रोतको संरक्षण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापन सम्बन्धी कार्यलाई मार्ग निर्देश गर्न तर्जुमा गरीएको हो । यस नीतिले भूमि र भूमिश्रोतको उपयोगबाट प्राप्तहुने लाभलाई न्यायोचित ढंगबाट वितरण गर्न सक्ने अवस्था सृजना गर्दछ । यो नीतिले भूमि प्रयोग योजना तयार गर्न निर्देशन गर्दछ साथै पर्यायवरणी यसंवेदनशिल, सांस्कृतिक, पर्यटन, धार्मिक र अरु महत्वपूर्ण क्षेत्रको संरक्षण गर्न निर्देशन दिन्छ । यसै नीतिका आधारभूत व्यवस्थाहरुलाई निर्देशक सिद्धान्त मानेर नगरको भू-उपयोग योजना बनाउनु पर्ने हुन्छ। यस नगरपालिकाले पनि आफ्नो भू-उपयोग योजना बनाउँदा कृषि, शहरी, आवासीय, वन, नदी आदि क्षेत्रहरुको न्यायोचित व्यवस्था गर्दै यसै नीति अनुकुल हुने गरी बनाउनु पर्दछ ।

### २.६.१६ राष्ट्रिय शहरी विकास रणनीति, २०१५

सन् २०१५ मा निर्मित यसशहरी विकास रणनीति मन्त्री स्तरीय निर्णयबाट स्वीकृत भई कार्यान्वयनमा आइसकेको छ । यद्यपि यसलाई कार्यान्वयन गर्ने कानूनी आधार तय भैसकेको छैन । वर्तमान परिप्रेक्ष्यमा यसले शहरी विकासमा निर्देशक भूमिका खेल्न सक्दछ । हालको मुख्य चुनौती भनेको शहरी भू-उपयोग परिवर्तन नै हो । जसमा बढ्दो गैर ग्रामीण भू-उपयोग प्रमुख रहेको छ । विद्यमान परिप्रेक्ष्यमा विश्वको शहरी जनसंख्या ५०% भन्दा धेरै भइसकेको र नेपालको पनि दिनानुदिन बढ्दो क्रममा रहेको छ । नेपालको सन्दर्भमा शहरी क्षेत्रले देशको कुल ग्राहर्स्थ उत्पादनको ५०% भन्दा धेरै हिस्सा ओगटेको छ, जस मध्ये ६०% भन्दा बढी काठमाडौं एक्लैको योगदान रहेको छ । यसले शहरी विकासमा विभिन्न रणनीति अपनाउनु पर्ने उल्लेख गरेको छ । जसमा शहरी पूर्वाधार, यातायात, आवास, वातावरण, उर्जा, खानेपानी, सरसफाई, अर्थतन्त्रको विकास, फोहरमैला व्यवस्थापन, शहरी सुशासन, लगानी, शहरी भू-व्यवस्थापन आदि रहेका छन् । १५ वर्षे विकास लक्ष्य लिएर विभिन्न शिर्षकहरुमा विभाजित यो रणनीति नेपालको शहरी विकासको मार्ग निर्देशक दस्तावेज हो ।

### २.६.१७ भवन निर्माण मापदण्ड

साधारणतः भवन निर्माण मापदण्ड भन्नाले स्थानीय निकाय वा शहरी क्षेत्र हेर्ने विभागहरुले आफ्नो गुरुयोजनामा वा भौतिक विकास योजनामा आत्मसाथ गरिएको लक्ष्य तथा दीर्घकालीन सोंचसँग मिल्दो किसिमले शहरी विकासलाई परिचालित गर्ने तथा भवनको बनावटको सुरक्षा, सरसफाइ तथा स्वस्थ वातावरण सुनिश्चित गर्ने उद्देश्यले तयार गरिएको विनियमहरुलाई बुझाउँछ। यसले मुख्यतः कस्ता भवनहरुको योजना तयार गर्ने तथा निर्माण गर्ने, निर्माण गर्न चाहने नगरबासी वा निर्माणकर्ताले कुनै शहरी जग्गामा कस्ता भवनहरु निर्माण गर्न सक्छन् भन्ने बारे निर्देशित सिद्धान्तहरु प्रतिपादन गर्दछ। साथै भवन निर्माण अनुमति प्राप्त गर्नका लागि दरखास्त दिन संलग्न गर्नुपर्ने आवश्यक दस्तावेज तथा नक्शाहरु, सम्पादन गर्नुपर्ने कार्यहरु, प्रमाणीकरणका प्रकृयाहरु, निरीक्षण/अनुगमनका प्रकृयाहरुको सूची पनि यसमा समावेश हुने छ। स्वीकृत भू-उपयोगहरु तथा दूरगामी सोंच अनुरुप विकासको प्रकृति तथा प्रभाव समावेश भएको गुरु योजना/विकास योजना समेतले भवन निर्माण मापदण्ड पुरकको रुपमा काम गरेको हुन्छ। भवन मापदण्डको तर्जुमा गर्ने अधिकार स्थानीय निकाय वा नगर विकास समितिमा स्थानीय स्वायत शासन ऐन वा नगर विकास ऐन अनुसार निहित हुने गर्दछ। यस्ता ऐन कानून अन्तर्गत छुट्टै भवन मापदण्ड नभएका शहरी क्षेत्र वा नगर विकास समितिहरुका लागि यस भवन निर्माण मापदण्डले मार्ग दर्शनको भूमिका निर्वाह गर्छ। विभिन्न शहरी क्षेत्रहरुका मापदण्ड, भवन विभागले तयार गरेको नमूना मापदण्ड, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले लागू गरेको भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड आदिको विस्तृत अध्ययन गरी नगरपालिकाको भवन मापदण्ड अद्यावधिक गरिएको छ।

### २.६.१८ योजना मापदण्ड

यो मापदण्ड भवन विभागले सन् २०१३ मा आफ्नो वेवसाइटमा राखेतापनि २०१५मा मात्र प्रकाशन गरेको थियो। यसले जनसंख्याका आधारमा विभिन्न शहरी क्षेत्रहरुको योजना निर्माणको मापदण्ड निर्धारण गरेको छ। यस अन्तर्गत सहरको व्याख्या तथा सहरको स्तर अनुसार आवश्यक न्यूनतम पूर्वाधारको आवश्यकता बारे उल्लेख गरेको छ। उक्त मापदण्ड अनुसार मेलम्ची नगरपालिका ४०,०००-१००,००० जनसंख्या रहेको शहरको रुपमा परिभाषित हुन्छ। यसका लागि आवश्यक न्यूनतम शहरी पूर्वाधारहरुमा रङ्गशाला, खेलमैदानहरु, विश्वविद्यालय तहको पढाई हुने शैक्षिक संस्था, अस्पताल, तरकारीको होलसेल बजार, सार्वजनिक पुस्तकालय, सभाहल आदि रहेका छन्। प्रत्येक नगरपालिका, उप-महानगरपालिका तथा महानगरपालिकाले आफूलाई आवश्यक पूर्वाधार हचुवाका आधारमा भन्दा यस मापदण्डले परिभाषित गरेको सूचकको आधारमा गर्दा उपयुक्त हुन्छ। न्यूनतम आवश्यकता तथा मेलम्ची नगरपालिकाको विद्यमान अवस्था बीचको भिन्नता शहरी पूर्वाधारको अन्तर विश्लेषण खण्डमा विस्तृत व्याख्या गरिएको छ।

# ३ अध्ययन क्षेत्र मेलम्ची नगरपालिकाको सङ्क्षिप्त परिचय

## ३.१ प्रशासनिक तथा भौगोलिक अवस्थिति

मेलम्ची नगरपालिका नेपालको प्रदेश नं. ३ अन्तर्गत वाग्मती अञ्चल सिन्धुपाल्चोक जिल्लामा अवस्थित छ। नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७१ मंसीर १६ गतेको निर्णय अनुसार साविकका गाविसहरु सिन्धुकोट, तालामराङ, ज्यामिरे, शिखरपुर, मेलम्ची, बाँसबारी र फटकशीला गाभेर मेलम्ची नगरपालिकाको निमार्ण भएको थियो र फेरी २०७३ फाल्गुन २७ गते भोटेचौर, हैबुङ, थकनी र दुवाचौर पनि मेलम्ची नगरपालिकामा थप गाभियो। विश्व मानचित्रमा यस नगरपालिका ८५°४४८' देखि ८५°६४९' पूर्वी देशान्तर, २७°७४४' देखि २७° ८९८' उत्तरी अक्षांशसम्म फैलिएको छ। यो नगरपालिकाको सबैभन्दा होचो स्थान ७०२.५३ मी. (तिनघरे/सिपाघाट) हो र सबैभन्दा उच्च स्थान २४५०.४५ मी. (मूलखर्क) हो। नगरको कूल क्षेत्रफल १६०.६३ वर्ग कि. मी. रहेको छ।

यस नगरपालिकाको पूर्वमा इन्द्रावती र पाँचपोखरी गाउँपालिकाहरु, पश्चिममा काठमाडौं र नुवाकोट जिल्ला, उत्तरमा पाँचपोखरी, थाङपाल र हेलम्बु गाउँपालिकाहरु तथा दक्षिणमा काठमाडौं र काभ्रेपलाञ्चोक जिल्लाका सीमाना रहेका छन्। यो नगरपालिकालाई १३ वडामा विभाजन गरिएको छ। मेलम्ची बजारमा नगरपालिकाको कार्यालय तथा अन्य विषयगत सरकारी सेवा कार्यालयहरु रहेको हुनाले यो बजार क्षेत्र मेलम्ची नगरपालिकाकै प्रशासनिक सेवा केन्द्र पनि हो।

### ३.१.१ क्षेत्रफल

मेलम्ची नगरपालिकाको कूल क्षेत्रफल १६०.६ वर्ग कि.मि. रहेको छ। सबैभन्दा बढी भू-भाग वडा नं. ४ र ९ ले ओगटेका छन् भने वडा नं. २ क्षेत्रफलको हिसाबले सबैभन्दा सानो वडाको रुपमा रहेको छ।

*तालिका ५: वडागत क्षेत्रफल*

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्षेत्रफल (वर्ग किमि) | १०.५८ | ५.५७ | १४.५३ | १९.१३ | ९.६२ | १२.७१ | १२.९२ | ७.४५ | १८.९ | ९.७ | १२.७५ | १४.८७ | ११.८७ | १६०.६ |
| प्रतिशत | ६.५९ | ३.४७ | ९.०५ | ११.९१ | ५.९९ | ७.९१ | ८.०४ | ४.६४ | ११.७७ | ६.०४ | ७.९४ | ९.२६ | ७.३९ | १०० |

*स्रोत: नापी विभाग, २०५३, Google Satellite Image, २०७४*

### ३.१.२ हावापानी

मेलम्ची नगरपालिकाको तल्लो भू-भागमा (२००० मिटर भन्दा तल) अर्धउष्ण हावापानी पाइन्छ भने माथिल्लो भू-भागमा (२००० मिटर भन्दा माथि) समशीतोष्ण हावापानी पाइन्छ। यस क्षेत्रमा वार्षिक औषत १७२८ मिलिमिटर वर्षा हुन्छ। यसैगरी यस क्षेत्रको वार्षिक औषत तापक्रम २०.८ डिग्री सेल्सियस हो।

## ३.२ भू-उपयोग


कुनै पनि ठाउँको विकास योजना कार्यान्वयन गर्नको लागि भू-उपयोग योजना निकै महत्वपूर्ण हुने गर्दछ। नगरपालिकामा कुन कुन ठाउँमा के कस्ता गतिविधिहरु भै रहेका छन् र भविष्यमा के कस्ता गतिविधिहरुको संभावना हुन्छ भन्ने कुरा भू-उपयोग योजनाबाट प्रष्ट हुने गर्दछ। भविष्यको भू-उपयोगबारे थाहा पाउन जरुरी हुन्छ।

मेलम्ची नगरपालिकाको सबैभन्दा बढी भू-भाग (६५.४४% अर्थात १०५.११ वर्ग कि.मी.) खेतीयोग्य जमीनले ढाकेको हुनाले यो क्षेत्र कृषि योग्य छ भन्ने बुझ्न सकिन्छ। घडेरीले जम्मा २.५८% अर्थात ४.१५ वर्ग कि.मी. जमीन ढाकेको देखिन्छ। यसैगरी झाडीजन्य क्षेत्रले १६.८३% ढाकेको छ।

*तालिका ६: भू उपयोग*


| भू-उपयोग | कृषि योग्य जमिन | झाडी जन्य क्षेत्र | वन जंगल | बस्ती क्षेत्र | चरण क्षेत्र | बाँझो क्षेत्र (बालुवा तथा ढुंगाले ढाकेको क्षेत्र) | पानीले ढाकेको क्षेत्र | हिउँले ढाकेको क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| **मेलम्ची नगरपालिका** | ६५.४४ % | १६.८३ % | १०.८६ % | २.५८ % | १.९३ % | १.८१ % | ०.५५ % | - |

*स्रोत : Review of studies on land use and land cover change in Nepal, Journal of Mountain Science ( नेपालको भू-उपयोगको तथ्यांक), जिल्ला बस्तुगत विवरण, सिन्धुपाल्चोक २०७१ (सिन्धुपाल्चोक जिल्लाको भू-उपयोगको तथ्यांक),नापी विभाग, २०५३, Google Satellite Image, २०७४ (मेलम्ची नगरपालिकाको भू-उपयोगको तथ्यांक)*




***चित्र १: भू उपयोग नक्शा***


मेलम्ची नगरपालिकाको भू-उपयोग राष्ट्रिय तथा जिल्लाको तथ्यांक (प्रत्येकको सम्बन्धित प्रतिशत) सँग तुलना गरी हेर्दा राष्ट्रियस्तरमा बढी प्रतिशत भू-भाग वनजंगलले ढाकेको छ भने मेलम्ची नगरपालिकाको राष्ट्रिय तथा जिल्लास्तरमा भन्दा कम देखिन्छ। यस्तै किसिमको प्रवृत्ति चरन क्षेत्रमा पनि देखियो। मेलम्ची नगरपालिकामा कृषि योग्य जीमन, झाडी जन्य क्षेत्र तथा बस्ती क्षेत्र राष्ट्रियस्तर र जिल्लास्तर भन्दा पनि बढी छ। पानीले ढाकेको क्षेत्रको हकमा भने मेलम्ची नगरपालिका जिल्लास्तर भन्दा बढी तर राष्ट्रिय स्तरभन्दा अलि कम रहेको देखिन्छ। मेलम्ची नगरपालिकामा राष्ट्रिय तथा जिल्लास्तर भन्दा निकै न्यून जमीन बाँझो बसेको देखिन्छ।




*चित्र २ : मेलम्ची नगरपालिकाको भू-उपयोगको राष्ट्रिय तथा जिल्लास्तरसंग तुलनात्मक विवरण*

### ३.२.१ भू-क्षेत्र (टोपोग्राफी र भिरालोपन)

कुनै पनि क्षेत्रको टोपोग्राफीले त्यस क्षेत्रको भू-उपयोग कुन कार्यको लागि गर्न उपयुक्त हुन्छ भन्ने विश्लेषण गर्न मद्दत गर्दछ। जस्तै: १५ डिग्री भन्दा कम भिरालो जमिनमा बस्ती विकास तथा कृषि गर्न उपयुक्त हुन्छ भने ३० डिग्री भन्दा बढी भिरालो भू-भागमा पहिरो जान सक्ने सम्भावना बढी हुने हुनाले यस्ता क्षेत्रको पहिचान गरी भविष्यमा विपद् निम्त्याउन अगावै भू-संरक्षणका विधिहरु अपनाई विपद्का जोखिम कम गर्न सकिन्छ।




*चित्र ३ : मेलम्ची न.पा.भू-क्षेत्र (टोपोग्राफी र भिरालोपन)*

मेलम्ची नगरपालिकाका कूल क्षेत्रफलको १६.९८% क्षेत्रफल १५ डिग्रीसम्म भिरालो जमीन भएकोले सो क्षेत्रमा बस्ती विकास तथा कृषि गर्न सहज हुने र बाँकी ८३.०२% जमिनमा गरा प्रणाली अपनाएर यसको उपयोग गरी भू-संरक्षण र मैत्रीपूर्ण वातावरण श्रृजना गर्न सकिन्छ।

*तालिका ७: भू-क्षेत्र (टोपोग्राफी र भिरालोपन)*

| भू-क्षेत्रको भिरालेपना (डिग्री) | <२ | २-५ | ५-१० | १०-१५ | १५ – ३० | ३० – ४५ | >४५ |
|---|---|---|---|---|---|---|---|
| क्षेत्रफल (वर्ग कि.मी.) | १.०२ | २.७ | ६.६२ | १६.९३ | १०७.७ | २५.६१ | ०.१ |
| प्रतिशत | ०.६४% | १.६८% | ४.१२% | १०.५४% | ६७.०२% | १५.९४% | ०.०६% |

*स्रोत: नापी विभाग, २०५३, Google Satellite Image, २०७४*

### ३.२.२ भू-ढलान मोहोडा


दक्षिणतर्फ फर्केको भू-ढलानमा धेरै वर्षा हुने र धेरै घाम लाग्ने भएकोले यो मोहोडाको जमीनको माटोको उर्वरा शक्ति उत्तरी मोहोडाको जमीनको माटो भन्दा बढी हुन्छ । मेलम्ची नगरपालिकाको कूल १६०.६३ वर्ग कि. मी. भू-भाग मध्ये जम्मा ११.३७% जमीन मात्र सोभ्कै दक्षिण फर्केको छ भने दक्षिण पश्चिम तथा दक्षिण पूर्व फर्केको भू-ढलान भने कूल जमीनको क्रमशः ११.०९% र ११.६२% रहेको छ । यसैगरी सोभ्कै उत्तर तर्फ फर्केको भू-ढलान कूल भू-भागको १३.९७% छ भने उत्तर पश्चिम र उत्तर पूर्व तिर फर्केको भू-ढलान क्रमशः १०.२४% र १६.४०% रहेको छ ।

*तालिका ८: भू-ढलानको विवरण*

| क्र.स. | भू-ढलानको मोहोडा | क्षेत्रफल (वर्ग. कि. मी.) | प्रतिशत |
|---|---|---|---|
| १ | उत्तर | २२.४४ | १३.९७% |
| २ | उत्तर पूर्व | २६.३५ | १६.४०% |
| ३ | पूर्व | २३.९४ | १४.९१% |
| ४ | दक्षिण पूर्व | १८.६६ | ११.६२% |
| ५ | दक्षिण | १८.२७ | ११.३७% |
| ६ | दक्षिण पश्चिम | १७.८१ | ११.०९% |
| ७ | पश्चिम | १६.७१ | १०.४०% |
| ८ | उत्तर पश्चिम | १६.४५ | १०.२४% |
| **कूल जम्मा** | | **१६०.६३** | **१००%** |

*स्रोतः नापी विभाग, २०५३,* Google Satellite Image, *२०७४*


यसरी कूल दक्षिण तर्फ फर्केको भू-ढलान कूल भू-भागको मात्र ३४.०८% छ भने कूल उत्तर तर्फ फर्केको भू-ढलान भने नगरपालिकाको कूल भू-भागको ४०.६१% छ । कूल उत्तरतिर फर्केको भू-भाग र कूल दक्षिण तर्फ फर्केको भू-भागमा धेरै अन्तर नभएकोले मेलम्ची नगरपालिकाको माटोको उर्वरा शक्ति सामान्य मात्र हुन सक्ने अनुमान गर्न सकिन्छ ।




*चित्र ४: मेलम्ची न.पा.को भू-ढलान*

## ३.३ जलस्रोत तथा जलाधारको अवस्था

जलस्रोतमा प्रख्यात मेलम्ची नगरपालिकामा धेरै नदीनालाहरु छन् । ५,८७५ मिटर उचाइमा रहेको जुगल हिमालबाट उत्पन्न भएको मेलम्ची नदी सिन्धुपाल्चोक जिल्लाकै प्रमुख नदीहरु मध्ये एक हो । ५० वटा भन्दा बढी नदीनाला तथा खोल्साहरु मिश्रित यस मेलम्ची नदी ठूलो पनि छ। साथै काठमाडौं उपत्यकाको १७ करोड लिटर पानीको दैनिक मागलाई पुरा गर्न मेलम्ची नदीको बहाव मोड्न डिजाइन गरिएको महत्वकांक्षी परियोजना (मेलम्ची खानेपानी आपूर्ति परियोजना) ले गर्दा मेलम्ची नदी धेरै नै प्रख्यात भएको हो ।




*चित्र ६ : जलस्रोत तथा जलाधारको अवस्था*

मेलम्ची नदी, इन्द्रावती नदी, तालामाराङ खोला, सिन्धु खोला, सहरे बाघमारा खोला, जर्के खोला, काफ्ले खोला, घाटे खोला र पङ्सीङ खोला मेलम्ची नगरपालिकामा बग्ने प्रमुख नदी तथा खोलाहरु हुन् जुन नदीहरुको आधारमा यस नगरपालिकाका क्षेत्रलाई विभिन्न जलाधारमा विभाजन गरिएका छन् ।

*तालिका ९: जलाधार क्षेत्रको विवरण*

| क्र.स. | नदी तथा खोलाको नाम | जलाधारमा समावेश भएका साविकका गा. वि. स.हरु |
|---|---|---|
| १ | मेलम्ची नदी | बाँसबारी, दुवाचौर, मेलम्ची, तालामाराङ, सिन्धुकोट |
| २ | इन्द्रावती नदी | दुवाचौर, मेलम्ची |
| ३ | तालामाराङ तथा मेलम्ची नदी | दुवाचौर, तालामाराङ, थकनी |
| ४ | इन्द्रावती नदी | ज्यामिरे, शिखरपुर |
| ५ | सिन्धु खोला | भोटेचौर, हैबुङ, थकनी, सिन्धुकोट, बाँसबारी |
| ६ | सिन्धु खोला | भोटेचौर, सिन्धुकोट, बाँसबारी, फटकशिला, मेलम्ची |
| ७ | सहरे तथा इन्द्रावती नदी | शिखरपुर, मेलम्ची, फटकशिला, बाँसबारी |
| ८ | सहरे बाघमारा खोला | शिखरपुर, ज्यामिरे |
| ९ | जर्के खोला | फटकशिला, बाँसबारी |
| १० | काफ्ले खोला | ज्यामिरे |
| ११ | तालामाराङ खोला | तालामाराङ |
| १२ | घाटे खोला | ज्यामिरे |
| १३ | पङ्सीङ खोला | दुवाचौर |

*स्रोत : जिल्ला भू-संरक्षण कार्यालय, सिन्धुपाल्चोक, २०७४*

### ३.४ जनसाङ्खिक विवरण

*तालिका ६: जनसंङ्या विवरण*

| वडा नं. | घरधुरी संख्या | कूल जनसंख्या | पुरुष | महिला | जनघनत्व |
|---|---|---|---|---|---|
| १ | ९३९ | ४४८१ | २२६९ | २२१२ | ४२३.३६ |
| २ | ३२३ | १७९१ | ९२० | ८७१ | ३२१.२८ |
| ३ | ६९६ | ३८८६ | १९६६ | १९२० | २६७.४४ |
| ४ | ९०४ | ४८५८ | २४३१ | २४२७ | २५३.८९ |
| ५ | ६४५ | ३०२६ | १५६६ | १४६० | ३१४.५५ |
| ६ | ७९९ | ४१६३ | २१४४ | २०१९ | ३२७.६२ |
| ७ | ११२१ | ४८९७ | २४५१ | २४४६ | ३७८.९३ |
| ८ | ७०४ | २८९८ | १४२७ | १४७१ | ३८८.८३ |
| ९ | ११६० | ६१८२ | ३०५१ | ३१३१ | ३२७.०९ |
| १० | १०२३ | ४८४८ | २४९९ | २३४९ | ४९९.७३ |
| ११ | १२७८ | ६४१७ | ३२१२ | ३२०५ | ५०३.१४ |
| १२ | १२०५ | ६२०३ | ३१४१ | ३०६२ | ४१७.०५ |
| १३ | १०३५ | ५१६४ | २६१९ | २५४५ | ४३५.०४ |
| जम्मा | ११८३२ | ५८८१४ | २९६९६ | २९११८ | - |

*स्रोत : नगर पार्श्वचित्र मेलम्ची, २०७४*

मेलम्ची नगरपालिकाको वडा नं. ११ मा सबैभन्दा बढी घरधुरी संख्या रहेको छ भने सबैभन्दा कम घरधुरी वडा नं. २ मा रहेको छ। वडा नं. ११ मा सबैभन्दा बढी जनसंख्या छ भने वडा नं. २ मा सबैभन्दा कम जनसंख्या रहेको छ। जनघनत्वको स्थिति विश्लेषण गर्दा वडा नं. १, १०, ११, १२, १३ मा प्रति वर्ग कि.मी. मा ४०० भन्दा माथि रहेको छ। वडा नं. ११ नगरपालिकाको केन्द्र भएकोले जनघनत्व सबैभन्दा बढी ५०३ छ। घनत्वको आधार हेर्दा उल्लेखित वडाहरुमा शहरीकरण तीव्र बढ्ने देखिएकोले उक्त, वडाहरुमा शहरी पूर्वाधार विकासको पहिलो प्राथमिकता र व्यवस्थित शहरनिर्माण तर्फ ध्यान केन्द्रीत हुन जरुरी छ। वडा नं. १, २, ३, ४ र ५ बाहेक अन्य वडा हेलम्बु राजमार्ग र इन्द्रावती नदी किनार समेत अवस्थित भएकोले बढी घनत्व रहेको र अझ बढ्ने अनुमान गर्न सकिन्छ।

### ३.४.१ २०५८, २०६८ र २०७४ को तुलनात्मक जनसाङ्खिक विवरण

२०५८, २०६८ र २०७४ को जनसंख्या, घरधुरी संख्या, जनघनत्व, परिवार संख्या तथा लिङ्ग अनुपातको तथ्याङ्क तुलना गर्दा घरधुरी संख्या तीन वर्षमै बढेको देखियो। जनसंख्या भने २०५८ मा भन्दा २०६८ मा घटेको देखियो र २०७४ मा पुनः बढेको देखियो। जनसंख्यासँग प्रत्यक्ष सम्बन्धित भएकोले नै जनघनत्व, परिवार संख्या तथा लिंग अनुपात पनि जनसंख्यकै प्रवृतिमा घट्ने तथा बढ्ने देखियो।

**तालिका ७ : २०५८, २०६८ र २०७४ को तुलनाल्मक जनसाङ्खिक विवरण**

| साल | घरधुरी संख्या | जनसंख्या | जनघनत्व | परिवार संख्या | लिङ्ग अनुपात |
|---|---|---|---|---|---|
| २०५८ | ८९८९ | ४७२९० | २९९ | ५.२६ | ०.९७ |
| २०६८ | १००९७ | ४५३४३ | २८६.७ | ४.४९ | ०.९२ |
| २०७४ | ११८३२ | ५८८१४ | ३६६.२ | ४.९७ | ०.९८ |

*स्रोत : जिल्ला वस्तुगत विवरण सिन्धुपाल्चोक, २०७१ र नगर पार्श्वचित्र मेलम्ची, २०७४,नापी विभाग, २०५३, Google Satellite Image, २०७४*

### ३.४.२ बसाई सराईको अवस्था

कुनै पानि नगरको सामाजिक र भौतिक विकासमा उक्त नगरमा हुने मानिसहरुको बसाईसराईले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। नगरमा भौतिक पूर्वाधार तथा आर्थिक संभावना राम्रो भएसो नगरमा बसाई सराई आउने मानिसहरुको संख्या बढी हुन्छ त्यसै गरी नगरमा यदि सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारको विकास राम्रो छैन भने त्यहाँका मानिसहरु पनि अन्यत्र बसाई सराई जाने सम्भावना बढी हुन्छ। नगरपालिकामा अनुपस्थित जनसंख्या कति हो भन्ने कुरा यकिनका साथ भन्न नसकिए पनि गत आ.व. नगरपालिकामा दर्ता भए अनुसार १५ महिला र १३ पुरुष गरी जम्मा २८ जना बसाई सराई गरी अन्यत्र गए भने सोही आ.व.मा २ महिला र १ पुरुष गरी जम्मा ३ जना मानिस यस नगरपालिकामा बसाई सरी आए। उपलब्ध तथ्याङ्कलाई विश्लेषण गरी हेर्दा बसाई सराई गरी जानेहरु बसाई

सराई गरि आएका भन्दा ९ गुणा बढी रहेका छन् । यसको कारण नगरपालिकामा भौतिक तथा आर्थिक पूर्वाधारहरुको विकास पूर्ण रुपले भै सकेको छैन भन्ने बुझ्न सकिन्छ ।

### ३.४.३ जातिगत, धर्म र मातृभाषा अनुसार जनसंख्या विवरण

मेलम्ची नगरपालिका बहु भाषी तथा बहु धार्मिक नगर हो र यहा विभिन्न भाषा भाषी तथा धर्म मान्ने मानिसहरु एक आपसमा मिलेर बसेका छन् । मेलम्ची नगरपालिकाको जातीय विभाजन हेर्दा सबैभन्दा बढी (३२.३%) तामाङ्ग जातीका मानिसहरु छन् भने क्षेत्री बाहुन दोस्रो स्थानमा पर्दछन् । अधिकांश घरपरिवार (५७.७%) ले नेपाली भाषा बोल्छन् भने ६१.९% परिवार हिन्दू रहेका छन् । नगरमा बौद्धधर्म मान्नको संख्या पनि उल्लेखनीय नै रहेको छ ।

## ३.५ शहरी भौतिक पूर्वाधार

### ३.५.१ सडक तथा यातायात



*चित्र ७ : वडा नं. ४ को वडा कार्यालय जाने बाटो*

सडकहरुको स्वरुपले कसरी नगरको कुनै बस्ती वा बजारको धरातलीय स्वरुपलाई समयक्रमसँगै परिवर्तन अथवा निर्धारण गर्दछ भन्ने कुरा निर्देशित गर्दछ । सडकको विकाससँगै बस्ती विकास हुने गरेकोले सडकको गुणस्तरले बस्ती विकासको तीब्रता निधारण गरेको हुन्छ ।

मेलम्ची नगरपालिकामा ४६४ कि. मी. कच्ची सडक, ६० कि.मी. ग्राभेल सडक, १३ कि. मी. कालो पत्रे सडक र ०.६ कि.मी. RCC सडक रहेका छन् । हाल ५ कि.मी. सडक खनिंदै गरेको अवस्था छ । सबैभन्दा कम सडकको घनत्व वडा नं. ७ मा र सबैभन्दा बढी सडको घनत्व वडा नं. २ मा रहेको देखियो । समग्र नगरपालिकामा सडकको घनत्व ३ कि.मी./वर्ग कि.मी. रहेको छ भने नेपालको सडकको धनत्व जम्मा ०.३४ कि.मी./वर्ग कि.मी. रहेको छ । मेलम्ची नगरपालिकाको सडकको घनत्व राष्ट्रिय स्तरको भन्दा बढी नै रहेको देखिएता पनि सडकको चौडाई र गुणस्तर नगर स्तर लागि पर्याप्त नभएका देखिन्छन् ।

मेलम्ची नगरपालिकामा ३ देखि १० मिटर चौडा सडक जम्मा ५४४ कि .मी. छन् । ४ मिटर चौडा सडकको परिमाण बढी र ५ मिटर वा सो भन्दा बढी चौडा सडकको परिमाण निकै न्यून रहेको छ । ०.५ मिटर भन्दा कम स-साना गोरेटो बाटाहरु भने २५३ कि.मी. देखियो । भविष्यको सडक सुविधाको मागलाई ध्यनमा राख्ने हो भने यस नगरमा सडक विस्तार भन्दा सुधार र मर्मतमा ध्यान दिनु पर्ने देखिन्छ ।

काभ्रेपलाञ्चोक जिल्लाबाट मेलम्ची-हेलम्बुको सडक हुँदै मेलम्ची पुग्न सकिन्छ । यो बाटो कालोपत्रे गरिएता पनि समयमा मर्मत हुन नभएकाले सडकको स्तर हाल अत्यन्त


*तालिका ८ : सार्वजानिक बसहरुको रुट विवरण*

| क्र.स. | रुट | दैनिक चल्ने गाडि संख्या | गाडि चल्ने मौसम |
|---|---|---|---|
| १ | मेलम्ची-नवलपुर | ३ | हिउँद |
| २ | मेलम्ची-जिरोकिलो-चौतारा | २ | वर्षभरी |
| ३ | काठमाडौं-भोटेचौर-हैबुङ | १ | हिउँद |
| ४ | काठमाडौं-भोटेचौर-धुसेनी | १ | हिउँद |
| ५ | काठमाडौं-नारायणटार-गिरानचौर | १ | हिउँद |
| ६ | काठमाडौं-नारायणटार-भोटेचौर-पिप्ले-थानकुने | १ | हिउँद |
| ७ | काठमाडौं-मेलम्ची-तिम्बू | ९ | वर्षभरी |
| ८ | काठमाडौं-मेलम्ची-तिपेनी | ३ | वर्षभरी |
| ९ | काठमाडौं-मेलम्ची-नवलपुर | १ | हिउँद |
| १० | मेलम्ची-थाक्ले | १ | वर्षभरी |

*स्रोत : यातायात व्यवसायीसँगको छलफल, २०७५*

दयनिय स्थितिमा पुगिसकेको छ । यसै गरि साँखु-नाङ्ले-जर्के-बाहुनेपाटी-मेलम्ची सडक र साँखु-भोटेचौर-काउले देभान-बाहुनेपाटी-मेलम्ची कालो पत्रे सडक पनि समयमा मर्मत हुन नसकेकोले जटिल अवस्थामा पुगिसकेको छ । नगरपालिकामा दैनिक ३० देखि ३५ सार्वजनिक बसहरु चल्छन् तर अधिकांश सडकहरु अस्थायी, धुले, कच्ची र १२ महिना नचल्ने अवस्थाका भएकोले कतिपय बस्ती तथा फाँटहरुमा मोटरबाटो पुग्न नसक्ने अवस्था छ ।

नेपाल सरकार शहरी विकास मन्त्रालय अन्तर्गत शहरी विकास तथा भवन निर्माण विभागले तयार गरेको व्यावसायिक योजना २०७१ ले नगर क्षेत्रमा ९०% भन्दा बढी घरहरु मोटर बाटो देखि १ कि. मि. दुरी भित्र हुनुपर्ने प्रस्ताव गरेकोले सोही स्तरको सुविधा प्राप्त गर्ने लक्ष्य लिई मेलम्ची नगरपालिकाले एकीकृत नगर विकास योजनामा सडक सम्बन्धी उचित योजनाहरु समावेश गर्नु पर्ने देखिन्छ । साथै व्यवसायिक योजना २०७१ ले प्रस्ताव गरेको अनुसार यस नगरपालिकामा आन्तरिक र अन्तर शहर बस टर्मिनल समेतको सुविधा उपलब्ध गराउन नगरपालिकाले पहल गर्नु पर्ने देखिन्छ ।





*चित्र ८ : MTMP को संयुक्त सडकहरुको नक्शा*

### ३.५.२ खानेपानी

खानेपानी डिभिजन कार्यालयको२०७३ को प्रतिवेदन अनुसार मेलम्ची नगरपालिकाको १३ वटा खानेपानी आयोजनहरुले सो नगरपालिकाका ३०% अर्थात १७८६४ जनसंख्या लाभान्वित भएका छन् ।यसैगरी यसनगरपालिकामा जम्मा ९० वटा मुख्य खानेपानीको मुहान तथा स्रोतहरु रहेता पनि ती स्रोतहरुको सदुपयोग र संरक्षण गर्न सकिएको अवस्था भने छैन ।

मेलम्ची पार्श्वचित्र २०७४ अनुसार यस नगरपालिकामा पाइप तथा धारा खानेपानी स्रोतबाट पनि भर्ने ९७.७७% अर्थात ११५६८ घरधुरी छन् तर ती धाराहरु अधिकांश सामुदायिक धाराहरु हुन् र हाल सम्म पनि नगरपालिका भित्र धारामा मिटर जडान गर्ने प्रणाली आइसकेको छैन । नदीनाला धेरै भएको नगर भनेर चिनिने मेलम्ची नगरपालिकामा खानेपानीको उचित स्रोत वितरणको अभावले गर्दा यहाँको ०.१७% घरधुरीले हालसम्म पनि नदीनालाको पानी, असुरक्षित भएता पनि पिउन बाध्य भएका देखियो । यसैगरी ७२% घरधुरीमा खानेपानीको अत्याधिक समस्या रहेको छ र विशेषगरी वडा नं. १३ (नगरपालिकाले वडा नं १३ लाई सुख्खाग्रस्त क्षेत्र घोषणा गरेका) बासीले अत्याधिक खानेपानीको समस्या भोगी रहेका छन् ।




*चित्र ९: खानेपानी समस्याको अवस्था*

### ३.५.३ फोहरमैला व्यवस्थापन


अधिकांश घरधुरी (६३.४४% अर्थात ७५०६) ले मल बनाएर फोहरमैला व्यवस्थापन गर्ने गरेको देखिन्छ ग्रामिण भेगतिर भने जहाँ पायो त्यही फोहर फाल्ने घरधुरी न्यून रहेका छन् । शहरीकरणसँगै यो समस्या बढ्दै जाने सम्भावना हुन्छ तसर्थ उचित विकल्पको खोजी गरिनु पर्दछ ।

मेलम्ची नगरपालिका कार्यालयले हाल मेलम्चीको बजार क्षेत्रमा हप्तामा २ पटक फोहर उठाउने गरेको छ र फोहरमैला व्यवस्थापनका लागि १ जना चालक र १ जना सहयोगी गरी जम्मा २ जना कर्मचारीहरु परिचालन गरिएको छ । मेलम्ची बजारबाट मात्रै हाल महिनामा ४० टन फोहर निस्किने गरेको र सो फोहरलाई धिताल बेंशी स्थित बगर क्षेत्रमा पुरेर किटनाशक औषधी माथिबाट छर्ने गरिएको छ ।

मेलम्ची नगरपालिका वडा नं. ११ स्थित बोकेरुम्टी भन्ने स्थान नजिक र संभाव्य स्थानको पहिचान भएता पनि उक्त स्थानमा केही विवाद सिर्जना भएको कारण हाल मेलम्ची नगरपालिका अन्तर्गत मेलम्ची बजार क्षेत्रबाट संकलन भएका फोहरमैलाको व्यवस्थापन नगरपालिकाको धिताल बेंशी स्थित बगर क्षेत्रमा अस्थायी व्यवस्थापन गरिदै आएको छ । नगरपालिकाको कार्यालयले हाल सम्म फोहर उठाउन कुनै शुल्क लिने गरेको छैन ।



*चित्र १० : धिताल बेंशी स्थित डम्पिङ साइट*




*चित्र ११ : फोहरमैला व्यवस्थापनको तरिका*

नेपाल सरकार शहरी विकास मन्त्रालय अन्तर्गत शहरी विकास तथा भवन निर्माण विभागले तयार गरेको व्यावसायिक योजना २०७१ ले नगर क्षेत्रलाई फोहरमैला व्यवस्थापनमा ७० प्रतिशत घरधुरीलाई फोहरमैला व्यवस्थापन सेवा उपलब्ध गराइनुपर्ने र ल्यान्डफिल साइटलाई जग्गा उपलब्ध हुनुपर्ने र अधिग्रहण तथा विकास हुनुपर्ने कुराहरु प्रस्ताव गरिएको छ ।

### ३.५.४ विद्युत

मेलम्ची नगरपालिकाका ९०% घरधुरीमा विद्युत सेवाको पहुँच पुगिसकेको छ । ज्यामिरे स्थित इन्द्रावती नदीमा नेसनल हाइड्रोपावर कम्पनीद्वारा स्थापित ७.५ मेगावाट क्षमता भएको इन्द्रावती तेस्रो विद्युत परियोजना हाल संचालनमा छायस नगरपालिकामा जलविद्युतको सम्भावना पनि छ । वडा नं ११ मा इन्द्रावती IV को सुरुङ खन्दै गर्दा काम रोकिएको छ भने नयाँ माइक्रो हाइड्रोको सम्भावना नुवार खोलाको टार धितालवेशीदेखि डुडेवेशीसम्म छ । यसैगरी, माइक्रो हाइड्रोको सम्भावना वडा नं ३ को दुईवटा स्थानमा पनि छ । इन्द्रवतीमा एउटा सब-स्टेशन र बाहुनेपाटी र मेलम्चीको बीचमा एउटा सब-स्टेशन गरी जम्मा २ वटा सब-स्टेशनहरुले ६६ के. भि. को पावर यस नगरपालिकामा वितरण गरि रहेका छन् भने यस नगरपालिका भरी ३००० जति बिजुलीका पोलहरु मध्ये ३०% जति काठका पोलहरु छन् । यस नगरपालिकामा लगभग २०० वटा ट्रान्सफर्मरहरु छन् र यहाँ Single Circuit Feeder द्वारा बिजुली वितरण भैरहेको छ जसका कारण अगाडिका लाइनमा समस्या आएमा पछाडिका सबै लाइनहरुमा विजुली नआउने समस्या हुने गर्दछ । २०७१ को विनाशकारी भूकम्प पश्चात यस क्षेत्रम ३० देखि ३५% विजुली चोरी हुने समस्या रहेको छ ।

### ३.५.५ सूचना तथा संचार प्रणाली

नेपाल टेलिकम तथा एनसेल प्रा. लि. का दुरसंचारका सेवाहरु यस नगरपालिका भरी उपलब्ध छ । PSTN Line सेवा भने मेलम्ची बजारमा मात्र सिमित रहेको देखिन्छ । अन्य सेवाहरु जस्तै निजी कुरियर, फ्याक्स तथा इन्टरनेट पनि यस नगरपालिकामा रहेका छन् । यस नगरपालिकाको कुनै पनि स्थानीय पत्रिका प्रकाशन नभएता पनि धेरै जसो राष्ट्रिय पत्रपत्रिका भने यस क्षेत्रमा पुग्ने गरेका छन् ।

बाँसबारी र दुबाचौरमा ईलाका हुलाक सेवा, हैबुङ, भोटेचौर, सिन्धुकोट, मेलम्ची, थकनी, ज्यामिरे, फटाकशीला र शिखरपुरमा अतिरिक्त हुलाक सेवा तथा तालामाराङमा स्थानीय हुलाक सेवा उपलब्ध छ ।


दुवाचौरमा १०७.२ मेगाहर्ज फ्रिक्वेन्सीको रेडियो मेलम्चीको रेडियो स्टेशन छ भने सिन्धुकोटमा १०२.८ मेगाहर्ज फ्रिक्वेन्सीको रेडयो सिन्धुको प्रसारण सिन्धु एफ. एम. को स्टेशन रहेको छ । साथै वडा नं. ११ मा पाँचपोखरी केबल नेटवर्क तथा वडा नं. ६ मा तालामाराङ केवल टेलिभिजन नेटवर्कले केबल नेटवर्कका सेवाहरु संचालनमा ल्याइरहेका छन् ।

### ३.५.६ ढल निकास

मेलम्ची नगरपालिकामा व्यवस्थित ढल निकासको सुविधा उपलब्भ छैन । नगरबासीहरुले आ-आफ्नो घरमा सेप्टिक टेङ्की जडान गरी ढलको व्यवस्थापन गर्दै आएका छन् । यो प्रणाली भने वातावरणीय दृष्टिकोणबाट राम्रो भएतापनि दीर्धकालीन समाधान भने होइन । शहरीकरको वृद्धिसँगै ढल प्रणालीको अपरिहार्यता बढ्ने हुदा नयाँ नगरहरुमा ढल प्रषोधन प्रणालीको समेत परिकल्पना शुरुवाती चरणबाटै गरिनु पर्दछ । ढल निकाससँगै वर्षाको पनिको उचित व्यवस्थापन गर्नु जरुरी हुन्छ । यसका लागि सडक किनार तथा बस्तीका बाटोहरुमा नालाको आवश्यकता हुन्छ । हालसम्म नगर क्षेत्रमा, मेलम्ची बजार क्षेत्रमा ५०० मी. जती, बाहुनेपाटी बजार क्षेत्रमा २०० मी. र तारामाराङ बजारमा ५० मी जति सडकको २ किनारमा नाला निर्माण गरिएको छ । तथापि ती नालाहरुमा मर्मतको आवश्यकता देखिन्छ ।

### ३.५.७ चर्पीको विवरण

चर्पी प्रयोग स्थितिले उक्त स्थानमा बसोबास गर्ने मानिसहरुको सरसफाईसम्बन्धी चेतनाको स्तरलाई दर्शाउने गर्दछ । मेलम्ची नगरपालिकाका ९२% अर्थात १०,८८५ घरधुरीमा सामान्य किसिमको चर्पी रहेको छ । १५९ घरधुरी (अर्थात १.३४%) भने हाल सम्म पनि चर्पी विहीन अवस्थामा रहेको देखियो । राष्ट्रिय स्तरमा भने ३८% (एक तिहाई भन्दा बढी) घरधुरीमा हालसम्म पनि चर्पी बनिसकेको छैन । यो सन्दर्भमा मेलम्ची नगरपालिका राष्ट्र भन्दा अघि रहेको देखिन्छ । यद्यपी चर्पी निर्माण गर्न बाँकी रहेका १.३४% घरधुरीमा पनि चर्पी निर्माण गरी तथा खाल्डे शौचालयलाई पनि प्यान सहितको चर्पीमा परिणत गरी खुला दिशा मुक्त क्षेत्र घोषणा गर्न सदैब तत्पर रहनु पर्छ ।




*चित्र १२ : चर्पीको किसिम*


### ३.५.८ शहरीकरण तथा बस्ती विकास

शहरीकरणको अर्थ ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा मानिसहरुको बसाइ सराइले शहरी क्षेत्रको जनसंख्या क्रमश बृद्धि हुँदै जाने प्रकृयालाई बुझ्न सकिन्छ । शहरीकरणले आधुनिकीकरण, औधोगिकीकरण र सामाजिक प्रकृयासँग प्रत्यक्ष सम्बन्ध राख्दछ ।

*तालिका ८ : जनसंख्या तथा घरधुरी बृद्धि दर*

| वडा नं. | १, २ | ३ | ४ | ५ | ६ | ७, ८ | ९ | १० | ११ | १२ | १३ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जनसंख्या बृद्धिदर | ०.००४ | ०.०१६ | ०.०१६ | -०.०१४ | ०.००८ | ०.०१३८ | ०.००२६ | ०.३७०८ | ०.०१५९ | ०.०१५ | ०.०२४ |
| घरधुरी बृद्धि दर | ०.०१४४२ | ०.०१२ | ०.०१५ | ०.०००६५७ | ०.०१ | ०.०२२ | ०.००२ | ०.०४४ | ०.०१८ | ०.०१८ | ०.०२८ |

भोटेचौर, हैबुङ, थकनी, सिन्धुकोट, तालामाराङ, दुबाचौर, ज्यामिरे, शिखरपुर, मेलम्ची, बाँसबारी र फटकशीला गा.वि.स.हरु गाभेर २०७१ सालमा मेलम्ची नगरपालिका घोषणा गरिएको थियो । यी साविकका गा.वि.स.हरु नगरपालिकामा परिणत भएको धेरै समय नभएको हाल सम्म पनि बस्तीहरु ग्रामीण अवस्था मै छन् ।




*चित्र १३ : २०५८, २०६८ तथा २०७४ का वडागत जनसंख्या र घरधुरी संख्याको तुलना*

केही पुराना बस्तीहरु जस्तै मेलम्ची बजार, बाहुनेपाटी, भोटेचौर जस्ता बस्तीहरु बजार केन्द्रको रुपमा विकसित भए भने अधिकांश बस्तीहरु ग्रामीण स्वरुपका छन् ।

२०५८, २०६८ र २०७४ का तथ्याङ्क तुलना गरी हेर्दा अन्य वडाहरुमा जनसंख्या बढेको देखिएता पनि वडा नं. ५ मा जनसङ्ख्या घटेको देखियो । यसको कारण यो वडा नगरपालिकाको बिचमा अवस्थित भएकोले अन्य स्थानीय निकायले नछोएकोले तथा सो वडा आफैमा पनि कुनै बजार केन्द्र नभएकोले आर्थिक अवसर अन्य वडाहरुको तुलनामा कम भएको र यस वडाका मानिसहरु अन्यत्र बसाई सरी गएका हुन सक्छन् । यसैगरी वडा नं. १० को जनसंख्या वृद्धि दर बाँकी वडाहरुको भन्दा निकै बढी देखियो । वडा नं. ११ नगरपालिकाको केन्द्र भएता पनि वडा नं. १० को जनसंख्या बृद्धि दर बढी देखिनुको कारण यो वडा वडा नं. ११ सँगै जोडिएको र वडा नं ११ को शहरीकरण विस्तार हुने क्रममा वडा नं. १० सम्म फैलिदैं गएको हुन सक्छ । साथै वडा नं. १० मेलम्चीबाट सदरमुकाम चौतारा जाने बाटो पनि पर्ने भएकोले हाल यहाँको जनसंख्याको वृद्धि दर अन्य वडाहरुको तुलनामा बढी भएको हुन सक्छ ।

२०७२ को विनाशकारी भुकम्प पश्चात यस नगरपालिकामा हाल व्यापक रुपमा घर निर्माण हुँदै गरेको अवस्था छ । कूल घरधुरीको ८८.१५% अर्थात १०,४३० घरहरु टहरा हुन्, ६.३५% घर पक्की छन्, ५.४७% अर्थात ६४७ घर कच्ची छन् भने बाँकी ०.०३% अर्थात ४ घरहरु अन्य प्रकारका छन् ।

मेलम्ची नगरपालिकाका बजारहरु तथा पसलहरुको संख्याको व्यापकता तथा विविधताको आधारमा निम्न बमोजिमका प्रमुख बस्तीहरु र व्यापारिक बजारहरु निर्धारण गरिएको छ । तर यी बजारहरुमा नेपाल सरकार शहरी विकास मन्त्रालय अन्तर्गतको शहरी विकास तथा भवन निर्माण विभागले तयार गरेको व्यावसायक योजना २०७१ ले प्रस्ताव गरेको न्यूनतम स्तरका खानेपानी, सरसफाई सुविधा तथा आधारभूत शिक्षा र स्वास्थ्यमा पहुंच तथा विद्युतीकरण जस्ता न्यूनतम परिमाण, व्यापकता कायम गर्न प्रस्तावित गरिएको सुविधाहरु परिपूर्ण भैसकेको अवस्था नभएकोले आगामीका योजनाहरुमा यी मुद्दालाई पनि समावेश गरिनु पर्ने देखिन्छ ।

***तालिका ९ : प्रमुख वस्ती तथा बजार केन्द्रको विवरण***

| वडा नं. | बजार केन्द्र | प्रमुख बस्तीहरु |
|---|---|---|
| १ | भोटेचौर | भोटेचौर, भञ्ज्याङ, डाँडा गाउँ, चापाबोट, चिसापानी, मानेडाँडा, खाल्डे |
| २ | निभगाउँ, माथिल्लो जैसीगाउँ, भोटेचौर | निभगाउँ, सुयलछाप, माथिल्लो गैरीगाउँ, तल्लो गैरीगाउँ |
| ३ | डाँडाथोक, भोटेचौर | बिन्दुटोल, मजुवा, बव्राङ, डाँडाथोक, गुरुङ्गगाउँ |
| ४ | पाटी भञ्ज्याङ, थाकुने, पिप्ले, भोटेचौर, मेलम्ची | थालाखर्क, चिप्लिङ्ग, थाकुने भञ्ज्याङ, दिही, उर्लेनी, ठूलो भऱ्याङ, पाटी भञ्ज्याङ्ग, बसेरी, चिलाउने, पाल्छें, काप्रे, साल्मी, डाँडाकटेरी, छापेली, अमले, सानोमुसुरे, थकनी |
| ५ | पिप्ले, बाहुनपाटी, मेलम्ची, भोटेचौर | मुसुरे, भादैरे, देउराली, ढुंगेछाप, कथर बगर, गैरीगाउँ, सिन्धुकोट, थरीगाउँ, तारेभीर, भीमलडाँडा, कत्तिकेछाप |
| ६ | तालामाराङ बजार, मेलम्ची | तालामाराङ बजार, माने भञ्ज्याङ्ग, उपल्लो गाउँ, बतासे, पञ्चकन्या, नेपाने, कोलेचौर, ढुंगानाबेसी |
| ७ | पोखरेटोल, मेलम्ची | गैराथोक, चाँप, सुंगुरेफाँट, पोखरटोले, सुनखानी, सल्ले, काफलगैरी, बलुवा, बाहुनटोल |
| ८ | मेलम्ची, लाभगाउँ, गोरखनाथ टोल | क्यौरेनी, लाभगाउँ, खैरे, घट्टेखोला |
| ९ | ज्यामिरे, मेलम्ची, गोल्मास्थान, खड्काटोल, सुनखानी, रातामाटा | पिप्लाटार, रातामाटा, बलुवा, सुनखानी, दब्ल्याङ्ग, धुलेगैरी, गुफा, ज्यामिरे, गोल्मास्थान, खड्काथोक |
| १० | मेलम्ची, रोटेपिङ्गडाँडा | फलामे, रामपुर, पैरावरी, रोटेपिङ्गडाँडा, कोताचौर, आचार्यटोल, अम्बोटे, वनगाउँ, बदहरे |

*तालिका ९ : प्रमुख वस्ती तथा बजार केन्द्रको विवरण*

| वडा नं. | बजार केन्द्र | प्रमुख बस्तीहरु |
|---|---|---|
| ११ | मेलम्ची | कत्तिके, धुसेनी, कटुन्जे, बाहुनटोल, दमाइटोल, डढुवा, सिरिकोट, गैरीडाँडा |
| १२ | बाहुनेपाटी | गिरनचौर, ढकालखहरे गाउँ, ढकालथोक, च्यानडाँडा, थाक्ले, पिपलचौर, बाँसबारी, नेपालथोक, आँपचौर, बाहुनेपाटी |
| १३ | फट्केश्वर, ढाडबेसी बजार | थाती, नेपालथोक, दुम्रीचौर, ढकालथोक, बारेतार, सिम्ले |

*स्रोत: वडागत भेला, आधार वर्ष २०७५*

हालको बस्ती विकास भैसकेको स्थिति तथा भू-उपयोगको अवस्थालाई विश्लेषण गर्दा नगरपालिकाको १३ वटा वडाहरुमा जम्मा ८ स्थानमा वस्ती विकास गर्न सम्भाव्य स्थानहरु देखियो । बस्ती विकास गर्न सम्भाव्य स्थानहरु तल उल्लेख गरिएका छन् ।

*तालिका १० : बस्ती विकास गर्न सम्भाव्य स्थानहरु*

| क.स. | वडा नं | बस्ती विकास गर्न उचित स्थानहरु |
|---|---|---|
| १ | २ | सिम्ले वेशी (मध्यपहाडी लोकमार्ग नजिक परेकोले विकाशको सम्भावना) |
| २ | ३ | थालेफाँट, बिन्दुटोल, कार्जेडाडा |
| ३ | ६ | धौले, उपल्लो गाउँ, ढुंगानावेशी, माने भञ्ज्याङ, माफ्रगाउँ, देउजाटार, नेपाने नुवार खोला, पञ्चकन्या सिग्देल गाउँ, बतासे डाँडाटोल, बतासे परांगटोल, कोलेचौर |
| ४ | ७ | ज्योति भञ्ज्यांग, सल्ले, पोखरे, भट्टार |
| ५ | ८ | सीमफाँट, कार्त्तिके, स्कुलडाँडा, माफ्रगाँउ टोल, ककनी, स्याङ्बोखोर, लाकुरेडाँडा, डाँडाथोक |
| ६ | ९ | चाम्खु, मानेडाँडा, लाकुरेडाँडा, मुलखर्क |
| ७ | १० | नेवार टोल, टारगाँउ टोल, कामीगाँउ टोल, चापागाँई टोल, वडा कार्यालय टोल, फलामे वेशी, फलामे सिम्ले, गैरीफाँट, आचार्य टोल, सञ्जेलटार |
| ८ | ११ | टार, जराटारे एकीकृत बस्ती, दोबानटार, दनुवार बस्ती, डाँडाघर बस्ती, माथिलो खानी गाउँ, कटुन्जे बस्ती, आरुखर्क बस्ती, कटुञ्जे दुलाल बस्ती, सीमपानी कार्त्तिके बस्ती, धुसेनी बस्ती, डडुवा बस्ती, डुढेवेशी |

*स्रोत: स्थलगत सर्वेक्षण तथा वडागत भेला, आधार वर्ष २०७५*

### ३.५.९ शहरी पूर्वाधारको अवस्था

मेलम्ची नगरपालिका नयाँ नगरपालिका भएकोले यहाँ शहरी पूर्वाधारको पूर्ण रुपले विकास भैसकेको अवस्था छैन । हाल विद्युत सबै बस्ती तथा घरहरुका पुगिसकेका छन् तर अन्य शहरी पूर्वाधारहरु जस्तै सडक, यातायात, ढलनिकास, खानेपानी, सिंचाइ, फोहरमैला व्यावस्थापन, शैक्षिक संस्था, स्वास्थ्य संस्था, आदिको पूर्ण रुपले विकास नभएको अवस्था छ ।

यस नगरपालिका क्षेत्रका धेरैजसो भू-भाग कृषिजन्य जमीनले ढाकेको हुनाले हालसम्म पनि नगर बासीहरुले ग्रामीण जीवनयापन गरीरहेका हुन सक्छन् । तर भूमण्डलीकरणका कारण मानिसहरुको विचारमा परिवर्तन भै रहेको छ र जीवनशैलीमा मानिसहरु आधुनिकीकरण चाहन्छन् । यद्यपी शहरीकरण हालको माग हो । सोही मागलाई सम्बोधन गर्न शहरी पूर्वाधारको विकास गर्नु पर्ने जरुरी देखिन्छ ।

## ३.६ सामाजिक पूर्वाधार तथा अवस्था

### ३.६.१ शिक्षा

नगर पार्श्वचित्र मेलम्ची, २०७४ बमोजिम यस नगरपालिकाका ५ वर्ष वा सो भन्दा माथिका ८३ % जनसंख्या साक्षर छन् भने १७% जनसंख्या हाल सम्म पनि निराक्षर नै छन् । यद्यपी बाँकीका निरक्षर जनसंख्यालाई थप प्राथमिकता दिई साक्षर बनाउनु पर्ने आवश्यकता देखिन्छ । साथै सबैलाई साक्षार बनाउन प्रोढ कक्षा संचालन लगायतका कार्यक्रम ल्याउनु पर्नेछ ।

मेलम्ची नगरपालिकामा जम्मा ७१ वटा सामुदायिक विद्यालयहरुमा ४३८ शिक्षकहरु छन् भने ९४८१ विद्यार्थीहरु अध्ययनरत छन् ।

*तालिका ११ : तहगत सामुदायिक बालविकास केन्द्र, विद्यालय, सामाजिक सिकाइ केन्द्र तथा स्रोत केन्द्रहरुको संख्या*

| वा. वि. के. | आधारभूत तह | | माध्यामिक तह | उच्च शिक्षा तह | सामुदायिक सिकाइ केन्द्र | स्रोत केन्द्र |
|---|---|---|---|---|---|---|
| | तल्लो | माथिल्लो | | | | |
| ३८ | ७१ | ३३ | २० | ९ | ५ | २ |

*स्रोत : नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७५,* http://iemis.doe.gov.np/

बाँसबारीका जलेश्वरी आ. वि., निबुगाउँ आ. वि., जल्केश्वरी प्रा. वि., जाल्पादेवी मा. वि., वडा नं. ३ का थुङ्गेडाँडा प्रा. वि., कालिका शरण आ. वि., वडा नं. ५ का कालिका प्रा. वि., वडा नं. ९ का सत्कन्या मा. वि., वडा नं. १० का खाडिकादेवी प्रा. वि. तथा वडा नं. ११ का पञ्चकन्या प्रा. वि. र जागेश्वरी प्रा. वि. मा विद्यालय छाड्ने दर निकै बढी देखिएकोले यी विद्यालयहरुमा विद्यालय छाड्ने दर न्यूनीकरण गर्न उपयुक्त पहल तथा कार्यक्रम संचालन गर्न जरुरी देखिन्छ ।



*चित्र १४ : जाल्पादेवी मा. वि., बाहुनेपाटी*

बाहुनेपाटीको जालपादेवी मा.वि. भने CTEVT बाट मान्यता प्राप्त कृषिसम्बन्धी प्राविधिक शिक्षाको पठनपाठन शुरु भएको छ । साथै इन्द्रावती क्याम्पसमा BBS र B.Ed को, सिन्धु बहुमुखी क्याम्पसमा B Edको, इन्द्रेश्वरी मा. वि.मा CTEVT बाट मान्यता प्राप्त ४८ जना विद्यार्थीको क्षमता भएको Civil Engineering संकायको पठनपाठन हुने गरेको छ ।

ग्यालथुम स्रोत केन्द्रले वडा नं. १, २ र ७ समेटेको छ भने श्री जाल्पादेवी मा. वि. स्रोत केन्द्रले वडा नं १, २, ३, ४ र ५ समेटेको छ र मेलम्ची स्रोत केन्द्रले ९ देखि १३ सम्म समेटेको छ ।

विद्यार्थी शिक्षक अनुपातले प्रति छात्र गरिएको लगानीलाई सोझै असर गर्दछ । उदाहरणको लागि शिक्षक तथा निर्देशक कर्मचारीहरुलाई दिइएको तलब तथा भत्ता प्रति छात्र व्ययको ७५% सम्मको योगदान गर्न सकिन्छ । यस कारण उच्च विद्यार्थी शिक्षक अनुपात साधारणतय : कम प्रति व्यक्ति व्ययको परिणाम बन्न सक्दछ ।हाल सामुदायिक विद्यालयहरुको विद्यार्थी शिक्षक अनुपात १७ रहेको छ ।

व्यावसायिक योजना २०७१ ले नगर स्तरको लागि उच्च माध्यामिक तहको हकमा ८० व. फि. प्रति विद्यार्थी क्षमता भएको तथा सार्वजनिक यातायातमा ३० मिनेटको दुरीभित्र पर्ने स्थानमा भवन निर्माण हुनु पर्ने तथा स्नातक/स्नाकोत्तर तहको हकमा ७० व. फि. प्रति विद्यार्थी क्षमता भएको सार्वजनिक यातायातमा ४५ मिनेट दुरीभित्र पर्ने स्थानमा भवन निर्माण हुनु पर्ने प्रस्ताव गरेको छ तर यो प्रस्तावित सुविधा यस नगरपालिकाका विद्यालयहरुले पूर्ति गर्न नसकेको देखिन्छ । तसर्थ नगरको एकीकृत विकासको लागि यो सर्त पनि पूरा हुने योजना तयार गर्नु पर्ने देखिन्छ ।

*तालिका १२: तहगत विद्यालय संख्या*

| कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९ |
|---|---|---|---|---|---|---|---|---|
| ७१ | ७१ | ७० | ५३ | ५२ | ३३ | ३३ | ३३ | २० |

*स्रोत : नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७५,* http://iemis.doe.gov.np/

तह बढ्दै जाँदा विद्यालय संख्या क्रमश घट्दै गएको देखिन्छ। विद्यार्थीहरुको तह बढ्दा माध्यामिक विद्यालय तथा उच्च माध्यामिक विद्यालयहरुको विकल्प घट्दै जाने र विद्यालयहरुको दुरी बढ्दै जाने भएकोले विद्यार्थीहरुलाई असहज हने गरेको छ। यसै कारण माध्यामिक विद्यालय तथा उच्च माध्यामिक विद्यालयहरुको संख्या योजनाबद्ध रुपमा बढाउनु पर्दछ। साथै सामुदायिक विद्यालयमा भर्ना गराउन विद्यार्थी तथा अभिभावकलाई प्रेरित गर्न सामुदायिक विद्यालयहरुको शैक्षिक तथा भौतिक गुणस्तर बृद्धि गर्नुपदर्छ।

*तालिका १३ : तहगत विद्यार्थी संख्या*

| | कक्षा | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बाल विकास केन्द्र | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | जम्मा |
| छात्रा | ३२५ | ६२७ | ४४७ | ४३९ | ४२४ | ४२७ | ४६० | ४३४ | ४८० | ४११ | ३९३ | २९ | १४४ | ५०४० |
| छात्र | ३५१ | ५४४ | ३७९ | ४१० | ४२३ | ३७७ | ३८७ | ३९१ | ४०२ | ३५८ | ३११ | २६ | ८२ | ४४४१ |

*स्रोत : नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७५,* http://iemis.doe.gov.np/

### ३.६.२ स्वास्थ्य

मेलम्ची नगरपालिका भरी २ वटा अस्पताल, ३ वटा स्वास्थ्य केन्द्रहरु, एउटा पोली क्लिनिक, ११ वटा स्वास्थ्य चौकीहरु, २ वटा आयुर्वेद औषधालय गरी जम्मा १८ वटा स्वास्थ्य संस्थाहरु रहेका छन्। वडा नं. २ मा भने कुनै स्वास्थ्य संस्थाहरु छैन र वडा नं. ८ मा केराउनी स्वास्थ्य इकाई बन्दै गरेको अवस्था छ। यसै गरी यस नगरपालिकाको भोटेचौर, सिन्धुकोट, तालामाराङ, दुवाचौर र मेलम्चीमा एक-एक Birthing Center गरी जम्मा ५ वटा Birthing Center हरु रहेका छन्। यस नगरपालिकाको अन्य वडाहरुमा भन्दा वडा नं. ११ मा बढी स्वस्थ्य संस्थाहरु भएकोले सबै वडाहरुमा स्वास्थ्य संस्थाहरु समान रुपमा वितरण नभएको देखिन्छ।



*चित्र १५ : थकनी स्वास्थ्य चौकी*

*तालिका १४ : स्वास्थ्य संस्थाको विवरण*

| क्र.स. | स्वास्थ्य संस्थाको नाम | वडा नं. | क्र.स. | स्वास्थ्य संस्थाको नाम | वडा नं. |
|---|---|---|---|---|---|
| १ | ग्रामीण सामुदायिक स्वास्थ्य केन्द्र | १ | १२ | ज्यामिरे स्वास्थ्य चौकी | ९ |
| २ | भोटेचौर स्वास्थ्य चौकी | १ | १३ | शिखरपुर स्वास्थ्य चौकी | १० |
| ३ | हैबुङ स्वास्थ्य चौकी | ३ | १४ | चिरञ्जिवी मोडल हस्पिटल | ११ |
| ४ | थकनी स्वास्थ्य चौकी | ४ | १५ | मेलम्ची आयुर्वेद औषधालय | ११ |

*तालिका १४ : स्वास्थ्य संस्थाको विवरण*

| क्र.स. | स्वास्थ्य संस्थाको नाम | वडा नं. | क्र.स. | स्वास्थ्य संस्थाको नाम | वडा नं. |
|---|---|---|---|---|---|
| ५ | थकनी आयुर्वेद औषधालय | ४ | १६ | मेलम्ची पोली क्लिनिक | ११ |
| ६ | सिन्धुकोट स्वास्थ्य चौकी | ५ | १७ | मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्र | ११ |
| ७ | तालामाराङ स्वास्थ्य चौकी | ६ | १८ | शहरी स्वास्थ्य केन्द्र (कटुञ्जे) | ११ |
| ८ | दुवाचौर स्वास्थ्य चौकी | ७ | १९ | आँखा केन्द्र (तिलगंगाले बनाउदै गरेको) | ११ |
| ९ | केउरेनी स्वास्थ्य इकाई (बन्दै गरेको) | ८ | २० | बाहुनेपाटी स्वास्थ्य केन्द्र (धुलिखेल हस्पिटलको शाखा) | १२ |
| १० | सुनखानी शहरी स्वास्थ्य केन्द्र | ९ | २१ | बाँसबारी स्वास्थ्य चौकी | १२ |
| ११ | नौलिङ्गेश्वरी शहरी स्वास्थ्य केन्द्र | ९ | २२ | फटकशीला स्वास्थ्य चौकी | १३ |

*स्रोत : स्थलगत सर्वेक्षण, आधार वर्ष २०७५*

नगरपालिकाका प्रत्यक स्वास्थ्य चौकीहरुमा १ जना एच्.ए., २ जना अहेव, २ जना अनमी र १ जना कार्यालय सहयोगी गरी जम्मा ६ जना स्वास्थयकर्मीहरुको दरबन्दी रहेको छ। हाल यस नगरपालिकामा ९ जना एच्. ए., १४ जना अहेव र १९ जना अनमी कार्यरत छन्। आयुर्वेद औषधालयमा १ जना कविराज, १ जना बैद्य, १ जना औषधी कुटुवा र १ जना कास गरी जम्मा ४ जनाको कर्मचारीहरुको दरबन्दी रहेको छ र हाल मेलम्ची नगरपालिकाको दुबै आयुर्वेद औषधालयहरुमा सबै दरबन्दी पूर्ति भएको अवस्था छ। । मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्रमा १ जना डाक्टर, १ जना स्टाफ नर्स, १ जना ल्याब एसिस्टेन्ट, ३ जना अनमी, ३ जना अहेव, १ जना एच्. ए. र २ जना कार्यालय सहयोगी गरी जम्मा ११ जना स्वास्थ्यकर्मीहरुको दरबन्दी रहेको र हाल मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्रमा सबै दरबन्दी पूर्ति भएको अवस्था छ। यसै गरी नगरपालिकाका साविकका प्रत्यक गा.वि.स.हरुमा ९ जना महिला स्वयम् सेविकाहरु गरी जम्मा ९९ जना स्वयम सेविकाहरु रहेका छन्। साथै हाल काउले दोभानमा एउटा र मेलम्ची बजारमा एउटा गरी जम्मा २ वटा एम्बुलेन्सहरुले मेलम्ची नगरपालिका भरीका क्षेत्रहरुमा एम्बुलेन्स सेवा उपलब्ध गराइरहेका छन्।

मेलम्ची नगरपालिकाको धेरै जसो स्वास्थ्य संस्थाको भवनहरु २०७२ को विनाशकारी भूकम्पले क्षति पुऱ्याएको हुनाले हाल सम्म धेरैजसो भवनहरु बन्दै नै गरेको अवस्था छ भने अधिकांश स्वास्थ्य संस्था पुग्ने बाटाहरु हाल सम्म पनि कच्ची नै छन्। २०७१ को विनाशकारी भूकम्पले गर्दा दुईवटै आयुर्वेद अस्पतालहरुको भवन पूर्ण क्षति भएको र हाल सम्म पनि भवन बनी नसकेकोले भाडाको भवनमा बिरामीलाई सेवा उपलब्ध गर्न बाध्य भएको।

गत आ. व. मेलम्ची बर्थिङ सेन्टरमा जम्मा ३०६, दुवाचौर बर्थिङ सेन्टरमा २७, तालामाराङ बर्थिङ सेन्टरमा ११, भोटेचौर बर्थिङ सेन्टरमा ४ र सिन्धुकोट बर्थिङ सेन्टरमा १६ वटा गरी मेलम्ची नगरपालिकाका बर्थिङ सेन्टरहरुमा ३६४ गर्भवती महिलाले प्रसुती गराएका थिए। दक्ष स्वास्थकर्मीको मद्दत बिना घरमै प्रसुती गराउने भने वास्तविक तथ्यांक नभएको तर गत वर्ष मेलम्ची नगरपालिकामा २३७४ जन्म दर्ता भएकोले घरमै असुरक्षित प्रसुती बढी संख्यामा भएको सजिलै अनुमान गर्न सकिन्छ।

महिला गर्भवती भैसकेपछि ४ पटक गर्भजाँच गराउने, प्रसुती बर्थिङ सेन्टरमा गराउने र प्रसुती पश्चात ४ पटक सुत्केरी जाँच गराएबापत न्यानो कपडा र भत्ता गरी जम्मा रु. १९००/- प्रदान गरिने प्रवद्धन रहेको छ। तर स्वास्थ्य चौकी टाढा भएको कारण प्रसुती पश्चात स्वास्थ्य जाँच गराउनेको संख्या न्यून भएकोले धेरैजसो बर्थिङ सेन्टरमै प्रसुती गराएका महिलाहरुले post natalजाँचका लागि विनियोजन गरेको रकम कटौती गरी जम्मा रु. १५००/- बराबरको न्यानो कपडा र भत्ता पाउने गरेका छन्। ३५ वर्ष माथिका २५% महिलाको पाठेघर खस्ने समस्य रहेको देखिन्छ।

मेलम्ची नगरपालिकाको कुल जनसंख्याको १.६३% अर्थात ९५७ जना दीर्धकालीन रोगले ग्रसित छन्। सबैभन्दा बढी उच्च रक्तचापका रोगी छन् भने सबैभन्दा कम क्षयरोगीहरु भएको देखियो।

स्वास्थ्य जनशक्ति विकासको लागि रोगसम्बन्धी सचेतना, उपचार सहजता, स्वास्थ्यकर्मी सम्म सहज पहुँच, स्वास्थ्य सेवा आधारभूत सेवाको रुपमा लिनुपर्ने देखिन्छ । स्वास्थ्य क्षेत्रमा नगरपालिकाले आव ०७५/०७६मा गरेको रु. १ करोड विनियोजन निकै न्यून रहेको र यो विनियोजित रकम औषधी/उपकरण खरीद, सुत्केरी भत्ता जस्ता शिर्षक मै अपर्याप्त रहेको देखिन्छ । साथै स्वास्थ्यकर्मीहरु पनि दरबन्दी अनुसार पुरा छैनन् ।

### ३.६.३ खेलकुद

मेलम्ची नगरपालिकामा जम्मा ७ वटा खेल मैदानहरु रहेका छन् । वडा नं. ३ को एउटा खेलमैदान भने हाल निर्मानधिन अवस्था मै छ भने वडा नं. १, २, ३ र १२ मा एक एक प्रस्तावित खेल मैदानहरु रहेका छन् ।

***तालिका १५छ : खेलमैदानको लागि सम्भाव्य स्थानहरु***

| वडा नं | खेल मैदानको लागि सम्भाव्य स्थानहरु |
|---|---|
| १ | भोटेचौर (पुरानो डेरी भएको ठाउँ), खाल्डे, ओखेनी, भञ्ज्यांग (ठूलो पिपल बोटमुनि) |
| २ | बसह चौर, पँधेरो खोला, सीमचौर, पँधेरो पाखा |
| ३ | मजुवा, गुरुङ गाँउ |
| ४ | औख्रेनी चौर च्यांगल, पाल्चेन, बसेरी, अमले १९ नं डम्पिङ (खनिएको तर व्यवस्थित नगरिएको) |
| ५ | भञ्ज्यांगको चौर, रामपोखरी खर्क, नर्सरी डाडा, पाटीचौर |
| ६ | अँधेरी बगर, पञ्चकन्या, बतासे |
| ७ | भट्टार, भंगार चौर |
| ८ | कोलचौर, धनिया डाँडा, ज्यामिरे डाडा, पञ्चे डाडा, दशमोरे, कामी विसौना, ठूलोचौर, भ्भापु डाँडा |
| ९ | पञ्चकन्या खेलमैदान, पिपलचौर, गुफा, डब्ल्यांग, चांखु, रात्माटा |
| १० | बगर खेत, डुडे (फलामे र भूमेस्थानको बीच), खर्क चौर, बी.पी. स्मृति आधारभूत विद्यालय, हिरादेवी आधारभूत विद्यालय, चाल्से खोला (अतिक्रमण भइरहेको) |
| ११ | गहिरा बगर, कठेरी |
| १२ | बाँसबारी भैसीपानी, गिरानचौर महाकाली |

*स्रोत : वडागत भेला, २०७५*

वडा नं. १३ का कृष्ण बहादुर घोरासैनी २०१० मा आयोजित एघारौं सागमा १० मिटर शुटिङमा रजक पदक विजेता हुन् । यसै गरी यस नगरपालिकामा राष्ट्रिय स्तरका भलिबल, जुडो, कराते तथा बक्सिङका पनि व्यवसायिक खेलाडीहरु रहेका छन् ।

मेलम्ची नगरपालिकामा खेलकुद प्राथमिकताको विषय बनिसकेको छैन । स्थानिय बासीहरुलाई खेलकुदको महत्वबारे चेतना छैन । खेल मैदानको लागि प्रशस्त ठाउँ भएता पनि धेरैजसो स्थानमा वडा स्तरीय खेल मैदान नै छैन भने भएका खेलमैदानहरु पनि व्यवस्थित रुपमा सञ्चालनमा आइसकेको छैन् । त्यसैगरी, कभर्ड हल, खेलकुद सामग्री तथा प्रशिक्षकको अभावले पनि खेलकुदको क्षेत्रमा विकास हुन नसकेका हो । वडा स्तरीय खेल मैदानको साथै बालबालिका तथा युवाहरुलाई प्रोत्साहन गर्न विभिन्न स्थानमा स- साना खेल मैदानको आवश्यकता छ । नेपाल सरकार शहरी विकास मन्त्रालय अन्तर्गत शहरी विकास तथा भवन निर्माण विभागले तयार गरेको व्यावसायिक योजना २०११ मा प्रस्ताव भएको अनुसार नगर क्षेत्रमा जिल्ला तथा नगर स्तरको खेलकुद कम्प्लेक्स निर्माण हुनुपर्ने उल्लेख गरिएको छ ।

### ३.६.४ नागरिक सुरक्षा सेवा

मेलम्ची नगरपालिकाको वडा नं. ११ मा इलाका प्रहरी कार्यालय रहेको छ। यसै गरी वडा नं. २ र ६ मा एक-एक प्रहरी चौकीहरु छन् भने वडा नं. १२ मा अस्थाई प्रहरी चौकी कार्यालय रहेको छन् । यसैगरी यस नगरपालिकामा जम्मा ४९ जना सुरक्षाकर्मीहरु रहेका छन् ।



*चित्र १६: ईलाका प्रहरी कार्यालय वडा नं ११*

गत आ. व. २०७४/०७५ मा ६५ झैझगडाको, ११ वटा घरेलु हिंसाको, ८ वटा सवारी दुर्घटनाको र ३ वटा कर्तव्य ज्यानको मुद्दाहरु दर्ता भए ।

मेलम्ची नगरपालिकाका सडकहरु निकै नाजुक अवस्थामा रहेकोले सवारी दुर्घटना भैरहेने देखियो । गत आ. व. २०७४/०७५ मा भएका ८ वटा सवारी दुर्घटना मध्ये ३ वटा दुर्घटना मेलम्ची बजार क्षेत्रमा मात्र घट्यो भने २ वटा बाहुनेपाटीमा, २ वटा फटकशीलामा र एउटा तालामाराङमा घट्यो । मेलम्ची नगरपालिकामा चेलीबेटी बेचबिखन जस्ता अपराधिक क्रियाकलाप पहिला चर्चित थिए भने हाल विभिन्न महिला अधिकारमुखी संघसंस्था तथा सरकारी निकायको प्रयासबाट जनचेतना अधिवृद्धिले गर्दा यस्ता अपराध भने हाल कम भएको छ। यस नगरपालिकामा आत्महत्याको गर्नेको संख्या पनि उल्लेख्य रहेकोले सर्वसाधारणमा जनचेतनामूलक कार्यक्रम संचालन गर्न जरुरी देखिन्छ । साथै प्रहरी चौकी र सुरक्षाकर्मी पर्याप्त नभएको अवस्था छ। प्रहरी कार्यालयले मेलम्ची नगरपालिका कार्यालयसँग सहकार्य गरी सर्वसाधारमा घटना घट्दा तथा अपराधिक क्रियाकलाप हुँदा अपनाउनु पर्ने संयमता सम्बन्धी जनचेतना फैलाउने कार्यक्रम गनु पर्ने जरुरी देखिन्छ ।

## ३.७ आर्थिक स्थिति

मेलम्ची नगरपालिकाको प्रमुख आर्थिक आधार कृषि नै हो । नगरपालिकामा हाल सम्म खासै ठूलो औधोगिक प्रतिष्ठानहरुको स्थापना भएर नगरपालिकाकै अर्थतन्त्रलाई टेवा पुऱ्याउन सकेको देखिँदैन। नगरपालिकामा अवस्थित क्रसर उद्योग, चिया बगान, राइस मिल, भोटेचौरका केही होटलहरुले नै यहाँका अर्थतन्त्रमा आंशिक टेवा पुऱ्याइ रहेका छन्। नगरपालिकाबाट ठूलो संख्यामा युवाहरु बैदेशिक रोजगारीको लागि विदेश गएको र उनीहरुले पठाउने विप्रेषणले पनि मेलम्ची नगरपालिकाको अर्थतन्त्रलाई महत्वपूर्ण योगदान पुऱ्याइरहेको छ।

### ३.७.१.१ आम्दानीका स्रोत

कृषि नै मेलम्ची नगरपालिकाको मुख्य पेशा भएकोले अधिकांश (९८.८२% अर्थात ११६९२) घरधुरीको मुख्य आम्दानीको स्रोत कृषि रहेको छ।


**तालिका ६ : आम्दानी स्रोत विवरण**

| आम्दानीको स्रोत | कृषि | नोकरी | व्यापार/व्यवसाय | भत्ता | विप्रेषण | अन्य |
|---|---|---|---|---|---|---|
| **घरधुरी संख्या** | ११६९२ | २३०५ | ११९१ | २०९ | १०५४ | १५८ |
| **प्रतिशत %** | ९८.८२ | १९.४८ | १०.०७ | १.७७ | ८.९२ | १.३४ |

*स्रोत : नगर पार्श्वचित्र मेलम्ची, २०७४*

### ३.७.२ वैदेशिक रोजगारी

स्वदेशमा रोजगारीको अभावले गर्दा वर्षेनी नेपालभरीका ४% जनसंख्या विदेश पलायन हुनु पर्ने बाध्यता रहेको छ । यही समस्या सिन्धुपाल्चोक जिल्लामा पनि विद्यमान छ । नगर पार्श्वचित्र मेलम्चीका अनुसार यस नगरपालिकाका २% भन्दा पनि बढी जनसंख्या अर्थात १३६० युवा विदेशमा श्रम गर्न गएको भनी उल्लेख गरिएको छ ।




*चित्र २: वैदेशिक रोजगारीको स्थिति*

बैदेशिक रोजगारबाट फर्किएका युवा लक्षित तथा वैदेशिक रोजगारीबाट आउने विप्रेशण उत्पादन क्षेत्रमा लगाउने योजनाको अभाव देखिन्छ । अनुत्पादक क्षेत्रमा लगानी हुनाले रोजगारी र पूँजी निर्माण हुने कामलाई अवरोध गरिरेको छ ।

### ३.७.३ कृषि तथा उत्पादन

मेलम्ची नगरपालिकाको कूल क्षेत्रफलको ६२% खेती योग्य जमीन रहेको छ (स्रोत : जिल्ला पार्श्वचित्र, सिन्धुपाल्चोक, २०७१) रहेको छ । यो सन्दर्भमा मेलम्ची कृषिको क्षेत्रमा अगाडी रहेको देखिन्छ र यस क्षेत्रको थप आर्थिक विकासको लागि कृषि विकासमा बढी ध्यान दिनु पर्ने देखिन्छ ।



*चित्र १८: फटकशीलाको खेतियोग्य जमीन*

खेती योग्य जमिन र वास्तवमा खेती गरिएको क्षेत्रफलको तथ्याङ्क विश्लेषण गर्दा नगरपालिकाको कूल क्षेत्रफलको ४२% जमीनमा हाल खेती गरिएको छ भने नगरपालिकाको २०% खेती योग्य जमीन बाँझो नै रहेका अवस्था छ । यो समस्यालाई न्यूनीकरण गर्न, खेतीयोग्य जमीनको अधिकतम लाभ लिन, उचित योजना तयार गरी कार्यान्वयन गर्नु पर्दछ । कूल भू-भागको १८% र कूल खेती गरिएको जमिनको जम्मा ४३% मात्र जमिन सिंचित छ । यसरी खेती गरिएको जमिनको पनि ५७% जमीन सिंचाइबाट वञ्चित रहेको जस्तो गम्भीर विषयलाई भवी योजनामा सम्वोधन गरिनु पर्ने आवश्कता देखिन्छ ।

*तालिका ७७ : बाली उत्पादन विवरण*

| बाली | खाद्यान्न बाली | दलहन बाली | तेलहन बाली | आलु | बर्षे तरकारी | हिउदे फलफूल | वर्षे फलफूल | सुन्तला जात फलफूल | मसला बाली | हिउँदे तरकारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्षेत्रफल (हे.) | ९८६८.३ | १५२.७ | ९६.३ | ६१०.५ | ५०२.३ | १४७.४ | ३३४.९ | १५०.६ | ४०७.५ | ४६३.६ |
| उत्पादन (टन) | १७५९४ | १४०.२ | ६६.३ | ७६९३ | ४३९८ | १२१९ | ८७९.९ | ६९८.७ | १६९६ | ३८०१ |
| उत्पादकत्व (टन/हें) | १.७८२८ | ०.९१८ | ०.६८८ | १२.६ | ८.७५५ | ८.२७३ | २.६२७ | ४.६३९ | ४.१६२ | ८.१९९ |

*स्रोत : मेलम्ची कृषि सेवा केन्द्रको कृषि प्रोफाइल तथा तथ्यांक, २०७२/०७३*



*चित्र १९: वडा नं १ को किवी खेती*


मेलम्ची नगरपालिकामा चैते धान, वर्षे धान, वसन्ते मकै, वर्षे मकै, कोदो, गहुँ, फापर जस्ता खाद्यान्न बाली १.७ टन प्रति हेक्टर उत्पादन हुन्छ भने मास, मस्याङ, भटमास, बोडी, केराउ जस्ता दलहन बाली ०.९१ टन प्रति हेक्टर उत्पादन हुन्छ। यसै गरी तोरी, तील र बदाम तेलहन बाली ०.६८ टन प्रति हेक्टर, आलु १२.६ टन प्रति हेक्टर, गोलभेडा, काक्रो, फर्सी, लौका, चिचिण्डो, घिरौला, करेला, स्कुस, सिमी र भण्टा जस्ता बर्षे तरकारी ८.७५ टन प्रति हेक्टर, स्याउ, नास्पाती, हलुवावेद, आलुबखडा, खुर्पानी र लप्सी जस्ता हिउँदे फलफुल ८.२७ टन प्रति हेक्टर, अम्बा, कफी, आँप, लिची, रुखकटहर, केरा र भइँकटहर जस्ता वर्षे फलफूल २.६२ टन प्रति हेक्टर, सुन्तला, जुनार, ज्यामीर, भोगटे र कागती जस्ता सुन्तलाजाल फलफूल ४.६३ टन प्रति हेक्टर, खुर्सानी, लसुन, अदुवा, बेसार, धनिया र अलैंची जस्ता मसला बाली ४.१६ टन प्रति हेक्टर तथा प्याज, काउली, बन्दा, ब्रोकाउली, पालुङ्गो, चंसुर, रायो, मुला र गाजर जस्ता हिउँदे तरकारी ८.१९ टन प्रति हेक्टर उत्पादन हुने देखियो। साथै मेलम्ची, शिखरपुर, हैबुङका केही ठाउँहरुमा रेन्बो ट्राउट तथा कार्प जातका माछा पालन हुन्छ भने मेलम्ची र तालामाराङको १ हेक्टर जमीनमा च्याउ खेती हुने गरेको देखियो। भोटेचौरको ३० हेक्टर जमीनमा चिया खेती भैरहेको छ। मेलम्ची नगरपालिकाका केही स्थानहरुमा व्यावसायीक मौरीपालन हुने गरेको छ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अर्न्तगत यस नगरपालिका अर्न्तगत एउटा धान ब्लक, ३ वटा पुरानो पाकेट र १ वटा नयाँ पाकेट रहेका छन्। जसमध्ये किवी पकेट मे.न.पा १ भोटैचौर ,तरकारी पकेट मे.न.पा १० शिखरपुर , अलैंची पकेट मे.न.पा ९ ज्यामिरे र नयाँ कागती पकेट मे.न.पा ११ मेलम्चीमा रहेका छन्।

*तालिका ८: कृषि पकेट क्षेत्रको विवरण*

| क.स. | पकेटको किसिम | वडा नं. | क्षेत्रफल | प्रत्यक्ष लाभान्वित संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | किवी पकेट | १ | ३०० रो. | २ कृषक समूह | गत बर्ष २१०० किलो किवी उत्पादन भएको थियो यस बर्ष करिब ५००० किलो हुने अनुमान गरिएको छ |
| २ | तरकारी पकेट | १० | २८० रो. | २ कृषक समूह र ९० घरधुरी | प्रति परिवार सरदर ५० हजार तरकारीबाट आम्दानी हुने गरेको छ |
| ३ | अलैंची पकेट | ९ | ३८० रो. | १५० घरधुरी | - |
| ४ | कागती पकेट | ११ | ४०० रो. | २५० घरधुरी | - |

*स्रोत : मेलम्ची कृषि सेवा केन्द्र, २०७५*




*चित्र २० : नगर क्षेत्रमा रहेका कृषि पकेट क्षेत्रहरु*

## ३.८ पर्यटन तथा संस्कृति

मेलम्चीको विविध भौगोलिक अवस्थाले पर्यटकहरुलाई आकर्षित गर्नसक्छ । यहाँ ठूला-ठूला पहाडहरुका साथै उर्वर फाँटहरु पनि छन् । यसैगरी, विभिन्न साहसिक खेलहरुको लागि पनि उपयुक्त स्थानहरु छन् । धौनी छांगोबाट बन्जी जम्प (वडा नं १), सुलीकोट (वडा नं ५) बाट ढकाल खहरे (वडा नं १२) सम्म प्याराग्लाइडिङ र गुफा (वडा नं ९) देखि मेलम्ची (वडा नं ११) सम्म प्याराग्लाइडिङ गर्न मिल्ने सम्भावना छ । यसैगरी, वडा नं ५ को धौलेदेखि त्रिवेणी घाटसम्म, धौली डाँडादेखि वडा नं २ को चिया बगानसम्म र मेलम्ची (वडा नं ११) देखि चाम्खु र गुफा (वडा नं ९) हुँदै नौलिंख मन्दिर (वडा नं ९) सम्म केबलकारको सम्भावना छ । यस्तो स्थानहरुको सम्भाव्यता अध्ययन गर्न आवश्यक छ ।



*चित्र २१: पर्यटकीय क्षेत्रको रुपमा परिचित वडा नं. ३ स्थित चिया बगान*

चिया बगान, माछा फार्म र किवी खेती हेर्न अहिले पनि सिजनमा २०० देखि ३०० पर्यटक पर्यटकहरु आउने गरेका छन् । यस्ता खेतीहरुलाई अझै व्यवसायिक रुपमा लैजान सकेमा पर्यटन वृद्धि हुनेछ । वडा नं ३ को ट्राउट माछा फार्ममा होटल पनि सञ्चालन भइरहेको छ भने अर्को टर्की र कृषि फार्ममा रिर्सोट सञ्चालन भइरहेको छ । यसरी नै एकीकृत रुपमा कृषि र पर्यटनलाई सँगसँगै लैजान आवश्यक छ । एकीकृत पशुपालन, खेती, माछापालन र होटल सञ्चालन गर्यो भने कृषि पर्यटन विकासलाई ठूलो टेवा पुग्नेछ ।

*तालिका १८: प्रमुख पर्यटकीय स्थलहरु*

| वडा नं | पर्यटन क्षेत्रहरु |
|---|---|
| १ | पताल गुफा, मौरी गुफा, धौनी छांगो (बन्जी जम्प गर्ने सम्भावना भएको) भूनेस्थान जात्रा, त्रिवेणी घाट जात्रा |
| २ | चमेरो गुफा बसहचौर, आकाशे झरना, भन्ज्यांग थुम्कामा भ्यू टावर, तपचुली, त्रिवेणी घाट, अर्चलेदेवी मन्दिर, जालपादेवी मन्दिर, चिया बगान, किवी खेती, पौडेल सुवारा |
| ३ | छेराहिटी डाँडा, धाप पोखरी, शिवपुरी भन्ज्यांग, पाटी भन्ज्यांग, प्रकृति रिर्सोट डाँडा (अर्गानिक खेती), कार्जे डाँडा, माछा फार्म, टर्की फार्म (खेती+ रिर्सोट), चिसापानी, किवी फार्म (४०० रोपनी) |
| ४ | धौले मन्दिर, थाना भञ्ज्याङ गढी (पृथ्वी नारायण शाहले नुवाकोट आक्रमण गर्न बनाएको गढी), सिन्धु सुरुङ (विद्यार्थीलाई शैक्षिक अवलोकन) |
| ५ | कोतदेवी मन्दिर, त्रिवेणी घाट, सिद्धेश्वर मन्दिर, धौले भूमेस्थान, धौले भ्यू टावर, धौलदेखि त्रिवेणी घाटसम्म केबलकार, सुलिकोट गुम्बा |
| ६ | धौले (पिकनिक स्पट, भ्यू टावर, पार्क), धुसेनी चौर मानेभञ्ज्याङ-बतासे डाँडा |
| ७ | पाल्चोक तथा हेलम्बु ट्रेक रुट |
| ८ | ककनी (ट्रेकिङ रुट, भ्यू प्वाइन्ट), ककनी पोखरी |
| ९ | भष्मे सातधारा, लालिगुराँस क्षेत्र |
| १० | सिम्ले बगर पार्क |
| ११ | धौले, धुसेनी घ्यांग (तामाङहरुको ऐतिहासिक ठाउँ) |
| १२ | माझीटार बिरौटामा पिकनिक स्पट र पार्क |
| १३ | फट्केश्वरी महादेव, चण्डेश्वरी डाँडा |

*स्रोत : वडागत भेला, २०७५*

काठमाडौंबाट नजिक रहेको र सुन्दरीजल तथा रसुवाको लाङ्टाङ र गोसाँईकुण्डबाट नजिक रहेकोले यो नगरपालिकामा पदयात्रा पर्यटनको निकै राम्रो सम्भावना रहेको छ । मेलम्ची बजार ६ देखि ७ दिन सम्म लाग्ने हेलम्बु ट्रेकको प्रस्थान मार्गमा पर्दछ । नेपाल पर्यटन बोर्ड अनुसार, औसतमा बर्षेनी ७,६०० देखि ९,६०० ट्रेकिङ्ग पर्मिट मेलम्चीबाट हुँदै लाङटाङ प्रवेश गर्नको लागि जारी गरिन्छ । यस कारण यो रुटलाई पूनर्जागरण गर्न सक्यो भने यहाँको पर्यटन विकासको लागि यसले ठूलो भूमिका खेल्ने छ । यसको साथै वडा नं ८ को ककनी लगाउतका अन्य अरु ट्रेकिङ्ग रुटहरु पनि विकास गर्न सकिन्छ । पैदल मार्गहरुलाई पनि व्यवस्थित र सुरक्षित गर्नुपर्छ । हाल यस नगरपालिकामा चलेको पर्यटक पदयात्रा मार्गहरु निम्नानुसार रहेका छन् ।

- सुन्दरीजल-चिसापानी-कुटुमसांग-ठाडेपाटी-मेलम्ची गाउँ-तार्केघ्याङ-घाङ्गह्युल-सेर्माथाङ्ग-मेलम्ची बजार । (काठमाडौंको सुन्दरीजलबाट शुरु गरी हेलम्बु क्षेत्र हुँदै मेलम्ची बजार पुग्ने) ।
- गोसाँईकुण्ड (रसुवा)-घोप्टे -ठाडेपाटी-मेलम्ची-तार्केध्याङ-घाङ्गह्युल-सेर्माथाङ्ग-मेलम्ची बजार (गोसाँईकुण्ड पुगेका पर्यटकहरु फर्कने पदयात्रा मार्गको रुपमा) ।

- मेलम्चीबजार-तपेनी-मानेखर्क-भोताङ,हबेली-तापखर्क-नोस्याङ्गपाटी-पाँचपोखरी-तेम्बाथाङ्ग-क्यागसिँगगुम्बा-पाङ्गताङ्ग-जलबिरे-बलेफी (मेलम्ची बजारबाट शुरु गरी पाँचपोखरी पुगी अरनिको राजमार्गको बलेफी फर्कने)।
- मेलम्ची बजार-पाल्चोक-ककनी-शेर्माथाङ्ग-घाङ्गह्युल-तार्केध्याङ-मेलम्ची गाउँ-डुक्खाङ्ग-तिम्बु-मेलम्ची बजार (मेलम्ची बजारबाट हेलम्बु क्षेत्रको पदयात्रा गरी फर्कने)।

यस नगरपालिकामा प्रशस्त धार्मिकस्थलहरु छन् । वडा नं ५ को कोतदेवी मन्दिर पृथ्वी नारायण शाहले नेपाल एकीकरण गरेको समयको हो भने वडा नं १ मा रहेको त्रिवेणी सिद्धेश्वर मन्दिर ११ औं सताब्दीको हो र छेत्रपाल भूमेस्थान १० औं शताब्दीको हो । यस्ता महत्वपूर्ण स्थलहरुको पहिचान तथा प्रचारप्रसार भने हुन जरुरी छ ।

*तालिका १९ : प्रमुख मन्दिरहरु*

| वडा नं. | मन्दिरको नाम |
|---|---|
| १ | केदारेश्वर मन्दिर, जल्केश्वर मन्दिर, निलकण्ठेश्वर मन्दिर, सेतिकादेवी मन्दिर, शिव मन्दिर, सिद्धेश्वर त्रिवेणी मन्दिर |
| २ | जालपादेवी मन्दिर, शिव मन्दिर |
| ३ | कालिका मन्दिर, भूमेथान मन्दिर, जाल्वीदेवी मन्दिर, सेल्बोन भूमेथान मन्दिर, लोकेश्वरी मन्दिर, बर्गाइ मन्दिर, देवीथान मन्दिर, लोकेश्वरी मन्दिर, |
| ४ | कृष्ण मन्दिर, कुलायन मन्दिर, वत्शलादेवी मन्दिर, चण्डेश्वरी महादेव मन्दिर, धौलेश्वरी मन्दिर, काली सेतीदेवी मन्दिर, रिङ्गादेवी मन्दिर, शिव मन्दिर, गणेश पाल्चोक मन्दिर, पाञ्चायन मन्दिर |
| ५ | कोतदेवी मन्दिर, सिद्धेश्वर मन्दिर, धौलेभूमेस्थान, धौलेश्वरी मन्दिर |
| ६ | धौलेश्वर महादेव मन्दिर, भूमेश्वरी मन्दिर, गौखुरेश्वर मन्दिर, कृष्ण मन्दिर |
| ७ | सुन्दरीदेवी मन्दिर, भीमसेन मन्दिर, कालिकादेवी मन्दिर, जालेवादेवी मन्दिर, गोल्मेश्वर महादेव, भीमसेन मन्दिर, भूमेश्वर महादेव मन्दिर, कृष्ण मन्दिर, भैरवी मन्दिर |
| ८ | कृष्ण मन्दिर, भीमसेनथान मन्दिर |
| ९ | पञ्चकन्या मन्दिर, गोल्मास्थान मन्दिर, रक्तकालीदेवी मन्दिर, सातधारा मन्दिर, त्यवालेथान मन्दिर, सातकन्या मन्दिर, नौलिङ्गेश्वर मन्दिर, महादेवी बुद्धि मन्दिर, काँडादेवी मन्दिर |
| १० | खाडिकादेवी मन्दिर, शितलादेवी मन्दिर, सेतीदेवी मन्दिर, शिकारी डाँडा मन्दिर, भूमेश्वरी मन्दिर, देवी मन्दिर, माझिगाउँको खड्कदेवी मन्दिर, आचार्य टोलको खडिका देवी मन्दिर |
| ११ | शिवालय र महाकाली देवी मन्दिर, गोरेश्वर मन्दिर, कृष्ण मन्दिर, शिव मन्दिर, पञ्चकन्यादेवी मन्दिर, इन्द्रेश्वर महादेवथान मन्दिर, भूमेथान मन्दिर, सातकन्या देवीथान मन्दिर, सुन्दरीदेवी कालिकाथान मन्दिर, सेतीदेवी मन्दिर, खानीगाउँको मन्दिर |
| १२ | तिवारी कुलायन मन्दिर, भट्टराई कूलायन मन्दिर, महाकालीथान मन्दिर, माझी पित्रे डाँडा मन्दिर, जाल्पा मन्दिर, कालिका मन्दिर, शिव मन्दिर, कुलायनथान मन्दिर, कृष्ण मन्दिर, देवीथान मन्दिर, समसरीदेवी मन्दिर, जर्के खोला किनारको कुण्डेश्वरी मन्दिर |
| १३ | फट्केश्वरी मन्दिर, गोल्मेश्वरी मन्दिर, भीमसेनस्थान मन्दिर, चण्डेश्वरी मन्दिर, कोतदेवी मन्दिर, नेपालथोक सेतीदेवी मन्दिर |

*स्रोत: वडागत भेला, आधार वर्ष २०७५*

## ३.९ वन तथा वातावरण

### ३.९.१ सामुदायिक वन

आ. व. २०७३/७४ को अन्तसम्म आइपुग्दा मेलम्ची नगरपालिकामा कूल २१९८ हे. क्षेत्रफल ओगटेको ७९ वटा सामुदायिक वन हस्तान्तरण भइसकेका छन् । सबैभन्दा बढी सामुदायिक वन वडा नं. ७ र ८ मा रहेका छन् भने सबैभन्दा कम सामुदायिक वन वडा नं. ४ मा रहेका छन् । २ वर्ष अगाडि वडा नं. १३ को देउता सामुदायिक वनबाट बर्षेनी १५ टन सल्लाको खोटो निकासी गर्ने गरिन्थ्यो । सामुदायीक वनले मेलम्चीका जनता विभिन्न तरिकाले लाभान्वित भैरहेका छन् भने जङ्गली जनावरका कारण कृषि क्षेत्रमा केहि नोक्सानी भइरहेको छ । जङ्गलमा चिराइतो, अमला, हर्रो, वर्रो, खयर, सतुवा लगायत बहु लाभ दिने जडिबुटिहरु पनि पाइने गरेतापनि सामुदायीक वनले त्यसको उचित प्रयोग गरेको पाइदैन । उपलब्ध तथ्याङ्कलाई हेर्दा नपाका झण्डै ९,००० घरधुरी सामुदायीक वनमा निर्भर रहेको देखिन्छ ।

*तालिका २० : सामुदायिक वन विवरण*

| वडा नं. | १, २ | ३ | ४ | ५ | ६ | ७, ८ | ९ | १० | ११ | १२ | १३ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक वन संख्या | ३ | १० | २ | ८ | ४ | १८ | ६ | ५ | ४ | १३ | ६ | ७९ |
| वनको क्षेत्रफल | ७.३३ | १३८ | ४०.३५ | २९४.६ | १५४.२ | ४२५.४ | २८७.२ | २२०.८ | ७५.५७ | २९८ | २५६.३ | २१९८ |
| घरधुरी संख्या | ३३८ | ४५८ | १२२ | १०९२ | ३७७ | २११२ | ११९५ | ८०८ | ५३४ | ११६५ | ७८७ | ८९८८ |


*स्रोतः सामुदायिक तथा कवुलियती वन समूहहरुको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन, आ. व. २०७३/०७४, जिल्ला वन कार्यालय, सिन्धुपाल्चोक*

### ३.९.२ कबुलियीत वन

हाल सम्म मेलम्ची नगरपालिकामा कूल १३७ हे. क्षेत्रफल जमीन भएको ३६ वटा कबुलियती वन हस्तान्तरण भैसकेको जिल्ला वन कार्यालयको तथ्याङ्कले देखाउछ ।

### ३.९.३ शिवपुरी राष्ट्रिय निकञ्ज

यस नगरपालिका क्षेत्रभित्र शिवपुरी राष्ट्रिय निकुञ्ज पनि पर्दछ । शिवपुरी राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा मेलम्ची नगरपालिकाको वडा नं. ३ का खलुपाखा सामुदायिक वन र नागपोखरी सामुदायिक वन लगायतका वनहरुका २४० हेक्टर वन क्षेत्र पर्दछ । निकुञ्जको सीमावर्ती क्षेत्रमा रहेका समस्याहरुलाई नपा र निकुञ्ज बीचको छलफलबाट समाधान गर्न सकिन्छ ।




*चित्र २२: शिवपुरी राष्ट्रिय निकुञ्ज क्षेत्र*

### ३.९.४ रुख, बिरुवा तथा जडिबुटी

मेलम्ची नगरपालिकामा साल, कटुस, चिलाउने, खोटे सल्ला, पाते सल्ला, गुराँस, सिमल, पैंयु, लाकुरी, सिरिस, उतिस, मसला, तेजपात, मौवा जस्ता रुखहरु पाइन्छ । फलफूलका रुखहरुमा यहाँ अमला, सुन्तला, जुनार, निबुवा, कागती, भोगटे, अम्बा, अनार, आँप, केरा, ऐसेलु, डुमरी, अमारो, पानी अमला, वयर, चिउरी, आरु, खुर्पानी,

आरुबखडा, जुनार, उखु, लिची, लप्सी आदि पाइन्छ । योसँगै कोइराले, निमारो, खनायो, इपिल, कुटमिरो, किम्बु, बडहर, पैंयु, खन्यु जस्ता डालेघाँस पनि यहाँ प्रसस्तै पाइन्छन् ।
सतुवा, वन करेलाको विया, मजिठो, कालादाना, नागवेली वाउदर, वज्रदन्ती, चुत्रो, लाम्पाते, ध्युकुमारी, काँचो पात, दातिवन, लौंठ सल्ला, सुगन्धबाल, चिराइतो, धसिङ्गे, कुरिलो, सतिवयार, नुनधिकी, गुराँस, लप्सी, बेल, थिङ्गे सल्ला, लोक्ता, अर्गेली, मजित्रो, सजिवन जस्ता जडिबुटीहरु यहाका जङ्गलमा भेट्न सकिन्छ ।

### ३.९.५ जीवजन्तु

मेलम्ची नगरपालिकामा शिवपुरी राष्ट्रिय निकुञ्जको केही भू-भाग परेको हुनाले यस क्षेत्रमा केही दुर्लभ जनावरहरु जस्तै कस्तुरी हरिण, बाघ, भालु, हिम चितुवा, जंगली कुकुर, घोरल, लङ्गुर आदि लगायत बाँदर, दुम्सी, न्याउरी मुसा, स्याल, वन बिरालो, सालक, मलसाप्रो, सर्प आदि पाइन्छन् भने चील, परेवा, भंगेरा, कालिज, कोइली, बकुला, मैना जस्ता पंक्षीहरु पाइन्छन् । यसैगरी मेलम्ची नगरपालिकाका नदीहरुमा ५ प्रजातिका लामो दुरी प्रवासी माछाहरु, ८ प्रजातिका मध्ये दुरी प्रवासी माछाहरु र ३३ प्रजातिका स्थानीय प्रवासी माछाहरु पाइन्छन् । साथै यहाँ ७ प्रजातिका दुर्लभ माछाहरु पाइन्छ । नदीको तीब्र अतिक्रमण अनियन्त्रित उत्खननले माछाको प्रजनन तथा संख्या वृद्धिमा ठूलो असर परिरहेकोले सो तर्फ ध्यान दिनु आश्यक देखिन्छ ।


### ३.९.६ फोहरमैला व्यवस्थापन

मेलम्ची नगरपालिका कार्यालयले हाल मेलम्चीको बजार क्षेत्रमा हप्तामा २ पटक फोहर उठाउने गरेको छ र फोहरमैला व्यवस्थापनका लागि १ जना चालक र १ जना सहयोगी गरि जम्मा २ जना कर्मचारीहरु परिचालन गरेको छ । मेलम्ची बजारबाट मात्रै हाल महिनामा ४० टन फोहर निस्किने गरेको र सो फोहरलाई धिताल बेंशी स्थित बगर क्षेत्रमा पुरेर किटनाशक औषधी माथिबाट छर्ने गरिएको छ । मेलम्ची नगरपालिका वडा नं. ११ स्थित बोकेरुम्टी भन्ने स्थान नजिक संभाव्य स्थानको पहिचान भएता पनि उक्त स्थानमा केही विवाद सिर्जना भएको कारण हाल मेलम्ची नगरपालिका अन्तर्गत मेलम्ची बजार क्षेत्रबाट संकलन भएका फोहरमैलाको व्यवस्थापन नगरपालिकाको धिताल बेंशी स्थित बगर क्षेत्रमा गरिएको हो । नगरपालिकाको कार्यालयले फोहर उठाउने कार्य निशुल्क गर्दै आएको छ ।

नगर क्षेत्र बाहेक अन्यत्र कतै पनि फोहर उठाउने व्यवस्था नभएका कारण अधिकांश घरधुरी (६३.४४% अर्थात ७५०६) ले मल बनाएर फोहरमैला व्यवस्थापन गर्ने देखियो भने जहाँ पायो त्यही फोहर फाल्ने घरधुरी न्यून रहेको छन् ।मेलम्ची क्षेत्र अधिकांश ग्रामीण परिवेशमा भएकोले पनि बजार क्षेत्र भन्दा अन्यत्रफोहरमैला व्यवस्थापन विद्यमान अवस्थामा त्यति चुनौती पूर्ण नभए तापनि शहरीकरणसँगै यो समस्या बढ्दै जाने संभावना छ । नेपाल सरकार शहरी विकास मन्त्रालय अन्तर्गत शहरी विकास तथा भवन निर्माण विभागले तयार गरेको व्यावसायिक योजना २०७१ ले नगर क्षेत्रलाई फोहरमैला व्यवस्थापनमा ७०% घरधुरीलाई फोहरमैला व्यवस्थापन सेवा उपलब्ध गराइनुपर्ने र ल्यान्डफिल साइटलाई जग्गा उपलब्ध भइ त्यसको विकास हुनुपर्ने कुराहरु प्रस्ताव गरेको छ ।



चित्र २३: धिताल बेशी स्थित डम्पिङ साइट




चित्र २४: फोहरमैला व्यावस्थापन तरिका

## ३.१० विपद व्यवस्थापन एवं जलवायु परिवर्तन

### ३.१०.१ मेलम्ची नगरपालिकामा २०७१ को विनाशकारी भूकम्पको क्षति विवरण

२०७१ मा गएको विनाशकारी भूकम्पमा मेलम्ची नगरपालिकामा ५०२ जनाको मृत्यु भयो र ४०७ जना घाइते भएका थिए भने १२,५६४ आवस इकाइमा क्षति पुगेको थियो। कूल ७५ विद्यालयका ७७६ कक्षा मध्ये ८८% अर्थत ६८३ कक्षाकोठाहरु तथा २०२ विद्यालयका शौचालय क्षतिग्रस्त भए। यसैगरी कूल १,३१२ भैंसी, १,४६६ गाई/गोरु, ४,२५८ खसी/बाखा/भेडा, १७९ सुंगर लगायत ८,३७४ अन्य चौपायाहरुको क्षति २०७१ को विनाशकारी भूकम्पमा भयो।मेलम्ची नगरपालिकाका २१ वटा विषयगत कार्यालय भवन मध्ये भूकम्पको कारण १४ वटा कार्यालय भवनहरु पूर्ण क्षतिग्रस्त भए, ४ वटा भवन जोखिम अवस्थामा पुगे, २ वटा भवन आंशिक क्षतिग्रस्त भए र जम्मा एउटा भवन (इलाका वन कार्यालय) मा मात्रै कुनै क्षति भएन। साथै ३ वटा झोलंगे पुल (तितेवगर झोलुंगे पुल, रामपाते झोलुंगे पुल, बाहुनेपाटी इन्द्रावती झोलुङ्गे पुल क्षतिग्रस्त भएका थिए।

*तालिका २१: भूकम्पका कारण गएको पहिरो तथा धांजा फाटेको ठाउँको विवरण*

| क्र.स | साविकका गा.वि.स | वडा नं | टोल गाउँ | पहिरो गएको ठाउँको स्थिति | प्रभावित घर परिवार संख्या |
|---|---|---|---|---|---|
| १ | दुवाचौर | ९ | खैरेवस्ती, घट्टेखोला | जमीन धांजा फाटेर वस्ती अन्यत्र सरेको | ४६ |
| २ | तारामाराङ्ग | १ | ढुंगाना वेसी | वस्ती माथीको भिर चिराचिरा परेकोलो बस्ती जोखिममा | २० |
| | | ४ | तल्लो गाउँ | माथिवाट पहिरो खसेको र धांजा फाटेको | ३० |
| | | ५ | भेलेवेसी, सिमखेत | धांजा फाटेर खेती गर्न नहुने भएको | |
| ३ | हैवुंग | ५ | द्धवारेटोल | वस्ती माथि पहिरो गएको | ५ |
| | | ८ | बोव्राङ्ग | वस्तीको ठाउँठाउँमा चिरा परेको र तलवाट पनी पहिरो गएको | ४४ |
| | | १३ | शिखरपुर २, सिम्ले | घर वरपर ठुलाठुला धांजा फाटेर जोखिम भई विस्थापीत | १० |
| ४ | मेलम्ची | | शिखरपुर २ फालामे | वरपर ठुलाठुला धांजा फाटेर जोखिममा | ११ |
| | | १ | वन कार्कि टोल | बस्ती मुनी पहिरोले १० घर वगाउने सम्भावना रहेको | १० |
| ५ | ज्यामीरे | ३ | अधिकारी र खड्का टोल | बस्तीको बीच बिचमा धांजा फाटेको | २३ |
| | | ४ | गिरीटोल | बस्ती मुनीको पहिरो धांजा फाटेर थप खतरा गोल्मे स्थानम बसोबास | १० |
| | | ५ | खर्कटोल | बस्ती भित्र धांजा फाटेको र पहिरो | ६० |
| | | ६ | रम्चे डाडाँ, रातमाटा, सुनखानी | बस्ती मुनी पहिरो वर्षा यामामा बग्ने | १५० |
| | | ७ | डप्लीङ्ग र धुले | बस्ती भित्र धांजा फाटेकोले वर्षायाममा पहिरो जान सक्ने | ८५ |
| | | ८ | गुप्ती टोल | बस्ती मुनी पहिरो हाल वढेको | १० |
| | | १ | राउत गाउँ | ठाउँठाउँमा धांजा फाटेको ७० मध्ये ३० घर जोखिममा | ७० |
| ६ | थकनी | २ | | ठाउँठाउँमा धांजा फाटेकोले गाउँ वस्ती उच्च जोखिममा र खेती गर्न कठिनाई ५० मध्ये २० घर विस्थापीत अन्य बाध्य भएर बसेको | ५० |

*तालिका २१ : भूकम्पका कारण गएको पहिरो तथा धांजा फाटेको ठाउँको विवरण*

| क्र.स | साविकका गा.वि.स | वडा नं | टोल गाउँ | पहिरो गएको ठाउँको स्थिति | प्रभावित घर परिवार संख्या |
|---|---|---|---|---|---|
| | | ३ | खनाल टोल | बस्ती माथी धांजा फाटेकोले पुन पहिरो जाने सम्भावना,खानेपानी ट्याकी र कुलो क्षति | १५ |
| | | ४ | | धांजा फाटेको सुख्खा पहिरो फराकीलो बारीमा बस्ने गरेको | १०० |
| | | ५ | | वस्ती माथी विधालय ठुलो ओखेनी चौर पुर्ण रुपामा धांजा फाटेको ट्यांकी क्षती | १०० |
| | | ६ | पाटीभञ्ज्याङ्ग | पहिरो आएको प्र.चौकी क्षति ५० घर विस्थापित | ५० |
| | | ७ | | धांजा फाटेको | ३५ |
| | | ८ | | धांज फाटेको पुरानो पहिरो थप बढेको | २१३ |
| | | ९ | | धांजा फाटेको | ११५ |

*स्रोत : जिल्ला भू-संरक्षण कार्यालय, सिन्धुपाल्चोक, २०७४*

भूकम्प पछि नगरपालिकाका थुप्रै स्थानमा धांजा फाटेको, चिरा परेको र जोखिमयुक्त स्थानहरु पहिचान गरिएता पनि उक्त स्थानहरु सुरक्षित बनाउन तथा असुरक्षित बस्तीहरुलाई पुर्नवास गर्न हालसम्म पहल भएको पाइएन । नगरपालिकाले तोकिएका स्थानहरुमा के कसरी सुरक्षा दिन सकिन्छ र त्यसको लागि के कसरी अगाडि बढ्ने भन्ने योजना बनाई तत्काल कदम चाल्नु पर्ने देखिन्छ । अन्यथा यस्ता स्थानले ठूलो समस्या ल्याउने देखिन्छ ।

भूकम्पमा मेलम्ची नगरपालिकाका धेरै मानविय क्षतिका साथसाथै थुप्रै घरहरु भग्नावशेषमा परिणत भए । यस राष्ट्रिय आपत्कालीनको घडीमा धेरै राष्ट्रिय, अन्तराष्ट्रिय, सरकारी तथा गैर सरकारी संस्थाहरुले कार्यक्रम संचालन गरी भूकम्प पीडितलाई उद्दार तथा राहत वितरण गरे । यही क्रममा राष्ट्रिय पुननिर्माण प्राधिकरण, धर्मुस सुन्तली फउनडेसन तथा नेपाल थाई एशोसिएसनले मेलम्ची नगरपालिकाका गिरानचौर, माझी गाउँ तथा सिग्देल गाउँमा एकीकृत नमुना बस्ती निर्माण गरी भू-कम्पका कारण विस्थापित भएकाहरुलाई आवास प्रदान गरिदिए ।

*तालिका २२ : एकीकृत नमूना बस्ती निर्माण*

| क्र.स. | एकीकृत नमूना बस्ती निर्माण गरिएको स्थान | वडा नं. | निर्मित आवस संख्या | निर्माण गर्ने संस्थाको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १ | गिरानचौर एकीकृत नमुना बस्ती | १२ | ६७ | धुर्मुस सुन्तली फाउनडेसन | कार्य सम्पन्न भै हाल भूकम्पबाट विस्थापित भएका परिवार बसोबास गर्दै |
| २ | गिरानचौर | १२ | ७० | राष्ट्रिय पुननिर्माण प्राधिकरण + चौधरी फाउन्डेसन | कार्य सम्पन्न भै हाल भूकम्पबाट विस्थापित भएका परिवार बसोबास गर्दै |
| ३ | माझी गाउँ | १० | ३६ | नेपाल थाई एशोसिएसन | कार्य सम्पन्न भै हाल भूकम्पबाट विस्थापित भएका परिवार बसोबास गर्दै |
| ४ | सिग्देल गाउँ | ६ | २४ | राष्ट्रिय पुननिर्माण प्राधिकरण + मेलम्ची न.पा. | समुदायको अगुवाईमा निर्माण कार्य जारी |

*तालिका २२: एकीकृत नमूना बस्ती निर्माण*

| क्र.स. | एकीकृत नमूना बस्ती निर्माण गरिएको स्थान | वडा नं. | निर्मित आवस संख्या | निर्माण गर्ने संस्थाको नाम | कैफियत |
|---|---|---|---|---|---|
| ५ | जरायोटार | ४ | २६ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण + मेलम्ची न.पा. | निर्माण कार्य जारी |
| ६ | थाक्ले | १२ | ३१ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण + OXFAM | निर्माण कार्य जारी एवं खानेपानी वितरणका लागि निर्माण कार्यक्रम हुँदै |
| ७ | स्याङताङ टोल | ३ | १० | समुदाय + मेलम्ची न.पा.को सहयोग | निर्माण कार्य सम्पन्न |
| ८ | वडा नं. ६ | ६ | १० | समुदायको अगुवाई + मेलम्ची न.पा.को सहयोग | निर्माण कार्य सम्पन्न |
| ९ | तिलगंगा आँखा अस्पताल | - | - | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण + मेलम्ची न.पा. + विभिन्न संघ संस्था | निर्माण कार्य जारी |

*स्रोत : राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, २०७५*

यसै गरी यस नगरपालिकामा जम्मा १३४३२ भूकम्प पीडित लाभग्राही मध्ये हाल ७२७६ लाभग्राहीले स्थायी आवास निर्माण सम्पन्न गरिसके भने ४७१३ लाभग्राहीहरुको आवास निर्माणधीन अवस्थामा छ र १४४३ लाभग्राहीहरुको स्थायी आवास निर्माण गर्न बाँकी रहेको देखिन्छ। साथै जम्मा १२६०७ भूकम्प पीडित लाभग्राहीले पहिलो किस्ता, १००५८ लाभग्राहीले दोस्रो किस्ता र ४३७० लाभग्राहीले तेस्रो किस्ता अनुदान हाल प्राप्त गरिसकेका अवस्था छ।

### ३.१०.२ प्राकृतिक रुपमा जोखिमयुक्त ठाँउहरु

ज्योतिष गाउँको माथिको ठूलो ढुंगाले गर्दा भने मुनिका ४-५ घरलाई जोखिम परेको छ। साथै शिखरपुर जाने बाटोमा पनि ठूलो ढुंगा हटाउन जरुरी देखिन्छ। मेलम्ची नगरपालिकाकाका पहिरो, भूक्षय, नदी कटान जस्ता प्राकृतिक जोखिमा रहेका स्थानहरुमा तल उल्लेख गरिएका छन्।

*तालिका २३: पहिरो, भू-क्षयबाट जोखिमयुक्त ठाउँहरु*


| वडा नं | पहिरो, भू–क्षयबाट जोखिमयुक्त ठाँउहरु | नदी कटानबाट जोखिम युक्त ठाँउहरु |
|---|---|---|
| १ | प्रधी टोल + मोक्तान टोल (४० घर), नेपाली टोल, भीमाल टोल, थापा टोल, पौडेलथोक, पुछार टोल, धापा चौर | |
| २ | डाँडाघरे टोल, पुछार टोल, खर्काधारा टोल, ओपीको पहिरो सुयलछाप, खाँद सुपलछाप | |
| ३ | दहपोखरी, बोब्राङ, द्वारेटोल, फागुडाडा, मझुवा, घ्लान टोल, फागु डाँडा | |
| ४ | पाटे भञ्ज्यांग (३०- ३५ घर र एउटा स्कुल), थकनि पहिरो (१५० घर), वत्सला मन्दिर, चण्डेश्वरी मन्दिर | |
| ५ | ढुंगेछाप सार्कीगाउँ (६० घर), गोलखाल्डा देवराली (५० घर र एउटा स्कुल) | |

*तालिका २३ : पहिरो, भू-क्षयबाट जोखिमयुक्त ठाउँहरु*

| वडा नं | पहिरो, भू–क्षयबाट जोखिमयुक्त ठाँउहरु | नदी कटानबाट जोखिम युक्त ठाँउहरु |
|---|---|---|
| ६ | कामीटोल, मगरटोल, दमाइटोल (साविका वडा नं. ५), नेपालगाउँ, निग्लिनी टोल, माझी टोल, दमाइ टोल (साविक वडा नं. ६), सिग्देल टोल, चाल्से टोल, कार्की टोल, घट्टेपाखा (भारती टोल), घट्टेपाखा, कामी टोल, रामदती टोल, देवीथान टोल, फलामी, जरायोटार, थकनीको पहिरोले गर्दा तालामाराङ बजार जोखिममा | मेलम्ची किनार, तालामाराङ किनार |
| ७ | जुडी (आगलागी), गैराबारी, जुकेधारा, तालामाराङ खोला धार्नामुनि भीर (आगलागी) | |
| ८ | खैरे (४६ घर), घट्टे खोला गैराघर, माझघर कल्चौर, छायाली टोल, तेर्से खोरिया, भीरकुना, रामदल टोल, ज्योति टोल | |
| ९ | बस्नेत टोल, खानीपैरा, दुवारे टोल, स्यांबो टोल | |
| १० | काफ्ले खोला, फलामे डाडा, फलामे वेशी फाँट, सहरे तल्लो फाँट, जुडी फाँट, साँदखोला बस्ती, सहरे खोला घट्टे फाँट, चप्लेटी फाँट, ठूलोसिम खड्का टोल, फडिकादेवी, शिखरपुर खनालटोल, पहिरावारी पहिरापारी, राख्से टोल (भूकम्प), पहिरे खोला, सानासिम पहिरे टोल, वेशी टोल, सिम्बारी खोल्सा, सिम्बारीदेखि गैरे टोल, सानासिम पहिरे खोला, साँधखोला | काभ्रे खोलादेखि बागमारा खोलासम्म (इन्द्रावती नदी), काफ्ले खोला सिस्नेघारीदेखि इन्द्रावती दोवान, सहरे खोला, खहरे खोला |
| ११ | दनुवार बस्ती, कठेरीदेखि स्कुल चोकसम्म, शिव मन्दिर- जागेश्वरी खोल्सा, कृष्ण मन्दिर- सार्के खोला, पुरानागाउँ बस्ती, कटुञ्जे चापागाई बस्ती, सार्की टोल, पाखिन टोल | पुरानो बजार, नुवार खोलादेखि डुडे खोलासम्म, जागेश्वरी खोल्साको बजार तथा बस्ती |
| १२ | गिरान्चौर- एकीकृत बस्तीको ब्लक बी, थाक्ले थामडाडा, बलेटार थाक्ले, गिरान्चौर नया बस्ती, खत्रीटोल बाँसबारी, माथिल्लो बाहुबिसे, देउराली टोल, चिलाउने वेशी, डाडाथोक माझीगाउँ | बाहुनेपाटीको पुरानो बस्ती |
| १३ | चण्डेश्वरी प्रा. वि. माथिका र तलको भाग बाटो छेउमा, फटकशीला मा. वि., छाप भञ्ज्याङ-ठाँटी हुँदै फटकेश्वरी सम्मको बाटो | इन्द्रावती नदीको किनार |

*स्रोत : वडागत भेला, २०७५, राष्ट्रिय पुनर्निमाण प्राधिकरण, २०७२*

राष्ट्रिय पुनर्निर्माण प्राधिरणले पहिचान गरेका जोखिमयुक्त ठाउँहरु मध्ये वडा नं. ६ का कार्कीटोल, कामीटोल र देवीथानटोल पहिरोको उच्च जोखिममा रहेकाले सो स्थानहरुलाई प्राथमिकतामा राखी सतह नाला व्यवस्थापन, ग्याबियन वाल निर्माण तथा अन्य उपयुक्त बायो-इन्जिनियरिङका विधिहरु अपनाई भू-स्थिरताको कार्यक्रम गर्नु पर्ने देखिन्छ ।




*चित्र २५ : नगरका विभिन्न विपद् संवेदनशील क्षेत्रहरु*

### ३.१०.३ विपद जोखिम पूर्व तयारीको स्थिति

प्राकृतिक प्रकोप सूचना दिएर आउँदैन । आकस्मिक र अनपेक्षित समयमा प्रकोप पर्न सक्छ । प्रकृतिक प्रकोप पूर्व जोखिमयुक्त स्थानहरुको पहिचान र सुरक्षित उपायहरुको अवलम्बन समयमा नै गर्नु नै उत्तम हुन्छ । पहिचान गरिएका स्थानहरुमा प्राथमिकताको आधारमा प्रतिरोधात्मक उपायहरु अवलम्बन गर्न ढिला गर्न नहुने देखिन्छ ।

स्काउट भएका विद्यालयहरुमा विपद व्यवस्थापनसम्बन्धी तालम दिइएकोछ । साथै नेपाली सेनाहरुले पनि प्रत्यक महिनामा २-३ वटा विद्यालयहरुमा विपद व्यवस्थापन सम्बन्धी तालीम दिने गरेको छ । नगरपालिका वडाहरुमा भने पूर्व अध्ययन बिना नै  एक बाकस मात्र विपद सम्बन्धी सामग्रीहरु उपलब्ध गराएको भएता पनि यो वैज्ञानिक रुपले अपर्याप्त छ । विपद व्यवस्थापनका लागि मेलम्ची नगरपालिकाका सेनासँग जम्मा १८० वटा पिक, १७५ वटा सावेल, ५ वटा हेल्मेट र २४ वटा वाटर प्रुफ ज्याकेट रहेको र यी सामग्रीहरु ठूला विपदका बेला उद्धार गर्न कार्यका लागि अपर्याप्त छन् ।

## ३.११ नगरको संस्थागत विवरण

स्थानीय निकाय स्थानीय तह भए लगतै नगरपालिका कार्यालय अन्तर्गत प्रशासान, पूर्वाधार विकास , जनस्वास्थ्य, कानून , शिक्षा युवा तथा खेलकूद, कृषि तथा पशु विकास, सामाजिक विकास, आर्थिक प्रशासन लगायतका विभिन्न शाखा रहेका छन् भने यी सबै शाखाहरुलाई प्रमुख प्रशासकीय अधिकृतद्वारा नियन्त्रण तथा निर्देशन गरिन्छ ।

हाल यस नगरपालिकाका कार्यालयको कूल दरबन्दी ७३ वटामा जम्मा ४३ वटा दरबन्दी मात्र पूर्ति भएको छ भने बाँकी ३० वटा दरबन्दी हाल सम्म पनि रिक्त नै रहेकोले कार्यालय संचालनमा कठिनाई भेलिरहनु पर्ने अवस्था रहेको छ । यसै गरी यस कार्यालयमा हाल १९ जना प्रविधिक, ३३ जना अप्राविधिक कार्यरत छन् । जम्मा कार्यरत ४३ जना कर्मचारी मध्ये २० जना कर्मचारी निजामति सेवा अन्तर्गत, ५ जना स्थानीय तह स्थायी तर्फका कर्मचारी र १८ जना अस्थायी तर्फ कर्मचारीहरु कार्यरत छन् । मेलम्ची नगरपालिकाको कार्यालय तर्फ कर्मचारी संगठन संरचनाको दरबन्दी विस्तृतमा यस योजनाको भाग १ मा उल्लेख गरिएको छ ।

यस नगरपालिकाका वडा नं. ३, ७, १० र ११ वडा कार्यालयका आफ्नै भवन छन्, वडा नं. १, २ र १३ वडा कार्यालयका भने भाडाको भवनबाट नै सेवाग्राहीलाई सेवा दिरहेका छने र वडा नं ४, ५, ६, ८, ९ र १२ वडाका वडा कार्यालयहरुले आफ्नो भवन भएका तर हाल अस्थायी (प्रिफ्याव) भवनमा सेवा उपलब्ध गराइरहेका छन् ।

कार्यालयको सहन तथा निविघ्न संचालनका लागि नगरपालिकाका उपयुक्त जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई संयोजक तथा सदस्य पदमा चयन गरी पूर्वाधार विकास समिति, आर्थिक विकास समिति, सामाजिक विकास समिति, संस्थागत विकास तथा सेवा प्रवाह समिति, वतावरण तथा विपद् व्यवस्थापन समिति, विधायन समिति, राजश्व परामर्श समिति, फोहरमैला व्यवस्थापन उप समिति, सार्वजानिक जग्गा संरक्षण समिति, NGO DESK समिति, पूनर्निर्माण उप समिति, श्रोत अनुगमन तथा बजेट सीमा निर्धारण समिति, न्यायिक समित र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन भै सकेका छन् । विषयगत समिति बारे विस्तृत विवरण भने अनुसूचीमा दिइएको छ । यस नगरपालिका अन्तर्गत ईलाका वन कार्यालाय, कृषि सेवा कार्यालय, पशु सेवा कार्यालय, आयुर्वेद स्वास्थ्य उपचार केन्द्र र प्राथमिक स्वस्थ्य केन्द्र संचालन भैरहेका छन् ।


साथै नेपालको संविधान, २०७२ र स्थानीय सरकार संचालन ऐन, २०७४ को अधिनमा रही मेलम्ची नगरसभा र नगर कार्यपालिकाबाट पारित भएको देहायका कानून तथा कार्यविधि अन्तर्गत रही नगरपालिकाले कार्य सम्पादन गर्दै आइरहेको छ ।

- मेलम्ची नगरपालिकाको आ.व. २०७५/७६ को आर्थिक ऐन, २०७५
- मेलम्ची नगरपालिकाको आ.व. २०७५/७६ को विनियोजन ऐन, २०७५
- मेलम्ची नगरपालिकाको सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५
- मेलम्ची नगरपालिकको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५
- न्यायिक समितिको कार्यविधिका सम्बन्धमाव्यवस्था गर्न बनेको ऐन, २०७५
- मेलम्ची नगरपालिकाको बजार अनुगमन ऐन, २०७५
- मेलम्ची शिक्षा ऐन, २०७५
- मेलम्ची नगरपालिकाको आर्थिक कार्यविधि नियमित गर्न बनेको ऐन, २०७५
- सम्पत्ति कर (कार्यविधि) ऐन, २०७५
- मेलम्ची नगरपालिकाको सार्वजनिक लिखत प्रमाणीकरण र प्रकाशत( कार्यविधि) ऐन, २०७५
- अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम संचालन ऐन, २०७५
- व्यवसाय दर्ता ऐन, २०७५
- मेलम्ची नगरपालिकाको कार्यसम्पादन नियमावली, २०७५ (संशोधित)
- मेलम्ची नगरपालिकाको कार्य विभाजन नियमावली, २०७५ (संशोधित)

- नगर सभा संचालन नियमावली, २०७४
- ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७४
- मेलम्ची नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५
- "घ" वर्गको निर्माण व्यवसाय इजाजत-पत्र सम्बन्धी कार्यविधि, २०७४
- पर्यटन विकास कोष संचालन कार्यविधि, २०७४
- कृषि विकास कोष संचालन कार्यविधि, २०७४
- मेलम्ची नगरपालिकाको ब्याकहो लोडर सञ्चालनसम्बन्धी कार्यविधि, २०७५
- मेलम्ची नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५

### ३.११.१ नगरपालिकामा भएका बैंकहरु

नेपाल बैंक लि., सिभिल बैंक लि., कृषि विकास बैंक लि., सिन्धु विकास बैंक, देव विकास बैंक मेलम्चीका ५ बैंकहरुमा जम्मा ३८९८८ ग्राहकहरुका खाता संचालनमा छ जसमध्ये २५४७ ग्राहकहरुले ऋण लिएका छन् । गत आ. व. यी बैंकहरुबाट मात्र लगभग ३७ करोड ९५ लाखको विप्रेषण मेलम्चीमा भित्रियो ।




*चित्र २६ : बैंकहरुका लगानी विवरण*

२०७१ को भूकम्प पश्चात बैंकहरुमा विप्रेषणमा उल्लेखनीय गिरावत आएता पनि हाल भने विप्रेषणको संख्या क्रमश बढ्दै गएको छ । बैंकहरुको प्रमुख लगानी कृषि, व्यापार, घरकर्जा जस्ता क्षेत्रमा बढी देखियो । मेलम्ची नगरपालिकामा हाल कृषि विकास बैंकले पहिलो ए. टि. एम्. सेवा उपलब्ध गराउने प्रयासमा रहेको छ ।

बैंकहरुका शाखा कार्यालयहरु मेलम्ची बजारमा मात्रै केन्द्रित भएकोले टाढाका सेवाग्राहीहरु बैंकसम्म पुग्न निकै अप्ठ्यारो हुने समस्या रहेको छ। यो समस्यालाई संबोधन गर्न cashless transaction प्रणालीमा लैजान मोबाइल बैंकिङ तथा इन्टर्नेट बैंकिङको सुविधा उपलब्ध गराउनु पर्ने देखिन्छ। बैंकिङ सेवामा इन्टर्नेट तथा विद्युतको समस्या भै रहने हुनाले यी समस्याहरुलाई पनि संबोधन हुनु पर्ने देखिन्छ । यातायातको असजताको कारण बैंकहरु सम्म रकम ल्याउन निकै समस्या भएकोले बैंकिङ कारोबारको सहजताको लागि पनि सडकको स्तरोन्नति हुनु पर्ने देखिन्छ ।

### ३.११.२ गैर सरकारी संघ संस्था

सुहारा कार्यक्रम, महिला आत्म निर्भरता केन्द्र मेलम्ची, टुकीसंघ सुनकोशी, महिला विकास केन्द्र नेपाल, Child Nepal, Csrc, Action Autonomy Nepal, TPO Nepal, CARE Nepal, Helvetas Nepal, One Heart, Rest Nepal, CDECF, Transparency International Nepal, CNepal सामाजिक उत्थान कार्यक्रम संचालन समिति, विकासका लागि एकता, प्रकृतिक स्रोत द्धन्द्ध रुपान्तरण केन्द्र नेपाल, कारितास नेपाल, शक्ति समूह, राष्ट्रिय निर्माण मञ्च नेपाल, वीवीपी परिवार जस्ता गैर सरकारी संघ संस्थाहरुले आ-आफ्नो कार्य क्षत्र अन्तर्गत आ. व. २०७५/०७६ मा कूल बजेट रु. ७१७,३२५,६४०/- का कार्यक्रमहरु संचालन गरि रहेका छन् ।

थुप्रै गैर सरकारी संस्थाहरुले काम गरेता पनि उपलब्धि एकीकृत गर्न नसक्दा खासै प्रभाव नदेखिने भएकोले यस्ता गैससलाई नगरपालिकाले एकद्वार प्रणालीमा लगानी गर्ने वातावरण बनाउनु पर्दछ । पूर्वयोजना विना अनावश्यक

क्षेत्रमा लगानी गराउन नियन्त्रण गर्न नगरपालिकाले आवश्यक खाका तयार गरी आफ्ना योजनामा लगानी गराउने नीति ल्याउन सके मात्र उपलब्धि संस्थागत बन्ने देखिन्छ।

### ३.११.३ गुठी

मेलम्ची नगरपालिकामा धेरै पुराना मठ मन्दिरहरु भएकाले यी मठमन्दिरको तथा पुराना परम्पराको संरक्षण गर्न हिन्दु धर्म मान्ने मानिसहरुले थुप्रै गुठीहरु गठन गरी धर्म, संस्कृति, परम्परा, मान्यता, विश्वास, रीतिरिवाजको संरक्षण गर्दै भावी पुस्तालाई यी परम्पराहरु हस्तान्तरण गर्दै आइरहेका छन्। वडा नं. १ र २ मा एउटा गुठी छ भने वडा नं. ५ मा ३ वटा गुठी छन् भने वडा नं. ८ मा एउटा, ९ मा ५ वटा, १० मा एउटा, ११ मा तीन वटा र १३ मा ४ वटा गुठीहरु छन्।


नगरपालिकाले आफ्नो क्षेत्रमा रहेका गुठीहरुको व्यवस्थापन गर्न जरुरी छ। गुठीको व्यवस्थापनबाट सम्बन्धित धार्मिक स्थलको नियमित संरक्षण हुने र यसले संस्कृति रीतिरिवाजमा निरन्तरता, पर्यटक आकर्षण हुने देखिन्छ।

### ३.११.४ सहकारी संस्था

मेलम्ची नगरपालिकामा हाल ३८ बचत तथा ऋण सहकारी संस्था, ४४ कृषि सहकारी संस्था, २५ दुग्ध सहकारी संस्था, ६ बहुउद्देश्य सहकारी संस्था, ३ उपभोक्ता सहकारी संस्था र २ कफी सहकारी संस्था गरि जम्मा ११८ सहकारी संस्थाहरु दर्ता भएका छन्।

### ३.११.५ टोल विकास संस्था

हाल यस नगरपालिकामा २५ देखि १५० घरधुरी समेटेर सबै वडाहरुमा टोल विकास संस्था गठन हुने कार्य भैरहेको छ। कार्यविधि तथा निर्देशिका भने बन्ने प्रकृयामा रहेको छ। बार्षिक योजना तर्जुमा टोल विकास संस्था मार्फत गराउने योजना बन्दै गरेको अवस्था छ।




*चित्र २७: नगर क्षेत्रमा कार्यालयहरुको वितरण*

# ४ नगर भित्र विद्यमान समस्या तथा संभावना विश्लेषण

मेलम्ची नगरपालिकाका अधिकांश वडाहरु ग्रामीण परिवेशका, सडक संजालले भर्खरै मात्र जोडिएका, सडकहरुको अवस्था कमजोर, खानेपानी तथा सिंचाईका स-साना र टुक्रे योजनाहरु, कृषि तथा वन्यजन्य उत्पादनको प्रशोधनको संभावनाको अध्ययन र सो अनुसार उद्योगहरुको स्थापना नभएको, निर्वाहमुखी कृषि प्रणाली, सचेतनाको कमी, गुणस्तरीय शिक्षा, स्वास्थ्यको पहुँच कमजोर, व्यवस्थित र दीर्घकालीन सोंचका साथ विकास निर्माणका कार्यहरु अघि नबढेको, बजेटको मुख्य भाग स-साना, टुक्रे योजनामा छरिएको र मर्मत संभार मै बार्षिक बजेट खेर गईरहेको अवस्था छ।अधिकाँश वडाहरुमा नगरमा हुनुपर्ने पूर्वाधारहरुको विकास कार्य नै थालनी भएका छैन्। विषयगत रुपमा हेर्दा नगरपालिकाभित्र रहेका समस्या तथा सवालहरु निम्न अनुसार छन्।

## ४.१ समस्या तथा सवालहरु

### ४.१.१ भौतिक पूर्वाधार क्षेत्र

**सडक तथा यातायात**

मेलम्ची नगरपालिकाका अधिकांश सडकहरु अस्थाई, धुले, कच्ची र १२ महिना यातायातका साधनहरु संचालन हुन नसक्ने अवस्थाका छन्। यसैगरी कतिपय बस्ती तथा खेती योग्य फाँटहरुमा मोटरबाटो पुग्न नसकेकोले नगरबासीहरुलाई यातायात सेवा तथा कृषि उपजहरु ढुवानी गर्नमा समस्या परिरहेको छ। नगरपालिकाले नगरस्तरिय सडक, रिङ्ग रोड निर्माण गर्ने अवधारणा लिएको छ। त्यसक्रममा सडकको चौढाइ (ROW) पटक पटक फरक निर्धारण गर्दा बनिसकेका र बन्न गइरहेका संरचनाहरुलाई समस्या परिरहेको छ। त्यसैले सडक सञ्जाल सम्बन्धी दीर्घकालीन योजना बनाई अगाडि बढ्न आवश्यक देखिन्छ। यसैगरी, चालू अवस्थामा रहेका अधिकांश झोलुङ्गे तथा मोटर पुलहरु मर्मत संभारको कमीले दिनानुदिन कमजोर बन्दै गइरहेका छन्।

नगरपालिकाका प्रमुख सडकहरुमा मात्र सार्वजनिक यातायातको सुविधा छ। धेरैजसो बस्तीहरु सार्वजनिक यातायातको पहुँचबाट टाढा छन् भने नियमित र सुविधाजनक सार्वजनिक यातायातको उपलब्धता परिकल्पना भन्दा बाहिरको कुरा हो। वर्षायामको समयमा भने अधिकांश सडकहरुमा यातायात चल्न सक्दैनन् र सो समयको अवागमन निकै कस्टकर हुने गर्दछ। नगरपालिकाको मूल सडकहरुमा यात्रु चढ्ने र ओर्लन चोक तथा यात्रु प्रतिक्षालयको सुविधाहरु उपलब्ध छैनन्। वर्षा याममा वडा स्तरमा उत्पादन हुने कृषि उपजहरु बजारसम्म आईपुग्न (यातायात अवरुद्ध हुने भएकोले) नसकि खेर गई रहेका छन् भने गर्भवती महिला, बालबालिका, बृद्धबृद्धा, विरामीहरुलाई स्वास्थ्य सेवा लिनको लागि केन्द्रसम्म पुग्न साह्रै कठिनाई हुने गरेको छ। कम्तीमा वडा केन्द्रसम्म पुग्ने मुख्य सडक नियमित सुचारु हुने गरी निर्माण गरिनु मुख्य आवश्यकता देखिन्छ।

**खानेपानी**

नगरपालिकाको एक घर एक धाराको अवधारणा पूरा गर्न सकिएको छैन। पानीको स्रोत प्रसस्त भएता पनि उचित व्यवस्थापन र वितरण नभएकोले अधिकांश ठाउँहरुमा खानेपानीको अभाव छ। प्रयोगमा आइरहेका कतिपय मूल भूकम्प पश्चात् सुकेका छन् भने कति मूलहरु अन्यन्त्र सरेको छ। त्यसैगरी, हिउँदको समयमा मूलहरु सुक्ने र बर्षामा परेको पानीको व्यवस्थित निकास नभएकोले मूलमा छिर्ने समस्या छ।

यसैगरी थुप्रै स-साना खानेपानी आयोजनाको कारणले पनि समस्या निम्त्याइरहेको छ। खानेपानीको उचित वितरणको लागि भएका स्रोत/मूलहरु संरक्षण गरेर एकीकृत खानेपानी आयोजनाको विकास गर्न पहल नहुनु दुखद छ। खानेपानीका स्रोतहरुको संरक्षण र टुक्रे खानेपानी आयोजनाहरुलाई एकीकृत गरी ठूला र व्यवस्थित खानेपानी आयोजनाहरुको संचालन गरिनु पर्दछ। यसले मात्र दिगो खानेपानीको व्यवस्थापन र खर्चमा मितव्ययिता आउने देखिन्छ।

### ढल निकास

ढल निकासको समस्या बजार क्षेत्रमा मात्र देखिए पनि अन्य क्षेत्रहरुमा बस्ती विकासको क्रममा महशुस हुँदै जानेछन् । अहिले घरहरुमा सेप्टिक ट्यांकीबाट ढल व्यवस्थापन भइरहेको छ तर कतिपयले पानी धेरै परेको बेलामा बाढीसंगै ढललाई खोलामा बगाइदिने गरेका छन् । बजार क्षेत्रका साथै सबै आवास क्षेत्र तथा ग्रामीण बस्तीहरुमा ढल निकासको उचित व्यवस्थापन आवश्यक छ । नगरपालिकाका मुख्य बजार केन्द्रहरुमा ढलको व्यवस्थापन र ढलबाट निस्कने पानीको उपचार पश्चात् मात्र खोला, नदीमा मिसाउने व्यवस्था मिलाउन जरुरी छ ।

### सिंचाई

सिंचाई कुलोहरु अव्यवस्थित र अस्थायी भएकाले पर्याप्त मात्रामा पानी पुग्न सकिएको छैन । नगरपालिका क्षेत्रमा उपलब्ध स्रोतको उपयोग नभएकोले सिंचाईको लागि स्थानीयबासीहरु आकाशे पानीको भर पर्नुपरेको छ । कूल खेती योग्य जमीन मध्ये ४२ प्रतिशतमा खेती गरिएकोमा त्यसको १८ प्रतिशत जमीनमा मात्र सिंचाई सुविधा उपलब्ध छ भने २४ प्रतिशत जमीन आकाशे पानीको भरमा छ । कृषिमा व्यवसायीकरण गरी कृषि उत्पादन बृद्धि गर्नको लागि खेती योग्य सबै जमिन (६२ प्रतिशत) मा सिंचाई सुविधा उपलब्ध हुने गरी योजना तर्जुमा र कार्यान्वयन गरिनु पर्दछ ।

### भू-उपयोग

भूमि विकासको लागि एक महत्वपूर्ण स्रोत भएता पनि जनसंख्या वृद्धि र शहरीकरणले गर्दा पर्याप्त हुनसकेको छैन । भू-उपयोग योजनाले भूमिको उचित उपयोग तथा व्यवस्थापन र भविष्यमा भूमिको उपयोगलाई निर्धारण गर्न सहयोग गर्छ । यस्तो योजनाको अभावमा नगरपालिकाले अव्यवस्थित भू-उपयोगलाई नियन्त्रण गर्न कठिन हुन्छ । त्यस स्थानमा हुने विभिन्न सामाजिक तथा आर्थिक गतिविधिहरु जस्तैः खेती, आवास, उद्योग आदिको आधारमा भू-उपयोग निर्धारण गरिन्छ ।

नेपालमा भूमिको व्यवस्थापनको लागि उपयुक्त नीतिको अभाव छ । विभिन्न प्रयासहरु गरिए पनि अपेक्षित सकरात्मक प्रभाव देखिएको छैन । त्यसैगरी, मेलम्ची नगरपालिकाले आफ्नो भू-उपयोग योजना नबनाएकोले शहरी क्षेत्रमा अव्यवस्थित बसोबास र ग्रामीण क्षेत्रमा कृषियोग्य भूमि तथा वनक्षेत्रको अतिक्रमण भइरहेको छ ।
मेलम्ची नगरपालिकाले बृहत अध्ययन गरी भू-उपयोग नीति बनाउनु जरुरी छ । यसै नीतिको आधारमा तोकिएका क्षेत्रहरुलाई कृषि पकेट क्षेत्र निर्धारण गरी सिंचाई सुविधा उपलब्ध गराईनु पर्दछ । भू-उपयोग नीति विना गरिएको विकास  भविष्यमा अनावश्यक हुन सक्छ ।

### जलविद्युत

नगरपालिकाको ९० प्रतिशत घरधुरीमा विद्युतीकरण भएको छ । विद्युतीकरणलाई व्यवस्थित र सुरक्षित बनाउन नसकिएकोले विभिन्न समस्या निम्तिरहेको छ । नगरपालिकाभित्र रहेको ३० प्रतिशत विद्युत काठे पोलहरु हटाएर स्थायी पोलहरु राख्न आवश्यक छ भने गैरकानूनी रुपमा भइरहेको विद्युत चोरी (३० देखि ३५ प्रतिशत) लाई रोक्न अत्यन्तै जरुरी देखिन्छ । बिजुलीको तारहरु व्यवस्थित रुपमा नलगाएकोले तथा हाइ टेनसन लाइनहरु बस्ती तथा आवास क्षेत्रमाथिबाट लगेकोले बस्तीहरु जोखिममा परेका छन् । Single Circuit Feeder द्वारा बिजुली वितरण भैरहेकाले अगाडिका लाइनमा समस्या आएमा पछाडिका सबै लाइनहरुमा समस्या हुने गरेको छ । हालको वितरण प्रणालीले उद्योग धन्दा संचालनको लागि समस्या हुने देखिन्छ । नगरपालिकाभित्र संचालन गर्न सकिने नयाँ माइक्रो हाइड्रोको सम्भावनाको अध्ययन गरिएको छैन । यसैगरी,  वडा नं ११ मा इन्द्रावती क्ष्ख जलविद्युतको काम सुरुङ खन्दै गर्दा रोकिएको छ ।

### आवास क्षेत्र तथा बस्ती विकास

मेलम्ची नगरपालिकामा पनि अन्य स्थानहरुमा जस्तै अव्यवस्थित बस्ती विकास भैरहेको छ । शहरीकरणको क्रम बढ्दो भएकोले यस्तो प्रवृतिको विकासलाई नियन्त्रण गर्न आवश्यक छ । मेलम्ची नगरपालिकाभित्र बस्ती विकास गर्न सम्भाव्य स्थानहरु धेरै छन् । बस्ती विकासको लागि Right of Way (ROW) निश्चित नभएकोले फरक फरक

ROW को कुरा आइरहेकोले बनिसकेका र बन्न गइरहेका संरचनाहरुलाई समस्या परिरहेको छ । सार्वजनिक जग्गा माथि अतिक्रमण तथा कव्जा गर्ने प्रवृत्ति बढ्दो क्रममा छ । भू-उपयोग नीतिको अभावले बस्ती विकासको क्रम अनियन्त्रित र अव्यवस्थित रुपमा जतासुकै भईरहेको छ । बस्ती विकासका संभाव्य क्षेत्रहरुको पहिचान गरी सो क्षेत्रभन्दा बाहिर बस्ती विकासलाई नियन्त्रण गर्नु पर्दछ । सुरक्षित आवास र नियोजित बस्ती विकासको लागि चाँडै पहल गर्नु जरुरी देखिन्छ ।

### ४.१.२ सामाजिक क्षेत्र

**शिक्षा**

मेलम्ची नगरपालिकामा विभिन्न कारणले गुणस्तरीय शिक्षाको अभाव छ । विद्यालयहरुमा भौतिक पूर्वाधार जस्तै: विद्यालय भवन, कक्षाकोठा तथा घेराबार, विज्ञान ल्याब, कम्प्यूटर ल्याब, खेलमैदान, छात्रवास, पुस्तकालय, शौचालय, खानेपानी, शैक्षिक सामग्रीहरुको अभावले गुणस्तरिय शिक्षामा बाधा पुऱ्याइरहेको छ । धेरैजसो विद्यालयमा शिक्षक दरबन्दी कम भएकोले निजी श्रोतबाट शिक्षक राख्नु पर्ने अवस्था श्रृजना भएको छ भने वडा नं १ मा विद्यालयको संख्या बढी अथवा त्यहाँ रहेका विद्यालयमा विद्यार्थी संख्या कम रहेको छ । शिक्षकहरु नियमित नहुनु तथा विषयगत शिक्षकको अभावले पनि समस्या निम्त्याइरहेको छ । सरकारी विद्यालयलाई तथा निजी विद्यालयबीच पठन पाठन तथा शैक्षिक गुणस्तरमा ठूलो भिन्नता देखिन्छ ।

यसैगरी, कतिपय वडाहरुमा विद्यार्थीले विद्यालय छाड्ने दर पनि उच्च छ । विद्यालय पोषण/ खाजा कार्यक्रम राम्रोसंग सञ्चालनमा नआएकोले विद्यार्थी नियमित हुने गरेका छैनन् । गरिब तथा जेहेनदार विद्यार्थीलाई छात्रवृत्तिको प्रावधान नभएकोले पनि विद्यालय छाड्न् दर बढ्दो छ । मेलम्ची नगरपालिकाका कतिपय बस्तीहरुमा अभिभावकमा नै शिक्षाको सचेतना कम देखिन्छ । यसैगरी, आधुनिक शैक्षिक प्रणाली, व्यवसायिक तथा व्यवहारिक शिक्षाको पनि अभाव छ ।

बाल विकास केन्द्र/बाल कक्षाको आवश्यकता हरेक टोलमा देखिन्छ भने उच्च शिक्षाको अवसर नभएकोले विद्यार्थीहरु नगरपालिकाबाट बाहिर जान बाध्य भएका छन् । वडा नं ४ मा थकनीको माथिल्लो भेगका विद्यार्थीहरुलाई माध्यामिक विद्यालय जानको लागि बाटो टाढा पर्ने भएकोले निकै अप्ठ्यारोमा छन् । निजी विद्यायहरुमा प्रति नगरबासीको मोह बढ्दो छ । सार्वजनिक विद्यालयमा भएको लगानी अनुसारको शिक्षा प्रदान गर्न नमुना विद्यालय, उत्कृष्ट विद्यालय, उत्कृष्ट शिक्षकलाई पुरस्कृत र लापरबाही गर्ने विद्यालय, शिक्षकहरुलाई कारवाही गर्न सकिएको छैन । सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि अनुगमन प्रणालीको विकास गरिएको छैन् ।विद्यालयस्तर देखि नै प्राविधिक शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्नको लागि सबै माध्यामिक विद्यालयहरुमा प्राविधिक, व्यवहारिक शिक्षाको आवश्यकता रहेको छ । बाल मैत्री विद्यालय, गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि समुदाय, अभिभावक, शिक्षक र नगरपालिकाले धेरै काम गर्न बाँकी रहेको छ ।मेलम्ची नगरक्षेत्रमा एक पोलिटेक्निकल संस्थाको स्थापना र संचालन गरिनु आवश्यक देखिन्छ । मेलम्चीलाई शैक्षिक केन्द्रको रुपमा विकास गर्न सकिने प्रसस्त आधारहरु रहेका छन् ।

**खेलकुद**

मेलम्ची नगरपालिकाले खेलकुदलाई महत्वपूर्ण विषयभित्र समावेश गरेतापनि लागानीको हिसावले प्राथमिकताको विषय बनिसकेको छैन । स्थानीय बासीहरुलाई खेलकुदको महत्वबारे चेतना कमी छ । खेल मैदानको लागि प्रशस्त ठाउँ भएता पनि धेरैजसो स्थानमा वडास्तरीय खेल मैदान नै छैन भने भएका खेलमैदानहरु पनि व्यवस्थित रुपमा सञ्चालनमा आइसकेको छैन । अन्तर्राष्ट्रिय स्तरमा खेलकुदमा समेत जीत हासिल गरीसकेका खेलाडीहरुको सम्मान, हौसला बढाउने र उनीहरुको विवरण तयार गर्ने गरिएको छैन् । खेलकुदलाई स्वास्थ्य र राष्ट्रिय सम्मानको विषयको रुपमा लिने वातावरण सृजना भएको छैन । खेल मैदान, खेल सामग्री, प्रशिक्षकको अभावले विद्यालय स्तरबाटै हुनु पर्ने खेलकुदको विकास हुन सकेको छैन । नगरपालिकाको जनसंख्या अनुसार एक रंगशाला र कभर्डहल निर्माण हुनु पर्नेमा हालसम्म कुनै पहल गरिएको छैन् । मेलम्ची नगरपालिकामा क्षेत्रीयस्तरको खेल मैदान निर्माण हुनु जरुरी देखिन्छ ।

**स्वास्थ्य सेवा**

मेलम्ची नगरपालिका स्वास्थ्य सेवामा पनि कमजोर देखिन्छ । मेलम्ची बजारमा एकमात्र प्राथमिक स्वास्थ्य केन्द्र तथा अस्पताल (निजी) छ भने वडा नं ८ र २ मा स्वास्थ्य चौकी समेत छैन । वडा नं ८ र २ मा स्वास्थ्यसम्बनेध केही पूर्वाधार नभएकोले सामान्य सेवाको लागि पनि अन्य वडामा जानुपर्ने बाध्यता छ । वडा नं ३, ५, ६, ७, ९ र १० मा स्थायी स्वास्थ्य चौकी भवन छैन भने वडा नं ४ मा निर्माणाधनी स्वास्थ्य चौकी भवन पूरा नभएर गुणस्तरीय सेवा दिन समस्या परिरहेको छ । यसैगरी, अधिकांश स्वास्थ्य चौकीमा पर्याप्त भौतिक पूर्वाधार, औषधी, एम्बुलेन्स, दक्ष चिकित्सक/डाक्टर, आधुनिक प्रणाली र गाउँघर क्लिनिक/खोप केन्द्रको लागि भवनको अभाव छ । यसैगरी, स्वास्थ्य चौकीहरुमा स्वस्थ्यकर्मीहरुको दरबन्दी अनुसार जनशक्ति पुगेको छैन । त्यसैगरी, धैरैजसो वडामा birthing center छैन भने भएका केन्द्रहरु पनि व्यवस्थित छैनन् र उपकरणको अभाव छ । नगरबासीले भएका birthing center पनि पूर्ण रुपमा उपयोग गरिरहेका छैनन् । स्वास्थ्य संस्थाहरुले नगरबासीको विस्वास जित्न सकेका छैनन् ।

स्वास्थ्य स्वयं-सेविकाहरुले विभिन्न प्रकारको सेवाहरु उपलब्ध गरिरहेका हुन्छन् तर सेवा अनुसार उपयुक्त पारिश्रमिक पाइरहेका छैनन् । सबैजसो टोल विकास संस्थाहरुको गठन भइसकेकोले स्वास्थ्य चौकीले गाउँघर क्लिनिक/खोप केन्द्रको लागि टोल विकास संस्थासँग काम गर्ने प्रणाली विकास गर्न आवश्यक छ । मानिसहरुमा स्वास्थ्य तथा सरसफाइ सम्बन्धी जनचेतनाको अभाव छ । मेलम्ची र आसपासका छिमेकी गाउँपालिकाको स्थिति हेर्दा मेलम्ची नगरक्षेत्रमा एक सुविधा सम्पन्न सरकारी अस्पतालको निर्माण हुन पर्ने देखिन्छ । नगर क्षेत्रका मानिसहरु उपचारको लागि अन्यत्र जानु पर्ने बाध्यता छ ।

**बालबालिका**

बालबालिका देशका कर्णधार भएता पनि देशको पुर्नसंरचनासंगै बालबालिकालाई प्राथमिकतामा पारेर बनाइएका कार्यक्रमहरु हराएका छन् । नगरपालिकाभित्र रहेका बालबालिकामा बालश्रम र विद्यालय छाड्ने दर अत्याधिक छ भने बालविवाह पनि केही मात्रामा छ । यसैगरी, बालबालिकाहरुमा पोषणयुक्त खाद्यान्नको अभाव र विद्यालयमा खाजाको व्यवस्था नहुनु समस्याको रुपमा देखिन्छ । यसैगरी, संरक्षण विहिन तथा अपांग/विशेष बालबालिकाका लागि शिक्षा, उपचार, खाद्यान्न र आवश्यक सामग्रीको पहुँच व्यवस्था मिलाउन अत्यन्तै जरुरी छ । बालबालिकालाई शिक्षामा प्रोत्साहन गर्नको लागि गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिका प्रावधान धेरै कम छ । बालबालिकाको लागि बालमैत्री पूर्वाधार र मनोरञ्जनको लागि बाल उद्यानहरुको व्यवस्था पनि छैन ।नगरपालिका क्षेत्रमा बाल सुधार गृह नभएकोले सुधारको आवश्यकता भएका बालबालिका झनै विग्रने खतरा छ । सबै टोलहरुमा बाल कक्षा, बाल हेरचाह केन्द्र नभएकोले बाल विकासमा अवरोध आइरहेको छ ।

**आदिवासी, जनजाति, उपेक्षित वर्ग**

आदिवासी, जनजातिको आफ्नै भाषा, कला र संस्कृति हुन्छ । त्यसको संरक्षण गर्नका लागि यस्तो कला, संस्कृति झल्काउने कार्यक्रम सञ्चालन गरेमा पर्यटन प्रवर्द्धनलाई समेत टेवा पुग्ने छ । यसैगरी, जातिय भाषाको विकास गरी शिक्षा पनि प्रदान गर्न आवश्यक छ ।

आदिवासी, जनजाति, उपेक्षित वर्गमा व्यवसायिक सीपको कमीले गर्दा आर्थिक सशक्तिकरण भइरहेको छैन र निर्णय प्रक्रियाबाट पनि बञ्चित भइरहेका छन् । गुणस्तरीय शिक्षाको पहुँच नहुनु, खाद्य सुरक्षा नहुनु, अत्याधिक मद्यपान सेवन, चेतनाको अभाव र जातिय विभेद यी वर्गका प्रमुख समस्याहरु हुन् । जातीय विभेदका साथै अन्तर जातीय विभेद पनि ठूलो समस्याको रुपमा आइरहेको छ । यसैगरी, स्वास्थ्य समस्या भएमा अथवा रोग लागेमा उपचार गर्न नसक्ने भएर यस्ता वर्गहरु पछाडि परिरहेका छन् । सम्बन्धित वर्गले आफ्नो व्यवसायको व्यवस्थित प्रर्वद्धन गर्न नसक्नु जस्तैः दमाईले आफ्नो लुगा सिलाउने व्यवसायलाई व्यवसायिक रुपमा लैजान नसक्नु पनि एउटा समस्या हो । वडा नं ५ मा यस्तै वर्गले सञ्चालन गरिरहेको छाला उद्योग व्यवस्थित रुपमा सञ्चालन गर्न नसकिएकोले त्यसबाट निस्किएको फोहरलाई प्रशोधन गर्न सकिएको छैन । परम्परागत पेशाहरुको आधुनिकीकरण र व्यवसायीकरण तर्फ नसोचिएकोले बजारमा प्रतिस्पर्धा गर्न नसकि विलयको स्थितिमा गईरहेका छन् ।

### महिला सशक्तिकरण

महिलाहरुलाई जिम्मेवारीको बोझ बढी हुने भएकोले अन्य कार्यमा सहभागिता न्यून हुने गरेको छ । यसैगरी, महिलाहरुमा शिक्षा र चेतनाको अभावका कारण नेतृत्वको कमी र निर्णय प्रक्रियामा सामेल हुनसक्ने सीपको विकास भएको छैन । व्यवसायिक सीपको अभावले आर्थिक सशक्तिकरण हुन सकेको छैन भने महिलाहरुमा सम्पत्तिको अधिकार पनि धेरै कम छ । बालबालिकालाई जस्तै देशको पुर्नसंरचनापछि महिलाहरुलाई लक्षित कार्यक्रमहरु पनि हराएका छन् । यसैगरी, एकल महिलाहरुले बालबालिकाको संरक्षण गर्ने ठूलो चुनौती हो ।

महिलाहरु लैङ्गिक विभेद, घरेलु हिंसाका साथै अन्तर-महिला हिंसाबाट पनि त्यति नै पीडित छन् । यस्तो विभेदलाई अन्त्य गर्न जनचेतनामूलक कार्यक्रमका साथै समय-समयमा व्यवहार परिवर्तनको अभ्यास गराउन पनि आवश्यक छ । स्वास्थ्य समस्या वा रोग लुकाउने र ग्रसित भएपछि मात्र उपचार गर्ने महिलाहरुबीच साधारण समस्या हो । आयमूलक कार्य तथा विभन्न पेशामा संलग्न महिलाहरुलाई दोहोरो भूमिकाको कारण कार्य बोझ भई अस्वस्थ हुने र समाजमा प्रतिस्पर्धी बन्नलाई थप चुनौती भईरहेको छ । घरायसी काममा कार्यविभाजनको कारण सबै घरायसी काम महिलाले गर्नु पर्ने परम्परागत सोंचमा कमी आएको छैन ।

### अपाङ्गता

शाररिक रुपमा विकलाङ्गहरुलाई जीवनोपयोगी सीपको विकास गरी क्षमता र प्रकृतिको आधारमा रोजगार प्रदान गर्न सकिएमा उनीहरु आर्थिक रुपमा आत्मनिर्भर हुनेछन् । अहिले अपांगहरु समाजका साथै आफ्नै परिवारबाट पनि अपहेलित हुनुपरिरहेको छ । अपाङ्गमैत्री पूर्वाधारहरुको अभावले अपाङ्गहरुको सहभागिता निकै कम छ । अपांगताको कारणले बालबालिकाहरु शिक्षाको पहुँचबाट बाहिर छन् भने कति विद्यालय उमेरका बालबालिका विद्यालय छाडेर बस्न बाध्य भएका छन् ।

नेपालमा अशक्तताको गम्भीरताको आधारमा अपाङ्गताको वर्गीकरण चार भागमा गरिएको छ । पूर्ण अशक्त अपांगता, अति अशक्त अपांगता, मध्यम अपांगता र सामान्य अपांगता । यीमध्ये पहिलो दुई प्रकारको अपांगता भएका व्यक्तिहरुलाई मात्र सरकारले सामाजिक सुरक्षा भत्ताको सुविधा दिएको छ । नगरपालिकाभित्र अपांगता भएका बालबालिकाहरुको लागि आवासीय विद्यालयको व्यवस्था गरिएको छैन् जसको कारणले अपाङ्गता भएका बालबालिका शिक्षाबाट बञ्चित हुनु पर्ने स्थिति आउँछ ।

### जेष्ठ नागरिक

आर्थिक सक्रियता घटेपछि जेष्ठ नागरिकहरु परिवारबाट अपहेलित हुँदै जान्छन् । जेष्ठ नागरिकहरुलाई दिन बिताउन गाह्रो हुने भएकोले अध्ययन अथवा आयआर्जनको स्रोत सहितको भेटघाट, विश्राम वा मनोरञ्जन स्थलको व्यवस्था हुन पर्नेमा सो हुन सकेको छैन । नगरपालिकाको कतिपय वडाहरुमा जेष्ठ नागरिक परिचय पत्र वितरण गर्न सकिएको छैन । जेष्ठ नागरिकहरुका अनुभव, सिपलाई हस्तान्तरण गर्न सक्ने, एक आपसमा समस्याहरुको आदान प्रदान गर्ने स्थानहरुको अभाव छ । संरक्षण विहीन जेष्ठ नागरिकको लागि नगरस्तरमा संरक्षण केन्द्र संचालन गरिनु पर्दछ । जेष्ठ नागरिकहरुको सीपलाई पुस्तान्तरण गर्नको लागि वडावडामा जेष्ठालयहरुको निर्माण गरी उनीहरुको सीप र अनुभवलाई युवा पुस्तामा हस्तान्त्रण गराउनु पर्दछ ।

### सूचना तथा संचार

नगरपालिकाको अधिकांश वडाहरुमा landline, इन्टरनेट तथा पत्रपत्रिकाको सुविधा उपलब्ध छैन भने मोबाइल फोनको पहुँच बढ्दो छ । विद्यमान परिप्रेक्ष्यमा संचारको पहुँच अपरिहार्य छ तर मोबाइल फोनको नेटवर्क राम्रो नहुनाले सूचना तथा संचारमा समस्या ल्याइरहेको छ । नगरपालिकामा एकीकृत सूचना प्रणालीको विकास नभएकाले विकास निर्माणका लागि आवश्यक तथ्याङ्कहरु कहाँबाट प्राप्त गर्ने भन्ने अन्यौल रहेको छ ।सूचना प्रणालीको व्यवस्थित विकासले मात्र नगरपालिकाको बास्तिविक स्थिति बुझेर विकासलाई केन्द्रित गर्नुपर्ने स्थानहरुको पहिचान गर्न सकिन्छ । नगरक्षेत्रमा थप मोवाई टावर तथा इन्टरनेट सुविधा उपलब्ध गराउन खासै पहल गरिएको देखिन्दैन ।

**मनोरञ्जन**

विद्यालय तथा अन्य पुस्तकालयको अभाव छ। त्यहाँको युवापुस्ताहरुले e- library जस्तो प्रविधियुक्त पुस्तकालयको आवश्यकता महसुस गरेका छन्। कतिपय वडामा सामुदायिक सिकाइ केन्द्र छैन भने भएका सिकाइ केन्दहरु पनि व्यवस्थित छैन। बालबालिकाको विकासकालागि आवश्यक खेल मैदान, बाल उद्यानहरुको उचित विकास भैसकेको छैन। २०७२ को भूकम्प पछि आर्थिक रुपमा कमजोर नागरिकहरुले सरकारको मापदण्ड अनुसार घरको निर्माण गर्दा साह्रै साना घरहरुको निर्माण गरेका छन् जसको कारण आफ्नै घरमा धार्मिक, सांस्कृतिक, सामाजिक, मोरञ्जनात्मक कार्यक्रमहरुको आयोजना र संचालन गर्ने स्थान अभाव हुने देखिन्छ। त्यसैले सकेसम्म प्रत्येक बस्तीबस्तीमा एक सामुदायिक भवनको निर्माण र संचालन गरिनु पर्दछ। वडास्तरमा बहुउद्देयीय भवन र टोलटोलमा समुदायिक भवन निर्माण गरिनु आवश्यक छ।

### ४.१.३ आर्थिक क्षेत्र

**कृषि**

मेलम्ची नगरपालिकामा बसोबास गर्ने अधिकांश जनसंख्याको प्रमुख पेशा कृषि हो तर कृषि पेशालाई व्यवसायिक रुपमा अगाडि बढाउन सकिएको छैन। यहाँका कृषकहरु निर्वाहमूखी खेती प्रणालीमा निर्भर भएकोले कृषिबाट सोचे जस्तो आम्दानी भैरहेको छैन। व्यवसायिक कृषि सुरु गर्न उन्नत मल, बिऊबिजन र आधुनिक कृषि औजारको अनुसन्धान र प्रयोगका साथै खण्डिकृत खेती प्रणालीलाई छाडेर सामुहिक अथवा एकीकृत खेती गर्न आवश्यक छ। बजार व्यवस्थापन नभएकोले उत्पादकले उचित मूल्य नपाउने र आर्थिक लगानी गर्न नसक्ने यस क्षेत्रको प्रमुख समस्या हो। बजारमा हुने तीव्र उतार चढावको कारण लगानी बराबरको मूल्य पनि नपाएको कारणले कतिपय व्यवसायिक किसानले व्यवसाय छोड्दै गई रहेका छन्। कृषि उपजहरुको उत्पादनलाई लामो समय राख्नको लागि चिस्यान केन्द्रहरुको अभाव छ। कुनै सरकारी संयन्त्रले मूल्य निर्धारण गरी निश्चित मूल्यमा खरिद गर्ने प्रणालीको विकास भएको छैन्। किसान, व्यापारी र उपभोक्ता बीचमा सिधा मूल्य श्रृङ्खला कायम हुन सकेको छैन्।

यसैगरी, बाली बिमाको व्यवस्था प्रभावकारी नभएर कृषकहरुले ठूलो मात्रामा खेती गर्न सुरक्षित महसुस गरिरहेका छैनन्। यसका साथै वन्यजन्तुहरु जस्तै: बाँदर, बँदेल, दुम्सी, मृग आदिले बालीनाली नष्ट गरेकोले कृषकहरु अझ हतोत्साहित भएका छन्। सिंचाइको कमी तथा राम्रो व्यवस्थापन नभएकोले पनि कृषि पेशा अझ फस्टाउन सकिरहेको छैन। वडा नं ६ का केही भागमा कुलो नभएर आकाशे पानीको भर पर्न परेकोले किसानहरुले धान खेती नगरी जग्गा बाँझा छोड्न बाध्य भएका छन्। थोपा सिंचाइलाई प्रोत्साहन गरेर यस्तो समस्याको समाधान गर्न सकिन्छ। जग्गा बाँझो छाड्दा जंगल बढ्दै गएकोले वन्यजन्तु वृद्धि भएको र अरु खेतीयोग्य जग्गाको उर्वरा शक्ति कम हुँदै गएको छ। जग्गा बाँझो रहनुको अर्को मुख्य कारण खेतीको लागि जनशक्ति कम हुँदै जानु र त्यही दरमा आधुनिक औजारहरु उपलब्ध नहुनु पनि हो। खेती किसानीको पेशा अंगाल्ने सबैबाट अपहेलित हुनु परेकोले युवाहरु कृषि पेशाप्रति आकर्षित छैनन्। पढेलेखेकाले जागिर खाने वा कृषि पेशामा संलग्न हुनै नहुने सोचको विकास भएको छ। यसले कृषि पेशाप्रति सामाजिक वितृष्णा बढिरहेको छ। ६२ प्रतिशत खेतीयोग्य जमिनमा २० प्रतिशत बाँझो भएको छ।सबैभन्दा तिरस्कृत पेशाको रुपमा कृषि पेशालाई लिइएको छ। नगरपालिकाले पनि कृषि पेशालाई व्यवसायिक बनाउन त्यति धेरै लगानी गरेको देखिन्दैन।कृषिमा आधारित उद्योगहरुको स्थापना गर्नको लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्न सकिएको छैन।

**पशुपालन**

कृषिमा जस्तै पशुपालनव्यवसायिक नहुनु यस क्षेत्रको प्रमुख समस्या हो। बजार व्यवस्थापन नभएकोले पशुजन्य उत्पादनहरुको उचित मूल्य निर्धारण भएको छैन। यसले गर्दा पशुपालनमा संग्लग्न कृषकहरुले राम्रो मूल्य पाउन सकेका छैनन्। पशु बीमा गरेर कृषकहरुलाई प्रोत्साहन आवश्यक छ। पशुपालनमा लगानीकर्ता नभएकोले लगानीका साथै साझेदारीको लागि उपयुक्त वातावरण सृजना गर्नुपर्छ। मेलम्ची नगरपालिकामा भूकम्पमा गोठहरु क्षति भएपछि पशुपालनलाई धेरैले निरन्तरता दिएका छैनन्। त्यसैले गोठ सुधारका साथै पशु बिमाको व्यवस्था पनि आवश्यक छ।

पशु प्राविधिक तथा उपचार सामग्रीको अभावले गर्दा पशुहरुको राम्रो उपचार हुन सकेको छैन। यसैगरी, कृषकहरुलाई पशु आहार व्यवस्थापनबारे पनि चेतना छैन। यस क्षेत्रमा आधुनिक प्रविधि भित्राउन सकेमा उन्नत जातको पशुपंक्षी, घाँसको बिऊ, नस्ल सुधार जस्तो कुरालाई प्रोत्साहन गरेर पशुपालनलाई व्यवसायीकरण गर्न सकिन्छ। त्यसैगरी, व्यवसायिक पशुपालनलाई अनुदान दिएमा पनि कृषकहरु प्रोत्साहित हुन्छन्।

**लघु तथा घरेलु उद्योग**

मेलम्ची नगरपालिकामा घरेलु उद्योगको सम्भावना भएता पनि सञ्चालन गर्नको लागि पहल भएको छैन। बजार व्यवस्थापन नभएकोले उत्पादित सामानको उचित मूल्य पाउने निश्चित हुँदैन, त्यसैले उद्योग सञ्चालनको लागि आवश्यक प्रोत्साहन भइरहेको छैन। उद्योग सञ्चालनको लागि चाहिने पूँजी तथा जनशक्तिको अभाव छ। तालिम सञ्चालन गरेर साझेदारीमा लघु तथा घरेलु उद्योगहरु स्थापना गर्न सकिन्छ।

वडा नं ५ मा रहेको छाला उद्योगको सञ्चालनमा धेरै समस्याहरु छन्। उद्योगलाई आधुनिकीकरण गर्न नसकेर उत्पादनको मात्रा वृद्धि गर्न र गुणस्तर ल्याउन सकिरहेको छैन। उद्योग र छाला सम्बन्धी पूर्ण ज्ञान नभएर र विशेषज्ञको पनि अभाव भएकोले उचित ढंगबाट उद्योग सञ्चालन तथा व्यवस्थापन गर्न सकिएको छैन। त्यसैगरी, छाला प्रशोधनलाई चाहिने घाँस (धाइरो) को खेतीसम्बन्धी अध्ययन र प्राविधिक ज्ञान नभएर सञ्चालकहरु अन्योलमा छन्। नगरपालिकाका अधिकांश खोलाहरुबाट ढुंगा, गिट्टी तथा बालुवा निकालेर क्रसर उद्योगहरु सञ्चालनमा आइरहेका छन्। यस्ता उद्योगहरुले खोलाबाट निकाल्न मिल्ने सीमाभन्दा बढी ढुङ्गा, बालुवाहरु निकाल्ने भएकोले वातावरणमा प्रतिकूल असर परिरहेको छ।

वडा नं १३ मा भने वडाभरीका अधिकांश जग्गा गुठी संस्थानको नाममा रहेकोले स्थानीयको नाममा लालपुर्जा वितरण भएको छैन। त्यसैले यस वडामा उद्योग सञ्चालनको लागि चाहिने ऋण लिन सम्भव छैन।

**वैदेशिक रोजगारी तथा रेमिट्यान्स**

यस नगरपालिकामा वैदेशिक रोजगारीमा जानेको संख्या पनि उल्लेखनीय छ। विभिन्न वडाबाट ५ देखि ६० प्रतिशतसम्म घरधुरीबाट वैदेशिक रोजगारीको लागि विदेश गएका छन्। वडा नं ४ मा सबैभन्दा कम (५ प्रतिशत) र वडा नं ३ मा सबैभन्दा बढी (६७ प्रतिशत) वैदेशिक रोजगारीको लागि जाने घरधुरी छन्। रेमिट्यान्स प्राप्त गर्न नगर क्षेत्र नै पुग्नु पर्ने बाध्यता छ भने सम्पूर्ण वडाहरुमा बैङ्किग सुविधा पुगी सकेको छैन। वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुलाई नगरपालिकाभित्र रहने र व्यवसाय सञ्चालन गर्ने वातावरण बनी सकेको छैन्। बैदेशिक रोजगारीबाट आएको रेमिट्यान्स घर, जग्गा तथा फजुल खर्च जस्ता अनुत्पादक क्षेत्रमा लगानी भई रहेको छ। के कस्ता क्षेत्रमा लगानी गर्ने भन्ने स्पष्ट योजना र तयारी नगरपालिकाले गर्न सकेको छैन्।

**खानी**

मेलम्ची नगरपालिकाको विभिन्न स्थानहरुमा ढुंगा खानीहरु छन्। तर व्यक्तिगत जग्गामा परेको स्थानहरुबाट उत्खनन गर्न निकै महंगो पर्ने भएकोले त्यस्तो ठाउँबाट उत्खनन गर्न सकिएको छैन। कतिपय स्थानमा भने वातावरणलाई नकरात्मक असर पर्ने गरी ढुंगा, बालुवाहरु अवैज्ञानिक ढंगले उत्खनन भैरहेको छ। खोला किनारबाट निकाल्न मिल्ने सीमाभन्दा बढी ढुंगा, बालुवाहरु निकालिरहँदा पानीको गुणस्तर घट्ने, नदीको बहाव बिग्रने तथा मूल समेत सुक्ने अवस्था श्रृजना भएको छ। खानीहरु संचालन गर्दा वातावरणीय पक्षलाई खासै ध्यान दिइएको छैन। खोला नालाहरुबाट ढुंगा, बालुवाहरु उत्खनन् तोकिएको मापदण्ड विपरित भईरहेको, उत्खननको लागि स्काइभेटर नदीको सबै स्थानमा विना रोकटोक लैजाने गरिएको र उत्खनन् गर्न मिल्ने भन्दा बढी मात्रामा उत्खनन् भईरहेको छ। उत्खनन् गरिएको सामग्री नदी किनारका सार्वजनिक जमीन अतिक्रमण गरी ठूलो मात्रामा संकलन गरिएको छ जुन कानूनी प्रावधान विपरित छ। यसले सामाजिक, वातावरणीय पक्षमा नकरात्मक असर पारिरहेको छ।

### ४.१.४ वन तथा वतावरण वातावरण क्षेत्र

**वन**

वनलाई व्यवस्थित गर्न सकेमा त्यसबाट वातावरणीय तथा आर्थिक फाइदाहरु लिन सकिन्छ। अहिले मानिसहरुलाई वनको फाइदाबारे चेतना नभएर जथाभावी वन कटान गर्ने, वृक्षरोपण नगर्ने र वन संरक्षण नगर्ने गरेका छन्। वन संरक्षणको लागि दीगो तथा वैज्ञानिक वन व्यवस्थापन गर्नुपर्ने देखिन्छ जसमा झाडी सुधार गर्ने, उन्नत जातको विरुवाको वृक्षरोपण गर्ने र प्रयोगमा नआउने बोटविरुवालाई फडानी गर्ने कार्यहरु पर्दछ। सल्लाले अरु खेतीयोग्य जग्गालाई असर गरिरहेको, माटोलाई सुख्खा गरेको र पानीको मूल सुकाउने भएकोले यसको वैकल्पिक उपाय खोज्न आवश्यक भएको छ। डढेलोले पनि वन विनास गरिरहेको हुन्छ, त्यसैले डडेलो नियन्त्रणको उपायहरु पनि खोज्न आवश्यक छ। यसैगरी, वनको अध्ययन गरेर भौगोलिकता अनुसार आयआर्जन हुने वनपैदार रोपेर वनलाई आर्थिक स्रोतको रुपमा प्रयोग गर्न सक्नुपर्छ।

वडा नं ३ मा शिवपुरी राष्ट्रिय निकुञ्जको केही भाग पर्ने भएकोले निकुञ्जसँग समन्वय नगरी केही कार्यक्रम सञ्चालन गर्न नमिल्ने भएकोले वडा स्तरबाट पहल गर्न कठिन भइरहेको छ। निकुञ्जका बन्य जन्तुहरुले वडा नं.१, २, ३, ४ मा प्रत्यक्ष असर गरिरहेका छन्। वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना बनाई कार्यान्वयन गर्न नसकिनुले वनको फाइदा भन्दा वनबाट स्थानीय बासीहरुलाई नोक्सानी भईरहेको छ।

**नदी तथा खोला नाला**

मानिसहरुमा फोहर सिधै खोलामा फाल्ने प्रवृति अझै छ। घर, पसल, होटलबाट निस्केको फोहरलाई नदीनालामा लगेर फाल्ने गर्दा पानी प्रदुषित हुने गरेको छ। पर्यटकीय स्थल तथा ठूला-ठूला होटलहरुबाट आएको फोहर धेरै मात्रामा हुन्छ र त्यस्तो फोहर खोलामा फाल्दा वातावरण तथा त्यहाँको स्थानीयबासीहरुलाई नकरात्मक असर गर्छ। वडा नं १, भोटेचौरमा काठमाडौं जिल्लाका ठूला होटलहरुले भोटेचौर र काठमाडौंको सीमानाको खोलामा फोहर फाल्दा र ढल मिसाउँदा भोटेचौरमा समस्या देखिन थालेको छ। त्यसैगरी, पशुपालन जस्तैः सुँगुरपालन, माछापालन आदिबाट निस्किएको फोहर पानी खोलामा फाल्दा पनि जल प्रदुषण भैरहेको छ। यस्तो प्रदुषणबाट खानेपानीको मुहानहरुलाई जोगाउन अत्यन्तै जरुरी छ। मुहान संरक्षणको लागि योजना तुरुन्तै बनाउन आवश्यक छ। यसैगरी, यहाँको नदीनाला तथा खोलाहरुबाट ढुंगा, बालुवा निकाल्ने प्रचलन अधिकतम छ। नदीबाट निकाल्न मिल्ने क्षमताभन्दा बढी मात्रामा ढुंगा तथा बालुवाहरु निकालिरहेको अवस्था छ। यसको असरले नदी नालाको बहाव परिवर्तन हुने, नदि कटानको समस्या हुने, पानीका मूल सुक्ने, सिंचाई तथा कुलोका मुहानहरु सर्ने लगाएतका समस्याहरु देखा परिरहेका छन्।नदीनालाहरुको बहाव क्षेत्र यकिन नगरिंदा नदि नालाहरुको बहाव क्षेत्र अतिक्रमण भई रहेको छ।

**फोहर मैला व्यवस्थापन**

यस नगरपालिकामा फोहरमैलाको उचित व्यवस्थापनको लागि खासै राम्रो पहल भएको छैन। भर्खरै मात्र नगरपालिकाले मेलम्ची बजारको फोहर उठाउन थालेको र फोहर उठाए वापत केही शुल्क लिन थालेको छ। बजारहरुबाट संकलिन फोहरलाई कुहिने र नकुहिने गरी छुट्ट्याइएको छैन्।फोहर विसर्जनको लागि हालसम्म पनि स्थान पहिचान गरिएको छैन। अहिले फोहरमैलाको समस्या बजार क्षेत्रमा बढी देखिएको छ तर शहरीकरण हुँदै जानेक्रममा अन्य भागहरुमा पनि यो समस्या देखिन थालेकोछ। यहाँका मानिसहरुमा कुहिने नकुहिने फोहर छुट्याउने, पुनः प्रयोग गर्ने र फोहर तोकिएको ठाँउमा फाल्ने कुराको सचेतनाको अभाव छ। फोहरहरु खोलामा लगेर फाल्ने प्रवृति बढी देखिन्छ। प्लास्टिक जन्य फोहरलाई नियन्त्रण गर्ने र पुनः प्रयोग गर्न मिल्ने फोहरलाई प्रयोग गरेमा पनि फोहरको मात्रा निकै कम हुन्छ।

फोहरमैला व्यवस्थापन सम्बन्धी केही योजना बनेको छैन र वडा र नगर स्तरीय डम्पिङ साइट निर्धारण गर्न आवश्यक छ। त्यसैगरी, वडा नं ५ मा छाला उद्योगबाट निस्किएको फोहरलाई प्रशोधन गर्न अत्यन्तै जरुरी छ। त्यसको लागि एकीकृत छाला प्रशोधन तथा व्यवस्थापन योजना बनाएर अगाडि बढ्नुपर्छ। यसैगरी, वडा नं ११ ले

फोहर प्रशोधन कसरी गर्ने भने योजना बनाउँदै छ। नगरपालिकाले फोहर व्यवस्थापनको लागि दीर्घकालीन योजना बनाउनु पर्दछ। नगरक्षेत्रमा Material Recovery Facility केन्द्रहरुको स्थापना गरी कुहिने फोहरलाई मल बनाउने र पुनः प्रयोग हुने फोहरलाई प्रयोगमा ल्याउन सके फोहरको समस्या न्यूनीकरण गर्न सकिन्छ।

**वन्यजन्तु**

मेलम्चीको जंगलहरुमा विभिन्न प्रकारका वन्यजन्तु पाइन्छ। बाँदर, बँदेल, मृग र दुम्सी जस्ता वन्यजन्तुहरु जंगलबाट निस्किएर स्थानीयहरुको बालीनाली नष्ट गरेका छन्। यो कारणले मानिसहरुमा खेती गर्ने जाँगर पनि हराउँदै गएको छ। यस्तो वन्यजन्तुहरुको नियन्त्रण गर्न आवश्यक देखिएको छ। बन्यजन्तुको नियन्त्रण गर्ने भरपर्दो उपायको खोजी नगरि कृषिमा व्यवसायिकरणको नारा र लगानीले सार्थकता पाउँदैन्। बन्यजन्तुले नष्ट गरेको बालीको क्षतिपूर्तिको व्यवस्था कुनै पक्षबाट भएको छैन। शिवपुरी निकुञ्जका जनावरबाट हुने मानवीय क्षति तर्फ पनि सचेत नभएको देखिन्छ।

**खुला दिशामुक्त क्षेत्र**

मेलम्ची नगरपालिकाको सबै वडा २०७१ सालमा खुला दिशामुक्त क्षेत्र घोषणा भएपनि २०७२ सालको भूकम्पले सम्पूर्ण शौचालयहरु क्षति भएका थिए। अब फेरि खुला दिशामुक्त क्षेत्रको अवधारणालाई पछ्याउन नयाँ निर्माणहुने सबै घरहरुमा शौचालय निर्माण अनिवार्य गरिएको छ। निजी शौचालयका साथै सार्वजनिक शौचालयको पनि त्यति नै महत्व हुन्छ। मानिसहरुको आवतजावत धेरै हुने स्थानहरु जस्तैः बजार क्षेत्र, पर्यटकीय क्षेत्र आदिमा सार्वजनिक शौचालय उपलब्धता शून्य प्राय छ। सार्जजनिक शौचालयहरुको  व्यवस्था नहुँदा खुला दिशा र फोहरले पानीका स्रोत प्रदुषित हुने र विभिन्न प्रकारका सरुवा रोगहरुको प्रकोप बढिरहेको छ।

## ४.१.५ विपद् व्यवस्थापन

यो नगरपालिका पहिरो, भू-क्षय, नदी कटान, आगलागी र भूकम्पबाट हुने विपद् जोखिमयुक्त क्षेत्र हो। सिन्धुपाल्चोक भूकम्पबाट अति क्षतिग्रस्त जिल्लामध्ये एक हो र मेलम्ची नगरपालिकामा पनि भूकम्पबाट निकै ठूलो क्षति भएको थियो। अहिले नगरपालिकाको सबै स्थानहरुमा पुनर्निर्माणको क्रम जारी छ। पहाडी भेगमा पर्ने भएकोले यहाँ पहिरोको जोखिम पनि त्यति नै छ। नयाँ बाटोहरु खोलिएका कारणले पनि बस्तीहरु जोखिममा पर्ने सम्भावना बढी रहेको छ। वातावरणीय असरको मूल्यांकन नगरी यत्रतत्र मापदण्ड विपरित नयाँ सडकहरु बन्ने र सडकको पानी निकास राम्रो नहुँदा ठाउँ ठाउँमा पहिरोको संभावना छ। वन तथा झाडी बढेकाले डडेलो र आगलागीको समस्या पनि देखिन्छ। नदिनालाहरुको अनधिकृत दोहनले नदी कटान, बाढीको जोखिम बढ्दो छ। भवन तथा सार्वजनिक निर्माण कार्य हुँदा मापदण्डको कडाइका साथ पालना नहुँदा मानव निर्मित संरचनाहरुले नै ठूलो विपद् ल्याउने देखिन्छ।

**विपद् व्यवस्थापन योजना, पूर्व तयारी र पुर्नस्थापना**

वडा स्तरको विपद् व्यवस्थापन समिति वडा नं ६ बाहेक सबै वडाहरुमा बनिसकेको छ तर समिति अहिलेसम्म निस्क्रिय छ। नगरपालिकाको केही वडाहरुमा विपद् व्यवस्थापन योजना बनेको छ। यो योजना बनाउन वर्ल्ड भिजन नामक संस्थाले वडा नं १ र ३ मा सहयोग गरेको थियो। यसैगरी, धेरैजसो वडाहरुमा पूर्व तयारी तथा उद्धार सामग्री भएता पनि सामग्री राख्ने भवन भने छैन। विपद् उद्धार समिति बनेको बारेमा वडावासीहरुलाई जानकारी छैन्। समितिको सदस्यले तालीम लिएका छन् तर सम्पर्क व्यक्तिको बारे स्थानीयहरुलाई जानकारी छैन र यससम्बन्धी वडामा सूचना केन्द्र पनि छैन। मानिसहरुमा सचेतना र चासोको कमी छ। यसैगरी, विपद् पुर्नस्थापना केन्द, एम्बुलेन्स, दमकल जस्तो आवश्यक स्रोत र साधन पनि छैन। विपद् व्यवस्थापनामा कार्यरत निकायहरु बीचमा भएको क्षमता, सामग्री, समन्वय, सहकार्य, सूचनाको आदान प्रदानको संयन्त्र राम्ररी कार्यान्वयनमा आएको छैन्।

## ४.१.६ संस्कृति, सम्पदा र पर्यटन क्षेत्र

### धार्मिक तथा ऐतिहासिक स्थल

वडा नं ५ को कोतदेवी मन्दिर, वडा नं १ मा रहेको त्रिवेणी सिद्धेश्वर मन्दिर ११ औं शताब्दी र छेत्रपाल भूमेस्थान १० औं शताब्दी पुराना धार्मिक तथा ऐतिहासिक स्थलहरुको संरक्षण तथा प्रचार प्रसार हुन सकेको छैन । यसै गरी विभिन्न जातजातिको मातृभाषाको संरक्षण र प्रचारप्रसार नहुँदा भाषा, भेषभूषा तथा संस्कृतिनै लोप हुने अवश्थामा पुगेको छ ।

यहाँका अधिकांश मठमन्दिरहरु भूकम्पले क्षति भएपछि पुर्ननिर्माण गर्न बाँकी छन् भने कति मन्दिरहरु मर्मतसंभारको पखाईमा छन् ।सांस्कृतिक क्रियाकलाप जस्तैः विवाह, व्रतबन्धको लागि ठूलो सामुदायिक भवनको अभाव छ । मानिसहरुमा साँस्कृतिक चेतनाको कमी भएकोले पूराना साँस्कृतिक भजनकीर्तन, तामाङसेलो, पञ्चेबाजा लोप हुन लागिसकेको अवस्था छ । वडा नं ५ मा आदिवासी जनजातिको संस्कृति प्रवर्द्धन गर्न धौले मानेडाँडामा स्तुपा निर्माण र शिव मूर्तिको स्थापना गर्न आवश्यक छ ।

यहाँका घाटहरु छरिएका छन् । त्यस्ता सबै घाटहरुलाई एकीकृत गरेर व्यवस्थापन गर्न आवश्यक छ । अधिकांश घाटहरुमा दाह संस्कार गर्ने ठाउँ र घाटेपाटी निर्माण गर्न आवश्यक छ भने क्रियापुत्री भवनको निर्माण पनि त्यति नै आवश्यक छ । त्रिवेणी घाट मेलम्ची नगरपालिकाको ६ वटा वडा र संखरापुर नगरपालिकाको २ वटा वडाले प्रयोग गर्ने गरेका छन् । यो घाट धार्मिक तथा ऐतिहासिक महत्व बोकेको स्थल भएकोले यसको संरक्षण गर्न जरुरी छ । त्यसैगरी, तामाङ घाटहरु पनि एकीकृत गर्न आवश्यक छ । धार्मिक तथा पुरातात्विक स्थानहरुको गुरु योजना बनाई संरक्षण र सम्वद्धन योजना बनाइएको छैन् ।धार्मिक, साँस्कृतिक, पुरातात्विक सम्पदाहरुको बस्तुस्थिति विवरण अद्यावधिक नगरिएकाले कतिपय लोप हुँदै गईरहेका छन् । यी सम्पदाहरुलाई पर्यटन विकासका लागि समेत पूर्वाधार भएको बारेमा चासो दिइएको छैन् ।धार्मिक तथा पुरातात्विक सम्पदाहरुसम्म पुग्ने पर्यटन रुटको विकास नगरिएकोले एक अर्का बीच समन्वयको अभाव देखिन्छ ।

### पर्यटकीय स्लथहरु

पर्यटकीय सम्भावना बोकेको क्षेत्रहरु धेरै भएता पनि त्यस्ता स्थानहरुको पहिचान, अध्ययन, प्रचारप्रसार र व्यवस्थापन गर्न सकिएको छैन । पर्यटकीय पूर्वाधार जस्तैः सडक, होटल, सुरक्षा, स्वास्थ्य, सूचना केन्द्र, रुट नक्सांकन आदिको व्यवस्था राम्रो नभएकोले पर्यटन विकास हुन सकिरहेको छैन । सडकको साथै पर्यटकीय पथमार्गको व्यवस्थापन पनि जरुरी छ । होमस्टेको सम्भावना भएता पनि सञ्चालन गर्न सकिएको छैन । वडा नं ४, ५, ६ र ११ मा पर्ने धौले क्षेत्रमा मोटरबाटो नपुगेको, प्रचारप्रसारको कमी, त्यहाँ रहेको मन्दिरको मर्मतसंभार नभएको र व्यवस्थापन नभएकोले त्यस स्थानको पर्यटकीय विकास भएको छैन । पर्यटन विकासका लागि धेरै संभावना भएपनि पर्यटन विकास गुरु योजना नवनेकोले कहाँ, कसरी पर्यटन विकास गर्न सकिन्छ भन्ने यकिन भएको छैन् । पर्यटन विकासका लागि जनशक्ति विकासको कमी, पर्यटक स्वागत तथा सत्कारको लागि मानिसहरुमा सीप तथा सचेतनाको कमी रहेको छ । मेलम्ची नगरपालिकाको विकासका सम्भावनाहरु मध्ये पर्यटन विकास महत्वपूर्ण रहेता पनि पर्यटन क्षेत्रको विकासका लागि खासै पहल भएको छैन ।

## ४.१.७ वित्तीय व्यवस्थापन

### वित्तीय संघ संस्था र राजस्व संकलन

यस नगरपालिकामा वित्तीय संघ संस्थाहरुको उपस्थिति ज्यादै न्यून छ । वडा नं ११ को मेलम्ची बजारमा केही बैंकका शाखाहरु खोलिएका छन् । सबै वडामा बैंकिंग सेवा विस्तार भएको छैन् । बैदेशिक रोजगारीबाट आउने रेमिट्यान्सप्राप्त गर्ने सुविधा वडा नं १, ६ र ११ मा उपलब्ध छ । कृषि, महिला र ऋण तथा वचत सहकारी भने सबै वडाहरुमा छन् । भूकम्प पश्चात रेमिट्यान्समा उल्लेखनीय गिरावट आएकोमा हाल भने रेमिट्यान्स क्रमश

बढ्दै गैरहेको छ । आव ०७४/०७५ मा मात्रै नगरका बैंकहरु मार्फत् झण्डै ३४ करोड रेमिट्यान्स मेलम्चीमा भित्रिएको थियो ।

एकीकृत सम्पत्ति कर संकलन गर्नमा वडा कार्यालयलाई समस्या परिरहेको छ । भौगोलिक अवस्था र भू-उपयोगमा भिन्नता भएर कर संकलनको लागि मूल्य निर्धारण गर्न कठिनाई परिरहेको छ । यसैगरी, वडा नं १३ मा भने जग्गा गुठी संस्थानको नाममा भएर व्यवसायहरु दर्ता भएका छैनन् । त्यसो हुँदा वडा तथा नगरपालिकाले राजश्व संकलन गर्न सकेको छैन । करको दायरा फराकिलो बनाउनको लागि राजश्व संकलन हुन सक्ने क्षेत्रहरुको पहिचान गरिएको छैन ।

### लगानीका क्षेत्रहरु तथा साझेदारी कार्यक्रम

यस नगरपालिकामा व्यवसायिक कृषि, पशुपालन, पर्यटन विकास र उद्योग स्थापनामा लगानी तथा साझेदारी गर्न सम्भावना देखिन्छ । सार्वजनिक निजी साझेदारीको अवधारणा अपनाउनका लागि निजी क्षेत्र तयार भएपनि वडा कार्यालयले सिफारिस मात्र गर्न मिल्ने तर कार्यान्वयन नगरपालिकाले गर्ने भएकोले हाल साझेदारी कार्यक्रमहरु सञ्चालनमा आउन सकेको छैन । मेलम्चीको कृषि, पर्यटन, शिक्षा र स्वास्थ्य क्षेत्रको विकासका सार्वजनिक निजी साझेदारीको अवधारणलाई कार्यान्वयमा ल्याउनु जरुरी देखिन्छ ।

## ४.१.८ संस्थागत विकास

नगरपालिकाको संस्थागत विकासको योजना नभएर वडा कार्यालय तथा विभिन्न संघसंस्थाहरुलाई काम गर्न, समन्वय र सहकार्य गर्न कठिन भइरहेको छ । वडाभित्र रहेका स्थानीय संघ संस्थाहरु (सहकारी संस्था, युवा क्लब, महिला तथा आमा समूह, कृषि समुह, जातीय तथा वर्गीय समूहहरु) व्यवस्थित रुपमा परिचालन गर्न सकिएको छैन । स्रोत साधनको अभावले संस्थालाई सम्बीन्धत निकायमा दर्ता गरेर व्यवस्थित र दीगो रुपमा सञ्चालन गर्न र निरन्तरता दिन सकेको छैन । त्यसैले यस्ता संस्थाहरुले सक्रिय रुपमा काम गर्न सकिरहेको छैनन् । यसैगरी, नेतृत्व गर्ने मानिसको अभाव भएकोले क्षमता भएकाहरुमा पदीय बहु-जिम्मेवारी हुने भएर आफ्नो कर्तव्यहरु पूरा गर्न सकेका छैनन् । संघ संस्था सञ्चालनसम्बन्धी क्षमता विकास तालीम दिन आवश्यक देखिन्छ । संस्थाहरुले उद्देश्यमूलक काम नगरेर, संस्थाहरुबीच अस्वस्थ प्रतिस्पर्धा भएर र सामुदायिक भवनको अभाव भएर पनि सञ्चालनमा समस्या देखिएको छ । वडा नं १२ मा निर्माणाधीन बाहुनेपाटी सामुदायिक भवन पूरा नभएर यस्तै समस्या देखिन थालेको छ । वडास्तरका बहुउद्देश्यीय सामुदायिक भवनको अभावले वडामा रहेका सबै संघ संस्थाहरुलाई एकै ठाउँबाट संचालन, अनुगमन गर्ने वातावरण श्रृजना गर्न सकिएको छैन ।

### संस्थागत समन्वय तथा सञ्जाल

विभिन्न संघसंस्थाहरुबीच तथा संस्था र वडा कार्यालयबीच समन्वय र सहकार्यको अभाव छ । त्यसैले सूचना प्रवाह गर्न पनि गाह्रो भइरहेको अवस्था छ । वडा नं १ मा जनजाति, दलित, महिला, एकल महिलाहरुको समिति बनाएर वडा स्तरीय संजाल बनाउने प्रयास भने हाल भईरहेको देखिन्छ । वडाको दीगो विकासका लागि संस्थागत समन्वय र सञ्जाल हुन आवश्यक भएता पनि योजना र संरचनाको अभावले सो हुन सकिरहेको छैन ।

### जनसहभागिता

मानिसहरुमा आफ्नो बस्ती, समाज, वडालाई विकास गर्नपर्छ भन्ने चेतनाको अभाव भएकोले जनसहभागिता न्यून हुँदै गएको छ । पहिले जनसहभागिताबाट धेरै कार्यहरु सम्पन्न गरिएको भएपनि भूकम्पपछि सहभागिता कम हुँदै गयो । वडा नं १ ले आफ्नो वडालाई नमूना वडा बनाउन हरेक व्यक्तिले १० मिनेट श्रमदान दिने योजना बनाउँदै छ । यसैगरी, वडा नं ५ ले पनि वर्षको २ दिन अनिवार्य जन सहभागिता गर्नुपर्ने योजना बनाउँदै छ । यसैगरी नगरपालिका कार्यालयले पनि विकास निर्माण कार्यक्रमहरुमा जनसहभागिता बढाउन समानान्तर कार्यक्रमहरु उपभोक्ता समितिलाई जिम्मा लागाइने र उक्त समानान्तर कार्यक्रम सम्पन्न भए पश्चात मात्र भुक्तानी गर्ने नीति तयार गर्दैछ । जस्तैः सडक निर्माण गर्ने काम नगरपालिका कार्यालयले उपभोक्ता मार्फत गराएमा उक्त सडक छेउको

नाली निर्माण कार्य उपभोक्ता स्वयम्ले गरे पश्चात् मात्र सडकको वील भुक्तानी दिने व्यवस्था गर्न सकिन्छ । सार्वजनिक लगानीलाई दीगो र व्यवस्थित गर्नको लागि समुदायको परिचालन र जनसहभागिता अति नै आवश्यक छ । सार्वजनिक लगानीका आयोजनाहरुमा स्थानीय समुदायको चासो नहुनुले त्यसको दीगो उपयोगमा समस्या भएको छ ।

**वडा कार्यालयको संस्थागत विकास**

वडा कार्यालयमा भौतिक पूर्वाधार र जनशक्तिको अभावले गर्दा कार्यालय व्यवस्थित रुपमा सञ्चालन गर्न सकिएको छैन । वडा नं १, २ र १० को आफ्नो वडा कार्यालय भवन नै छैन । कार्यालयको दरबन्दी अनुसार कर्मचारी पुगेको छैन र धेरैजसो वडा कार्यालयमा कर्मचारी भनेको सचिव मात्र छ । वडा सचिवहरु लगायत सबै कर्मचारी तथा जनप्रतिनिधिहरुलाई पनि क्षमता विकास तालीमको आवश्यकता छ । सबै वडा कार्यालयमा टेलिफोन र इन्टरनेटको सुविधा राम्रो नहुँदा र भौगोलिक अवस्थाको कारणले गर्दा सूचना प्रवाह गर्न पनि गाह्रो भइरहेको छ । संस्थागत सूचना (institutional memory) नहुँदा कर्मचारीहरु सरुवा भएमा सूचना तथा जानकारीको पहुँच नहुने अवस्था छ ।

यसैगरी, नीतिगत कुरामा अस्पष्टता भएकोले र ठूलो निर्णयहरु लिने अधिकार नभएकोले वडा कार्यालयहरु स्वतन्त्र भएर काम गर्न सकेका छैनन् । कार्यालय सञ्चालनको लागि सानो रकम मात्र दिने व्यवस्था छ र वडासँग खाता सञ्चालन गरेर बजेट खर्च गर्ने अधिकार पनि छैन । वडाले योजना बनाएर सिफारिस गर्ने तर सम्झौता गर्ने र खाता चलाउने कार्य नगरपालिकाबाटै हुने गरेको छ ।

टोल विकास संस्था सञ्चालन सम्बन्धी पनि केही योजना बनेको छैन । टोल विकास संस्थाको निर्देशिका तथा विधान बनाएर मात्र गठन गर्नुपर्ने तर अधिकांश वडाहरुमा टोल विकास संस्था गठन भइसकेता पनि हालसम्म नगर परिषद्बाट अनुमोदित निर्देशिका नै बनेको छैन । वडा नं ६ मा भने टोल विकास संस्था नै गठन हुन सकेको छैन । टोल विकास संस्थालाई सरकारी संयन्त्रको सबैभन्दा तल अर्थात समुदायको दैनिक समस्यासँग साक्षात्कार हुने र स्थानीय समस्या, संभावना, चुनौतीहरुको वारेमा वडालाई जानकारी गराउने संयन्त्रको रुपमा विकास गरिनु पर्दछ ।टोल विकास संस्थामा स्थानीय राजनीतिक र सामाजिक विकासमा सक्रिय मानिसहरुको सहभागिता हुने भएकोले यसले आफ्नो ठाउँमा दीगो, समानुपातिक र न्यायमूलक समाज स्थापना र विकास गर्नमा निकै ठूलो भूमिका खेल्न सक्दछ ।

## ४.२ सम्भावना तथा अवसरहरु

### ४.२.१ कृषि र पशुपालन

मेलम्ची नगरपालिकाले विकासको प्रचुर सम्भावना बोकेको छ । मेलम्ची नगरपालिका घोषणा भएपनि यहाँका धेरै जसो वडा र तिनका बस्तीहरुमा अझै पनि ग्रामीण विशेषताहरु छन् । कृषि र पशुपालन यहाँका स्थानीयहरुको प्रमुख पेशा हो । व्यवसायिक कृषि तथा पशुपालनलाई प्रवर्द्धन गर्न सकियो भने नगरपालिकाको विकासमा ठूलो मद्दत पुग्ने छ । मेलम्ची नगरपालिकामा ६२ प्रतिशत खेती योग्य जमीन छ सो सबै जमीनमा व्यवसायिक खेती प्रवर्द्धन गर्न सकियो भने त्यसले कृषिमा आधारित उद्योगको स्थापना र निकै रोजगारी सृजना हुने देखिन्छ । कृषिमा व्यवसायीकरणले कृषि पेशामा संलग्न मानिसहरुको आय वृद्धि हुने त्यसले शिक्षा, स्वास्थ्य जस्ता स्थितिमा सुधार ल्याउने देखिन्छ । मेलम्चीबाट राजधानी काठमाण्डौं निकै नजिक भएकोले कृषि उत्पादनको खपत बजार सहजै उपलब्ध हुनेछ । भूकम्प पश्चात पशुपालनमा ह्रास आएको देखिएता पनि पुर्ननिर्माणका कार्य सम्पन्न हुनासाथ विस्तारै पशुपालनमा बढोत्तरी हुने देखिन्छ । परम्परागत पशुपालनलाई व्यवसायीकरण गर्न सके पशुपालनबाट राम्रै आम्दानी हुने अवस्था छ । कृषि व्यवसायलाई पशुपालनबाट प्राप्त हुने मलखाद्यले सहयोग पुग्ने भएकोले पशुपालन र कृषिलाई साथसाथै अगाडि बढाउनु उपयूक्त हुन्छ ।

### ४.२.२ लघु तथा घरेलु उद्योग

मेलम्ची नगरपालिकामा घरेलु उद्योगको स्थापना, संचालनको निकै सम्भावना छ तर लगानीकर्ताको अभाव र उद्योग सञ्चालनसम्बन्धी आवश्यक ज्ञानको कमीले गर्दा उद्योग स्थापना गर्न सकिएको छैन । वडा नं ५ मा छाला उद्योग सञ्चालन भइरहेको छ । यहाँबाट उत्पादित छालाका ब्याग तथा पर्सहरु बिक्रीको लागि काठमाडौं ल्याइन्छ । यस उद्योगलाई आधुनिकीकरण गरेर छाला प्रशोधनमा भइरहेको समस्यालाई तत्काल समाधान गरेमा उत्पादित बस्तुहरुको गुणस्तर र परिणाम दुबै वृद्धि गर्न सकिन्छ । यसैगरी, नगरपालिकाको धेरै स्थानहरुमा सञ्चालन भइरहेको क्रसर उद्योगहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्नपर्छ । यस्तो उद्योगबाट वातावरणमा भइरहेको प्रतिकुल असरलाई भने नियन्त्रण गर्ने उपायहरु खोज्न र लागू गर्न अत्यन्तै जरुरी देखिन्छ ।

वडा नं १ मा धान तथा चिउरा मील, व्यवसायिक डेरी, निगालो बाँस प्रयोग गरेर फर्निचर बनाउने, आलु चिप्स, खुर्पानीको सस, जाम, अचार, रक्सी र सुकुटी बनाउने घरेलु उद्योग सञ्चालन गर्न सकिन्छ । यसैगरी, वडा नं ७ मा काठमाडौबाट धागो ल्याएर गलैंचा उद्योग, सिलाइ कटाइ, फर्निचर उद्योग र वडा नं ८ मा सिस्नोको धुलो बनाउने, मौरीपालन, प्लाई तथा फर्निचर उद्योग सञ्चालनमा ल्याउन सकिन्छ ।

नगरपालिकामा उद्योगहरु सञ्चालन गर्न सक्यो भने नगरपालिकाको आन्तरिक आम्दानी र रोजगारीमा पनि वृद्धि हुने छ । उद्योगबाट संकलन भएको राजश्वबाट विकास निमार्णको कामहरु सम्पन्न गर्न सकिन्छ ।

### ४.२.३ जलविद्युत

यस नगरपालिकामा जलविद्युत विकासको सम्भावना पनि छ । वडा नं ११ मा इन्द्रावती IV को सुरुङ खन्दै गर्दा काम रोकिएको छ भने नयाँ माइको हाइड्रोको सम्भावना नुवार खोलाको टार धितालवेशीदेखि डुडेवेशीसम्म छ । यसैगरी, माइको हाइड्रोको सम्भावना वडा नं ३ को दुईवटा स्थानमा पनि छ ।

### ४.२.४ पर्यटन

मेलम्चीको नामैले एक पर्यटकीय नगरीको पहिचान बोकेको छ । मेलम्चीमा पर्यटन विकासको संभावना पनि राम्रो देखिन्छ ।पर्यटकीय स्थलहरुको पहिचान, विकास र प्रचार प्रसार गर्न सकेमा यसले मेलम्ची नगरपालिकाको विकास र उन्नतिमा सहयोग पुर्याउँछ । विगतमा मेलम्ची खोलाको पानी काठमाडौं उपत्यकामा पठाउने विषयले परिचित यस नगरको पहिचान त्यतिमा मात्र सिमीत छैन । विश्व चर्चित पर्यटकीय क्षेत्र हेलम्बूको प्रवेश मार्ग, पाँच पोखरी तथा पाल्चोक माई जाने मुख्य आधार केन्द्रको रुपमा स्थापित मेलम्ची क्षेत्र पर्यटकीय हिसावले आकर्षक क्षेत्र मानिन्छ । काठमाडौंबाट नजिक तथा शान्त र मनोरम क्षेत्रहरुले भरिएको यस नगरमा विविध पर्यटकीय गतिविधिहरु छन् । धार्मिक पर्यटन, पर्या-पर्यटन, मनोरञ्जनात्मक गतिविधि, प्राकृतिक दृष्यावलोकन तथा अन्य पर्यटकीय गन्तव्यहरु जाने प्रवेश मार्गको रुपमा मेलम्चीले आफूलाई स्थापित गरी सकेको छ । नगरका विभिन्न पर्यटकीय पूर्वाधारहरु मध्ये भोटेचौर क्षेत्र, चिसापानी क्षेत्र तथा मेलम्ची बजार क्षेत्रले अन्य जिल्लामा समेत आफ्नो परिचय स्थापित गरिसकेको छ । यसका अलवा धौले डाँडा, नौलिङ्गेश्वरी मन्दिर यस नगरका विशेष धार्मिक पर्यटकीय क्षेत्रहरु हुन् । हेलम्बू गाउँपालिका तथा पाँचपोखरी गाउँपालिकासँग पर्यटकीय पूर्वाधार विकासका सहकार्य गरी अगाडि बढ्न सकेको खण्डमा नगरले विषेश आर्थिक लाभ प्राप्त गर्न सक्दछ । यसका अलवा, नगर प्रवेश गर्ने मुख्य मार्गको अवस्था निकै नाजुक भएकाले एक पल्ट आउने पर्यटक फेरि फर्कर आउने चाहना गर्दैनन् । नगरका रणनीतिक स्थानहरुमा यथोचित पूर्वाधारको विकास गर्ने, आवश्यक प्रचार प्रसार तथा पहुँच मार्गको सुधार गर्न सकेको खण्डमा मेलम्ची नगरपालिकाको पर्यटन विकास द्रुत गतिमा हुने निश्चित छ ।

### ४.२.५ लगानी तथा साझेदारीको क्षेत्रहरु

यस नगरकालिकाको विभिन्न वडाहरुमा लगानी गर्न सकिने क्षेत्रहरु धेरै छन् । यसैगरी, ठूला-ठूला परियोजनाहरु सार्वजनिक निजी साझेदारीको अवधारणाबाट सम्पन्न गर्न सकिन्छ । कृषि, पर्यटन, उद्योग धन्दा, जलस्रोतको उपयोग

जस्ता क्षेत्रमा साझेदारीमा ठूला आयोजनाहरु सञ्चालन गर्न सकिन्छ। विभिन्न वडाहरुमा लगानी तथा साझेदारीमा काम गर्न सकिने क्षेत्रहरु तल उल्लेख गरिएका छन्।

| वडा नं | लगानी तथा साझेदारीमा काम गर्न सकिने क्षेत्रहरु |
|---|---|
| १ | कृषि, पर्यटन (एकीकृत पशुपालन, खेती, माछापालन र होटल सञ्चालन), व्यवसायिक कृषि ( अर्गानिक तरकारी खेती, किवी खेती, अलैंची खेती, चिया खेती, कफी खेती), पशुपालन (बाखा, गाई, कुखुरा), माछापालन, उद्योग (किवीको वाइन) |
| २ | चिया बगान (करिब ५०० रोपनीमा), होमस्टे (चिया बगानभित्र सिरानटोलमा १००-१५० घर तामाङ र बाहुन बस्ती) |
| ३ | कृषि, पर्यटन (किवी खेती, चिया खेती), होमस्टे |
| ४ | चिया खेती, तरकारी खेती, फलफूल खेती (स्याउ, अनार, कागती र सुन्तला), अलैंची खेती, कफी खेती |
| ५ | धौलेमा चिया बगान, व्यवसायिक खेती, प्याराग्लाइडिंग (paragliding), केबलकार, होटल व्यवस्थापन, जडीबुटी खेती |
| ६ | चिया तथा कफी खेती, फलफूल खेती (सुन्तला), मौरीपालन, डेरी |
| ७ | पशुपालन, तरकारी तथा फलफूल खेती |
| ८ | तरकारी खेती, कृषि, पशुपालन, चिया, कफी, अलैंची खेती, मौरीपालन |
| ९ | चिया खेती, गाइ फार्म |
| १० | कृषि, पर्यटन, तरकारी खेती |
| ११ | कृषि, पशुपालन, पर्यटन विकास, चिया बगान, घरेलु उद्योग, पार्क निमार्ण |
| १२ | तरकारी खेती, पशुपालन, कुखुरापालन |
| १३ | व्यवसायिक कृषि तथा पशुपालन |

*स्रोत : वडागत भेला, २०७५*

## ४.३ चुनौतीहरु

विकासको सम्भावना धेरै भएता पनि विकास गर्नको लागि धेरै चुनौतीहरु हुन्छन्। पर्याप्त भौतिक पूर्वाधार नहुनु नै यस नगरपालिकाको प्रमुख चुनौती हो। भौतिक पूर्वाधार भन्नाले सडक, यातायात, पुल, खानेपानी, ढल निकास, सिंचाई आदि पर्दछ। भौतिक पूर्वाधारको कमीले गर्दा हरेक क्षेत्रमा बाधा पुगिरहेको छ। बस्ती विकासदेखि आर्थिक विकास, कृषि, पर्यटन विकास तथा वित्तीय व्यवस्थापनमा समेत असर गरिरहेको छ। सडकहरु १२ महिना नचल्ने हुँदा र सार्वजनिक यातायातको सुविधा पनि राम्रो नहुँदा स्थानीयबासी तथा पर्यटकहरुको आवतजावतमा समस्या परेको छ। यसैगरी, खेतीयोग्य फाँटहरुमा कृषि सडकको पहुँच नभएकोले उत्पादनहरु बजारसम्म पुर्याउन गाह्रो भइरहेको छ। यहाँका अधिकांश जनसंख्याको प्रमुख पेशा कृषि भएता पनि व्यवसायिक कृषिलाई प्रवर्द्धन गर्न सकिएको छैन। निर्वाहमुखी खेती प्रणालीमा आधारित भएकोले कृषिमा धेरै मानिस, समय खर्चेतापनि त्यहाँबाट आर्थिक फाइदा भने ज्यादै न्यून छ। यसैगरी, सिंचाई सुविधा राम्रो नभएर कृषकहरु आकाशे पानीको भर परिरहेका छन्। ६२ प्रतिशत खेती योग्य जमीन मध्ये २४ प्रतिशत जमीन आकाशे पानीको भरमा छ भने २० प्रतिशत जमीन बाँझो अवस्थामा छ। पानीको स्रोत भएता पनि प्रभावकारी सिंचाईको व्यवस्थापन नभएकोले उत्पादकत्वमा ठूलो ह्रास आईरहेको छ। आवश्यक स्थानहरुमा संकलन तथा प्रशोधन केन्द्र नहुँदा उत्पादन भएका बस्तुहरु खेर जाने गरेका छन्। कृषि बजारमा हुने तीव्र उतार-चढावले बजारमा उत्पादनको उचित मूल्य अति न्यून छ जसले गर्दा उत्पादकलाई हतोत्साहि बनाई रहेको छ। व्यवसायिक कृषिको ठूलो सम्भावना बोकेको ठाँउमा यस्तो समस्या हुनु भनेको नगरपालिकाको लागि ठूलो चुनौती हो।

मेलम्ची बजार अन्य पालिकाहरुको समेत केन्द्रको रुपमा रहेको छ। यस नगरपालिकाले अन्य नगरपालिका तथा गाँउपालिकाहरुलाई शिक्षा, स्वास्थ्य र व्यापारिक केन्द्रको रुपमा सेवा दिन सक्दछ। सार्वजनिक विद्यालयहरुको शैक्षिक

गुणस्तरमा प्रश्न चिन्ह देखा परको छ । नगरबासीले सार्वजनिक विद्यालयको शिक्षालाई विस्तारै विस्वास गर्न छाडेका छन् । गरिव, पछाडि पारिएका र ग्रामीण जनताका छोराछोरी अध्ययन गर्ने विद्यालयको गुणस्तर खस्कनु नगरको लागि चुनौती पूर्ण कुरा हो । नगर क्षेत्रकै विद्यार्थीहरु अन्य क्षेत्रमा अध्ययनको लागि जानुपर्ने बाध्यताले अन्य छिमेकीलाई कसरी सेवा दिन सक्दछ । गुणस्तरीय, प्राविधिक शिक्षाको केन्द्रको रुपमा विकास गर्न शैक्षिक पूर्वाधारहरुको विकासमा नगरपालिकाले ध्यान दिन सकिरहेको छैन । विद्यार्थीहरु बाहिरीनुले आर्थिक स्रोत बाहिरीनुका साथै नगरको शिक्षाको गुणस्तरलाई समेत चुनौती दिइरहेको छ ।

मेलम्ची नगरपालिकामा स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाहरुको राम्रो व्यवस्थापन हुन सकेको छैन् । मेलम्चीमा रहेका स्वास्थ्य संस्थाप्रति नगरबासीको विस्वास ज्यादै न्यून छ । सामान्य उपचारको लागि पनि धुँलिखल वा काठमाण्डौं जाने गरेको पाइन्छ ।

मेलम्ची नगरकालिकाको विकासमा यस ठाँउको पर्यटन क्षेत्रको विकासले ठूलो भूमिका खेल्छ । पर्यटन विकासको सम्भावना भएपनि पर्यटकीय स्थलहरुको पहिचान, सम्भाव्यता अध्ययन, विकास र प्रचारप्रसार भने भएको छैन । यसैगरी, यी स्थलहरुमा पर्यटकीय पूर्वाधारहरु जस्तैः मोटर बाटो, स्वास्थ्य सेवा, रेष्टुरेन्ट, होटल र होमस्टेहरु पनि पुगेको छैन । यी सबै पूर्वाधारहरु नपुगेसम्म नगरपालिकालाई आफ्नो क्षेत्रको पर्यटन विकास गर्न गाह्रो छ ।

मेलम्ची नगरपालिका भूकम्पमा धेरै क्षति भएको थियो । निजी घरहरुको पुर्ननिर्माण तीव्र गतिमा भइरहेको छ तर मठमन्दिर, सामाजिक तथा सामुदायिक संरचनाहरु भने जीर्ण अवस्थामै छ । सबै संरचनाहरुको पुर्ननिर्माण गर्न निकै समय लाग्ने छ र यो कार्य सीघ्र सम्पन्न गर्न पर्ने पनि एउटा चुनौती नै हो ।

लगानी तथा साझेदारीमा काम गर्न मिल्ने क्षेत्रहरु भएपनि लगानी गर्ने वातावरण श्रृजना भएको छैन । लगानीकर्ताहरुले सुरक्षित महसुस नगरेसम्म लगानीको लागि अगाडि सर्दैनन् । कृषि तथा पशुपालनमा बीमाको व्यवस्था राम्रो नभएर र पर्यटन विकासको लागि पूर्वाधार नभएर लगानीकर्ता आकर्षित हुनसकेका छैनन् । निजी क्षेत्रलाई लगानीको लागि आकर्षित गरेर नयाँ पूर्वाधारहरु विकास गर्न सक्नुपर्छ । वडा कार्यालय तथा नगरपालिकाले सार्वजनिक निजी साझेदारीको अवधारणामा काम गर्न आवश्यक ज्ञान, विशेषज्ञता र जनशक्तिको अभाव छ ।


यस नगरपालिकाको धेरै स्थानहरुमा क्रसर उद्योगहरु सञ्चालनमा छन् । यस्ता उद्योगहरुले नदीनाला तथा खोलाहरुबाट ढुंगा, गिट्टी र बालुवाहरु निकालेर बेच्ने गरेका छन् । यसो गर्दा प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गरेर वातावरणलाई नकरात्मक असर नपर्ने मात्रासम्म मात्र खोलाबाट सामग्रीहरु निकाल्न पाउँछ । तर क्रसर उद्योगीहरुले IEE को कुरालाई ध्यानमा नराखिकन गिट्टी, बालुवाहरु नियमित रुपमा निकाल्ने गर्छन ।

वडाबासीहरुलाई प्रतिस्पर्धात्मक सेवा दिनको लागि वडा कार्यालयहरुको क्षमता विकास, सबै वडामा सन्तुलित, सहभागितामूलक, विभेद रहित, दीगो र आवश्यकतामा आधारित विकास, नगर क्षेत्रमा रहेका संघ संस्थाहरुसँग समन्वय र सहकार्य, सुसंस्कृति, सभ्य, आपसी भाईचारा, समतामूलक र न्यायपूर्ण समाजको निर्माण गर्नका लागि नगरपालिकाले अझै धेरै चुनौतीहरुको सामना र धेरै काम योजनावद्ध तरिकाले गर्नुपर्ने देखिन्छ ।

# ५ नगर क्षेत्रको बहु-आयामिक विश्लेषण

यस खण्ड अन्तरगत नगर क्षेत्रको क्षेत्रगत तथा समग्र विश्लेषगण गरिएको छ । संकलित तथ्याङ्कको अध्ययन, स्थलगत अवलोकन एवं विभिन्न बैठक तथा छलफल गोष्ठीहरुबाट प्राप्त सूचनाहरुको माध्यमद्वारा मेलम्ची नगरपालिकाको वस्तु स्थिति विश्लेषण गरिएको छ । विश्लेषणको नतिजाको माध्यमद्वारा नै योजनाहरु निर्माण हुने हुँदा निम्न कुराको अध्ययन यस खण्डमा प्रस्तुत गरिएको छ ।

## ५.१ क्षेत्रीय अन्तर-सम्बन्ध





*चित्र २८: क्षेत्रीय अन्तर-सम्बन्ध*

मेलम्ची बजार क्षेत्र विगतमा सेवा प्रवाहको हिसावले एकदमै महत्वपूर्ण स्थानमा अवस्थित थियो भने हाल आएर यातायातको पहुँचले गर्दा वरिपरिका क्षेत्रहरु मेलम्ची बजारसँगको निर्भरतालाई कम गर्दै लगेका छन् । तथापी मेलम्ची नगरपालिका आफैमा सेवा प्रवाहको केन्द्रमा नै रहेको छ । यातायातको आगमन भन्दा पहिलो जीविकोपार्जनको प्रमुख श्रोत कृषिमा मात्र आधारित थियो । बस्ती विकास गर्न योग्य जमीन, राम्रो हावापानी तथा सामरिक अवस्थितिले गर्दा मेलम्चीलाई विगतमा सेवा केन्द्रको रुपमा विकास गरिएको थियो भने यस क्षेत्रमा समग्र लगानी पनि बढ्दो क्रममा थियो र छ । भविष्यमा मेलम्ची आसपासका गाउँपालिका तथा नगरपालिकाहरुको लागि शिक्षा, स्वास्थ्य र व्यापारिक केन्द्रको रुपमा विकास हुने र गर्न सकिने देखिन्छ । विद्यमान परिस्थितिमा मेलम्चीको क्षेत्रीय अन्तरसम्बन्ध अध्ययनलाई ३ पाटामा विभाजित गरेर हेर्नुपर्ने हुन्छ, अन्तर-वडा तथा बस्तीहरु बीच सम्बन्ध, मेलम्चीको अन्य क्षेत्रसँगको सम्बन्ध र अन्य क्षेत्रको मेलम्चीसँगको सम्बन्ध ।

### ५.१.१ अन्तर-वडा तथा बस्तीहरु बीच अन्तर-सम्बन्ध


मेलम्ची नगरपालिका १३ वटा वडाहरु मध्ये वडा नं १, ११ र १२ क्रमशः भोटेचौर, मेलम्ची र बाहुनेपाटी मुख्य बजार केन्द्रको रुपमा विकास हुँदैछन् भने काठमाडौं, नुवाकोट र मेनपाको सीमा क्षेत्रमा पर्ने चिसापानी क्षेत्र मुख्य पर्यटकीय गन्तव्यको रुपमा विकास हुँदै गएको छ । मेलम्ची नगरपालिकालाई समग्रमा हेर्दा सेवा तथा सुविधाको समान वितरण भएको देखिदैन र असमान विकासको असर ग्रामीण भेग तथा शहरी क्षेत्रमा प्रष्ट रुपमा देख्न सकिन्छ । माथि उल्लेखित वडाहरु बाहेकका वडाहरुले सेवा तथा सुविधा प्राप्त गर्न यी तिन क्षेत्रको भर पर्नु परेको छ । यी ३ क्षेत्रहरुमा पनि सेवाको सीमितता रहेको छ तर यहाँ पाइने मध्यम स्तरका सुविधा जस्तैः आधारभूत स्वास्थ्य तथा शिक्षा, बजार सुविधाको लागि अन्य क्षेत्रका बासिन्दा यहाँ आउने गर्दछन् । फटकशीला क्षेत्रका वासिन्दाहरु प्रशासनिक काम बाहेक अन्य काममा मेलम्चीसँग निर्भर हुनु पर्दैन, सो क्षेत्रको मुख्य बजार सिपाघाट वा काठमाडौं नै हुन् । यसै गरि भोटेचौर वडा नं १ को बजार पनि काठमाडौं वा भोटेचौर बजार नै हो । यसका साथै विद्यमान परिवेशमा मेलम्ची बजार क्षेत्र प्रशासनीक केन्द्र भएको हुँदा सम्पूर्ण वडाका जनताहरु उक्त सेवा सुविधा प्राप्त गर्न मेलम्ची बजार आउनु पर्ने बाध्यता कायमै छ । यसका साथै मेलम्चीका सम्पूर्ण वडाहरु बीच एकआपसमा सामाजिक एवं सांस्कृतिक सम्बन्ध कायम छ ।




*चित्र २९ : अन्तर- वडा तथा बस्तीहरु बीच अन्तर-सम्बन्ध*

### ५.१.२ मेलम्ची न.पा.को अन्य क्षेत्रसँगको सम्बन्ध


मेलम्ची नगरपालिका धेरै कुरामा अन्य क्षेत्रहरुसँग निर्भर रहेको छ । सम्पूर्ण सेवा तथा सुविधाहरु उपलब्ध नभएको र आवश्यक परेका कुराहरु प्राप्त गर्न अन्य क्षेत्रसँग सम्बन्ध स्थापित हुनु सामान्य विषय हो । अर्थशास्त्रीय सिद्धान्त अनुसार Forward Linkageर Backward Lingake को सन्तुलनबाट नै कुनै पनि क्षेत्रको विकास सम्भव हुन्छ । मेलम्ची नगरपालिकालाई हेर्दा Backward Lingake को मात्रा अधिक छ र यस क्षेत्रबाट सीमित बस्तुहरुमात्र निर्यात भैरहेका छन् । खाद्य पदार्थ तथा कृषि उपज सीमित मात्रामा निर्यात हुन्छन् भने नदी जन्य पदार्थहरु अत्यधिक मात्रामा निर्यात भैरहेको छ । लत्ताकपडा, दैनिक उपभोग्य घरेलु सामग्री, खाद्य सामग्री, तेल, प्रेट्रोलियम पदार्थ आदि आयात हुँदै आएका छन् । यद्यपि मेलम्ची नगरपालिकाको विषेश अर्थशास्त्रीय कोणबाट मुल्याङ्कन गरिएको त छैन तर सतही अध्ययनबाट हेर्दा मेलम्ची नगरपालिका धेरै कुरामा परनिर्भर रहेको छ । सामान्य स्वास्थ्य सेवा, उच्च शिक्षा, लत्ताकपडा, दैनिक उपभोग्य सामाग्री, रोजगारी तथा आय आर्जन, प्रशासनिक सेवा लगायतका कुराहरुको लागि मेलम्ची नगरपालिका क्षेत्रका जनता सो क्षेत्र भन्दा बाहिर जाने गरेका छन् । नगर क्षेत्रमा माथि




*चित्र ३० : मेलम्ची न.पा.को अन्य क्षेत्रसँगको सम्बन्ध*

उल्लेखित सेवा तथा सुविधाहरु नपुग्नु र भएका जनता पनि सेवा सुविधाको लागि अन्यत्र जाने प्रवृत्तिले सेवासुविधाको विस्तार छायाँमा परेको हुन सक्छ । नगरको वरिपरिका क्षेत्रहरुसँग सामाजिक सम्बन्ध पनि कायम छ, जसमा विहावारी, धार्मिक सांस्कृतिक, रीतिरिवाज-परम्परा आदि पर्दछन् । यस नगरपालिकाको पाँचपोखरी तथा हेलम्बू गापा तथा काठमाडौं तर्फ सङ्खरापुर नगरपालिका तथा नुवाकोट तर्फ शिवपुरी गा.पा.सँग धार्मिक, सांस्कृतिक तथा समाजिक सम्बन्ध कायम छ । नगरबासी व्यापारको लागि बनेपा र काडमाडौंसँग बढी नजिक छन् भने, स्वास्थ्य सेवा लिन उनीहरु धुलिखेल वा काठमाडौं पुग्ने गरेका छन् । रोजगारीको लागि धेरै नगरबासी बनेपा, काठमाडौ वा विदेश गएका छन् ।

### ५.१.३ अन्य क्षेत्रको मेलम्चीसँगको सम्बन्ध




*चित्र ३१ : अन्य क्षेत्रको मेलम्चीसँगको सम्बन्ध*

मेलम्ची न.पा. भन्दा बाहिरका मानिसहरु मेलम्ची क्षेत्रसँग विशेष गरी शिक्षा, स्वास्थ्य र व्यापारका कारणले एकआपसमा सम्बन्धित छन् । यातायात पहुँच पुग्नु भन्दा पहिले मेलम्ची वरिपरिका मानिसहरु यस क्षेत्रमा पूर्ण रुपले निर्भर थिए भने यातायातको आवागमन पश्चात् मेलम्ची क्षेत्रको व्यापार केहि खस्किएको छ । वरिपरिकाग्रामीण क्षेत्र तथा गाँउपालिकाका विद्यार्थीहरु मेलम्चीमा रहेको विभिन्न सरकारी तथा निजी विद्यालयमा पढ्ने गरेका छन् । केहि मात्रामा प्रशासनिक सेवा केन्द्रहरु रहेकाले सार्वजनिक सेवाको लागि पनि यहाँ आउनु पर्ने अवस्था छ । यस क्षेत्रमा रहेको प्रहरी चौकी, शसस्त्र तथा सैनिक क्याम्पले मेलम्ची क्षेत्र भन्दा माथिको सबै भूगोल हेर्नु पर्ने हुँदा, मेलम्ची बाहिरका (पाँच पोखरी तथा हेलम्बू) भेगहरु सुरक्षा सेवामा मेलम्चीकै भर पर्नु पर्ने अवस्था छ । यसका अलवा, मेलम्ची क्षेत्र, हेलम्बू, लाङटाङ तथा पाँचपोखरीसम्म जाने पदमार्गमा पर्ने हुँदा बाह्य पर्यटकहरु पनि यस क्षेत्रमा आउने गर्दछन् । साथै काठमाडौं, बनेपा, धुलिखेल, लगायत अन्य क्षेत्रबाट केहि मात्रामा आन्तरिक पर्यटकहरु मेलम्ची घुम्न आउने गरेका छन् । मेलम्ची क्षेत्रमा विशेष उत्पादन हुने कुरा केहि देखिएन र यहाँ आउने पर्यटकहरुलाई पनि बाहिरबाट ल्याइएका खाने कुरा खान दिनु पर्ने अवस्था छ । मेलम्ची बजार क्षेत्रमा मौसमी तरकारी तथा फलफूलहरु वरिपरिका गाँउहरुबाट आउने गरेका छन् भने काठमाडौं तथा बनेपाबाट पनि यथेष्ट सामग्रीहरु आउँछन् । हेलम्बू तथा पाँचपोखरी गा.पा.का अधिकांस व्यापारी तथा व्यक्तिहरुको प्रमुख बजार भने हालसम्म पनि मेलम्चीनै हो । यसका साथै माथिल्लो भेगका जनताहरु स्वास्थ्य तथा शैक्षिक सुविधा लिन रोजगारी गर्न यस नगर क्षेत्रमा आउने गर्दछन् । मेलम्ची, बाहुनेपाटी र भोटेचौरमा तुलनात्मक हिसावले ठूला बजारहरु रहेकाले यस क्षेत्रहरुमा वरिपरिका ग्रामीण भेग तथा छिमेकी गा.पा.का बासिन्दाहरु किनमेललाई आउने गर्दछन् ।

### ५.१.४ संघीय संरचनामा मेलम्चीको अवस्थिति


नेपाल अब एकात्मक शासन प्रणालीबाट संघीय शासन प्रणाली तर्फ गई सकेको छ । जिल्लास्थित कार्यालयहरु तथा विगतमा केन्द्रबाट हेरिने अधिकांश कार्यक्रम तथा योजनाहरु अब स्थानीय सरकार आफैले हेर्नु पर्ने हुन्छ । खानेपानी, स्थानीय सडक, कृषि, पशुपालन, घरेलु तथा साना उद्योग, भू-व्यवस्थापन आदि कार्यहरु सबै स्थानीय सरकारबाट

सञ्चालन हुन थालिसकेको छ । यस योजनाको कार्ययोजनामा उल्लेख गरिएका जिल्ला स्थित विषयगत कार्यालयहरु पनि न.पा.मा शाखाको रुपमा आउने भएको हुनाले अधिकांश कार्यक्रम तथा परियोजनाहरु न.पा.को प्रत्यक्ष वा आंशिक संलग्नतामा मात्र लागू हुनेछ । प्रदेश सरकार, केन्द्रीय सरकार तथा विभाग वा मन्त्रालयबाट लागू हुने योजना बाहेक सम्पूर्ण सशर्त तथा निशर्त योजनाको कार्यान्वयन तथा अन्य सम्पूर्ण विकास कार्यक्रमको दायित्व नगरपालिकाको जिम्मेवारी भित्र पर्दछ । केही विशेष परियोजना बाहेक यस योजनाको धेरै जसो परियोजनाहरु नगरपालिकाको नियमित कार्यक्रम अन्तर्गत लागू हुनेछन् । आफ्ना कार्यक्रम तथा नीतिहरु आफै बनाउने, बजेटको व्यवस्थापन देखि त्यसको योजना सञ्चालन, समापन तथा निरन्तरता समेतको गहन तथा जिम्मेवारी पूर्ण कामको भूमिका अब नगरपालिका आफैले निभाउनु पर्नेछ । जनताको प्रत्येक आवाज तथा असन्तुष्टि चिर्दै प्रत्येक नागरिकको घरघरसम्म विकास पुगेको अनुभूति दिन नगरपालिका तथा निर्वाचित जनप्रतिनिधिहरुको यस संघीय संरचनामा अहं भूमिका रहन्छ ।

### ५.१.५ ग्रामीण - शहरी अन्तर सम्बन्ध (Forward and Backward Linkage)

मेलम्ची नगरपालिकाका केही भाग बाहेक अधिकांस क्षेत्रहरुमा ग्रामीण परिवेश झल्कन्छन् । आधारभूत पेशा कृषि रहनु, सडक मार्गको सीमित पहुँच तथा शहरी सेवा सुविधाको कमीले गर्दा प्रशासनिक रुपमा नगरपालिका भएता पनि व्यवहारिक रुपमा ग्रामीण क्षेत्रको बाहुल्यता छ । मेलम्ची, बाहुनेपाटी, भोटेचौर आदि यस न.पा.का मुख्य बजार क्षेत्रहरु हुन् जहाँ शहरीकरण बढ्दो क्रममा छ भने अन्य ग्रामीण क्षेत्रहरुले पनि यी क्षेत्रसँग सिधा सम्पर्क राख्दछन् । ग्रामीण क्षेत्रको प्राथमिक पेशा कृषि रहन्छ भने शहरी क्षेत्रमा कृषिको मात्रा न्यून हुन्छ । तसर्थ ग्रामीण क्षेत्रले आफ्ना कृषि उपज उत्पादन शहरी क्षेत्रमा बिक्री गर्नु पर्दछ भने शहरी क्षेत्रको सेवा तथा सुविधा खरिद पनि गर्नु पर्दछ । यसै गरि कृषि जन्य आवश्यक सामग्री तथा जनशक्ति शहरी क्षेत्रले ग्रामीण क्षेत्रबाट प्राप्त गर्नुपर्ने हुन्छ । मालसामान तथा सामानहरुको प्रवाह एक गतिशील प्रकृया हो र यो विभिन्न तत्वहरु जस्तैः जनसङ्ख्या र यसको वितरण, सडक, सुविधा, शहरको कार्यगत संरचना तथा श्रोत आदिमा भर पर्दछ । कार्यगत संरचनाले बजार क्षेत्रमा रहेका पसलहरुको किसिम तथा ती पसलहरुले पुऱ्याएको सुविधाको किसिम भन्ने जनाउँछ । आवातजावतको मापन भने मागको आकार तथा दुरीमा भर पर्दछ । त्यसैगरी सामान र सुविधाहरु शहरको भौगोलिक वितरण तथा यातायात र संचारको किसिममा भर पर्दछ ।

बजार केन्द्रको आकार तथा यसले पुऱ्याइरहेको सेवा तथा सुविधाले त्यसको पृष्ठप्रदेशको आकार तथा फैलावटलाई निर्धारण गर्दछ । किनभने बजार केन्द्रहरुको प्रमुख कार्य भनेको त्यसको वरिपरिको क्षेत्र वा  प्रदेशालाई बस्तु तथा सेवा उपलब्ध गराउनु हो । गाउँ शहर अन्तर-सम्बन्ध (Rural Urban Linkage) को अवधारणालाई तलको चित्रमा देखाइएको छ ।




*चित्र ३२ : ग्रामीण-शहर अन्तर सम्बन्ध र यसका*

## ५.२ मेलम्चीमा ग्रामीण शहर अन्तर सम्बन्ध

मेलम्ची नगरपालिकामा मेलम्ची बजार, भोटेचौर बजार, बहुनेपाटी र तलामाराङ गरि ४ मुख्य बजार केन्द्रहरु रहेका छन् । यस्तै पाटी भङ्ज्याङ, पिल्ले, पोखरेटोल, ज्यामिरे, गोल्मास्थान, सुनखानी, रातामाटा, रोटेपिङ्गडाँडा, ढाडबेसी बजार (काभ्रे), गरी साना बजारहरु पनि रहेका छन् । साना स्तरको बजारमा ग्रामीण भेगका जनताहरुले कृषि उपज बिक्री गर्ने र दैनिक उपभोग्य बस्तु लगायत कषि सामग्री क्रय गर्दछन् । ठुला बजार केन्द्रमा माथिका कार्य गर्नुका साथै स्वास्थ्य तथा शैक्षिक सेवा र रोजगारीका लागि ग्रामीण भेगबाट मानिसहरु आउने गर्दछन् । मेलम्ची नपाका ग्रामीण क्षेत्र बाहेक, वरिपरिका गाँउपालिकाका मानिसहरु यस बजार केन्द्रमा निर्भर छन् । तलको तालिकाले बजार केन्द्र तथा त्यसले सेवा पुऱ्याउने पृष्ठप्रदेशको विवरण उल्लेख गरिएको छ ।

| बजार केन्द्रको नाम | सेवा क्षेत्र तथा गाँउहरु |
|---|---|
| मेलम्ची | पाँचपोखरी गाँपा, हेलम्बु गापाले शिक्षा, स्वास्थ्य, व्यापारिक सेवा र मेलम्ची नपाका सबै वडाहरुले प्रशासनिक सेवा, वडा नं ७, ८, ९, १० र ११ बजार सेवा समेत । |
| बहुनेपाटी | वडा नं १२, १३ तथा इन्द्रवती गा.पा.को बजार सेवा । |
| भोटेचौर | वडा नं १, २, ३, ४ र ५ को बजार सेवा । |
| तालामाराङ | वडा नं ६, ७, ८ को आंशिक बजार सेवा |

कुनै पनि नगरपालिका वा गाँउपालिका प्रशासनिक हिसावमा स्वायत्त भएतापनि भौगोलिक रुपमा वरिपरिका अन्य क्षेत्रहरुमा निर्भर हुन्छन् । मेलम्ची नगरपालिकाका शहरी क्षेत्रहरु वरिपरिका ग्रामीण क्षेत्रहरुसँग आर्थिक, सामाजिक तथा प्रशासनिक सेवाको लागि एकअर्कामा निर्भर छन् । मुख्यतयः ग्रामीण बस्तीहरु सहरमा प्रशोधित बस्तु तथा सेवामा निर्भर रहन्छन भने शहरहरु ग्रामीण क्षेत्रमा उत्पादन हुने कच्चा पदार्थमा निर्भर रहेको हुन्छ । विनिमयका हिसावले हेर्दा सहरले बस्तु तथा सेवा महंगोमा ग्रामीण क्षेत्रमा विक्री गर्दछ भने ग्रामीण क्षेत्रले सहरलाई सस्तोमा कच्चा बस्तुको विक्री गर्दछ यसले शहरर ग्रामीण क्षेत्रका बीचमा असमान विनिमय प्रणाली विकसित हुन्छ । विभिन्न कारणहरु मध्ये विनिमयको असमानता र सेवा सुविधाको पहुँचका कारण ग्रामीण भेगबाट शहरतर्फ बसाई सराई तीव्र हुन्छ ।

## ५.३ प्रवृत्ति विश्लेषण (Trend Analysis)

यस खण्डमा विशेष गरि सामाजिक प्रवृत्तिको विश्लेषण, जसमा बसाइसराईको प्रवृत्ति, वृद्धिदर, शहरीकरणको स्वरुप तथा फैलावट, पूर्वाधारको केन्द्रीकरण आदि अध्ययन गरिएको छ । संकलित तथ्याङ्क तथा स्थलगत अध्ययनका आधारमा मेलम्ची नगर क्षेत्रमा शिक्षा, स्वास्थ्य तथा रोजगारीको लागि हुने बसाँईसराई एवं जनसङ्ख्याको सामान्य प्रक्षेपण गरिएको छ । विगतको तथ्याङ्क हेर्ने हो भने नेपालको कूल जनसंख्या २०५८ देखि २०६८ सम्म १.३५% मे.न.पा.को दरले बढेको थियो भने सोहि अवधिमा मे.न.पा.को वृद्धिदर ०.४२ ले ऋणात्मक रह्यो । २०४८ देखि २०५८ सम्मको अवधिमा भने वृद्धिदर १.५८% ले घनात्मक रहेको देखिन्छ ।

नगरले २०७४ मा गरेको अध्ययन अनुसार नरपालिकाको विद्यमान जनसंख्या ५८,८१४ रहेको देखिन्छ, जसमा नगर क्षेत्र भन्दा बाहिर तर नगरमा स्थायी बसोबास भएको जनसंख्या पनि समावेश छ ।

| गणना वर्षको जनसंख्या | | | २०४८ देखि २०५८ सम्म | | २०५८ देखि २०६८ सम्म | |
|---|---|---|---|---|---|---|
| २०४८ | २०५८ | २०६८ | जनसंख्या अन्तर | औषत वृद्धिदर | जनसंख्या अन्तर | औषत वृद्धिदर |
| ४०,३८५ | ४७,२९० | ४५,३४३ | ६,९०५ | १.५६ | -१,९४७ | -०.४२ |


**२०५८, २०६८ र २०७४ को तुलनात्मक जनसांख्यिक विवरण**

| साल | घरधुरी संख्या | जनसंख्या | | | जनघनत्व | परिवार संख्या | लिंग अनुपात |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | | | |
| २०५८ | ८,९८९ | २३,२८२ | २४,००८ | ४७,२९० | २,९८.९८ | ५.२६ | ०.९७ |
| २०६८ | १०,०९७ | २१,७२९ | २३,६१४ | ४५,३४३ | २,८६.६७ | ४.४९ | ०.९२ |
| २०७४ | ११,८३२ | २९,११८ | २९,६९६ | ५८,८१४ | ३,६६.१५ | ४.९७ | ०.९८ |

नगरपालिकाले २०७४ मा नगर प्रोफाईल निर्माण गर्दा घरधुरी सर्भेक्षण गरिएको थियो । उक्त सर्भेक्षण अनुसार अहिले नगरको जनसङ्ख्या ५९ हजारको हाराहारीमा पुगेको देखिन्छ ।

## ५.४ जनसङ्ख्या प्रक्षेपण

विगत ३ जनगणना वर्षको जनसङ्ख्या हेर्दा जनसङ्ख्या बढ्दो क्रममा रहेको देखिन्छ। जनसङ्ख्या प्रक्षेपण गर्दा नगरले २०७४ सालमा गरेको जनगणनालाई पनि आधारको रुपमा लिइएको छ । २०५८, २०६८ र २०७४ को जनसंख्या वृद्धिदर हेर्दा नगरको औषत वृद्धिदर २.२% प्रतिशत देखिन्छ भने २०५८ र २०६८को मात्र जनसंख्यालाई आधार मान्ने हो भने जनसंख्या वृद्धिदर -०.४२% प्रतिशतले ऋणात्मक देखिन्छ । बस्ती विकास तथा फैलावटबाट पनि नगरको जनसंख्या वृद्धि भइरहेको अनुमान गर्न सकिन्छ तसर्थ विगत ३ जनगणना वर्षलाई आधार मान्दा, २०७८मा जनसंख्या केहि घट्नेक्रमा हुनेछ भने २०८८ मा वढेर ६४ हजारको हाराहारीमा पुग्नेछ । यो अनुमान विगतको प्रवृत्तिबाट प्रेरित छ भने अवको १०-१५ वर्ष नगर क्षेत्रको जनसंख्या यहाँ प्रक्षेपण गरिएको भन्दा अधिक हुन सक्ने संम्भाना छ। तसर्थ पूर्वाधार तथा सेवा सुविधाको योजना बनाउँदा कम्तिमा एक लाख जनसंख्यालाई हुने किसिमले बनाउनु पर्दछ ।




*चित्र ३३ : जनसङ्ख्याको प्रवृत्ति*

| ज्नसङ्ख्या प्रक्षेपण | | | | | |
|---|---|---|---|---|---|
| वर्ष | २०५८ | २०६८ | २०७४ | २०७८ | २०८८ |
| जनसंख्या | ४७२९० | ४५३४३ | ५८८१४ | ५७५८७ | ६३८५६ |

**बसाईसराई**

बसाइसराई सम्बन्धी न.पा.को पञ्जिकरण शाखाबाट प्राप्त विवरण अनुसार गत आ. व. (२०७४/७५)१५ महिला र १३ पुरुष गरी जम्मा २८ जना बसाई सराई गरी अन्यत्रै गएको र २ महिला र १ पुरुष गरी जम्मा ३ जना मानिस यस नगरपालिकामा बसाई सराई गरी आएको देखिन्छ । यद्यपी नगरपालिमा स्थायी बसाई सरी आउने जनसंख्या न्यून देखिएतापनि वरिपरिका गाँउपालिकाबाट रोजगारी र शिक्षाको लागि आउने संख्या उल्लेख्य रहेको छ । यस नपामा पाँचपोखरी गा.पा., इन्द्रावती गा.पा. तथा हेलम्बू गापाबाट मानिसहरु बसाई आउने गरेको देखिन्छ र यो क्रम नगरमा सेवा-सुविधाको वृद्धि र पूर्वाधारको विकाससँगै बढ्दै जाने अनुमान गर्न सकिन्छ। त्यसै गरी नगरपालिका भित्र आन्तरिक बसाईसराई पनि क्रमिक रुपमा बढ्दै गइरहेको देखिन्छ ।

## ५.५ शहरी पूर्वाधारको अन्तर विश्लेषण (Gap Analysis)

कुनै पनि क्षेत्रलाई शहर हुन आधारभूत पूर्वाधार तथा सेवा सुविधाहरु हुन आवश्यक छ। मेलम्ची नगरपालिकाको अधिकांश क्षेत्र ग्रामीण परिवेशमा भएतापनि नगरपालिको मान्यता पाइसकेको छ। वि.स. २०७१ मा घोषणा भएको यस नगरपालिकाले विकास कार्यमा धेरै कार्यहरु अझै गर्नु पर्नेछ तर पनि आधारभूत तहमा शहरी विकास तथा भवन निर्माण विभागले तय गरेको पूर्वाधारको मापदण्ड अनुसार हुनु पर्ने कुरामा विशेष ध्यान दिनु पर्ने हुन्छ। उक्त मापदण्डलाई आधार लिएर यस नगरपालिकाको विद्यमान पूर्वाधारको अवस्था कस्तो रहेको छ र नगर क्षेत्रमा पूर्वाधारको अवस्था कस्तो हुनु पर्छ भनेर विश्लेषण गरिएको छ। यसैको तुलनात्मक अध्ययनलाई पूर्वाधारको अन्तरको रुपमा व्याख्या गरिएकोछ।

<table>
<tr><th colspan="9">भौतिक पूर्वाधार</th></tr>
<tr><th>क्र. सं.</th><th>पूर्वाधारहरु</th><th>नर्म्स</th><th colspan="5">मापदण्ड</th><th>नगरको हालको अवस्था</th></tr>
<tr><td rowspan="5">१</td><td rowspan="5">सडक</td><td rowspan="5">Express way, arterial, sub arterial, collector street and local street<br>सबै वा ९० % घरधुरीहरु मोटरवेल सडकबाट १ कि.मी दुरी भित्र रहेका</td><td>Express way</td><td>Ro W</td><td>Set back</td><td>Foot path</td><td>Cycle track</td><td rowspan="5">• ३० प्रतिशत भन्दा कम घरधुरी १ कि.मी दुरी भित्र रहेको।<br>• मुख्य राजमार्ग (जिरो किलो-सिपाघाट-मेलम्ची सडक) बाहेक अन्य मुख्य सडकहरुमा बाह्रै महिना यातायात संचालन हुन नसक्ने।</td></tr>
<tr><td>arterial</td><td>30</td><td>1</td><td>2</td><td>2</td></tr>
<tr><td>Sub arterial</td><td>22</td><td>1</td><td>2</td><td>1.5</td></tr>
<tr><td>collector</td><td>14</td><td>1</td><td>2</td><td>1.5</td></tr>
<tr><td>Local</td><td>10</td><td>1</td><td>2</td><td>-</td></tr>
<tr><td>२</td><td>खानेपानी प्रणाली</td><td>• ८०% घरधुरीहरुमा मिटर जडान गरिएको तथा वितरण गरिएको<br>• भण्डारण सुविधा सहित treatment plant<br>• सार्वजनिक भवनहरुमा वर्षातको पानी संकलन सुविधा</td><td colspan="5">• मात्रा: ८०-१०० lpcd वितरण पाइपको न्युनतम<br>• व्यास: ८० mm 10*10=10mld (क्षमता)<br>• भण्डारण क्षमता: जम्मा treatment क्षमताको २५%</td><td>• कुनै पनि घरहरुमा छुट्टै मिटर जडान नगरिएको<br>• पानी प्रशोधनको सुविधा नभएको।<br>• सामुदायिक धारा, कुवाबाट पानी लिने गरिएको।<br>• बर्षात्को पानी संकलन गर्ने नगरिएको ।</td></tr>
<tr><td>३</td><td>सरसफाई र ढल प्रणाली/ वर्षातको पानी निकास<br><br>एकीकृत फोहरमैला व्यवस्थापन प्रणाली</td><td>• सार्वजनिक ढल प्रणाली (सेप्टिक टैंक)<br>• Sewage pumping station<br>• Treatment plant<br>• सार्वजनिक शौचालयको सुविधा<br>• संकलन केन्द्र (०.३ के.जी/व्यक्ति/दिन) जम्मा फोहर करिव ३३ टन/दिन<br>• Transfer station</td><td colspan="5">• Trunk lineको न्युनतम व्यास २०० मि.मि ०.२ mld (०.७५ ha/mld )<br>• ५०० मिटरको दुरीमा १ वटा प्रति २००० जनसंख्याको अनुपातमा<br>• घरधुरीस्तरमा नै फोहोर मैलाको वर्गीकरण<br>• सामुदायिक रुपमा संकलन/घरधुरी स्तरमा संकलन</td><td>• सार्वजनिक ढल नभएको।<br>• सबै घरधुरीमा चर्पी भएको।<br>• मेलम्ची बजार तथा बाहुनेपाटी बजार क्षेत्रमा मात्र सडकको दुई किनारमा छोपिएको नाला रहेको।<br>• Treatment plant नभएको।<br>• फोहर व्यवस्थापनको उचित विकल्प नभएको।<br>• हाल विकल्पको रुपमा मेलम्ची बजार नजिकै इन्द्रावती नदी</td></tr>
</table>

| भौतिक पूर्वाधार | | | | |
|---|---|---|---|---|
| क्र. सं. | पूर्वाधारहरु | नर्म्स | मापदण्ड | नगरको हालको अवस्था |
| | | • Sanitary landfill site | • १ संकलन केन्द्र/कन्टेनर/सडकमा संकलन गर्ने खण्डमा २०० मिटर अर्धव्यास भित्र सेवा प्रदान<br>• यदि अन्तिम विसर्जन गर्ने स्थल १० कि.मी भन्दा टाढा छ भने हरेक शहरका निम्ति १ transfer station<br>• जम्मा उत्पादित फोहोरको ३०% मात्र landfill siteमा जानुपर्दछ ।<br>• ७०%= reduce, reuse, recycle<br>• मध्यम आकारको landfill site=>25तथा (५०० टन प्रति दिन) | किनारमा फोहर फ्याल्ने गरिएको ।<br>• वडा नं. ११ मेलम्ची बजारमा हप्तामा २ पटक फोहर संकलन गर्ने गरिएको |
| ६ | **दुर संचार** | • Land line/mobile<br>• सार्वजनिक टेलिफोन बुथ | • 100% coverage<br>• प्रति ५००० जनसंख्याका लागि १ बुथ | • मोवाइको कभरेज भएको ।<br>• सार्वजनिक टेलिफोन बुथ नभएको । |
| **सामाजिक पूर्वाधार** | | | | |
| ७ | **शैक्षिक संख्या** | • प्राथमिक,<br>• उच्च मा.वि<br>• स्नातक/स्नातकोत्तर<br>• विश्व विद्यालय | • ०.४-०.८ कि.मीको दुरीमा वा प्रति ३०० जनसंख्या<br>• सार्वजनिक यातायात ३० मिनेट दुरीमा वा प्रति ७५०० जनसंख्या<br>• सार्वजनिक यातायात ४५ मिनेटको दुरीमा वा प्रति २५,००० जनसंख्या<br>• सार्वजनिक यातायात १ घण्टाको दुरीमा वा प्रति ४०,००० जनसंख्या । | • मेलम्चीमा स्नातकसम्म अध्यापन हुने ।<br>• स्नातकोत्तर तथा विश्व विद्यालय स्तरीय पठनपाठन नभएको ।<br>• दुरी र समयकको हिसावले विद्यालय स्थापना नभएको । |
| ८ | **स्वास्थ्य संस्था** | • प्राथमिक स्वास्थ्य सेवा केन्द्र<br>• (जिल्ला) अस्पताल | • १ प्रति २०,००० जनसंख्या (५-१५ शैयाहरु)<br>• १ प्रति ५०,००० जनसंख्या ( २५-५० शैयाहरु) | • प्राथमिक स्वास्थ्य सेवा केन्द्र तथा एक निजी अस्पताल रहेको ।<br>• सरकारी अस्पताल नभएको । |


| भौतिक पूर्वाधार | | | | |
|---|---|---|---|---|
| क्र. सं. | पूर्वाधारहरु | नर्म्स | मापदण्ड | नगरको हालको अवस्था |
| ९ | खुल्ला क्षेत्र पार्क खेल मैदान (टुडिखेल) | • शहरी क्षेत्रको ५% Neighborhood पार्क<br>• स्थानीय पार्क<br>• सामुदायिक पार्क<br>• खेल मैदान | • १ प्रति ८०० जनसंख्या<br>• १ प्रति १०,००० जनसंख्या<br>• १ प्रति २०,००० जनसंख्या<br>• १ प्रति शहर | • प्रत्येक वडामा विद्यालय स्तरीय खेलमैदानहरु भएको<br>• नगर स्तरीय पार्क बन्दै गरेको<br>• टुडिखेल नभएको । |
| १० | पुस्तकालय | • सामुदायिक स्तरको<br>• केन्द्रीय स्तरको | • १ प्रति १०,००० जनसंख्या<br>• १ | • एकाध विद्यालयमा सामान्य बाहेक अन्यत्र पुस्तकालय नभएको । |
| ११ | अग्नि नियन्त्रण कार्यालय | • शहरी स्तरको सेवा | • ५ देखि ७ कि.मी अर्ध व्यास भित्र १ वटा अग्नि नियन्त्रण कार्यालय | • नभएको । |
| १२ | धार्मिक संस्था | दाहसंस्कार क्षेत्र | १ | • दाहसंस्कार क्षेत्र भएपनि व्यवस्थित नगरिएको । |
| १३ | संग्रहालय/ कलाकेन्द्र | शहरी स्तर | १/१ | • नभएको । |
| १४ | वृद्धाश्रम, अनाथाश्रम, अपांगता केन्द्र | शहरी तथा सामुदायिक स्तरको | १ प्रति २०,००० जनसंख्या | • मेलम्चीमा अनाथाश्रम एउटा भएको । |
| १५ | सुरक्षा व्यवस्था | प्रहरी विट<br>प्रहरी चौकि | १ प्रति १०,००० जनसंख्या<br>१ प्रति ४०,००० जनसंख्या | • ईलाका प्रहरी कार्यालय १<br>• प्रहरी चौकी २<br>• अस्थाई प्रहरी पोष्ट १ |
| १६ | प्रदर्शनी केन्द्र | शहरी स्तर | १ प्रति ५०,००० जनसंख्या | • नभएको |
| १७ | सभा भवन | शहरी सभा भवन ( बहुउद्देश्यीय) | १ प्रति १०,००० जनसंख्या | • नभएको |
| १८ | रङ्गशाला | शहर स्तरमा | १ | • नभएको |
| १९ | सिनेमा हल | शहर तथा स्थानीय स्तरमा | ५ सिट प्रति हजार जनसंख्या | • नभएको |
| २० | तरकारी बजार | छिमेक तथा बजार स्तरमा | १ पसल प्रति ३०० घरधुरी | • तरकारी बजार नभएको ।<br>• खुद्रा अस्थायी बजार मात्र । |

माथिको तालिकालाई हेर्दा आधारभूत शहरी पूर्वाधार जस्तै:तरकारी बजार, सिनेमा हल, रङ्गशाला, सभा भवन, प्रदर्शनी केन्द्र,अग्नि नियन्त्रण कार्यालय, फोहरमैला व्यवस्थापन, मिटर जडित खानेपानी, सडक सञ्जालको सहजता आदिको उपलब्धता नगर क्षेत्रमा देखिदैन । माथि उल्लेखित पूर्वाधारमा संचारको पहुँच मात्र सन्तोषजनक छ, जुन दुरसञ्चार तथा आमसञ्चारको विश्वव्यापी आधुनिकीकरणको परिणाम हो । आगामी ५ वर्षभित्र शहर क्षेत्रलाई आवश्यक


न्यूनतम पूर्वाधारहरुको विकासमा विषेश ध्यान पुग्नु पर्ने देखिन्छ र माथि देखिएका अन्तरहरुको पूर्ति गर्न तर्फ नगरका योजनाहरु केन्द्रित हुन पर्दछ ।उल्लेखित नर्म्स र मापदण्डको आधारमा विश्लेषण गर्दा मेलम्ची नगरपालिका गाउँपालिकाको स्तरमा रहेको देखिन्छ । नगरको घोषणा जनसंख्यालाई मात्र आधार मानेर गर्नुको परिणामले गर्दा पूर्वाधारको अवस्था तोकिएको शहरी नर्म्स र मापदण्डसँग मेल नखाएको हो । मेलम्चीलाई साँचिकै नगरपालिकाको स्वरुप दिनको लागि धेरै भौतिक पूर्वाधारहरुको विकास गर्नु पर्ने छ ।

## ५.६ वित्तीय विश्लेषण (Financial Analysis)

| आ.व. | जम्मा वजेट | चालू | पूँजीगत | फ्रीज भएको | कूल बेरुजू |
|---|---|---|---|---|---|
| २०७२/७३ | १४४१४११७०।३९ | ८४९७१३९३।- | ४४६८१३७९।२५ | ८३९७७६४।७५ | १३७५६८८।- |
| २०७३/७४ | २५०१६९५८३।३३ | ७३२५६३१९।४५ | १२१४३९७५८।४७ | १८२८८१३।- | ४९३५१४८।- |
| २०७४/७५ | ६१०७७४०२०।३३ | ३२३९१०८८६।५१ | २४७२०५६२४।६५ | ४९१६७२६।६८ | |
| २०७४/७५ | ८३५६५५०००।०० | ४२७८०००००।०० | ४०७८५५०००।०० | | |




नगरपालिकाको वित्तीय क्षमताले नगरको समग्र विकासमा मार्गनिर्देश गर्ने भएकाले वित्तीय सम्भावको अध्ययन महत्वपूर्ण छ । विगतका वर्षहरुमा नगरपालिकाको बजेट क्षमातामा वृद्धि भैरहेको छ भने आन्तरिक आयमा भने उल्लेख्य सुधार देखिएको छैन । यसले के प्रष्ट पारेको छ भने नगरको विकास कार्य बाह्य श्रोतमा निर्भर छ । सरकारी अनुदानको मात्रा राजश्व बाडफाँटको भन्दा धेरै छ ।माथिको तालिका तथा बजेट प्रक्षेपण हेर्दा मेलम्ची नगरपालिकाको वाार्षिक बजेट वृद्धि y = 243515x – 148602 (हजारमा)को अनुपातमा हुने देखिन्छ भने औषतमा ८५% ले वृद्धि भइरहेको छ । बजेटको वृद्धिसँगै नगरको चालू खर्च पनि बढ्दै गएको छ । यसका साथै कूल बेरुजू रकममा पनि वृद्धि भएको देखिन्छ । बढ्दो बजेटलाई समयानुकूल लेखा प्रणालीको प्रयोग तथा वित्तीय अनुसाशन कायम गर्दै बेरुजूमा कमी गर्दै जानु पर्छ । विद्यमान बजेट प्रवृत्ति हेर्दा आगामी आ.व.मा नगरको वार्षिक बजेट १ अर्ब भन्दा धेरै हुनेछ । माथि उल्लेखित बजेटको श्रोत नेपाल सरकार तथा स्थानीय तहको मात्र हो र यसमा विकास साझेदार तथा गैससको बजेट समावेश छैन ।




आन्तरिक आय पनि हालका दिनहरुमा बढ्दै गएको छ । विगत तीन वर्षको प्रवृत्ति हेर्दा वार्षिक १०० % भन्दा बढिले आन्तरिक आय वृद्धि भइरहेको छ । बजेटको धेरै जसो हिस्सा सशर्त तथा नि:शर्त अनुदानले ओगटेको छ र तिनको हिस्सा झण्डै बराबर जस्तै छ । यसले नगरको योजना तर्जुमा गर्ने क्षमतामा प्रश्न चिन्ह खडा गरेको छ, किनभने सशर्त अनुदान निश्चत कार्यलाई मात्र खर्च गर्नु पर्ने हुन्छ र आफ्ना योजनामा लगानी गर्न पाइदैन् । यसको मात्रा

बढि हुनु भनेको नगरको वार्षिक रुपमा बनेका योजनाहरुमा लगानी अधिकार सिमीत हुनु हो । यद्यपी एकीकृत विकास योजना बनेको खण्डमा योजनाले पहिचान गरका क्षेत्रहरु किटान गरी सशर्त अनुदान प्राप्त गर्न सकिनेछ । नगरपालिकाले आफ्ना योजनाहरु निर्माण गर्दै त्यसको कार्यान्वयन गर्न केही वर्ष बाह्य अनुदानको भर पर्नुपर्ने हुन्छ तर सशर्त अनुदान बढ्ता भयो भने नगरले आफ्नो योजना अनुसार काम गर्न पाउदैन् । तलको तालिकाले नगरको विगत तीन वर्षको आय विवरण दर्शाउदछ ।

| आ. व. | आन्तरिक आम्दानी | राजस्व बाडफाँट | दहत्तर बहत्तर | सशर्त अनुदान | निःशर्त अनुदान | अन्य क्षेत्रबाट प्राप्त (श्रोत सहित) |
|---|---|---|---|---|---|---|
| २०७२/७३ | ३१२५३६२।७५ | १६८३२९४।४९ | ८३९३०००।- | ८६५४५६००।- | २७९२८०००।- | १२८८५९०३।१५ |
| २०७३/७४ | ७३८२१७५।८० | १३४९७४७।- | ५९९१६६५५६।१४ | ८७९७६०००।- | ६२०२६२२४।- | ३०५१९८८०।३९ |
| २०७४/७५ | १३२०६६२३।२८ | - - | — — | २८५५०१०००।- | २५२१०५०००। - | ३००५९१८।- |

समग्र रुपमा नगरको बजेट प्रवाहको स्थिति संतोषजनक देखिन्छ । यद्यपी आगामी दिनहरुमा आफ्नो आन्तरिक आम्दानी वृद्धि गरी आर्थिक परनिर्भरता कम गर्नु पर्नेछ । नगरको आन्तरिक आम्दानी क्रमिक रुपमा बढ्दै गइरहेको अवस्था छ र नगरबासीमा कर तथा दायित्व सम्बन्धी चेतनामूलक कार्यक्रमहरु भएको खण्डमा नगरको आम्दानीमा सकरात्मक वृद्धि हुने अपेक्षा गर्न सिकन्छ ।

## ५.७ सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती (SWOT) विश्लेषण

### ५.७.१ सबल पक्ष (Strength)

- पाँचपोखरी तथा हेलम्बू गा.पा.को आर्थिक तथा बजार केन्द्र,
- कृषियोग्य भूमि तथा वनक्षेत्रको प्रतिशत बढी भएकोले कृषि र जडीबुटीको उत्पादनबाट आर्थिक उन्नति गर्न सकिने,
- नगदेवाली तथा कृषिमा बढ्दो व्यवसायिकता,
- धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरुको बाहुल्यता,
- कृषि तथा पर्या-पर्यटनको वृद्धि हुँदै गरेको,
- पानीको श्रोतहरु प्रशस्त भएको, पानी र मेलम्ची पर्यायवाची शव्द भएको,
- राजधानी काठमाडौंबाट नजिक,
- निर्माण सामग्रीको स्थानीय उपलब्धता,
- हेलम्बू , पाँचपोखरी, गोसाँइकुण्ड लगाएतका विश्व प्रसिद्ध पर्यटकीय तथा धार्मिक क्षेत्रसँग निकटता,
- विजुलीको विस्तार ९० % भन्दा धेरै घरधुरीमा भैसकेको,

### ५.७.२ दुर्बल पक्ष (Weakness)

- नगरको केन्द्र र अन्य वडाहरु जोड्ने अधिकांश सडकहरु अस्थाई, धुले, कच्ची र बाह्रै महिना नचल्ने अवस्था,
- पानीको स्रोत प्रशस्त भएता पनि उचित व्यवस्थापन नभएकोले अधिकांश ठाउँहरुमा खानेपानीको अभाव,
- गुणस्तरीय शिक्षा र स्वास्थ्य सुविधा, बालमैत्री तथा अपांगमैत्री पूर्वाधारहरुको अभाव,
- आदिवासी, जनजाति, लक्षित वर्ग तथा महिलाहरुको आर्थिक सशक्तिकरण हुन नसकेको,
- व्यवसायिक कृषि तथा पशुपालन, बजार व्यवस्थापन र उद्योग सञ्चालन नभएको र वैदेशिक रोजगारीमा जानेको संख्या बढी,
- वन संरक्षणको लागि दीगो तथा वैज्ञानिक वन व्यवस्थापन योजना नहुनु,

- पर्यटकीय स्थानहरुको पहिचान, अध्ययन, प्रचारप्रसार र व्यवस्थापन नभएको र पर्यटकीय पूर्वाधारको अभाव,
- स्रोतसाधन, समन्व्य र सहकार्यको अभावले वडा कार्यालय तथा संघसंस्थाहरु व्यवस्थित र दीगो रुपमा सञ्चालन गर्न र निरन्तरता दिन नसकेको,
- संस्थागत विकास गर्ने स्पष्ट योजना नहुनु,

### ५.७.३ अवसर (Opportunity)

- वडा नं. १, २, ३ र ४ लाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने,
- कृषि तथा पशुपालनबाट उत्पादन भएको बस्तुहरुलाई बजारीकरण गरेर आर्थिक फाइदा लिन सकिने,
- धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरुको विकास गरेर पर्यटकको संख्यामा वृद्धि गर्न सकिने,
- ट्रेकिंग रुटको विकास र पर्यटकहरुलाई आकर्षण गर्ने प्रसस्त संभावना रहेको ,
- वैज्ञानिक वन व्यवस्थापन गरी वनजन्य उत्पादन गर्न सकिने,
- स्थानीय तहको पहलमा जनसहभागिताको माध्यमबाट खेतीयोग्य बाँझो जग्गाहरुमा खेती गर्न प्रोत्साहन गर्न सकिने,
- रोजगारीको लागि बसाईंसराई गर्नेहरु (विदेश तथा स्वदेश) को लागि कृषि, पशुपालन तथा पर्यटकीय क्षेत्रमा रोजगारीको अवसर,
- कृषि, पर्यटन, उद्योगका क्षेत्रमा सार्वजनिक निजी साझेदारी अवधारणाको विकास गर्न सकिने,
- नगरपालिका भएपनि ग्रामीण विशेषता बढी भएकोले शहरीकरणलाई व्यवस्थित गर्दै लैजान सकिने,

### ५.७.४ चुनौती (Threat)

- वन्यजन्तुहरु जस्तैः बाँदर, बँदेल, दुम्सी, मृग आदिले बालीनाली नष्ट गरेकोले कृषकहरु हतोत्साहित भई कृषि पेशाबाट विलय भईरहेका,
- घर, पसल, होटलबाट निस्केको फोहर र पशुपालन जस्तैः सुंगुरपालन, माछापालन आदिबाट निस्किएको फोहर पानीलाई नदीनालामा लगेर फाल्ने जसले गर्दा खानेपानीको मुहानहरु समेत प्रदूषित,
- पहाडी भेगमा पर्ने र नयाँ बाटोहरु खोलिएका स्थानहरु पहिरो र भू-क्षयको जोखिममा र नदी किनारमा पर्ने स्थानहरु नदी कटानको जोखिममा,
- नदीनाला तथा खोलाहरुबाट निकाल्न मिल्ने क्षमताभन्दा बढी मात्रामा ढुंगा, गिट्टी र बालुवाहरु निकालेर पानीको मूल समेत सुक्ने अवस्था,
- अधिकांश मठमन्दिरहरु भूकम्पले क्षति भएपछि पुर्ननिर्माणको लागि श्रोतको अभाव,
- चेतनाको अभाव भएकोले भूकम्पपछि जनसहभागिता न्यून हुँदै गएको,

# ६ एकीकृत नगर विकास योजना

**प्रस्तावना**

नगरको विकासलाई निर्देशित गर्न र उपलब्ध सीमित श्रोत साधनको अधिकतम उपयोग गरी गुणात्मक लाभ प्राप्त गर्न नगरका अग्रणी क्षेत्रहरुको पहिचान गरी दीर्घकालीन सोंच निर्धारण गर्नु अपरिहार्य रहेको र निर्धारित सोंचको आधारमा नीति तथा कार्यक्रमहरु बनाउनु पर्ने भएकाले सभागितात्मक गोष्ठीका माध्यमद्वारा विभिन्न चरणको छलफलले कृषि, पर्यटन, उद्योग र जलाधारलाई नगरको अग्रणी क्षेत्र भनी कायम गरेको र सोको आधारमा दीर्घकालीन सोंच निर्धारण भई विभिन्न लक्ष्य, उद्देश्य, नीति तथा कार्यक्रम सहितको विकास योजना बनाई आगामी वर्षबाट यही योजनाका आधारमा परियोजनाहरु निर्धारण गरिने भएकाले एकीकृत नगर विकास योजना तर्जुमा गर्न आवश्यक रहेको देखिएकाले यो योजना दस्तावेज तयार परिएको छ ।

## ६.१ नगरका अग्रणी क्षेत्रहरु

कुनै पनि योजना बनाउनुको पहिलो उद्देश्य भनेको वर्तमान स्थितिबाट सरल र सहज तवरले आफूले चाहेको विशिष्ट अवस्थामा पुऱ्याउनु हो । विकास कार्य गर्दा पूर्व तयारी र योजना भएन भने उक्त कार्यको सफलता अन्यौलमा पर्न सक्छ । योजना बनाउनु पूर्व हामीले हामीसँग भएका स्रोत र साधनको पनि उत्तिकै ख्याल गर्नु पर्दछ । यस अर्थमा हामीले कहाँ लगानी गर्ने, कस्ता क्षेत्रमा गरिएको लगानीले उच्चतम प्रतिफल दिन्छ भन्ने कुराको पहिचान गर्नु जरुरी देखिन्छ । दीर्घकालीन सोंच निर्धारण तथा रणनीतिक योजना गोष्ठीद्वारा मेलम्ची नगरपालिकाले चारवटा अग्रणी क्षेत्र पहिचान गरेको छ । जसमा पहिलो कृषि, दोस्रो पर्यटन, तेस्रोमा उद्योग र चौथोमा जलश्रोत वा जलाधार रहेको छ । सहभागितात्मक छलफल तथा अन्तर्क्रियाबाट आएका यी क्षेत्रहरुले मेलम्ची नगरपालिकाको विशिष्ट पहिचान झल्काउँदछ भने यिनीहरुलाई आधार बनाएर नगरपालिकाको पूर्वनिधारित दीर्घकालीन सोंच पनि परिमार्जन गरिएको छ । यसरी पहिचान गरिएको अग्रणी क्षेत्रमा गरिने लगानीले नगरपालिकाको विकासमा मद्दत पुऱ्याउने अपेक्षा गर्न सकिन्छ ।

## ६.२ दीर्घकालीन सोंच वा परिदृश्य

नगरपालिकाको विकासको लागि अग्रणी क्षेत्रको पहिचान भए पश्चात् उक्त क्षेत्रमा गरिने लगानीले नगरपालिकाको समग्र विकास गर्न टेवा पुऱ्याउने अपेक्षा गर्न सकिन्छ । यस सन्दर्भमा सहभागितामूलक गोष्ठीले आगामी २५ वर्षका लागि देहाएको दीर्घकालीन सोंच निर्धारण गरेको छ ।

**"मेलम्ची नगर समृद्धिको आधार**
**कृषि, पर्यटन, उद्योग र जलाधार"**

उल्लेखित वाक्यमा मूलतः चार कुरालाई जोड दिइएको छ, जसमा कृषि, पर्यटन, उद्योग र जलाधार रहेका छन् ।

उर्वरा भूमि पर्याप्त मात्रामा रहेको एवं कृषि मुख्य पेशा भएकोले सो पेशालाई व्यवसायीकरण गरी, प्राकृतिक सौन्दर्य तथा सांस्कृतिक विविधताले भरिपूर्ण नगरको पर्यटन विकास गरी, स्थानीय कच्चा पदार्थहरुको प्रयोगबाट उद्योग संचालन गर्दै, जलस्रोतको धनी भएकोले जलाधारको संरक्षण गरी मेलम्ची नगर समृद्ध बनाउने उद्देश्यले माथिको दीर्घकालीन सोंचको रुपरेखा तयार पारिएको हो ।

## ६.३ दीर्घकालीन सोंचको व्याख्या

मेलम्ची नगरपालिकाको निर्धारित दीर्घकालीन सोंचमा पाँच मूल शब्दहरु रहेका छन्:- कृषि, पर्यटन, उद्योग, जलाधार र समृद्धि ।

**क) कृषि**

मेलम्ची नगरपालिकाको दीर्घकालीन सोंचमा निम्न कारणहरुले गर्दा कृषिलाई प्राथमिकतामा राखिएको हो ।

- मेलम्चीमा ६२% खेतीयोग्य जमीन रहेको र ९८ % जनसंख्याले अझैपनि कृषि पेशा अङ्गालेको

- कृषि उत्पादनको लागि बजारीकरणको अवसर प्रचुर रहेको
- कृषि क्षेत्रको व्यावसायीकरणबाट नगरको समृद्धि सम्भव देखिएको
- कृषिको व्यवसायीकरण मार्फत पर्यटन आकर्षण गर्न सकिने
- कृषिमा परम्परागत ज्ञान तथा सीप भएको
- जोखिम कम एवं विश्वसनीयता भएको

**ख) पर्यटन**

निम्न कारणहरुले गर्दा मेलम्ची नगरपालिकाको दीर्घकालीन सोंचमा पर्यटनलाई दोस्रो प्राथमिकता दिइएको हो ।

- मेलम्ची नगरको पहिचान देशव्यापी भएको
- सांस्कृतिक विविधता भएको
- काठमाडौं र तिब्बतको खासासँग नजिक भएको
- मेलम्ची खानेपानी परियोजना तथा मेलम्ची र इन्द्रावती नदीहरु रहेको
- हेलम्बु, पाँचपोखरी, गोसाइँकुण्ड, लाङटाङको प्रवेश द्वार भएको
- धार्मिक स्थलहरु, हिमश्रृंखला, एकीकृत बस्ती, गुफा, चियाबगान, ट्राउट माछा फार्म, किवी फार्म जस्ता आकर्षक स्थलहरु रहेकोले

**ग) उद्योग**

निम्न कारणहरुले गर्दाउद्योगले मेलम्चीको समग्र क्षेत्रहरुको विकासमा टेवा पुऱ्याउने हुनाले उद्योगलाई पनि मेलम्चीको दीर्घकालीन सोंचमा समावेश गरिएको हो ।

- कृषिजन्य उत्पादन कच्चा पदार्थको रुपमा बाहिरिरहेको
- घरेलु उत्पादन तथा प्रशोधन विस्तारै बढ्दै गएको
- नदीजन्य स्रोतहरुको उपयोग गरी नगर क्षेत्रमै हिम पाइप, ब्लक, टाइल आदि उद्योग विकास संभव भएको
- पर्यटन उद्योगबाट रोजगारी सृजना गर्न सकिने
- साना तथा लघु उद्योगलाई व्यवसायिकरण गरि समृद्धि हासिल गर्न सकिने भएकोले

**घ) जलाधार**

जलाधार भन्नाले दुई वा दुई भन्दा नदी प्रणालीलाई विभाजन गर्ने उच्च जमीनलाई लिन सकिन्छ ताकि एक तर्फबाट बग्ने स-साना खोल्साहरु एउटा नदीमा मिसिन जान्छ भने अर्को तर्फबाट बग्ने खोल्साहरु अर्को नदीमा मिसिन जान्छ । मेलम्ची नगरपालिका जलस्रोतको धनी नगरपालिका भएकोले भविष्यमा जलवायु परिवर्तनको नकरात्मक असरबाट हुन सक्ने पानीको अभावलाई न्यूनीकरण गर्न, जलस्रोतको संरक्षण गर्न,जल उत्पन्न प्रकोपलाई न्यूनीकरण गर्न एवं जलाधारको संरक्षण र उचित व्यवस्थापन गर्ने हेतुले जलाधारलाई मेलम्ची नगरपालिकाको दीर्घकालीन सोँचमा समावेश गरिएको हो ।

**ङ) समृद्धि**

समृद्धि भन्नाले भौतिक, सामाजिक तथा आर्थिक रुपलेसम्पन्न भएको स्थितिलाई बुझ्न सकिन्छ । मेलम्ची नगरपालिकामा कृषि, पर्यटन, उद्योग र जलाधारमा पूर्ण रुपले विकासित भए पछि मात्रै यो नगरपालिको समृद्ध हुने विश्वास लिइएको छ । यद्यपि समृद्धि भन्ने शब्द आफैमा अमूर्त छ र यो कहिले पनि हासिल हुन सक्दैन तर हामी त्यस तर्फ सधै उन्मूख रहन्छौ । विकासको अन्तिम लक्ष्य भनेको समृद्धि हासिल गर्नु नै हो ।

## ६.४ नगर विकास लक्ष्य

दीर्घकालीन सोंचलाई मूर्त रुप दिई व्यवहारमा परिणत गर्न निम्न बमोजिमको मेलम्ची नगरपालिकाको नगर विकास लक्ष्य बनाईएको छ ।

**“व्यावसायिक कृषि, रोजगारीमूलक पर्यटन, स्थानीय स्रोत साधानमा आधारित उद्योग र वातावरणमैत्री पूर्वाधारको विकास गरी समृद्ध नगर बनाउने”**

## ६.५ एकीकृत नगर विकासका विषयगत योजनाहरु

एकीकृत नगर विकासका योजनाहरुलाई विषय क्षेत्र अनुसार विभाजन गर्दा योजनाहरु स्पष्ट र एकत्रित हुने भएकाले यस खण्डमा योजनाहरु ८ विषयगत क्षेत्रमा विभाजन गरिएको छ । प्रत्येक विषय क्षेत्रमा पर्ने विभिन्न कार्यक्रमहरु तथा परियोजनाहरु त्यस क्षेत्रलाई प्रतिनिधित्व गर्दछन् भने कति विषयहरु बहु-विषयक पनि हुन्छन् । तसर्थ त्यस्ता विषयहरु दोहोरिएका भएतापनि बजेट उल्लेख नगरिएको हुन सक्छ । यस खण्डमा विषयगत योजनाहरु

### ६.५.१ भौतिक पूर्वाधार विकास योजना

नगरको समग्र विकासमा भौतिक पूर्वाधारको विकास प्रमुख रहन्छ र यस क्षेत्रमा लगानी पनि अन्य क्षेत्रको भन्दा धेरै लाग्दछ । कृषि तथा पशुजन्य एवं अन्य आर्थिक उपार्जन ढुवानी, कच्चा पदार्थ प्रसोधन एवं उत्पादन लगायत आर्थिक सामाजिक पूर्वाधारसँग सम्बन्ध स्थापित गर्न भौतिक पूर्वाधारहरुको समुचित विकास अपरिहार्य छ । नेपालको संदर्भमा हेर्दा सडक लगायत अन्य भौतिक पूर्वाधारलाई केवल जग्गा वा घडेरीसँग जोडेर हेर्ने गरिन्छ जसले गर्दा विकासका प्राथमिकता एकातिर र पूर्वाधार विकासका कार्यहरु अर्कातिर पर्ने गरेका छन् । पूर्वाधार विकासमा पनि सडक क्षेत्रको निर्माणले अन्य पूर्वाधार विकासका कार्यलाई छायाँमा पारेको छ । तसर्थ भौतिक विकास योजनाले उपलब्ध सिमित श्रोत तथा साधनको अधिकतम उपयोग गर्दै प्राथमिकतामा परेका पूर्वाधारको विकासलाई केन्द्रविन्दुमा राखेर परियोजनाहरु लागू गर्न मद्दत गर्दछ ।

पूर्वाधार विकासका बहुआयामिक पक्षहरु जस्तैः सडक, खानेपानि, सिंचाई, संचार, ढल प्रणाली, विद्युत आदिको समय सापेक्ष विकास एवं नगर क्षेत्रको आवश्यकता अनुसार न्यूनतम मापदण्डको अवस्थालाई ख्याल गरिनु पर्दछ । कुन स्थानमा सडक संजालको विस्तार गर्ने, कुन स्थानका सडकहरुको स्तरोन्नति गर्ने, खानेपानीको विस्तार कुन क्षेत्रमा गर्ने, विद्युत विस्तारको प्रथमिकता के हुने आदि तमाम सवालहरुको उत्तर यस योजनाले दिने प्रयास गर्दछ । विशेष गरि नीतिगत रुपमा विकास निर्देशित गर्न यस योजनाले प्रेरित गरिरहेको हुन्छ । भौतिक पूर्वाधार विकासको लक्ष्य यस योजनाले निम्न लक्ष्य तय गरेको छ ।

**लक्ष्य**

**आर्थिक तथा सामाजिक विकास गर्न प्रमुख पर्यटकीय पूर्वाधार एवं प्रत्येक वडासम्म पुग्ने बाटाहरु बाह्रै महिना सञ्चालन हुने गरी स्तरोन्नति गर्ने**

नगर क्षेत्रमा हाल सडक तथा यातायातको अवस्था निकै दयनीय रहेको छ । दैनिक रुपमा चल्ने ट्रिपरहरुको अत्यधिक भारका कारण नगर क्षेत्रका प्राय सडकहरु खाल्डाखुल्डीले भरिएका छन् ।वर्षत्को समयमा आवागमन निकै कष्टकर हुने गरेको छ भने मेलम्ची पुग्ने अन्य दुई वैकल्पिक बाटाहरु वार्षत्को २ महिना लगभग अवरुद्धनै हुने गरेका छन् । काठमाडौ बाट निकै छोटो दुरीमा रहेतापनि मेलम्ची पुग्न भाडाका सवारी साधनमा झण्डै ४ घण्टा लाग्ने र निजी सवारीमा पनि २ देखि ३ घण्टा समय लाग्ने अवस्था रहेको छ । सडक तथा यातायातको सहजता नहुनाले मेलम्ची क्षेत्रमा पर्यटनको यथोचित विकास पनि हुन सकिरहेको छैन । तसर्थ आगामी ५ वर्षमा नगर क्षेत्रका मुख्य सडकहरुको स्तरोन्नति गरी बाह्रै महिना यातायात सहज सञ्चालन हुन सक्ने गरी विकास गर्ने एवं पर्यटन विकासलाई पनि टेवा पुग्ने किसिमले प्रमुख पर्यटकीय पूर्वाधारहरुसँग सडक सञ्जाल जोड्ने गरी पूर्वाधार विकासका गतिविधि अगाडि बढाउने लक्ष्य लिइएको छ । उद्यपि यातायात क्षेत्रमा मात्र पूर्वाधार विकासको कार्य केन्द्रित भने हुने छैन र प्रथमिकताका आधारमा अन्य क्षेत्रमा पनि निर्माणका गतिविधि अगाडि बढाउन निम्न उद्देश्यहरु तय गरिएको छ ।

**उद्देश्यहरु**

१। वातावरण तथा भूगोलमैत्री सडक संरचनाको निर्माण गरी यातायात पहुँच तथा आवागमनमा सहजता वृद्धि गर्ने

२। आधुनिक प्रविधिको प्रयोगद्वारा सिंचित भूमिको विस्तार गर्ने ।

३। सुरक्षित खानेपानि सबै घरधुरी सम्म विस्तार गर्दै नगर क्षेत्रमा मिटर प्रणाली लागू गर्ने ।

४। विद्युत चोरी नियन्त्रण गर्दै विद्युत सेवाको विस्तार तथा सुदृढीकरण गर्ने ।

५। सञ्चार सेवामा विस्तार गरी सर्वसुलभ पहुच अभिवृद्धि गर्ने ।

६। योजनावद्ध बस्ती विकास गरी व्यवस्थित र पूर्वाधारयुक्त सहरको निर्माण गर्ने ।


७। भूकम्पबाट क्षतिग्रस्त आवास लगायत अन्य भौतिक, सामाजिक एवं आर्थिक पूर्वाधारहरुको पुननिर्माण गर्ने ।

### ६.५.१.१ भौतिक पूर्वाधार विकासका प्राथमिकताहरु

***१। भू-उपयोग क्षेत्र तथा व्यवस्थित शहरी क्षेत्र निर्धारण***

नगर क्षेत्र पुरैमा विस्तृत भू-उपयोग योजना कार्यान्वयन गर्न कठिन भएतापनि नगरोन्मुख क्षेत्रहरुमा भू-उपयोग योजना निर्देशित निर्माण मापदण्ड लागू गर्नु अपरिहार्य छ। यसमा विषेश गरी व्यवस्थित आवासीय क्षेत्र, बजार क्षेत्र, कृषि क्षेत्र लगायतका क्षेत्रहरु निर्धारण गर्ने र उक्त क्षेत्रमा कस्ता किसिमका भवन एवं संरचनाहरु बन्न दिने भनेर निर्देशित गर्न भू-उपयोग योजना कार्यान्वयन गर्नु पर्ने हुन्छ। यस योजनाले नगरको निर्माण तथा योजना मापदण्ड परिमार्जन गरी निम्न भू-उपयोग प्रस्ताव गरेको छ।


क) व्यापारिक क्षेत्र
ख) आवासीय क्षेत्र
ग) संस्थागत क्षेत्र
घ) वन क्षेत्र
ङ) कृषि क्षेत्र
च) खुल्ला सार्वजनिक क्षेत्र
छ) संरक्षित क्षेत्र
ज) औद्योगिक करिडर क्षेत्र




*चित्र ३६ : मेलम्ची बजार क्षेत्रको प्रस्तावित भू-उपयोग*

भू-उपयोग क्षेत्रको विस्तृत व्यख्या एवं प्राजोजित निर्माण मापदण्ड यस नगरपालिकाको भवन निर्माण तथा योजना मापदण्डमा उल्लेख गरिएको छ।

भू-उपयोगको प्रस्ताव बाहेक शहरी क्षेत्रको पनि उचित सीमाङ्कन तथा शहरी भूमि व्यस्थापन गर्दै शहरी पूर्वाधारको समानुपातिक तथा सामयिक वितरण गर्नु अपरिहार्य छ। शहर उन्मुख क्षेत्रहरुको स्पष्ट किटान गरी साही अनुसारको कर लागू गर्ने, पूर्वाधारको उपलब्धतामा आधारित शहरी भूमि मूल्याङ्कन गर्ने र शहरी क्षेत्र भित्र पनि व्यवसायिक तथा आवासीय क्षेत्र निर्धारण गरी निर्माण मापदण्ड लागू गर्ने।




*चित्र ३७ : मेलम्ची नगरपालिका क्षेत्रको प्रस्तावित भू-उपयोग*

### *२) पूवार्धार विकास कार्यमा साझेदारी अवधारणा*

लगानीका हिसावले भौतिक पूर्वाधार विकास गर्न निकै रकमको आवश्यकता पर्दछ र नगरको आफ्नो क्षमताले मात्र सो पूर्ति गर्न सक्दैन। नगरबासीका असीमित चाहना तथा सीमित उपलब्ध श्रोतको अधिकतम सदुपयोग गर्न साझेदारीको अवधारणा लागू गर्नुपर्ने हुन्छ। यसका लागि, सडक पूर्वाधारमा प्राथमिकताका आधारमा मात्र लगानी गर्ने र प्रथमिकतामा नपरेका बस्ती तथा क्षेत्रहरु जोड्ने सडकमा साझेदारीमा मात्र लगानी गर्ने। भौतिक पूर्वाधार विकासका क्षेत्रमा साना तथा टुक्रे परियोजनामा कम्तीमा आगामी ५ वर्ष लगानी नै नगर्ने। यस्ता साना परियोजनामा लगानी गर्न नगरले साझेदारी कोष निर्माण गर्ने परियोजनाको औचित्य हेरेर ४० % भन्दा धेरै लगानी नगर्ने। सडक पूर्वाधारमा प्राथमिकतामा परेका सडक बाहेक अन्य सडकमा लगनी नगर्ने र अन्य प्राथमिकतामा परेका सडकहरुमा पनि औचित्य हेरेर साझेदारी काषबाट विकास गर्न खोज्नेलाई पहिलो प्रथमिकतामा राख्ने। अन्य पूर्वाधार विकासमा नगरबासीको उच्चतम सहभागीता अभिवृद्धि गर्न प्रेरित गर्ने। खानेपानी आयोजनाहरु एकीकृत रुपमा

विकास गर्ने र मिटर प्रणाली स्थापित गर्ने । विद्युत चोरी नियन्त्रण गर्ने र विद्युतीय पूर्वाधार विस्तारमा नेपाल विद्युत प्राधिकरणलाई जिम्मेवार बनाउने । पूर्वाधार विकासलाई पर्यावरण मैत्री वनाउन जथाभावी बाटो खन्ने काम निरुत्साहित गर्ने र नयाँ खोल्न अत्यावश्यक भएमा पानी कटानको व्यवस्था, बाटो छेउको संरक्षण, बायो ईन्जिनियरिङ आदिको प्रयोग गर्नै पर्ने वाध्यात्मक व्यवस्था गर्ने । भवन, कोल्ड स्टोर, बसपार्क आदिको निर्माण अत्यावश्यक स्थानमा मात्र गर्ने र अन्य निकायबाट हूने पूर्वाधारको लगानी समानुपातिक रुपमा आवश्यक स्थान छनौट गरी कार्यान्वयन गर्ने ।

***३। ग्रामीण क्षेत्रमा एकीकृत बस्ती विकास***

बैशाख १२, २०७२ सालमा गएको विनाशकारी भूकम्प पश्चात् नेपालका ग्रामीण क्षेत्रहरुमा एकीकृत बस्ती बनाउनु पर्ने चेतना जनस्तरबाटै आउन थालेको छ । छरिएर रहेका बस्तीहरुमा पूर्वाधार पुऱ्याउन गाह्रो र खर्चिलो हुने हुदा एकीकृत बस्ती विकास अत्यावश्यक देखिन्छ । विद्यमान परिप्रक्षमा भूकम्प प्रभावित केहि जिल्लाहरुमा १०-२० देखि ६०-७० वटा सम्म घरहरु एकै स्थानमा निर्माण हुन थालेका छन् । यस्तो अग्रसरतालाई प्रोत्साहन गर्न नगरपालिकाले आर्थिक एवं प्राविधिक सहयोग गर्दै आएको छ भने आगामी दिनहरुमा पनि एकीकृत बस्ती विकासका कार्य नगर स्तरबाटै सञ्चालन गर्नेछ । एकीकृत बस्तीमा आर्थिक तथा सामाजिक पूर्वाधारको उपलब्धता नगरपालिकाले वा नगरले सवन्वय गरेर अन्य निकाय मार्फत् स्थापना गर्नेछ । एकीकृत बस्ती विकास गर्न जग्गा मिलान, नापी तथा मालपोतसँग सहकार्य एवं अन्य तालुक निकायसँग समन्वयकर्ताको भूमिका नगरपालिका कार्यालयले गर्नेछ ।

एकीकृत बस्ती विकास गर्न केन्द्रीय सरकारले पनि प्रोत्साहन नीति अपनाएको छ । सन् २००६ मा आवास तथा शहरी विकास मन्त्रालय र त्रिभुवन विश्वविद्यालय, भूगोलशास्त्र विभागले बस्तीको परिभाषा संबन्धी गरेको संयुक्त अध्ययनलाई शहरी विकास तथा भवन निर्माण विभागले एकीकृत बस्ती विकासकालागि स्थानीय ढाँचा (Spatial Framework) तथा योजना निर्माण गर्न प्रयोग गरेको देखिन्छ । सो अध्ययननै नेपालको परिवेशमा हाल सम्म उपलब्ध, घना/एकीकृत बस्तीसम्बन्धी भरपर्दो संदर्भ ग्रन्थको रुपमा रहेकोछ । सो अध्ययन अनुसार बस्तीलाई ७ तहमा (ग्रामीण तथा शहरी दुवै गरि) बर्गीकरण गरको छ । जसमा, ग्रामीण एकल/आधारभूत बस्ती, ग्रामीण सेवा केन्द्र, ग्रामीण विकास केन्द्र ( बजार वा केन्द्र), साना सहर, नगरपालिका, उप-महानगरपालिका र महानगरपालिका पर्खछन् । साथै राष्ट्रिय योजना आयोग र UN Habitat ले सन् २०१३ मा गरेको ग्रामीणा घनाबस्ती विकास रणनीतिले उक्त बस्तीमा हुनु पर्ने न्यूनतम पूर्वाधार तथा सेवा सुविधाको स्तर निम्नानुसार व्याख्या गरेको छ ।

| बस्तीको तह | प्रस्तावित न्यूनतम सेवा | सेवाको दायरा | सेवा प्राप्त गर्ने अनुमानित जनसंख्या |
|---|---|---|---|
| ग्रामीण एकल/आधारभूत बस्ती | खानेपानी, आधारभूत सरसफाई, प्राथमिक विद्यालय, आधारभूत स्वास्थ्य सेवामा पहुँच, प्रहरी सुरक्षाको प्रत्याभूती, | x | २०० |
| ग्रामीण सेवा केन्द्र | माध्यामिक विद्यालय, स्वास्थ्य चौकी, अतिरिक्त हुलाक, कृषि तथा पशु सेवा कार्यालयहरु, सामान्य पसलहरु, सहकारीहरु, तथा ग्रामीण आधारभूत बस्तीमा उपलब्ध सबै सेवाहरु | वरिपरिका गाँउहरु | १४००-१८०० |
| ग्रामीण विकास केन्द्र ( बजार वा केन्द्र) | उच्च मा.वि, प्राथमिक स्वास्थ्य केन्द्र, पशु सेवा केन्द्र, हुलाक कार्यालय, बैङ्किङ सेवाहरु, होलसेल तथा खुद्रा पसलहरु, गोदामहरु, रेष्टुरेन्टहरु, चिस्यान केन्द्रको सुविधाहरु, संचार तथा विद्युतीय सुविधाहरु, सडक संजालसँग जोडिएको, कृषिमा आधारित साना तथा घरेलु उद्योगहरु, तथा ग्रामीण सेवा केन्द्र र आधारभूत बस्तीमा उपलब्ध सबै सेवाहरु | ग्रामीण विकास केन्द्र तथा नजिकका गाँउ तथा बस्तीहरु | ९०००-१५००० |

### ४। शहरी क्षेत्रमा जग्गा विकास तथा एकीकरण आयोजना लागू गर्ने

मेलम्ची नगरपालिकामा विषेश गरि मेलम्ची बजार क्षेत्र र बाहुनेपाटी बजार क्षेत्र तीव्र रुपमा शहरीकरण उन्मुख रहेका छन् । यसका साथै तारामाराङ बजार, भोटेचौर, चिसापानी क्षेत्रमा पनि बजार विस्तार हुदै गइरहेको देखिन्छ । मेलम्ची बजार क्षेत्र र बाहुनेपाटी बजार क्षेत्र वरिपरि घरहरु अव्यवस्थित तवरले बन्दै गरेको हुनाले उक्त क्षेत्रमा जग्गा विकास कार्यक्रम लागू गर्न सकेमा आवास तथा भवन निर्माण कार्यलाई व्यवस्थित गर्न सकिने कुरामा दुईमत छैन । नगरपालिकाले यसै योजना मार्फत् मेलम्चीको ग्रीन सिटी पार्क क्षेत्र तथा बाहुनेपाटीको बजार क्षेत्रका फाँटमा जग्गा विकास कार्यक्रमकोसम्भाव्यता अध्ययन गरेको छ । उक्त अध्ययनको आधारमा आगामी वर्ष विस्तृत अध्ययन एवं डिपीआर निर्माण कार्य थालनी गरिनेछ । यस बाहेक शहर उन्मुख अन्य क्षेत्रमा पनि स्थानीयको माग र नगरको क्षमता हेरेर जग्गा विकास कार्यक्रहरु लागू गरिनु पर्खछ । यसरी जग्गा विकास कार्यक्रम लागू गर्दा पूर्ववत् जग्गा एकिकरण आयोजनाहरुको अध्ययन, काठमाडौं लगायत उपत्यकाको अन्य क्षेत्रमा जग्गा एकिकरण आयोजना लागू गर्ने निकायसँग छलफल गर्नु आवश्यक हुन्छ ।

### ५। ठूला परियोजनाहरुको छनौट तथा लगानी गर्ने

मेलम्ची नगरपालिकामा अधिकांश योजनाहरु साना र छरिएर रहेका देखिन्छन् । साना र छरिएका योजनाहरुले दिने सेवा सीमित हुने, प्रभावकारी व्यवस्थापन गर्न नसकिने, नियमित मर्मत संभारको लागि लगानी गरिरहनु पर्ने भएकोले साना साना टुक्रे योजनाहरुमा गरिने लगानी ठूला योजनाहरुको तुलनामा फलदायी नहुने र यस्ता योजनाहरुमा लगानी गर्दा सीमित वर्ग, क्षेत्र र समुदायलाई मात्र  फाईदा पुग्ने देखिन्छ । मेलम्ची नगरपालिकाको विगतको योजनालाई हेर्दा सबै विषयगत क्षेत्रहरुमा साना योजना र सीमित क्षेत्रलाई समेट्ने गरिएका छन् जस्तैः सिंचाईमा धेरै वटा योजनाहरु भएपनि सिंचित भूमि १८ प्रतिशत मात्रै छ । खानेपानीका धेरै योजनाहरु छन् तर एक घर एक धारा र मिटर जडित खानेपानीको व्यवस्थापन गर्न सकिएको छैन् । अन्य क्षेत्रहरुमा पनि धेरै साना साना योजनाहरु कार्यान्वयन गरिएका छन् तर त्यसले साह्रै सानो समुदाय, क्षेत्रलाई मात्र सेवा पुऱ्याई रहेको छ । धेरै र ठूलो क्षेत्रलाई सेवा प्रदान गर्न, व्यवस्थापनलाई प्रभावकारी बनाउन, दीगो विकास गर्न, लगानीलाई एकीकृत गर्न, सार्वजनिक निजी साझेदारीलाई व्यवहारिक बनाउनका लागि ठूला योजनाहरुको आवश्यकता, संभाव्यता र परियोनाहरुको छनौट र लगानी संभावनाको समेत आँकलन गरिएको छ ।

### ६। सडक निर्माणमा बायो इन्जिनियरिङ प्रविधिको प्रयोग गर्ने

मेलम्ची नगरपालिकाको धेरै जसो क्षेत्र ग्रामीण परिवेश कै छ । भौतिक पूर्वाधार विकासको हिसावले पनि धेरै क्षेत्र पूर्वाधार विहीन छ । नगरका सबै क्षेत्रमा सडक संजालको पहुँच ज्यादैं न्यून र कमजोर छ । भर्खरै मात्र खोलिएका सडकहरुमा नियमित यातायातका साधनहरुको संचालन हुन नसक्नाले नगरबासीले यातायातको सुविधाबाट बञ्चित हुनु परेको छ ।  सबैजसो वडासम्म पुग्ने सडकहरु धुले, जिर्ण अवस्थाका छन् । सडकको विस्तार गर्दा त्यसले दीर्घकालमा पार्ने असरका बारेमा सोचिएको छैन् । मापदण्ड विपरित सडकहरु बनाईदा कृषि भूमि र वनको क्षेत्र घट्ने, सडक बनाएपछि पहिरो जाने, वर्षातको वाढीले माटो, ढुङ्गा बगाएर नदि किनार, खोलामा थुप्रने तथा नदि बहाव परिर्वतित हुने समस्या आउने गरेका छन् । त्यसैले सडक विस्तार गर्दा सर्वप्रथम प्रारम्भिक वातावरणीय परिक्षणको अनिवार्य व्यवस्था गर्ने, सडकको आसपास वा कटान गरिएका स्थानहरुमा खुलेको माटोलाई जमाउन, पहिरो नियन्त्रण गर्ने खालका विभिन्न किसिमका बोट विरुवा, घाँस रोप्ने प्रविधिको कार्यान्वयन गरिनु पर्दछ । सबै क्षेत्रका सडकहरुमा भई रहेको माटो कटान र पहिरो नियन्त्रणका लाीग बायो इन्जिनियरिङ्ग प्रविधिको प्रयोगलाई प्राथमिकतामा राखिएको छ ।

### ७। शहरी पूर्वाधार उपयोगमा सामाजिक उत्तरदायीत्व वृद्धि गर्ने

नगरका हरेक पूर्वाधारहरु नगरबासीका सम्पत्ति हुन् । विकासको बहावमा आज हामी हरेक कुरालाई पैसासँग तुलना गर्न थालेका छौं । केही कतै मर्मत सम्भार गर्नु परेमा नगरपालिकाको बजेट कुर्ने परिपाटिको विकास भएको छ । विगतमा भन्दा अहिले जनसहभागिता न्यून हुदै गएको छ र आम नागरिक आफ्नो आगनको पर्खाल भत्कदा पनि नगरपालिकामा सहयोगको योजना गर्न जाने परिपाटि विकास भएको छ । नगरका पूर्वाधारमा हुने सामान्य क्षती

समुदायले आफ्नो अगुवाइमा निर्मूल पार्नु पर्दछ । नगरले यसका लागी सामाजिक उत्तरदायित्व वोध हुने गरि चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नेछ । प्रत्येक वडाका निर्वाचित जनप्रतिनिधिहरुले वडा बासीलाई पूर्वाधार संरक्षणमा सामाजिक उत्तरदायित्व वोध गराउन सँगैसँगै सहभागी भै विकास कार्य अगाडि बढाउन अभिप्रेरित गराउनेछ । टोल छिमेकमा हुने सामान्य मर्मत सम्भारका कार्यहरु समुदायको अग्रसरतामा लागू गर्ने र नमुना टोल, नमुना वडा तथा नमुना नगरको अवधारणा लागू गर्ने ।

### ६.५.१.२ योजना तथा कार्यक्रमहरु

| क्र.सं | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| उद्देश्य १ : वातावरण तथा भूगोलमैत्री सडक संरचनाको निर्माण गरी यातायात पहुँच तथा आवागमनमा सहजता वृद्धि गर्ने । | | | | | | | | | | | | |
| सडक सञ्जालीकरण | | | | | | | | | | | | |
| १ | नगरपालिका र वडा कार्यालय जोड्ने सडकहरुको बाह्रै महिना सहज सञ्चालन हुने गरी स्तरोन्नति | अधिकांश सडक हिउदे | ६५ कि.मी. | १९५,००० | | | | | | प्रदेश, संघीय सरकार | १ | |
| २ | नगर चक्रपथ निर्माण | ७४ कि.मि. (ट्र्याक पूरा) | ९५ कि.मी. ट्र्याक निर्माण तथा स्तरोन्नती | १,१८०,००० | | | | | | प्रदेश, संघीय सरकार | ३ | क्रमागत |
| ३ | छिमेकी गाँ.पा. र न.पा. जोड्ने सडकको स्तर वृद्धि | - - | ४० कि.मी. | १२०,००० | | | | | | प्रदेश, संघीय सरकार | २ | |
| ४ | बस्ती जोड्ने नयाँ ट्र्याक निर्माण | ६ कि.मी. | १५ कि.मी. | ६३,००० | | | | | | - - | ३ | |
| ५ | बस्ती जोड्ने सडकहरुको स्तरोन्नति | - - | ३५ कि.मी. | १०५,००० | | | | | | - - | १ | |
| ६ | नदि कोरिडोर सडक निर्माण (मेलम्ची बजारदेखि सिपाघाटसम्म) | नभएको | १३ कि.मी | ३९०,००० | | | | | | प्रदेश सरकार | ३ | |
| ७ | सडक कालोपत्रे (बायो इन्जिनियरिङको प्रयोग गरी सडक किनार संरक्षण) | १४ कि.मी. | ३५ कि.मी. | २५२,००० | | | | | | प्रदेश, संघीय सरकार | २ | |
| ८ | ग्राभेल सडक निर्माण (नियमित थप/ बायो इन्जिनियरिङ प्रविधि प्रयोग गरी सडक किनार संरक्षण) | - - | ३० कि.मी. | १५,००० | | | | | | प्रदेश, संघीय सरकार | १ | |
| ९ | सडक किनारमा फलफूल तथा श्रृङ्गारिक वृक्षा रोपण | नभएको | २००० | २,४०० | | | | | | सावउम | १ | |
| १० | साँखु फटकशीला सुरुङमार्गको अवधारणा तथा हेलम्बू चिलिमे सुरुङ मार्ग बारे केन्द्र सरकारसँग समन्वय | नभएको | २ समन्वय बैठक | २५० | | | | | | हेलम्बू गाँपा | ३ | |
| ११ | मध्य पहाडी राजमार्ग - बाहुनेपाटी हुदै साँखु मोटर बाटो | अन्य गाँपामा ट्र्याक खुल्दै | ९ किमी | ४५०,००० | | | | | | सडक विभाग | १ | |

| क.सं | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८० /८१ | | | |
| **मोटरेवल तथा झोलुङ्गे पुल निर्माण तथा मर्मत** | | | | | | | | | | | | |
| १ | **मोटरेवल पुल निर्माण** *(सिन्धुखोला (त्रिवेणी घाट), केउरेनी काफ्ले खोला, कुण्डेश्वरी (शंखरापुर र मेलम्ची नगरपालिका वडा नं. १), सहरे खोला (इन्द्रावती गाप र मेलम्ची वडा नं. १०), भोटेचौर तामाखानी (डाँडा गाउँ), तालामाराङ भट्टार वडा नं ६ र ७, वडा नं ५ र ६ जोड्ने दमै खहरे)* | ५ | ११ | ५५०,००० | | | | | | प्रदेश, संघीय सरकार | २ | |
| २ | **नयाँ झोलुंगेपुल निर्माण** *(१. काफ्ले खोलाबाट सुँगुरे, २. अमले डाँडा (सिन्धु खोला), ३. मरुवा (थकनी र हैबुङ जोड्ने), ४. शिखरपुर बगुवा सहरे खोला, ५. आँधेरी खोला (रातमाटा र ज्यामिरे जोड्ने), ६. थकनी र हैबुङजोड्ने पुल (काउले दोभान), ७. फटकशीला र गिरानचौर जोड्ने पुल (छाप भञ्ज्याङ), ८. थकनी र हैबुङ सुरुङ्ग मार्गबाट हैबुङ जाने पुल, ९. लंसै थुम्का वडा नं ५, १०. वडा नं ११ समिखेत - वडा नं ७ सोलढुङ्गा जोड्ने पुल, ११. ढाँड खोला, काभ्रे - वडा नं १३ जोड्ने झो. पु, ,१२. भदौरे बेसी - सिम्ले झो. पु,, १३. तालामाराङ खोला ठूलोभीर झो.पू , १४. (खुम्ले - लभदली झो.पु. )* | ९ | २३ | ९८,००० | | | | | | प्रदेश, संघीय सरकार | २ | |
| ३ | साविकाका मोटरपुल मर्मत संभार | नभएको | ११ | १६,५०० | | | | | | सडक विभाग | १ | |
| ४ | साविकाका झोलुंगेपुल मर्मत संभार | ४ | ५ | २,५०० | | | | | | स्थानीय पूर्वाधार तथा कृषि सडक विकास विभाग | १ | |
| **सार्वजनिक यातायात सम्बन्धी** | | | | | | | | | | | | |
| १ | बसपार्क निमार्ण (मेलम्ची बजारमा) | नभएको | १ | ३०,००० | | | | | | न.वि.स. | १ | |
| २ | भोटेचौरमा बसपार्क निमार्ण | नभएको | १ | २०,००० | | | | | | न.वि.स. | २ | |
| ३ | बस स्टप निमार्ण (सेड सहित) | ७ | २१ | १०,५०० | | | | | | - - | १ | |

| क्र.सं | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| **उद्देश्य २ : आधुनिक प्रविधिको प्रयोगद्वारा सिंचित भूमिको विस्तार गर्ने ।** | | | | | | | | | | | | |
| १ | नगर क्षेत्रमा सिंचाई आयोजनाको संभाव्यता अध्ययन | - - | १ | २,५०० | | | | | | संघीय सरकार | २ | |
| २ | विद्यमान सिंचाई नहरहरुको स्तरोन्नति तथा मर्मत सम्भार (पाकेट क्षेत्र सिंचाई योजना कार्यान्वयन प्राथमिकता) | सिंचाई कुलोहरु अव्यवस्थित/ पानी अपर्याप्त | ५०० हे. | २,५००,००० | | | | | | - - | १ | |
| ३ | सिंचाई अभाव भएका खेतीयोग्य जमीनमा सिंचाई विस्तार (पाकेट क्षेत्र सिंचाई योजना कार्यान्वयन प्राथमिकता) | खेती योग्य जमीनको ४३ % सिंचित | ५०० हे. | ७५,००० | | | | | | प्रदेश सरकार | १ | |
| ४ | सिंचाईको लागि आकाशे पानी संकलन गर्न प्लास्टिक पोखरी निर्माण | - - | २५० | ५०,००० | | | | | | प्रदेश सरकार | १ | |
| ५ | सुख्खा क्षेत्रमा थोपा सिंचाई सञ्चालन गर्न अनुदान | - - | ५०० किसान | २५,००० | | | | | | ” | १ | |
| ७ | सिंचाईको लागि कृषि विद्युतीकरण विस्तार | नभएको | २५० किसान | २,१०० | | | | | | ” | १ | |
| **उद्देश्य ३ : सुरीक्षत खानेपानी सबै घरधुरी सम्म विस्तार गर्दै नगर क्षेत्रमा मिटर प्रणाली लागू गर्ने ।** | | | | | | | | | | | | |
| १ | एकघर एक धारा प्रणाली मार्फत् खानेपानी वितरण | नभएको | ५००० | १००,००० | | | | | | संघीय सरकार | २ | |
| २ | प्रमख बजार क्षेत्रमा खानेपानी मीटर जडान | ० | २५०० | १२,५०० | | | | | | ” | १ | |
| ३ | पानीको स्रोतको संरक्षण तथा पानी शुद्धीकरण | ५ | ५० | २५,००० | | | | | | खासडिका | १ | |
| ४ | साना खानेपानी आयोजनाहरुलाई ठूलो आयोजनाको रुपमा विकास गरी निर्माण तथा सञ्चालन | - - | ५ | ७५,००० | | | | | | ” | ३ | |
| ५ | सम्पूर्ण सार्वजनिक घरहरुमा आकाशे पानी सङ्कलन अनिवार्य | नभएको | ५० | ५,००० | | | | | | ” | २ | |
| ६ | खानेपानी उपभोक्ता समितिहरुलाई योजना व्यवस्थापन गर्न क्षमता विकास तथा सुदृढीकरण तालीम सञ्चालन | - - | ५ | २,५०० | | | | | | ” | १ | |

| क्र.सं | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| **उद्देश्य ४ : विद्युत चोरी नियन्त्रण गर्दै विद्युत सेवाको विस्तार तथा सुदृढिकरण गर्ने ।** | | | | | | | | | | | | |
| १ | नगरपालिकाभित्रका सम्पूर्ण घरहरुमा विद्युत सेवा विस्तार | ९५ % | १०० % | १५,००० | | | | | | ने.वि.प्रा. | १ | |
| २ | Single Circuit Feeder विद्युत प्रसारण लाईनको स्तरोन्नति | Single Circuit Feeder बिजुली वितरण भइरहेको | Three Phase Line विस्तार गर्ने | ३०,००० | | | | | | " | २ | |
| ३ | ११ केभीए HT/LT र वितरण लाईन विस्तार | नभएको | ५००० धरधुरी | १००,००० | | | | | | " | २ | |
| ४ | नगर भित्र भैरहेको विद्युत चोरी नियन्त्रण | २० % | ०० % | ५,००० | | | | | | " | १ | |
| ५ | मेटल / कंक्रिट पोलद्वारा काठे पोल विस्थापन | ३० % पोलहरु काठको | सबै काठे पोल हटाउने | ७५,००० | | | | | | " | १ | |
| ६ | वडा नं ११ मा रहेको इन्द्रावती IV हाइड्राको काम सुचारु गर्न संबन्धित निकायसँग समन्वय बैठक | - - | २ | - | | | | | | निजी लगानीकर्ता | २ | |
| ७ | माइको हाइड्रो स्थापना तथा सञ्चालन गर्न सम्भाव्यता अध्ययन | - - | १ | ३,००० | | | | | | वैउप्रके | २ | |
| **उद्देश्य ५ : सञ्चार सेवामा विस्तार गरी सर्वसुलभ पहुच अभिवृद्धि गर्ने ।** | | | | | | | | | | | | |
| १ | गुणस्तरीय हुलाक सेवाको लागि सबै वडाहरुमा हुलाक कार्यालय स्थापना | ३ वटा वडामा | १३ | १०,४०० | | | | | | संघिय सरकार | ३ | |
| २ | स्थानीय पत्रिका प्रकाशनमा सहायता | १ | २ | १,००० | | | | | | पत्रकार महासंघ | २ | |
| ३ | नगर टि.भी. सञ्चालन गर्न सहायता | - - | १ | ५०० | | | | | | " | २ | |
| ४ | नगर भित्रका संचारकर्मीहरुको क्षमता विकास | | | ७०० | | | | | | " | २ | |
| ५ | हाल सञ्चालन भइरहेका एफ.एम. रेडियो स्टेसनहरुको सेवा क्षेत्र र गुणस्तर वृद्धि गर्न सहायता | - - | २ | १,००० | | | | | | " | १ | |

| क्र.सं | कृयाकलाप/कार्यकमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| ६ | मोबाइल फोनको नेटवर्क विस्तार | ७० % | १०० % | १००,००० | | | | | | निजी सेवा प्रदायक तथा नेपाल टेलिकम | १ | |
| ७ | टेलिफोन सेवा विस्तार | नगर क्षेत्रमा सिमित | ५०० लाईन | ६,००० | | | | | | " | २ | आवश्यकता पहिचान |
| ८ | नगरपालिका कार्यालय क्षेत्र वरिपरि निःशुल्क इन्टरनेट सेवा/ Free Wi-Fi सञ्चालन तथा प्रत्येक वडामा इन्टरनेट सेवा जडान | नभएको | १४ | २,५०० | | | | | | " | १ | |
| ९ | सार्वनजिक कार्यालयको सेवा प्रवाहमा प्रविधिको प्रयोग गर्न सम्पूर्ण कर्मचारीलाई सूचना प्रविधि मैत्री तालिम सञ्चालन | एउटा तालिम भएको | ५ | १,२०० | | | | | | " | १ | |
| १० | नयाँ कर्मचारी भर्ना गर्दा सूचना प्रविधि सम्बन्धी ज्ञान भएको तथा इन्टरनेट प्रयोग गर्न सक्ने हुनु पर्ने (नीति) | - - | सबै कर्मचारी | - | | | | | | " | १ | |
| **उद्देश्य ६ : योजनावद्ध बस्ती विकास गरी व्यवस्थित र पूर्वाधारयुक्त सहरको निर्माण गर्ने ।** | | | | | | | | | | | | |
| १ | प्रस्तावित भू-उपयोग योजना निर्माण तथा कार्यान्वयन | - - | लागू गर्ने | ५,००० | | | | | | नापी कार्यालय | १ | |
| २ | भू-उपयोग योजना अनुरुप निर्माण तथा योजना मापदण्ड परिमार्जन | मापदण्ड भएको | परिमार्जन गर्ने | ७०० | | | | | | " | १ | |
| ३ | मेलम्ची बजार, भोटेचौर बजार, काउले दोभान र बाहुनेपाटीमा जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्न संभाब्यता अध्ययन तथा DPR निर्माण | मेलम्ची तथा बहुनेपाटीमा पूर्व संभाव्यता अध्ययन भएको | ३ | ७,००० | | | | | | " | १ | |
| ४ | जग्गा एकीकरण कार्यक्रम सञ्चालन | - - | ५०० रोपनी | ५००,००० | | | | | | शविभनिवि | १ | |
| ५ | भू-उपयोग योजना अनुरुप खुला ठाँउ तथा पार्कहरु विकास | १ | नगर पार्क २ वडा स्तरीय खुल्ला क्षेत्र १३ | ४,५०० | | | | | | " | २ | |

| क्र.सं | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| ६ | मेलम्ची क्षेत्र काठमाडौंको Satellite City बन्न सक्ने सम्भावना रहेकाले सो कोणबाट सांभाव्यता अध्ययन | - - | १ | २,५०० | | | | | | " | ३ | |
| ७ | एकीकृत बस्ती विकास गर्न सबै वडामा संभाव्यता अध्ययन सञ्चालन | केही एकीकृत बस्ती बनेका | १ | २,००० | | | | | | " | २ | |
| ८ | एकीकृत बस्ती विकास योजना निर्माण तथा कार्यान्वयन | ९ | | | | | | | | " | २ | |
| **उद्देश्य ७ : भूकम्पबाट क्षतिग्रस्त आवास लगायत अन्य भौतिक, सामाजिक एवं आर्थिक पूर्वाधारहरुको पुननिर्माण गर्ने ।** | | | | | | | | | | | | |
| १ | पूर्ननिर्माण गर्दा प्रभावकारी ढंगबाट पूर्वाधार विकास गर्न ग्रामीण क्षेत्रमा एकीकृत बस्ती विकास | ६ | ५ | ७,५०० | | | | | | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | २ | |
| २ | पुर्ननिर्माण हुन बाँकी स्थायी आवास इकाइहरुको निर्माण | ६२७६ आवास निर्माण सम्पन्न ४७१३ आवास निर्माणाधीन | १४४३ | ९४२,६०० | | | | | | रा.पु.प्रा. | १ | |
| ३ | भूकम्प पश्चात पहिरो तथा जमीन धांजा फाटेर प्रभावित भएका घरपरिवारलाई सम्भव भएसम्म उक्त स्थानलाई सुरक्षित बनाउन सम्भाव्यता अध्ययन तथा पुनर्वासको लागि उपयुक्त स्थानको व्यवस्था | १२६२ घरपरिवार प्रभावित | १२६२ घरपरिवार प्रभावित | २५,००० | | | | | | रा.पु.प्रा. | १ | |
| ४ | भूकम्पले क्षतिग्रस्त विद्यालयका कक्षाकोठा तथा शौचालयहरु मर्मतसंभार तथा पुर्ननिर्माण | ६८३ कक्षाकोठा र २०२ शौचालय क्षति | ६८३ कक्षाकोठा १०० शौचालय | १५०,००० | | | | | | रा.पु.प्रा. | १ | |
| ५ | विद्यालय भवनहरुलाई प्रवलीकरण सहायता | - - | १० | १०,००० | | | | | | रा.पु.प्रा. | २ | |
| ६ | क्षतिग्रस्त सरकारी कार्यालयका भवनहरुलाई भूकम्प प्रतिरोधी प्रविधीको माध्यमबाट मर्मतसंभार तथा पुर्ननिर्माण | १४ वटा कार्यालय भवनहरु पूर्ण क्षतिग्रस्त | १४ | २१०,००० | | | | | | संघीय तथा प्रदेश सरकार | १ | |

| क्र.सं | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| ७ | आंसिक क्षती भएका सरकारी कार्यालयका भवनहरुलाई भूकम्प प्रतिरोधी प्रविधीको माध्यमबाट मर्मतसंभार तथा प्रवलीकरण | ४ वटा जोखिम अवस्थामा, २ वटा भवन आंशिक क्षतिग्रस्त | ६ | १५,००० | | | | | | रा.पु.प्रा. | २ | |
| ८ | क्षतिग्रस्त झलुंगे पुलको मर्मतसंभमर तथा पूर्ननिर्माण (तितेवगर, रामपाते, तथा बाहुनेपाटी झोलुंगे पुल) | - - | ३ | २१,००० | | | | | | रा.पु.प्रा. | ३ | |

### ६.५.१.३ मुख्य रणनीतिहरु

भौतिक पूर्वाधार विकाससम्बन्धी उद्देश्यहरू प्राप्तिका लागि एकीकृत रूपमा निम्नलिखित प्रमुख रणनीतिहरू अवलम्वन गरिनेछ ।

- भौतिक पूर्वाधार निर्माण एवं मर्मत सम्भार कार्यमा स्थानीय जनसहभागिता परिचालन गरिनेछ ।
- नगर क्षेत्रमा व्यवस्थित शहरीकरणका लागि जग्गा एकीकरण आयोजनाहरु संचालन गरी बस्ती विकास गर्ने नीति लिईने छ ।
- सडक निर्माण गर्दा बायो ईन्जिनियरिङ अवधारणालाई प्राथमिकता दिइने नीति लिइनेछ ।
- पूर्वाधार निर्माणमा वातावरणीय सन्तुलन कायम राख्न वातावरणीय परिक्षण र प्रभावको अध्ययन गरिनेछ ।
- विद्युत चोरीलाई नियन्त्रण गर्ने र सुरक्षित विधुतीकरणसहित नगरका सबै स्थानहरुमा विधुत सेवालाई नियमित र व्यवस्थित गर्न प्राथमिकता दिइनेछ ।
- योजना तर्जुमा प्रकृयादेखि नै स्थानीय जनता, उपभोक्ता समूहको सहभागिता अभिवृद्धि गरी योजनाको प्रत्येक चरणमा पारदर्शीता कायम गरिनेछ ।
- नगरमा एक घर एक धारा नीतिको परिपूर्तिका लागि एकीकृत र ठूला आयोजनाहरुको संचालन गर्न पहल गरिनेछ
- नगरको सबै खेती योग्य जमीनलाई सिंचाई सुविधा उपलब्ध गराउन विशेष पहल गरिनेछ ।
- सम्पन्न सिंचाई र खानेपानी योजनाहरुको दीगो संचालनका लागि उपभोक्ता समूहरुलाई नै जिम्मेवार तुल्याईने नीति लिइनेछ ।
- नदी नियन्त्रण कार्यमा जलाधार संरक्षणलाई बढी जोड दिई सडक, कृषि, वनसँगको समन्वय अभिवृद्धि गरी नगरमा उपलब्ध स्रोत र साधनको अधिकतम परिचालनमा जोड दिइनेछ ।
- नदी नियन्त्रण कार्यमा बायोइन्जिनियरिङ्ग प्रविधिको व्यापक उपयोग गरिनेछ ।
- सूचना प्रविधि (इन्टरनेट, इमेल आदि) को विस्तारका लागि निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।
- नगरोन्मूख वस्तीहरुलाई भू-उपयोग योजनाका आधारमा विकास गर्दै लगिनेछ ।
- भौतिक पूर्वाधार निर्माण गर्दा पूर्ण रुपमा अपाङ्गमैत्री, लैङ्गिकमैत्री र बाल मैत्री हुने गरि निर्माण हुनेछ ।
- निर्माण भएका सरकारी कार्यालय र सार्वजनिक भवनहरुलाई अपाङ्गमैत्री बनाइनेछ ।
- पानीको श्रोतको अभाव भएको ठाउँमा बर्षात्को पानी संकलन गरी सिंचाई कार्य गर्न सम्भाव्यता अध्ययन सुरु गरिनेछ ।
- प्राकृतिक क्षमता अनुसार जमनीको प्रयोग गर्ने/गराउने नीति अवलम्बन गरिनेछ ।
- पूर्वाधार निर्माणमा संलग्न सिकर्मी डकर्मी कालिगढ आदिलाई तालीम दिई दक्ष बनाईने छ ।
- भवन निर्माणमा संलग्न निर्माण व्यवसायी र सिकर्मी डकर्मीलाई भवन निर्माण संहितासम्बन्धी तालीम दिई प्रमाणपत्र दिईने छ ।
- भौतिक पूर्वाधारको विकास गर्दा राष्ट्रिय आचार संहिताहरुको पूर्ण पालना गर्ने गराइनेछ ।
- ग्रामीण क्षेत्रमा व्यवस्थित र एकीकृत बस्ती विकास योजना ल्याइनेछ ।
- शहरी क्षेत्रमा जग्गा विकास तथा एकीकरण आयोजना लागू गर्ने नीति लिइनेछ ।
- शहरी पूर्वाधार उपयोगमा सामाजिक उत्तरदायित्व वृद्धि गर्ने आवश्यक कार्यक्रमहरुको कार्यान्वयन गरिनेछ ।

### ६.५.२ सामाजिक विकास योजना

सामाजिक क्षेत्रको समुचित विकास नभई दिगो विकासको लक्ष्य हासिल गर्न नसकिने हुनाले भौतिक, आर्थिक विकासका साथै सामाजिक विकासमा विशेष ध्यान पु¥याउनु पर्ने अत्यावश्यक देखिएको छ। समाजलाई सभ्य बनाउन नसकिएमा आपसी सद्भाव, भाईचारा, सामूहिकता घट्दै जान्छ र विकास पूर्वाधारहरुमा त्यसको असर पर्दछ । जुनसुकै क्षेत्रको विकासले सामाजिक जीवनमा सकरात्मक प्रभाव पर्नु पर्दछ । असभ्य समाजमा भौतिक विकासले मात्र आम जनजीवनमा खुशियाली र शान्ति प्रदान गर्न सक्दैन् । जीवन सुरक्षाको प्रत्याभूति, सामाजिक समानताको व्यवहार, आपसी सद्भाव र सहयोगको आदानप्रदान गर्ने वातावरणको समेत सृजना हुनु जरुरी हुन्छ । सामाजिक विकास भन्नाले सबै वर्ग र समुदायले उपलब्ध श्रोत र साधनहरुको उपयोग गरी आफ्नो जीवनलाई गुणस्तरीय र समाजिक हैसियतका साथ जीवनयापन गर्न सक्ने अवस्थामा पुग्नु हो ।

नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ। राज्यका निर्देशक सिद्धान्तले सबै नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउनु राज्यको दायित्वमा समावेश गरेको छ। उक्त हक र सिद्धान्तलाई व्यवहारमा उतार्न नगरपालिकाले आफ्नो शिक्षा नीति तर्जुमा गरी कार्यान्यनमा ल्याउने छ। यसै सिलसिलामा दीगो विकासको लक्ष्य अनुरूप समावेशी र समन्यायमा आधारित शिक्षा प्रदान गर्न गुणस्तरीय रूपमा शिक्षा क्षेत्रको विकास गरिनु पर्दछ।

संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने एवम् स्वास्थ्य सेवामा समान पहुँचको विषयलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ। नागरिकलाई स्वस्थ बनाउन राज्यले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवम् गुणस्तरीय, सहज, सुलभ स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्दै सबैको स्वस्थ जीवन प्रत्याभूत गरी दीगो विकास सुनिश्चित गर्नुपर्ने दायित्व पनि संविधानबाटै निर्देशित छ । विगतमा स्वास्थ्य क्षेत्रमा देखिएको दक्ष प्राविधिक जनशक्तिको कमीलाई व्यवस्थापन गरी आधारभूत स्वास्थ्य सेवा र सुविधामा पहुँच बढाइनेछ । वडास्तरमा रहेका स्वास्थ्य चौकीहरूबाट रोग लाग्न नदिने गरी प्रतिकारात्मक तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनुका साथै नगरपालिका अवस्थित अस्पतालबाट उपचारात्मक सेवा सहज उपलब्ध गराइने व्यवस्था मिलाइनेछ।

**लक्ष्य**

**गुणस्तरीय र व्यवसायिक शिक्षाको प्रवर्धन, आधारभूत स्वास्थ्य सेवाका पहुँच वृद्धि, युवा तथा खेलकुद क्षेत्रको समुचित विकास एवं सामाजिक समावेशीकरण र सशक्तिकरणको माध्यमद्वारा न्यायपूर्ण समाज स्थापित गर्ने।**

**उद्देश्यहरु**

१. व्यवसायिक तथा जीवन उपयोगी शिक्षाको माध्यमद्वारा दक्ष एवं गुणस्तरीय जनशक्ति तयार गर्ने ।

२. आधुनिक स्वास्थ्य सेवाका साथै आर्युवेद चिकित्सा सेवालाई गुणस्तरीय एवं सर्वसुलभ बनाउने ।

३. सामाजिक जीवनका सबै क्षेत्रमा पछाडि परेका लक्षित समुदायको अधिकारको सम्मान गर्दै विभेद रहित समाजको स्थापना गर्ने ।

४. बालबालिकाको आवाज समाजको हरेक तह तप्कामा स्थापित गर्दै बालमैत्री नगर बनाउने ।

५.महिला सशक्तिकरणको माध्यमद्वारा लैंगिक समानताको अभिवृद्धि , युवालाई आर्थिक सामाजिक अवसर तथा जेष्ठ नागरिकलाई सम्मान पूर्ण रुपले बाच्न पाउने वातावरण श्रृजना गर्ने ।

६. खेलकुद तथा मनोरञ्जनात्मक क्षेत्रको समुचित विकास गर्ने ।

७. सुरक्षा व्यवस्था सुदृढ गरी आम नागरिकमा सुरक्षाको प्रत्याभूति गराउने ।

### ६.५.२.१ सामाजिक विकासकालागि प्राथमिकताका क्षेत्रहरु

***क) गुणस्तरीय र व्यवसायिक शिक्षाको प्रत्याभूति***

सार्वजनिक शिक्षाको गुणस्तर खस्किनु र निजी क्षेत्रको सुधारान्मूख शैक्षिक गुणस्तरको कारण सार्वजनिक र निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थी बीचमा असमानताको खडल बढीरहेको सन्दर्भमा सार्वजनिक शिक्षालाई गुणस्तरीय बनाउनु आजको आवश्यकता हो । सरकार र नगरपालिकाले सार्वजनिक शिक्षाको लागि खरबौ लगानी गर्ने तर गुणस्तरीय शिक्षा प्राप्त नहुँदा सार्वजनिक विद्यालय शिक्षा प्रति आम नगरवासीको नकरात्मक सोच बढिरहेको छ । आफैले अध्यापन गर्ने विद्यालयमा आफ्ना छोराछोरी अध्ययन गराउन नसक्नुको कारण र त्यस्ता शिक्षक प्रति नगरपालिका कठोर बन्नु जरुरी छ। शैक्षिक गुणस्तर दिनानुदिन खस्कदै जाने र २१ औं शताव्दीमा समेत सैद्धान्तिक शिक्षा दिनुले हाम्रा जनशक्तिहरु कम व्यवसायिक र विश्व बजारमा प्रतिस्पर्धा गर्न नसक्ने भईरहेका छन् । यो सन्दर्भ राष्ट्रिय परिस्थितिमा पनि मिल्दछ । त्यसैले मेलम्ची नगरपालिकाले आसपासका गाउँपालिकाहरुको शैक्षिक केन्द्र बन्नको लागि गुणस्तरीय र व्यवसायिकजीवनउपयोगी शिक्षाको आम नगरबासीमा प्रत्यभूति गराउनको लागि विशेष योजना तथा कार्यक्रमहरु कार्यान्वयनमा ल्याउनु पर्दछ । नगरपालिका क्षेत्रमा व्यवसायिक शिक्षा प्रदान गर्ने बहु व्यवसायिक शिक्षालयको स्थापना हुनु पर्ने देखिन्छ ।

***ख) गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवामा पहुँच वृद्धि***

हालसम्म पनि मेलम्ची नगरपालिकाको सबै वडामा स्वस्थ्य सेवाको पहुँच पुगिनसकेको स्थिति छ। कतिपय वडाहरुमा स्वस्थ्य चौकी नभएको र बर्थिङ केन्द्र समेत नरहेकोले नगरवासीहरु आधारभूत स्वास्थ्य सेवाबाट समेत बञ्चित रहेको सहजै अनुमान गर्न सकिन्छ। टोल टोलमा आधारभूत स्वास्थ्य सेवा पुऱ्याउनु मुख्य आवश्यकता हो। स्वास्थ्य चौकी तथा स्वास्थ्य संस्थाहरुबाट प्रवाह भई रहेको सेवा पनि गुणस्तरहिन र सुलभ नभएको जनगुनासो र वास्ताविकता रहेको छ । हालसम्म पनि नगरपालिका क्षेत्रमा गुणस्तरीय र सुविधा सम्पन्न स्वास्थ्य सेवा प्रदायक संस्थाको स्थापना भएको छैन्। कतिपय ग्रामीण वडाहरुमा हालसम्म पनि नगरवासीले सामान्य रोगको समेत उपचार नपाई ज्यान गुमाउनु परेको छ । ठूला र दीर्घरोगको उपचारको लागि काठमाण्डौं नै जानुपर्ने बाध्यता भएकोले स्वास्थ्य सेवा गरिवीको रेखामुनि रहेका नगरवासीहरुको लागि पहुँचमा आउन सकेको छैन। स्वास्थ्य सेवा गुणस्तरीय र सर्वसलभ बनाउनको लागि सुविधा सम्पन्न स्वास्थ्य संस्थाको स्थापना हुन जरुरी छ र त्यसको लागि नगरपालिका र निजी क्षेत्रको साझेदारी हुन जरुरी छ । गुणस्तरीय स्वास्थ्य संस्थाको स्थापनाले मेलम्ची उत्तर पूर्वमा रहेका गाउँपालिकाहरुका बासिन्दाहरुको लागि समेत सुविधा प्रदान गर्ने र मेलम्ची स्वास्थ्य केन्द्र रुपमा विकसीत हुने संभावना रहन्छ ।

***ग) सामाजिक समावेशीकरण, लैंगिक समानता र सशक्तिकरण***

लैगिंक समानता तथा समाजिक समावेशीकरणको मूल मर्म भनेको समान अधिकार, अवसर र समाजमा पछाडि परेका वर्ग तथा समुदाय र क्षेत्रलाई विकासको मुल प्रवाहमा प्रवाहीकरण गर्नु नै हो। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि विभिन्न ऐन, नियम, रणनीति र कार्ययोजना कार्यान्वयनमा समेत आएका छन्। संविधानबाट नै उपरोक्त व्यवस्था कार्यान्वयनका लागि विभिन्न लक्षित संवैधानिक आयोगहरूको व्यवस्था गरिएको छ। संविधानले ती आयोगहरूमा तत् वर्ग, लिंगको प्रतिनिधित्व रहनुपर्ने व्यवस्था गरेको छ। बहुसङ्ख्यक दलित, महिला, आदिवासी जनजाति, मधेसी, मुस्लिम लगायतका समूह/समुदाय विगतमा राज्यको संरचानाद्वारा नै पछाडि पारिएको हुँदा नेपालमा सकारात्मक उपाय र समावेशीकरण नीति र यसको मूलप्रवाहीकरणको सान्दर्भिकता रहेको छ। महिलालाई लैङ्गिक भेदभावबिना समान वंशीय, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक हुने, राज्यका सबै निकायमा महिला तथा लक्षित समूहले शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने, सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने, संसद् लगायतका तीन वटै तहका निकायमा महिला तथा लक्षित समूह र वर्गको समुचित र समानुपातिक प्रतिनिधित्वको व्यवस्था संविधान र कानुनबाट नै सुनिश्चित गरिएको छ ।

दीगो विकासका लागि सामाजिक समावेशीकरण हुन पर्दछ । समाजमा रहेका गरिव, किसान, अशिक्षित, दलित, आदिबासी, जनजाति, अपाङ्ग, एकल तथा विधुवा महिलाहरुको विकासका हरेक तह र तप्कामा समान र हैसियतपूर्ण सहभागिता हुनु पर्दछ । समाजमा हुनेखाने र टाठावाठाहरुको हैकम र दवावले मात्र सहभागिता देखाउने प्रवृति वढिरहेको छ। स्वतहस्फूर्त रुपमा समाजमा रहेका सबै वर्गका मानिसहरुको सक्रिय सहभागिता हुने वातावरण सृजित हुनु पर्दछ। ५० प्रतिशत भन्दा बढीको संख्यामा रहेका महिलाहरुको सबै क्षेत्रमा पुरुष सरह सहभागिता र सक्रियता हुनु विकासको लागि अपरिहार्य छ। महिलाहरुको पूर्ण सहभागिता र सक्रियताका लागि सशक्तिकरणका कार्यक्रमहरुको कार्यान्वयन हुन पर्दछ । पूर्ण शिक्षा र स्वास्थ्य सुविधाको अभावले सक्रिय सहभागितामा असर परेको देखिन्छ । सामाजिक समावेशीकरण, लैंगिक समानता र सशक्तिकरणका लागि आर्थिक सशक्तिकरणलाई यस योजनाले जोड दिएको छ । आर्थिक सशक्तिकरणले शिक्षा, स्वास्थ्य, सामाजिक हैसियत, गुणस्तरीय जीवनयापनमा प्रत्यक्ष प्रभाव पार्ने भएकोले  यसलाई जोड दिइएको हो ।

### ***घ) सभ्य र न्यायपूर्ण समाजको स्थापना***

हालका दिनमा समाज असभ्य र संस्कर बिहीन हुँदै गइरहेको छ। सामाजिक मूल्य र मान्यताहरु पैसामा तुलना हुन थालेका छन् । बाह्य संस्कृतिको मोह बढ्दो छ । यसले साँस्कृतिक विचलन हुने र समाजमा विभिन्न प्रकारको नकरात्मक अवस्थाहरु श्रृजना हुन सक्ने स्थिति छ। समाजमा राम्रो काम गर्नेहरुको भन्दा नराम्रो काम गरी धनसम्पत्ति आर्जन गर्नेहरुको ईज्जत र मर्यादा हुन थालेको छ । समाज म र मेरो भन्ने भावनाबाट उत्प्रेरित हुँदा सामाजिक भावाना, सामुहिक जवाफदेहिता विमुख हुँदै गएकोले समाजलाई न्यायपूर्ण बनाउनु चुनौतिपूर्ण छ । सार्वजनिक काममा सहभागिता,  सामुहिक फाइदाको लागि सहभागिता, सामाजिक पूर्वाधारहरुबाट नगरका सबै बासिन्दाहरुले समानरुपले फाइदा लिन सक्ने अवस्थाको सृजना गरिनु आवश्यक छ। जनताले तिरेको करबाट संचालित सार्वजनिक सेवाहरुमा समाज र सहज पहुँच पुऱ्याई सामाजिक न्यायको प्रत्याभूति दिलाउनु पर्दछ।

### ***ङ) सामाजिक विकासका लागि साझेदारी***

सामाजिक विकासलाई सहजै मापन गर्न सकिन्दैन्। सामाजिक विकास त्यो हो जसले मानिसलाई आत्मै देखि सुरक्षित र खुशिको अनुभूति दिन्छ। नेपालको सन्दर्भमा उच्च वर्ग देखि निम्न वर्ग सम्मका कुनैपनि व्यक्तिले नत सुरक्षित महशुस गर्न सकेका छन् नत खुशियाली नै। केवल धन सम्पतीलाई मात्र सुशियालीको साधन मानेको अवस्था छ। आत्म सन्तुष्टिको बारेमा चासो दिइएको छैन् । सामाजिक विकासका लागि विभिन्न संघ संस्था प्रति नागरिकको विस्वास र आफ्नो अनुभूति हुनु पर्दछ। समाज कुनै पनि किसिमका विभेद मुक्त हुनुका साथै सुरक्षा निकायहरु आम जनताका साथीको रुपमा रहनु पर्दछ। सामाजिक सुरक्षाको ग्यारेण्टी हुनु पर्दछ। मानिसमा आफू सरक्षित भएको र आफू अन्यायमा नपरेका तथा समाज न्यायपूर्ण छ भन्ने विस्वास भएको अवस्थाको सृजना गरिनु पर्दछ। गरिव र तल्लो वर्गका मानिसहरु शिक्षा, स्वास्थ्य, सुरक्षाको पहुँच बाहिर हुनु, महिलाहरु आफ्नै समाजमा सुरक्षित नहुन, न्यायको लागि  लामो प्रतिक्षा र अन्याय हुनुले सामाजिक विकासलाई धक्का दिइरहेको छ। यस तर्फ यस योजनाले विशेष ध्यान दिएका छ।

### ***च) युवा, खेलकुद तथा बाल विकास***

युवा जनशक्तिको पलायन नेपालको समस्या भए झै मेलम्चीमा पनि युवा जनशक्ति पलायनको समस्या छ। कति युवाहरु रोजगारी तथा श्रमको खोजी त कति युवा अध्ययनको लागि मेलम्चीबाट पलायन भईरहेका छन् । युवा जनशक्तिलाई स्थानीय विकासको लागि उपयोग गर्न सकिएको छैन्। सबैभन्दा ठूलो श्रम खपत हुने कृषिमा युवाहरुको आकर्षण दिनानु दिन घटिरहेको छ । आन्तरिक बजारमा श्रमको अवमूल्यन र दीगो श्रम कार्य नपाउँदा दक्ष तथा अदक्ष जनशक्ति विदेश तर्फ पलायन भई रहेको छ। खेलमैदान, प्रशिक्षक, खेल सामाग्रीको अभावले युवाहरु खेलकुद प्रति आर्कषण हुन सकेका छैनन् यद्यपी यस क्षेत्रका युवाहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुदमा प्रतिस्पर्धा गरिरहेका छन् । युवा र खेलकुललाई प्राथमिकतामा राखिनु पर्दछ । बालबालिकाहरु भविष्यका कर्णधार हुन र उनीहरुको विकासमा विशेष ध्यान दिन सकिएन भने भविष्यमा देश विकासको बाटोमा विभिन्न अप्ठ्याराहरु आउन सक्दछन्। बालविकासका लागि विद्यालय तहदेखि नै बालविकास कार्यक्रमहरु लागू गरिनु पर्दछ। बाल विकासको लागि बाल मनोरञ्जन स्थलहरुको निर्माण, बालबालिका खेलकुद लगाएतका पूर्वाधारहरुको विकास गरिनु पर्दछ।

### ६.५.२.२ योजना तथा कार्यक्रमहरु

| क्र.सं | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| **उद्देश्य १ : व्यवसायिक तथा जीवनउपयोगी शिक्षाको माध्यमद्वारा दक्ष एवं गुणस्तरीय जनशक्ति तयार गर्ने ।** | | | | | | | | | | | | |
| **शैक्षिक पूर्वाधार विकास तर्फ** | | | | | | | | | | | | |
| १ | विद्यालयहरुमा अपुग कक्षाकोठा थप | हुदै गरेको | १०० | ३५,००० | | | | | | १ | शि.वि. | |
| २ | शौचालय सहितका पक्की भवन निर्माण | ५५ | ७१ | १२८,००० | | | | | | १ | शि.वि, गैसस | शौचालय नभएका विद्यालय पहिचान |
| ३ | विद्यालयहरुमा न्यूनतम पठनपाठन सामग्री वितरण | २० | ७१ | ४,५०० | | | | | | १ | - - | |
| ४ | माध्यामिक विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना | १० | २० | २,००० | | | | | | १ | - - | |
| ५ | सम्पूर्ण विद्यालयमा पुस्तकालय व्यवस्थापन | १९ | ३३ | ३,३०० | | | | | | २ | गैसस, शि.वि. | कम्तिमा कक्षा ८ सम्मको विद्यालय |
| ६ | खेलमैदान व्यवस्थापन तथा विकास | १७ | ३३ | १२,००० | | | | | | २ | - - | कम्तिमा कक्षा ८ सम्मको विद्यालय |
| ७ | विद्यालयको कम्पाउण्ड, बालमैत्री घेरावार | १५ | ७१ | २५,००० | | | | | | १ | शि.वि., गैसस | सबै विद्यालय |
| ८ | श्रृजनात्मक तथा प्रयोगात्मक शिक्षा, अतिरिक्त क्रियाकलापहरू सञ्चालन | ११ | ३५ | १,२२५ | | | | | | १ | - - | कम्तिमा आधा विद्यालय |
| ९ | विद्यमान विद्यालयहरुमा बालमैत्री, अपाङ्गमैत्री र वातावरणीय पूर्वाधारको विकास | ६ | २० | २०,००० | | | | | | १ | गैसस | |
| १० | एक विद्यालय एक करेसाबारी | २९ | १५ | १,५०० | | | | | | २ | गैसस | कम्तिमा कक्षा ८ सम्मको विद्यालय |
| ११ | प्रत्येक विद्यालयस्तरमा वा समुदाय स्तारमा बाल विकास केन्द्र सञ्चालन | ३८ | ७१ | ३५,५०० | | | | | | २ | शि.वि., प्रदेश सरकार | |

| क.सं | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| १२ | प्रत्येक मा. वि.स्तरका विद्यालयहरुमा कार्यक्रम हलको व्यवस्था | ७ | २० | १३,००० | | | | | | २ | - - | |
| १३ | विद्यालय मर्मत संभार योजना निर्माण तथा कार्यान्वयन | नभएको | १ | ३५,५०० | | | | | | १ | शि.वि | |
| **शौक्षिक जागरण तर्फ** | | | | | | | | | | | | |
| १४ | विद्यार्थी भर्ना अभियान निरन्तर सञ्चालन | नियमित | ५ पटक | ३,५५० | | | | | | १ | बाल क्लवहरु | |
| १५ | अभिभावक जागरण कार्यक्रम (शिक्षक अभिभावक अन्तर्क्रिया तथा नियमित बैठक) | नियमित | वार्षिक ३ पटक सबै विद्यालयमा | १५,९७५ | | | | | | १ | आमा समुहहरु | |
| १६ | शिक्षक तथा व्यवस्थापन समिति लगायतका सरोकारवालाहरूको क्षमता विकास | नियमित | ७१ विद्यालय | ३,५५० | | | | | | १ | - - | |
| १७ | नगरको उत्कृष्ट छात्र तथा छात्रा विद्यालयलाई उच्च शिक्षा अध्ययन गर्न प्रोत्साहनमूलक अनुदान (एकमुष्ट अनुदान) | - - | ५ छत्र ५ छात्रा | १,००० | | | | | | २ | - - | |
| १८ | विद्यालय बाहिर रहेका वा बाहिर रहन गएका परिवारको विवरण तयार गरी त्यस्ता परिवारमा आय आर्जन लगायतका सचेतनामूलक कार्यक्रम सञ्चालन गरी सबै विद्यालय बाहिरका बालबालिकाहरुलाई विद्यालय ल्याउने | - - | सबै वडा | ५०,००० | | | | | | १ | साझेदार संघ संस्था | |
| १९ | निरन्तर शिक्षा तथा प्रौढ कक्षा सञ्चालन | - - | १३ | ६,५०० | | | | | | २ | " | |
| **प्रविधिक शिक्षा विस्तार तर्फ** | | | | | | | | | | | | |
| २० | नगर स्तरमा कम्तिमा एउटा बहुप्राविधिक (पोलिटेक्निकल) शिक्षालय स्थापन | - - | १ | ५०,००० | | | | | | १ | सिटिइभिटी/ निजी क्षेत्र | |
| २१ | सम्पूर्ण माध्यामिक विद्यालयहरुमा व्यवसायिक तथा प्राविधिक शिक्षा विस्तार (पहिलो चरणमा प्रत्येक वडामा एक प्राविधिक विद्यालय) | २ | ११ | ५५,००० | | | | | | १ | - - | |

| क.सं | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| २२ | अनौपचारिक तथा जीवनोपयोगी शिक्षा कार्यक्रम, | - - | | ६,००० | ■ | ■ | | | | १ | - - | |
| २३ | व्यावसायिक तथा फरक क्षमता भएका विद्यार्थीलाई माध्यमिक तहसम्म विशेष शिक्षा कार्यक्रम | - - | १ | ५,००० | | | ■ | ■ | | १ | - - | |
| २४ | निजी तथा सामुदायिक स्तरमा मोडलका रुपमा प्राविधिक शिक्षालय स्थापना | - - | १ | ३०,००० | ■ | ■ | ■ | | | २ | शि.वि., गैसस | |
| २५ | उच्च शिक्षा अध्ययनसम्बन्धी परामर्श दिन नगरपालिका शिक्षा शाखामा परामर्श डेस्क सञ्चालन | नभएको | १ | १,२५० | ■ | ■ | | | | २ | " | |
| **शौक्षिक गुणस्तर वृद्धि तर्फ** | | | | | | | | | | | | |
| २६ | संस्थागत र सामुदायिक विद्यालय अन्तरसम्बन्ध अभिवृद्धि | - - | नियमित | ७५० | ■ | ■ | ■ | ■ | ■ | २ | प्याब्सन/ एन- प्याब्सन | |
| २७ | शिक्षक शिक्षिकालाई पुनर्ताजगी तालीम | केहि | ५० | १२,५०० | ■ | ■ | ■ | ■ | ■ | १ | शि.वि. | |
| २८ | संस्थागत विद्यालय नियमन र गुणस्तर परिक्षण | केहि | नियमित | १,००० | ■ | ■ | ■ | ■ | ■ | १ | " | |
| २९ | तालीम प्राप्त आधुनिक जनशक्तिको व्यवस्थापन | - - | ३० | ३,००० | ■ | ■ | ■ | | | १ | " | |
| ३० | मोडल विद्यालय छनौट तथा पुरस्कार<br>उत्कृष्ट शिक्षक/शिक्षिका छनौट तथा पुरस्कार<br>उत्कृष्ट छात्र/छात्रा छनौट तथा पुरस्कार | नभएको | बार्षिक १ | ७,५०० | ■ | ■ | ■ | ■ | ■ | १ | " | सम्पूर्ण विद्यालय तथा नगर तहमा पनि गर्ने |
| ३१ | औषधी उपचारको लागि शिक्षक कर्मचारीको कल्याण कोष | नभएको | १ | ५०,००० | ■ | ■ | ■ | ■ | ■ | १ | " | |
| ३२ | विद्यालयका असल सिकाई Practice लाई आदान प्रदान | - - | २० | ७५० | ■ | ■ | ■ | | | १ | " | |
| ३३ | विद्यालय merge, Inactive grade घटाउने गरी कार्यक्रम निर्माण | मर्ज हुने गरेको | १० | १,००० | ■ | ■ | ■ | ■ | ■ | २ | " | |
| ३४ | उपयुक्त विद्यालय छनौट गरी आवासीय विद्यालय स्थापना | नभएको | १ | ६,००० | | ■ | ■ | | | ३ | " | |
| ३५ | Internet सहितको ICT शिक्षा, web-portal, website, e-library | - - | १५ | ५,००० | ■ | ■ | | | | १ | साझेदार संघ संस्था | |

| क्र.सं | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३६ | नमुना मा.वि.मा सूचना प्रविधि कक्षा सञ्चालन तथा कक्षा १० तहमा कम्प्युटर शिक्षा समावेस | - - | ५ | ५,००० | | | | | | २ | " | |
| **अन्य शौक्षिक पूर्वाधार व्यवस्थापन तर्फ** | | | | | | | | | | | | |
| ३७ | सम्पूर्ण विद्यालयहरुमा लैंगिकमैत्री तथा सर्वसुलभ शौचालयका पूर्वाधार विकास | ५ | ७१ | १,२०० | | | | | | १ | साझेदार संघ संस्था | |
| ३८ | खेलकुद सामग्री व्यवस्था | केही | ३० | १,२५० | | | | | | १ | " | |
| ३९ | दृष्य तथा श्रवण सुस्त भएका विद्यार्थीलाई विशेष कक्षा तथा सुविधा | - - | १०० | ६,००० | | | | | | १ | " | |
| ४० | भौतिक पुर्वाधार सहित नमुना सामुदायिक सिकाई केन्द्र स्थापना तथा सञ्चालन | ५ | १३ | १३,००० | | | | | | २ | " | विद्यमान केन्द्रको सुदृढिकरण |
| ४१ | छात्राहरुलाई सुविधा सम्पन्न आराम कक्षाको व्यवस्थापन | नभएको | २० | ९,००० | | | | | | १ | विद्यालयहरु | कक्षा ८ देखिका विद्यालय |
| ४२ | विद्यालयको फोहर व्यवस्थापन | - - | ३० | ६०० | | | | | | १ | " | |
| ४३ | कक्षा ५ सम्म दिवा खाजाको व्यवस्था तथा विद्यालय परिसरमा जङ्क खानेकुरा प्रतिवन्ध | - - | २५ | २५,००० | | | | | | १ | संघिय, प्रदेश सरकार, गैसस | मावि तहका विद्यालयमा क्यान्टिनको |
| ४४ | फरक क्षमता भएका विद्यार्थीहरु पठन पाठन हुने विद्यालयको विशेष सुदृढिकरण तथा गुणस्तर अभिवृद्धि | १ | १ | १,००० | | | | | | २ | " | विद्यमान विद्यालय सुदृढिकरण |
| ४५ | नगर स्तरमा स्नातकोत्तर तह सञ्चालनको संभाव्यता अध्ययन तथा सञ्चालन | नभएको | संभाव्यता अध्ययन | ५०० | | | | | | ३ | " | त्रिविसँग समन्वय |

| क्र.सं | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| **उद्देश्य २ : आधुनिक स्वास्थ्य सेवाका साथै आर्युवेद चिकित्सा सेवालाई गुणस्तरीय एवं सर्व सुलभ बनाउने ।** | | | | | | | | | | | | |
| **स्वास्थ्य पूर्वाधार विकास तर्फ** | | | | | | | | | | | | |
| १ | स्वास्थ्य संस्थाहरूको संस्थागत क्षमता, पूर्वाधार र उपकरण विस्तार | २ | १३ | ५०,००० | | | | | | १ | स्व.से.वि., प्रदेश सरकार | |
| २ | प्रत्येक वडामा रहने स्वास्थ्य संस्थाको भवन निर्माण, मर्मत सम्भार र स्तरोन्नति | ११ | १३ | १५,००० | | | | | | १ | " | नियमित मर्मत गर्ने कार्यक्रम |
| ३ | आधारभूत तथा प्रजनन् स्वास्थ्य सेवा विस्तार | २ | ५ | १५,००० | | | | | | १ | " | |
| ४ | नगर क्षेत्रमा आवश्यक पूर्वाधार तथा जनशक्ति सहितको ५० शैयाको अस्पताल निर्माण | प्रास्वाके | १ | ३०,००० | | | | | | २ | " | |
| ५ | प्रत्येक स्वास्थ्य चौकीमा स्वास्थ्य कर्मीलाई आवासको व्यवस्था | नभएको | १३ | ६५,००० | | | | | | ३ | " | |
| ६ | नगर क्षेत्रमा २४ सै घण्टा ऐम्बुलेन्सको व्यवस्था | २ | ६ | - | | | | | | २ | " | |
| **मातृ शिशु स्वास्थ्य तर्फ** | | | | | | | | | | | | |
| ७ | मातृ शिशु पोषण कार्यक्रम | - - | सवै वडा | ३,५०० | | | | | | १ | साझेदार संघ संस्था | |
| ८ | कुपोषित बालबालिका र महिला लक्षित कार्यक्रम | - - | सबै वडा | १,५०० | | | | | | १ | " | |
| ९ | गर्भवती महिलालाई सचेतना तथा जागरण कार्यक्रम | - - | सबै वडा | १,२५० | | | | | | १ | " | |
| १० | स्वास्थ्य स्वयंसेविकालाई कार्य बोझ अनुसार अतिरिक्त भत्ता व्यवस्था | अति न्यून सुविधा | आधा दिनको तलव | ३०,००० | | | | | | १ | संघिय, प्रदेश सरकार | |
| ११ | भएका वर्थिङ्ग केन्द्रको सवलीकरण तथा गर्भवती महिलालाई सुकेरी गराउन एम्बूलेन्स खर्च सहायता | यातायात खर्च दिने | ५०० | १,७५० | | | | | | १ | " | |

| क्र.सं | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| **उद्देश्य २ : आधुनिक स्वास्थ्य सेवाका साथै आर्युवेद चिकित्सा सेवालाई गुणस्तरीय एवं सर्व सुलभ बनाउने ।** | | | | | | | | | | | | |
| **स्वास्थ्य पूर्वाधार विकास तर्फ** | | | | | | | | | | | | |
| १ | स्वास्थ्य संस्थाहरूको संस्थागत क्षमता, पूर्वाधार र उपकरण विस्तार | २ | १३ | ५०,००० | | | | | | १ | स्व.से.वि., प्रदेश सरकार | |
| २ | प्रत्येक वडामा रहने स्वास्थ्य संस्थाको भवन निर्माण, मर्मत सम्भार र स्तरोन्नति | ११ | १३ | १५,००० | | | | | | १ | " | नियमित मर्मत गर्ने कार्यक्रम |
| ३ | आधारभूत तथा प्रजनन् स्वास्थ्य सेवा विस्तार | २ | ५ | १५,००० | | | | | | १ | " | |
| ४ | नगर क्षेत्रमा आवश्यक पूर्वाधार तथा जनशक्ति सहितको ५० शैयाको अस्पताल निर्माण | प्रास्वाके | १ | ३०,००० | | | | | | २ | " | |
| ५ | प्रत्येक स्वाश्य चौकीमा स्वास्थ्य कर्मीलाई आवासको व्यवस्था | नभएको | १३ | ६५,००० | | | | | | ३ | " | |
| ६ | नगर क्षेत्रमा २४ सै घण्टा ऐम्बुलेन्सको व्यवस्था | २ | ६ | - | | | | | | २ | " | |
| **मातृ शिशु स्वास्थ्य तर्फ** | | | | | | | | | | | | |
| ७ | मातृ शिशु पोषण कार्यक्रम | - - | सवै वडा | ३,५०० | | | | | | १ | साझेदार संघ संस्था | |
| ८ | कुपोषित बालबालिका र महिला लक्षित कार्यक्रम | - - | सबै वडा | १,५०० | | | | | | १ | " | |
| ९ | गर्भवती महिलालाई सचेतना तथा जागरण कार्यक्रम | - - | सबै वडा | १,२५० | | | | | | १ | " | |
| १० | स्वास्थ्य स्वर्यसेविकालाई कार्य बोझ अनुसार अतिरिक्त भत्ता व्यवस्था | अति न्यून सुविधा | आधा दिनको तलव | ३०,००० | | | | | | १ | संघिय, प्रदेश सरकार | |
| ११ | भएका वर्थिङ्ग केन्द्रको सवलीकरण तथा गर्भवती महिलालाई सुकेरी गराउन एम्बूलेन्स खर्च सहायता | यातायात खर्च दिने | ५०० | १,७५० | | | | | | १ | " | |

| क्र.सं | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| १२ | बाल विवाह दुरुत्साहन, परिवार नियोजन, बहुक्षेत्रीय पोषण सचेतना कार्यक्रम | - - | सबै वडा | ५,१०० | | | | | | १ | साझेदार संघ संस्था | |
| १३ | गाँउघर क्लिनिक तथा खेप केन्द्रको सवलीकरण तथा विस्तार | ६७ | ६७ | ३२,५०० | | | | | | १ | स्वा.से.वि | |
| **आधारभूत स्वास्थ्य सेवा विस्तार तर्फ** | | | | | | | | | | | | |
| १४ | आवश्यक तथा रिक्त स्वास्थ्य जनशक्ति व्यवस्थापन | - - | ५० जना | २०,००० | | | | | | १ | स्व.से.वि., प्रदेश, सरकार | |
| १५ | औषधिको आपूर्तिमा सुनिश्चितता, निरन्तरता, गुणस्तरीयता | - - | सबै वडा | १३०,००० | | | | | | १ | स्व.से.वि., | |
| १६ | मोबाइल क्याम्प, आउटरिच क्लिनिक, टेलिमेडिसिन सेवा सञ्चालन | - - | सबै वडामा वार्षिक १ पटक | ३५,००० | | | | | | १ | साझेदार संघ संस्था | |
| १७ | स्वास्थ्य सचेतना कार्यक्रम | केही | " | १,८०० | | | | | | १ | " | |
| १८ | वर्थिङ सेन्टर का सुधार तथा व्यवस्थापन | ५ | ५ | ३७,५०० | | | | | | १ | स्वा.से.वि | |
| १९ | "क" वर्गका अपाङ्गता भएका व्यक्तिहरुको निशुल्क स्वास्थ्य विमाको व्यवस्था | - - | १३३ | १,६६३ | | | | | | २ | - - | |
| २० | विपन्न तथा सीमान्तकृत समुदायका व्यक्तिहरुलाई नि:शुल्क स्वास्थ्य विमाको व्यवस्था | - - | ६५० | ८,१२५ | | | | | | १ | - - | |
| २१ | जटिल तथा दीर्घरोगीलाई नगर स्वास्थ्य सहायता (प्रति व्यक्ति ५०,००० सम्म) | वार्षिक ३/४ जना | ५०० | २५,००० | | | | | | १ | संघीय सरकार | |
| **स्वास्थ्य नीति तथा क्षमता विकास तर्फ** | | | | | | | | | | | | |
| २२ | स्वास्थ्य सेवा सम्बन्धी कानुन र मापदण्ड निर्माण तथा कार्यान्वयन | - - | नगरस्तरीय | १,२०० | | | | | | १ | - - | |
| २३ | स्वास्थ्य स्वयं सेविकाको क्षमता विकास | - - | २५ | १,१०० | | | | | | १ | - - | |

| क्र.सं | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| २४ | स्वास्थ्यकर्मीहरुको क्षमता विकास तथा पुनर्ताजगी तालीम | ६ | ३५ | १,३५० | | | | | | १ | - - | |
| २५ | स्वास्थ्य क्षेत्रमा PPP model अवधारणा (नगरको पायक स्थानमा सामुदायक अस्पताल निर्माण) | - - | १ | २५,००० | | | | | | २ | निजि क्षेत्र | |
| २६ | स्वास्थ्य प्रोफाईल सूचना व्यवस्थापन तथा HMIS व्यवस्थापन | नभएको | १ | २,५०० | | | | | | २ | स्वा.से.वि | |
| २७ | स्वास्थ्य सेवा प्रदायकहरुसँग समन्वय तथा सहकार्य बैठक | - - | १० | १,५०० | | | | | | १ | " | बार्षिक २ वटा |
| २८ | मानसिक रोगीलाई चिकित्सकीय परामर्श तथा औषधि सेवा | सिमीत | केन्द्र स्थापना | ७,५०० | | | | | | | " | |
| **आयुर्वेद स्वास्थ्य तर्फ** | | | | | | | | | | | | |
| २९ | जरायोटार आयुर्वेद भवन निर्माण | सुरुवात हुदै | सम्पन्न गर्ने | २०,००० | | | | | | १ | आयुर्वेद विभाग | |
| ३० | योग तथा ध्यान शिविर सञ्चालन/ प्रतिकारात्मक स्वास्थ्य सेवा बारे जनचेतना अभिवृद्धि | - - | नियमित | ५,००० | | | | | | १ | " | |
| ३१ | सन्तुलित भोजन तथा व्यायाम बारे सचेतना | - - | १० | २५० | | | | | | १ | " | |
| ३२ | आयुर्वेद स्वास्थ्य सेवाको प्रचार प्रसार | - - | १० | ५०० | | | | | | १ | " | |
| **उद्देश्य ३ : सामाजिक जीवनका सबै क्षेत्रामा पछाडि परेका लक्षित समुदायको अधिकारको सम्मान गर्दै विभेद रहित समाजको स्थापना गर्ने ।** | | | | | | | | | | | | |
| १ | जातिय विभेद तथा लैंगिक हिंसा अन्त्य गर्न सचेतनामुलक कार्यक्रम संचालन | वार्षिक ३/४ कार्यक्रम | ३० | १,५०० | | | | | | १ | सुरक्षा निकाय | |
| २ | दलित दलित बीच अन्तरक्रिया कार्यक्रम गरी समस्या पहिचान | - - | १५ | ७,५०० | | | | | | १ | साझेदार संघ संस्था | |
| ३ | जनचेतनामूलक, कानुनी सचेतना कार्यक्रम | ४ | २० | १,००० | | | | | | १ | " | |

| क्र.सं | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| ४ | सामाजिक ठाउँमा गरिने विभेदको अन्त्य गर्न कानुनी सचेतना | - - | नियमित | १,५०० | | | | | | १ | " | |
| ५ | विकासको प्रतिफल तथा सेवा प्रवाहमा समानताको प्रत्यभूति गर्न दलित स्थिति प्रोफाइल तयार | नभएको | नगरस्तरीय | ७,५०० | | | | | | २ | " | |
| ६ | बालीघरे प्रथाको अन्त्य गर्न सचेतना तथा जागरण कार्यक्रम | - - | नियमित | ८५० | | | | | | २ | - - | |
| ७ | दलित गैर दलित बीच सहभोज आयोजना | - - | ५ | १,००० | | | | | | १ | - - | बार्षिक १ वटा |
| ८ | दलित विद्यार्थी छात्रवृति कोष स्थापना तथा छत्रवृत्रि प्रदान | - - | नगरस्तरीय | ५,००० | | | | | | १ | गैसस, न.पा. | |
| ९ | दलित सीप विकास कार्यक्रम (प्राविधिक सीप विकास) | - - | १० | २,५०० | | | | | | १ | " | |
| **उद्देश्य ४ : बालबालिकाको आवाज समाजको हरेक तह तप्कामा स्थापित गर्दै बालमैत्री नगर बनाउने ।** | | | | | | | | | | | | |
| १ | बालमैत्री स्थानीय शासन सञ्चालन र बालमैत्री नगर घोषणा | नभएको | ३ वर्षभित्र घोषणा | ४,५०० | | | | | | २ | प्रदेश सरकार | |
| २ | बालमैत्री स्थानीय शासन कार्यक्रम प्रवर्धन गरी बालमैत्री कार्यक्रम संचालन | - - | न.पा. भरि | ३,५०० | | | | | | २ | - - | |
| ३ | बालविबाह तथा बालश्रम मुक्त नगरपालिका घोषणा | - - | ३ वर्ष भित्र घोषणा | ६,५०० | | | | | | १ | - - | |
| ४ | बाल उद्यान तथा पार्क निर्माण (बहुउद्देश्यीय पार्क) | २ | ५ | - | | | | | | २ | संघिय, प्रदेश | मनोरञ्चन क्षेत्रमा उल्लेख भएको |
| ५ | बाल सुधार केन्द्रको स्थापना | - - | १ | ५,५०० | | | | | | १ | प्रदेश सरकार | |
| ६ | नगर बाल सञ्जालको सुदृढीकरण तथा बजेट व्यवस्थापन | - - | नियमित | १,५५० | | | | | | १ | - - | |
| ७ | विद्यालय तथा वडा स्तरीय बाल सञ्जाल गठन तथा सवलीकरण | - - | ८४ | २,१०० | | | | | | १ | - - | |

| क्र.सं | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| **उद्देश्य ५ : महिला सशक्तीकरणको माध्यमद्वारा लैंगिक समानताको अभिवृद्धि, युवालाई आर्थिक सामाजिक अवसर तथा जेष्ठ नागरिकलाई सम्मान पूर्ण रुपले बाच्न पाउने वातावरण श्रृजना गर्ने ।** | | | | | | | | | | | | |
| **सामाजिक समावेशीकरण सम्बन्धी** | | | | | | | | | | | | |
| १ | महिला विकास कार्यक्रमको सञ्चालन र विस्तार | भैरहेको | १० | ५,००० | | | | | | १ | साझेदार संघ संस्था | |
| २ | लैङ्गिक समानता तथा समावेशीकरण मैत्री कार्यक्रम सञ्चालन र व्यवस्थापन | - - | नियमित | १,७५० | | | | | | १ | " | |
| ३ | चेतनामूलक, परम्परागत ज्ञान, सीप अभिवृद्धि, अन्य सीप विकास र रोजगारीमूलक र आयवृद्धि कार्यक्रम | - - | १० | १,७५० | | | | | | १ | " | |
| ४ | लैङ्गिक संवेदनशील बजेट तथा लैङ्गिक समानता तथा समावेशीता परिक्षण क्षमता विकास | सुरु भएको | ५ | २,५०० | | | | | | १ | " | |
| ५ | लोपोन्मुख र आदिवासी जनजातिको भाषा संस्कृतिको संरक्षण र विकास | - - | ५ | ५,००० | | | | | | २ | जनजाती महासंघ | |
| ६ | स्वास्थ्य बीमा लगायत सामाजिक संरक्षण र सुरक्षा कार्यक्रम | - - | ५०० | २,१०० | | | | | | १ | - - | |
| ७ | विभेदरहित नगरपालिका क्षेत्रको घोषणा | - - | ३ वर्षभित्र घोषणा | २,००० | | | | | | २ | - - | |
| ८ | भिन्न क्षमता भएकालाई विशेष र लक्षित कार्यक्रम | - - | १०० | १,५०० | | | | | | १ | - - | |
| ९ | वडा स्तरीय महिला सञ्जाल गठन | नभएको | १३ | ५५० | | | | | | १ | महिला समुहहरु | |
| १० | महिला सशक्तिकरण तालिम संचालन | केहि भएको | २० | ७,००० | | | | | | १ | " | |
| ११ | महिलाहरुको लागि आर्थिक सशक्तिकरण आयआर्जन हुने कार्यक्रम संचालन | " | सबै वडामा नियमित | १,४५० | | | | | | १ | " | |

| क.सं | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| १२ | पीडित तथा पिछडिएका वर्गहरुको उत्थानका लागि विशेष कार्यक्रम संचालन (शिक्षा, स्वास्थ्य, रोजगारी) | - - | सबै वडामा नियमित | १,७५० | | | | | | २ | साझेदार संघ संस्था | |
| १३ | एकल महिला, बालबालिका, जेष्ठ नागरिक, अपांग, दलित आदिको नगर स्तरीय समिति गठन र सोको मागको आधारमा विशेष कार्यक्रमहरु संचालन | - - | सबै वडामा नियमित | १,८५० | | | | | | २ | " | |
| **युवा सम्बन्धी** | | | | | | | | | | | | |
| १ | युवा कृषि व्यवसायीकरण कार्यक्रम | - - | २०० | - | | | | | | १ | - - | आर्थिक क्षेत्रमा उल्लेख भैसकेको |
| २ | युवा सीप, उद्यमशीलता, पूँजीमा पहुँच कार्यक्रम | - - | २०० | २,००० | | | | | | १ | वित्तिय संस्था | |
| ३ | युवा क्लबको निर्माण तथा सक्रिय परिचालन | ५ | १३ | ८०० | | | | | | १ | - - | |
| ४ | नगर विकासमा युवा संलग्नता र परिचालन | - - | नगरस्तरीय युवा संजाल | १,१०० | | | | | | १ | - - | |
| ५ | युवा वर्गमा साहित्य संगीत र कला संस्कृति प्रवर्द्धन कार्यक्रम | - - | ५ कार्यक्रम | १,३५० | | | | | | १ | - - | |
| **जेष्ठ नागरिक सम्बन्धी** | | | | | | | | | | | | |
| १ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | - - | ३२५ | १,६२५ | | | | | | १ | - - | |
| २ | ७५ वर्ष काटेका जेष्ठ नागरिकहरुलाई सहज र सम्मान पूर्वक जीवनयापनको सहज वातावरण निर्माण गर्न थप भत्ता वितरण | - - | १५० | १,१२५ | | | | | | १ | - - | |
| ३ | जेष्ठ नागरिकहरुका लागि संस्कृति आदानप्रदान र मनोरञ्जनका लागि एजिङ क्लब (जेष्ठालय) हरुको प्रबन्ध / वाचनालय, पुस्तकालय, भजन कीर्तन तथा अन्य मनोरञ्जन सुविधा सहित) | भजन मण्डली भएको | १३ | २६०,००० | | | | | | २ | - - | प्रत्येक वडामा एउटा |

| क.सं | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| ४ | उपयुक्त धार्मिक क्षेत्रमा धर्मशाला निर्माण | - - | १ | १५,००० | | | | | | २ | गैसस | |
| **उद्देश्य ६ : खेलकुद तथा मनोरञ्जनात्मक क्षेत्रको समुचित विकास गर्ने ।** | | | | | | | | | | | | |
| १ | नगर स्तरीय कभर्ड हल निर्माण | - - | १ | ७,००० | | | | | | २ | जिखेविस | |
| २ | नगरपालिका भित्रका प्रत्येक विद्यालयमा खेल प्रशिक्षक तथा सामग्री व्यवस्था | अपर्याप्त | २० स्कुल | २०० | | | | | | १ | " | |
| ३ | विद्यालय आधारित खेलकुद | - - | ५ | ३५,५०० | | | | | | १ | " | वार्षिक रुपमा सबै |
| ४ | युवामा आधारित खेलकुद | - - | ५ | ७,५०० | | | | | | १ | " | वार्षिक रुपमा |
| ५ | प्रत्येक वडामा हेलिप्याड सहित एउटा खेल मैदान / खुल्ला क्षेत्रको व्यवस्था | ७ | १३ | ५७,००० | | | | | | ३ | " | |
| ६ | वर्षिक नगर स्तरीय बहु खेल प्रतियोगिता आयोजना | - - | ५ | ४,००० | | | | | | ३ | " | मेयर कप |
| ७ | राष्ट्रिय तथा क्षेत्रीय खेलाडीको तथ्याङ्क संकलन तथा सम्मान | - - | १ | २,१०० | | | | | | १ | " | जिखेविस |
| ८ | नगरपालिकामा पार्क निर्माण (बाल उद्यान सहितको) | १ | ५ | ४०,००० | | | | | | २ | पर्यटन विभाग | |
| ९ | नगरपालिकामा पिकनिक स्पट निर्माण | ३ | ७ | २०,००० | | | | | | २ | " | |
| **उद्देश्य ७ : सुरक्षा व्यवस्था सुदृढ गरी आम नागरिकमा सुरक्षाको प्रत्याभूति गराउने ।** | | | | | | | | | | | | |
| १ | दीर्घकालीन रुपमा नगर प्रहरी कार्यालय तथा जनशक्ति चयन | ० | १५ | ११,२५० | | | | | | ३ | नेपाल प्रहरी | |
| २ | समुदाय प्रहरी सहकार्य गर्न सामुदायिक प्रहरी वडा समिति गठन | २ | १३ | ५५० | | | | | | २ | " | |

| क्र.सं | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| ४ | उपयुक्त धार्मिक क्षेत्रमा धर्मशाला निर्माण | - - | १ | १५,००० | | | ■ | | | २ | गैसस | |
| **उद्देश्य ६ : खेलकुद तथा मनोरञ्जनात्मक क्षेत्रको समुचित विकास गर्ने ।** | | | | | | | | | | | | |
| १ | नगर स्तरीय कभर्ड हल निर्माण | - - | १ | ७,००० | | ■ | | | | २ | जिखेविस | |
| ४ | सामाजिक सुरक्षा अभिवृद्धि गर्न टोल विकास संस्था परिचालन तथा तालीम | - - | सबै वडा नियमित | - | ■ | ■ | | | | १ | - - | |
| ५ | सामुदायिक मेलमिलाप केन्द्रको सबलीकरण तथा विस्तार / सामुदायिक मेलमिलापमा टोल विकास संस्थाको परिचालन, टोल विकास संस्थालाई विकास कार्यमा परिचालन तथा तिनको क्षमता विकास | २ | १३ | ३२,५०० | ■ | ■ | | | | १ | - - | |
| ६ | बहुउद्देश्यीय सामुदायिक भवन निमार्ण (सामुदायिक मेलमिलाप केन्द्र, पुस्तकालय, सामाजिक कार्यका सामग्री, सभाहल आदि सहित) | नभएको | १३ | ४५५,००० | ■ | ■ | ■ | ■ | ■ | २ | साझेदार संघ संस्था | |

### ६.५.२.३ मुख्य रणनीतिहरु

सामाजिक विकासका उद्देश्यहरू प्राप्तिका लागि निम्नलिखित प्रमुख रणनीतिहरू अवलम्वन गरिनेछ ।

**स्वास्थ्य**

- प्राथमिक स्वास्थ्य केन्द्रलाई अस्पतालको रुपमा विकास गर्न आवश्यक पूर्वाधारका लागि संघीय, प्रादेशिक र स्थानीय स्रोतको परिचालन गरिनेछ ।
- नगरमा रहेको एक मात्र प्राथमिक स्वास्थ्य केन्द्रलाई अस्पतालको रुपमा विकास गरी नगरबासीलाई पहुँच मैत्री बनाइनेछ ।
- समस्यामा आधारित सुपरिवेक्षण तथा अनुगमन प्रणाली लागू गरिनेछ ।
- महामारी नियन्त्रणका लागि गैरसरकारी संघसंस्था, स्थानीय निकाय स्वास्थ्य कर्मी सहित (Epidemic Rapid Response Team) को नेटवर्क खडा गरिनेछ ।
- प्रजनन् स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी रुपमा लैजान प्रजनन् स्वास्थ्यका क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी संस्थाहरुको समिति (RHCC) लाई बढी सक्षम बनाइनेछ ।
- अस्पताल संचालनका लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

**शिक्षा**

- व्यवसायिक र गुणस्तरीय शिक्षा प्रदान गर्नको लागि आवश्यक भौतिक, सामाजिक, नीतिगत, व्यवस्थापकीय पक्षहरुको विकासको नीति अवलम्बन गरिनेछ ।
- शैक्षिक छात्रवृत्तिहरू वितरण तथा साक्षरता अभियान संचालन गर्दा महिला, दलित, पिछडिएका जाति, जनजातिलाई उच्च प्राथमिकता दिईनेछ ।
- विद्यालयमा भौतिक पूर्वाधार विकास गर्दा छात्रा, खुद भर्ना दर र सहजै देखिने कूल भर्ना दर न्यून रहेका स्रोत केन्द्रलाई उच्च प्राथमिकता दिई क्रमशः अन्य स्रोत केन्द्रमा संचालन गरिनेछ ।
- शिक्षाका सम्पूर्ण कार्यक्रमहरु संचालन गर्दा नगरका सबै सम्बन्धित पक्षसँग समन्वयात्मक तवरले गरिनेछ ।
- उच्च शिक्षा तथा प्राविधिक शिक्षा क्षेत्रको विकासमा निजी क्षेत्रलाई विशेष प्राथमिकता दिइनेछ ।
- कार्यक्रम संचालन गर्दा सहभागितामूलक पद्धतिलाई अवलम्बन गरिनेछ ।
- व्यावसायिक तथा प्राविधिक शिक्षाका अवसरहरु प्रदान गर्दा दलित र उत्पीडित वर्गलाई प्राथमिकता दिइनेछ ।
- रोजगारीका क्षेत्रहरुमा दलित, उत्पीडित र पिछडिएका वर्गलाई विशेष प्राथमिकता दिइनेछ ।
- आवश्यकता अनुसार नयाँ विद्यालयको स्थापना गर्ने र स्थापना भइसकेका विद्यालयको क्षमता र गुणस्तर वृद्धि गर्न प्राथमिकता दिइनेछ ।
- मेलम्ची नगरमा पोलिटेक्निकल शिक्षालयको स्थापना गरी मेलम्चीलाई प्राविधिक शिक्षाको केन्द्रको रुपमा विकास गरिनेछ ।

**अन्य सामाजिक क्षेत्र**

- लैङ्गिक मूल प्रवाहीकरणमा आधारित कार्यक्रम संचालन गरिनेछ ।
- महिला समूह गठन गरी समूहको माध्यमबाट आर्थिक तथा सामाजिक स्तरमा वृद्धि गर्दै लगिनेछ ।
- महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत रहेका महिला विकास शाखा र महिलासँग सम्बन्धित सबै सरोकारवालाहरुसँग समन्वय स्थापित गरि कार्यक्रम संचालन गरिनेछ ।
- महिलाको सहभागितामा संस्थाहरु निर्माण गरी महिला समूहलाई उत्प्रेरित गरिनेछ ।
- घरेलु हिंसा, प्रजनन् अधिकार र महिला कानूनी अधिकार जस्ता विषयहरुमा पुरुषहरुलाई पनि सहभागी गराइनेछ ।

- विकासका मूल प्रवाहमा महिलाहरुको सहभागिता अभिवृद्धि गराइनेछ ।
- कार्यक्रम सञ्चालन गर्दा पिछडिएका गरिव, दलित, अनुभवी महिलाहरुलाई प्राथमिकता दिइनेछ ।
- सशक्तीकरण प्रकृया र सहभागिमूलक पद्धति अपनाई कार्यक्रम सञ्चालन गरिनेछ ।
- दलित, उत्पीडित जातिका असहाय बालबालिकाहरूको पहिचान गरी तिनीहरूलाई कार्यक्रम सञ्चालन गर्दा प्राथमिकता दिइनेछ ।
- बालबालिकाको विकास र संरक्षणको क्षेत्रमा सामाजिक परिचालन कार्यमा सरकारी/गैरसरकारी संस्थाहरुको संस्थागत विकास गरिनेछ ।
- नगरका विभिन्न स्थानहरुमा संघीय, प्रादेशकि, गैससहरूसँग समन्वय गरी जेष्ठालयहरु सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरिकलाई सम्मानपूर्वक जीवन यापन गर्न आवश्यक धार्मिक तथा समाजिक पूर्वाधारहरुको विकास गरिनेछ ।
- पिछडिएको क्षेत्र, जाति र वर्गहरुको पहिचान गरी उनीहरुको जीवनस्तर सुधार्ने खालका आयोजनाहरु सञ्चालन गरिनेछ ।

### ६.५.३ आर्थिक विकास योजना

नगर क्षेत्रको समग्र विकासमा आर्थिक क्षेत्रको भूमिका सवैभन्दा महत्वपूर्ण हुन्छ । मानिसको जीवनस्तरसँग गाँसिएको नगरको अर्थतन्त्र मजबुत भयो भने नगरको सम्रग विकास हुन सक्दछ । बढ्दो शहरीकरण र यसबाट उत्पन्न हुने पेशागत परिवर्ततनले गर्दा शहरको अर्थतन्त्रको संरचना परिवर्ततन हुदै जान्छ । कुनै पनि शहरको विकास प्राथमिक उत्पादन वा कृषिबाट मात्र संभव हुदैन र द्वितीय तहको प्रशोधन तथा प्याकेजिङ तर्फ उन्मुख हुन सकिएन भने शहरी क्षेत्र आर्थिक विकासमा पछाडि पर्दछ । स्थानीय तहहरु एक आपसमा प्रतिस्पर्धा गरिरहेका हुन्छन् र आर्थिक विकासमा प्रतिस्पर्धा हुनु अत्यन्तै जरुरी छ । यसका लागि नगरले औद्योगिक क्षेत्रको विकास, साना तथा मझौला उद्योगको विस्तार र उद्योग क्षेत्रमा साझेदारी कार्यक्रम लागू गर्नु पर्दछ । मेलम्ची नगरपालिकाले औद्योगिक विकास गर्न औद्योगिक करिडर निर्माणको अवधारणा ल्याइएको छ र इन्द्रावती नदी किनारका सार्वजनिक जग्गा उपयोग गर्न सकिने किसिमले उक्त करिडरको विकास गरिनेछ । त्यस्तै विद्यमान व्यवसायिक कृषि तथा पशुपालनलाई प्रोत्साहन गर्ने कार्यक्रमहरु ल्याइनेछ । त्यसै गरी कृषिजन्य उद्योगलाई कर छुट दिने तथा नगरको संरक्षण प्रदान गर्ने नीति अवलम्बन गरिनेछ । आर्थिक विकासका क्षेत्रमा छिमेकी स्थानीय तहसँग सहकार्य गर्दै मेलम्ची नगर क्षेत्रलाई बजार केन्द्र तथा सेवा केन्द्रको रुपमा विकास गरिनेछ । आर्थिक विकासका क्षेत्रमा निम्न कुरालाई प्रथमिकतामा राखी कार्यक्रमहरु प्रस्ताव गरिएको छ ।

आर्थिक विकास गर्न विषेश गरी विदेशिदै गएका युवा वर्गलाई व्यवसायिक कृषि तथा पशुपालनमा आकर्षित गर्न प्याकेज कार्याक्रमहरु ल्याउन पर्ने आवश्यकता छ । बाझाँ खेतबारीमा व्यवसायिक कृषि तथा निजी वन प्रवर्धन गर्नु पर्ने देखिन्छ । मेलम्ची नगरपालिका मात्र हैन, समग्र देशका युवाहरु विदेशिदै गरेको अवस्थामा युवालाई देश भित्रै स्थापित गर्न समग्र विकासका दृष्टिकोणबाट अत्यावश्यक छ । युवा लक्षित कार्यक्रमहरु लागू गरि युवा वर्गलाई साना तथा मझौला उद्योगहरुमा स्थापित गर्न कर छुट, अनुदान कार्यक्रम, ऋण प्राप्तिमा सहजिकरण, नगरपालिकाबाट प्रोत्साहन आदि हुनु जरुरी हुन्छ । यसका लागि आर्थिक विकासका क्षेत्रमा आगामी ५ वर्षलाई निम्न लक्ष्य तय गरिएको छ ।

#### लक्ष्य

**व्यवसायिक कृषि तथा पशुपालन र स्थानीय स्रोत साधनमा आधारित उद्योगको विस्तारद्वारा रोजगारीका अवसरहरु श्रृजना गरी नगरको आर्थिक सम्बृद्धि हासिल गर्ने**

अबको लक्ष्य भनेको व्यवसायिक कृषि र पशुपालन तथा सोहीमा आधारित उद्योगको विकास नै हो । यसका साथै नगरको आर्थिक मेरुदण्डको रुपमा स्थापित क्रसर उद्योगहरुबाट उत्पादित गिट्टी, बालुवा प्रयोग गरी ब्लक, पाइप, टाइल आदि उत्पादन गर्ने उद्योग स्थापनालाई प्रथमिकतामा राखिनेछ । नगर क्षेत्रमा औद्योगिक विकास अत्यन्तै न्यून र उत्पादन मुलक क्षेत्रको आर्थिक हिस्सा खासै नभएको अवस्थामा कृषिको व्यवसायीकरण तथा कृषिमा आधारित द्वितीय तहको उत्पादनमूलक उद्योगको विकास अबको ५ वर्षको ध्येय हुनेछ । यसले नगरको गरिबी न्यूनीकरण तथा रोजगारी वृद्धिमा ठोस सहयोग पुग्नेछ । यसका लागि निम्न उद्देश्यहरु तय गरिएको छ

#### उद्देश्यहरु

१. युवा वर्गलाई कृषिमा आकर्षित गर्न कृषि क्षेत्रमा समय सापेक्ष आधुनिकीकरण र व्यवसायीकरण गरी कृषि जन्य वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

२. व्यवसायिक पशुपालनद्वारा पशुजन्य बस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

३. कृषि, जडीबुटी लगायत नदीजन्य कच्चा पदार्थमा आधारित साना तथा मझौला उद्योग विस्तार गर्ने ।

४. नगर क्षेत्रका उत्पादनलाई बजारीकरण गर्न निजी क्षेत्रसँग सहकार्य गर्ने ।

५. विप्रेषणको रकमको सदुपयोग गर्न नगरमा बैंकिङ तथा वित्तीय सेवाको विस्तार गर्ने ।

### ६.५.३.१ आर्थिक विकासका प्राथमिकता क्षेत्रहरु

***का व्यवसायिक कृषि तथा पशुपालन***

मेलम्ची नगरपालिकामा कूल भूभागको ६२ प्रतिशत जमीन खेतीयोग्य रहेको छ जसमध्ये ४२ प्रतिशत खेती गरिएको र बाँकी बाँझो रुपमा रहेको देखिन्छ। खेतीयोग्य जमीनको पूर्णरुपमा उपयोग गर्न सकिएको छैन । उपयोग भएको जमीनमा निर्वाहमुखी खेती गरिएको छ । व्यवसायिक खेती गर्नको लागि भौतिक पूर्वाधार जस्तैः सिंचाई, सडक, उत्पादन संकलन केन्द्र, प्रशोधन केन्द्र, चिस्यान केन्द्र, वीऊ वीजन तथा प्राविधिक सेवा केन्द्रको आवश्यकता पर्दछ । व्यवसायिक कृषि र पशुपालनको लागि भौतिक पूर्वाधार विकास गर्नुका साथै नगरपालिकाले युवाहरुलाई कृषिमा आकार्षित गर्न सक्नु पर्दछ । कृषि पेशालाई जवसम्म पढेलेखेकाहरुले अंगाल्दैनन् तवसम्म कृषिमा आधुनिकीकरण व्यवसायीकरण हुन सक्दैन् । व्यवसायिकताको लागि परम्परागत प्रणालीले संभव छैन् । कृषकलाई नगरपालिका क्षेत्रमा सम्मानित र विशेष ध्यान दिन सक्नु पर्दछ। कतिपय पश्चिमा देशहरुमा कृषकलाई उत्पादनको मालिक मानेर व्यवहार गरिन्छ तर नेपालमा कृषक भन्नासाथ मुख खुम्च्याउने चलन छ। व्यवसायिक कृषि र पशुपालन मेलम्ची नगरको विकासको मुख्य आधार हो जसले आम जनताको आर्थिक समृद्धि हुनेछ।

***खा कृषि जन्य साना तथा घरेलु उद्योग***

कतिपय कृषि उत्पादनहरु बजारको अभावमा खेर जाने गरेका छन् । सडकको दुराअवस्थाका कारण नगरस्तरमा उत्पादन भएका कृषि उत्पादनहरु जस्तैः दूध, गोलभेंडा, सागपात फाल्नु परेका थुप्रै उदाहरणहरु भेटिन्छन्। कृषिको व्यवसायीकरणका साथमा कृषि उत्पादनमा आधारित साना तथा घरेलु उद्योगहरुको स्थापना र संचालन गरिनु पर्दछ । नगरपालिकाले नगर भित्र उत्पादन भएका कृषि उपजहरुको उचित मूल्य उपलब्ध गराई आम कृषकहरुको आयस्तर बृद्धि गर्नको लागि उत्पादन प्रशोधन साना र घरेलु उद्योगहरुको स्थापनामा जोड दिनु आवश्यक छ। साना तथा घरेलु उद्योगहरुमा गोलभेंडाको सस बनाउने, आलुको चिप्स बनाउने, सागपातहरुको गुन्द्रुक बनाउने, आरु वखडाको वाइन बनाउने, किवीको सुख्खा फ्रुट बनाउने उद्योगहरुको स्थापनामा सहयोग साझेदारी, अनुदान दिने व्यवस्था मिलाउन सकिन्छ। हरेक गाउँमा rustic store स्थापना गरी कृषि उत्पादनकलाई लामो भण्डारण गर्न सकिन्छ। नगरपालिकाले नमूना साना उद्योगहरु स्थापना र संचालन गरी आम जनतालाई उत्प्रेरित गर्न सकिन्छ।

***गा नदीजन्य पदार्थमा आधारित उद्योग***

मेलम्ची नगरपालिका भएर बहने मेलम्ची र इन्द्रावती नदीमा व्यापक मात्रामा नदीजन्य पदार्थहरु जम्मा हुने भएकोले ती पदार्थहरुमा आधारित बालुवा, रोडा, गिट्टी, ढुंगा आदि उद्योगहरुको व्यवस्थित संचालनबाट नगरको आयश्रोत तथा नगरका व्यवसायिहरुको आर्थिक वृद्धि हुने देखिन्छ। नदीजन्य पदार्थहरुको बढी संकलनका लागि विशेष प्रकारको ड्याम निर्माण गर्ने र जम्मा भएको पदार्थलाई हिउँद महिनामा उत्खनन् गरी उपयोगमा ल्याउन सकिन्छ। ड्याम निर्माणले पर्यटक आकर्षण गर्ने भएकोले दोहोरो फाइदा लिन सकिन्छ । नदीजन्य पदार्थमा आधारित उद्योगहरुको ठूलो संभावना रहेको छ ।

***घा साना तथा घरेलु उद्योगमा अनुदान तथा कर छुट***

कृषिजन्य उद्योगहरुको स्थापनाको लागि नगरपालिकाले विशेष चासो र योजना ल्याउनु पर्दछ । नगरमा उत्पादित कृषि उपजहरुलाई प्रशोधन गरी विक्री वितरण गर्दा कच्चा सामाग्री विक्रीको भन्दा दोब्बर मूल्य पाउने र अर्कोतिर नगरका बासीहरुले उद्योग धन्दामा रोजगारी पाउन सक्दछन् । नगरपालिकाले नमूना साना तथा घरेलु उद्योग स्थापनाका साथै निजी क्षेत्र, कृषक, व्यवसायिहरु जसले कृषिमा आधारित उद्योग स्थापना गर्दछन् तिनीहरुलाई अनुदान, सहुलियत, कर छुट तथा साझेदारी र वित्तीय पहुँच दिन सक्नु पर्दछ।

***ङ । औद्योगिक करिडरको अवधारणा***

सिपाघाट देखि मेलम्ची सम्मको १३ किमि क्षेत्रमा सार्वजनिक जग्गाहरुको पहिचान गरि साना, ठुला उद्योगहरुको स्थापना प्रवर्धन गर्न औद्योगिक ग्राम विकास कार्यलाई प्राथमिकतामा राखिनेछ। औद्योगिक ग्राम स्थापना गर्न जग्गा पहिचान, संभाव्यता अध्ययन, डिपीआर तथा निर्माण कार्य नगरको अगुवाइमा तथा संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा गरिनु पर्दछ।

### ङ) बैङ्किङ पहुँच वृद्धि तथा सहकारी प्रवर्द्धन

व्यावसायिक कृषि र पशुपालन गर्ने किसानहरुको लागि सहज बैंकिङ पहुँच नभएको गुनासो र बास्तविकता हाम्रो सामु रहेको छ । व्यवसायिक खेती गर्ने किसानलाई व्यवसाय धितो, व्याज सहुलियत दिने तथा व्यवसायिक कृषकहरु माफ सहकारीतामा आधारित कृषि व्यवसायीकरण कार्यक्रम ल्याउनु पर्दछ । कृषकहरुलाई बढी भन्दा बढी उत्पादन गर्ने चिन्ता हुनु पर्दछ तर व्यवसायमा हुन सक्ने समस्या, उत्पादनको मूल्य, बजारीकरणका समस्याहरु सम्बन्धित निकायहरुले लिन सक्नु पर्दछ । प्रभावकारी कृषि वीमा, एकीकृत प्राविधिक सहयोग, वित्तीय पहुँच, विना धितो सहज ऋण सुविधाहरुको व्यवस्था गरिनु पर्दछ ।

### च) ग्रामीण शहरी अन्तर सम्बन्ध विकास

मेलम्ची नगरपालिकाको अधिकांश भाग ग्रामीण क्षेत्रमा पर्दछ । मेलम्ची बजार, भोटेचौर बजार, बहुनेपाटी र तलामाराङमा शहरी प्रवृतिको व्यवसाय र पूर्वाधार विकास भईरहेका छन् । अन्य भागहरु पाटी भङ्ज्याङ, पिल्ले, पोखरेटोल, ज्यामिरे, गोल्मास्थान, सुनखानी, रातामाटा, रोटेपिङ्गडाँडा, ढाडबेसी बजारहरु ग्रामीण क्षेत्रलाई सेवा पुऱ्याउने हेतुले स्थापित स-साना बजारहरु हुन् । साना स्तरको बजारमा ग्रामिण भेगका जनताहरुले कृषि उपज विक्री गर्ने र दैनिक उपभोग्य बस्तु लगायत कृषि सामग्री खरिद गर्ने गर्दछन् । ठुला बजार केन्द्रमा कृषि उपजहरु विक्री वितरण तथा दैनिक उपभोग्य सामग्रीहरुको खरिद गर्नुका साथै स्वास्थ्य, उच्च शिक्षा सेवा र रोजगारीका लागि ग्रामीण भेगबाट मानिसहरु आउने गर्दछन् । मेलम्ची न.पा.का ग्रामिण क्षेत्र बाहेक, वरिपपरिका गाँउपालिकाका मानिसहरु यस बजार केन्द्रमा निर्भर छन् । यो नगरपालिका स्वास्थ्य र शिक्षा क्षेत्रमा अन्य गाउँपालिकाहरुको लागि केन्द्र बन्ने र ग्रामीण क्षेत्रको उत्पादनको खपत केन्द्र हुनेछ । ग्रामीण क्षेत्र र शहरी क्षेत्र बीचको अन्तर सम्बन्धमा ग्रामीण क्षेत्रले प्राथमिक उत्पादनहरु, श्रमिकहरु शहरी क्षेत्रलाई प्रदान गर्ने र शहरी क्षेत्रले प्रशोधित उत्पादनहरु र सेवा ग्रामीण क्षेत्रलाई प्रदान गर्ने हुन्छ । दुवै क्षेत्रहरु एक अर्काका परिपुरकका रुपमा रहेका हुन्छन् तथापी शहरी क्षेत्रमा बढी सेवा सुविधा हुने भएकोले यसको आकर्षण क्षमता बढी हुने त्यसले ग्रामीण क्षेत्र र शहरी क्षेत्र बीचमा असमान व्यवहार र सम्बन्ध विद्यमान रहन जान्छ । ग्रामीण क्षेत्रतर्फ विस्तारै शहरी सेवा सुविधाहरुको विस्तार गरी शहरतर्फ पर्ने नकरात्मक दवाव र समान सम्बन्ध स्थापित गर्ने वातावरण तर्फ योजना बन्नु पर्दछ ।

### छ. आर्थिक विकासका क्षेत्रमा सार्वजनिक निजी साझेदारी प्रवर्द्धन

आर्थिक विकासको लागि लगानीको आवश्यकता पर्दछ । सरकार वा नगरपालिकाले आफैले लगानी गरेर ठूला उद्योगहरुको संचालन गर्नु र निजी क्षेत्रलाई सहभागिता नगराउनु आर्थिक उदारीकरणको विश्वव्यापी मान्यता विपरित हुन्छ र त्यो सहज पनि हुन सक्दैन् । नगरपालिकाले आर्थिक विकासका क्षेत्रमा फड्को मार्नको लागि निजी क्षेत्रलाई आकर्षण गर्न सक्नु पर्दछ । निजी क्षेत्रको लगानीलाई आकर्षण गर्नुको लागि सार्वजनिक निजी साझेदारी अवधारणालाई अगाडि बढाउनु पर्दछ । मेलम्ची नगरपालिकाको आर्थिक विकासका लागि पर्यटन, व्यवसायिक कृषि र पशुपालन, नदीजन्य पदार्थमा आधारित उद्योगहरु, कृषि उत्पादन प्रशोधन उद्योगहरुमा साझेदारी गर्नु सकिन्छ । त्यस्तै मेलम्चीलाई शिक्षा र स्वास्थ्यको केन्द्रको रुपमा विकास गर्नको लागि निजी क्षेत्रबाट गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा प्रवाहको लागि शैक्षिक तथा स्वास्थ्य संस्थाहरुको स्थापनामा साझेदारी गर्नुपर्ने हुन्छ । नेपाल सरकारको साझेदारीको मोडल र नगरपालिकाको आवश्यकता अनुरुप साझेदारीको मोडेलका ठूला योजनाहरु समेत यस योजना समावेश गरिएका छन् ।

### ६.५.३.२ योजना तथा कार्यक्रमहरु

| क्र.स | कृयाकलाप/कार्यकमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **उद्देश्य १ : युवा वर्गलाई कृषिमा आकर्षित गर्न कृषि क्षेत्रमा समय सापेक्ष आधुनिकिकरण र ब्यवसायीकरण गरि कृषि जन्य वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।** | | | | | | | | | | | | |
| **पाकेट क्षेत्र कार्यक्रम** | | | | | | | | | | | | |
| १ | तरकारी पकेट क्षेत्र निधार्रण तथा कार्यान्वयन | १ | ५ | २०,००० | | ■ | | | | १ | संघीय सरकार | शिखरपुर १० |
| २ | कागती पकेट क्षेत्र निर्धरण तथा विस्तार | १ | ३ | ४,५०० | ■ | ■ | | | | २ | " | कटुञ्जे |
| ३ | किवी पकेट क्षेत्र निर्धरण तथा विस्तार | २०० रो | ५०० रो | १५,००० | ■ | ■ | | | | २ | " | वडा नं. १, २, ३ |
| ४ | अलैंची पकेट क्षेत्र निर्धरण तथा विस्तार | १ | ३ | १५,००० | ■ | ■ | | | | २ | " | ज्यामिरे |
| ५ | फलफूल खेती (सुन्तला जन्य फलफूल) विकास | - - | ५०००० विरुवा | ५,००० | | ■ | ■ | | | २ | " | |
| ६ | एक गाउँ एक Rustic store निर्माण | - - | ६५ | ९,७५० | | ■ | ■ | ■ | ■ | २ | विकास साझेदार | |
| ७ | चिया तथा कफी खेती प्रवर्धन तथा विस्तार | - - | ३००० रोपनी | १५०,००० | ■ | ■ | | | | २ | " | वडा नं १-५ र ९ |
| **युवा प्रोत्साहन** | | | | | | | | | | | | |
| ७ | कृषि तथा पशुपालनमा युवा वर्ग आकर्षित गर्न विषेश अनुदान | केही भएको | सबै वडा नियमित | ३,२५० | | | | ■ | ■ | २ | - - | कार्यविधी निर्माण गरेर |
| ८ | युवा कृषकलाई कृषि क्षेत्रका बहु विषयमा तालीम | - - | २६ | ३,९०० | | ■ | ■ | ■ | ■ | १ | - - | |
| ९ | बाली सुरक्षा तथा विमा कार्यक्रम | - - | सबै पकेट क्षेत्र | १३०,००० | | ■ | ■ | ■ | ■ | १ | - - | किवी, कागती , अलैची, चिया तथा कफि |

| क.स | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | सामुदायिक कृषि प्रोत्साहन तथा प्रवर्द्धन (युवालाई प्राथमिकता) | - - | ५ | १,१०० | | | | | | २ | - - | |
| **कृषि प्रवर्द्धन तथा बजारीकरण** | | | | | | | | | | | | |
| १ | हाट बजार निर्माण तथा सञ्चालन | - - | ५ | ७,५०० | | | | | | १ | - - | |
| २ | कृषि उपज सङ्कलन केन्द्र निर्माण | ४ | ९ | १५,००० | | | | | | २ | - - | प्रत्येक वडामा १ |
| ३ | कृषि उपज भण्डारण / चिस्यान केन्द्र निर्माण | - - | १ | ८०,००० | | | | | | ३ | संघीय सरकार | नगर स्तरीय वा क्षेत्रीय |
| ४ | पशु संकलन तथा बिक्री केन्द्र निर्माण | - - | ५ | १,३०० | | | | | | १ | " | |
| ५ | कृषि संजालीकरण | - - | १३ वडा | ५,८५० | | | | | | २ | " | |
| ६ | सहकारी मार्फत साना किसान प्रोत्साहन कार्यक्रम | - - | ५०० किसान | ७,५०० | | | | | | २ | सहकारी संघ | |
| ७ | कृषकहरुलाई सचेतना तथा उत्प्रेरणा भ्रमण | - - | २०० जना | ४,००० | | | | | | ३ | " | |
| ८ | कृषि मेला तथा प्रदर्शनी | - - | ५ | २५,००० | | | | | | २ | उवासं | बार्षिक १ वटा |
| **प्राङ्गारिक खेती प्रवर्धन** | | | | | | | | | | | | |
| १ | जैविक मल तथा विषादी बनाउने अभियान तथा तालीम | - - | १० | २,००० | | | | | | १ | कृषि विभाग | |
| २ | विषादी न्यूनीकरण अभियान तथा सचेतना कार्यक्रम | - - | नियमित | ५,००० | | | | | | १ | " | |
| ३ | प्राङ्गारिक उपज बिक्री केन्द्र निर्माण | - - | ३ | २,५०० | | | | | | ३ | " | |
| ४ | प्राङ्गारिक खेती प्रवर्द्धन गर्न अनुदान | - - | १५ कृषक समुह | ७,५०० | | | | | | २ | " | |

| क.स | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| **उद्देश्य २ : व्यवसायिक कृषिद्वारा उत्पादन र उत्पादकत्व वृद्धि गरि खाद्य सुरक्षा वृद्धि गर्ने ।** | | | | | | | | | | | | |
| १ | कृषि औजार तथा मेसीनरी वितरण अनुदान | भैरहेको | २५० | १२,५०० | | | | | | १ | - - | |
| २ | मलखाद तथा विऊ विजन वितरण अनुदान | भैरहेको | नियमित | ७५,००० | | | | | | १ | - - | |
| ३ | बिऊ बिजन, मलखाद तथा विषादी सहज बितरण गर्न गाउँ स्तरीय सहकारी संयन्त्र स्थापना | सीमित सहकारी मार्फत् | ५ | २५,००० | | | | | | १ | - - | |
| ४ | कृषि परामर्श डेस्क सेवा (टेलि परामर्श सेवा सहित) | नभएको | १ | १,५०० | | | | | | २ | - - | |
| ८ | निःशुल्क माटो परिक्षण सेवा | केही ठाँउको भएको | संभावित सबै पकेट क्षेत्र | ३९,००० | | | | | | २ | संघिय, प्रदेश सरकार | |
| **उद्देश्य ३ : व्यवसायीक पशुपालनद्वारा पशु जन्य वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।** | | | | | | | | | | | | |
| १ | भेटनरी क्लिनिक विस्तार तथा प्रविधिक पहुँच वृद्धि | ३ | ७ | ७०,००० | | | | | | १ | पशु सेवा विभाग | |
| २ | भैंसी, गाई, राँगा, बाखा पालन पकेट क्षेत्र निर्धारण | नतोकिएको | १३ | ६,५०० | | | | | | १ | " | सबै वडाहरु |
| ३ | व्यवसायिक बंगुरपालन सहायता | - - | ५० | ३,७५० | | | | | | १ | " | |
| ४ | मासु उत्पादन : पाडापालन | केही | १०० | १,००० | | | | | | ३ | " | |
| ५ | लक्षित वर्गमा गिरिराज चल्ला वितरण | - - | ५००० | २,५०० | | | | | | १ | " | |
| ६ | अण्डा उत्पादन वृद्धि गर्न लेयर्स कुखुरा पालन सहायता | - - | १५ | १,००० | | | | | | १ | " | कुखुरा पालक किसान |
| ७ | लोकल कुखुरा उत्पादन तथा बजारीकरण (ह्याचरी निर्माण) सहायता | भैरहेको | ५ फर्म | २,५०० | | | | | | | | |

| क्र.स | कृयाकलाप/कार्यकमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| ८ | माछापालन पकेट क्षेत्र निर्धारण तथा सहायता | - - | ३ | १,५०० | | | | | | २ | " | |
| ९ | मेलम्ची बजारमा पशु वधशाला निर्माण | - - | १ | ५,००० | | | | | | १ | " | |
| १० | व्यवसायिक मासु पसलेलाई तालिम | - - | ५० | ५०० | | | | | | २ | " | |
| ११ | गाँई भौसी नश्ल सुधार | - - | १५ | २,००० | | | | | | १ | " | |
| १२ | दूध तथा दूग्धजन्य उत्पादन वृद्धि कार्यक्रम (डाले घाँस, पोषण तालीम आदी) | ४००० लि | २०००० लि | २,५०० | | | | | | २ | वन कार्यालय | |
| १३ | चिस्यान केन्द्र क्षमता विस्तार | ३५००-४००० लि | २०,००० लि | २४,८०० | | | | | | २ | डिडिसि | |
| १४ | पशु वीमा नगरपालिका भरी (सहकारी, समूह तथा कृषि विकास बैंक मार्फत पशु वीमा) | २ | ५००० पशुको विमा | ५,००० | | | | | | २ | पशु सेवा विभाग | जरायोटार / आधुनिक कृ. समूहको मोडल उपयुक्त |
| **उद्देश्य ४ : कृषि, जडिबुटी, नदीजन्य लगायत स्थानीय कच्चा पदार्थमा आधारित साना तथा मझौला उद्योग विस्तार गर्ने ।** | | | | | | | | | | | | |
| १ | परम्परागत सीप विकास तालीम (सिलाई बुनाई, छाला प्रशोधन, कोसेली तालीम आदि) | केही | १० | ३,५०० | | | | | | १ | प्रदेश सरकार | |
| २ | सीप तथा उद्यमशीलता विकास तालीम | केही | १० | ३,५०० | | | | | | १ | उवासं | |
| ३ | आरन सुधार सहायता | - - | २६ | १,३०० | | | | | | १ | - - | |
| ४ | सामुहिक तथा व्यवसायिक कृषि गर्न जमीनलाई lease मा लिनेदिने नीति तथा कार्यविधि निर्माण | - - | १ | २,५०० | | | | | | २ | नापी / मालपोत कार्यालय | |
| ५ | जडिबुटी प्रशोधन उद्योग स्थापना | - - | १ | २,००० | | | | | | २ | निजी क्षेत्र | |

| क्र.स | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| ६ | कृषि जन्य उत्पादन प्रशोधन उद्योग स्थापना (किवी, अदुवा, अलैंची, आलु चिप्स, लगायत अन्य) | १३ | २० | २,५०० | | | | | | २ | " | |
| ७ | कृषिजन्य, उत्पादन प्रशोधन उद्योगलाई सहुलियत | - - | १० | १,००० | | | | | | १ | प्रदेश सरकार | |
| ८ | इँटा उत्पादन उद्योग स्थापना (कुमाल टारमा इँटा बनाउन मिल्ने माटो उपलब्ध रहेको) | नभएको | २ | - | | | | | | २ | निजी क्षेत्र | |
| ९ | नदी जन्य पदार्थमा आधारित उद्योग स्थापना | ५ | ९ | ४,००० | | | | | | १ | प्रदेश सरकार | |
| १० | मेलम्ची बजारदेखि सिपाघाटसम्म इन्द्रवती नदी किनारमा सार्वजनिक जग्गा उपयोग गरी उद्योगग्राम / औद्योगिक करिडर स्थापना | - - | ३ ब्लक | १००,००० | | | | | | ३ | " | क्रमिक रुपमा गर्दै जाने |
| **उद्योग प्रवर्द्धन तथा सुरक्षण** | | | | | | | | | | | | |
| १ | स्थानीय उत्पादन प्रदर्शनी कक्ष तथा कोसेली घरको स्थापना र सञ्चालन | छैन | २ | २,००० | | | | | | १ | - - | मेलम्चीमा १ भोटेचौरमा १ |
| २ | घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्रको स्थापना र सञ्चालन | - - | १ | ५,००० | | | | | | २ | प्रदेश सरकार | |
| ३ | सहुलियत ऋण र लगानीमा पहुँच अभिवृद्धि | - - | १५० | ७,५०० | | | | | | २ | वित्तीय संस्थाहरु | |
| ४ | महिला उद्यमशीलता प्रवर्द्धन तथा वित्तीय पहुँच अभिवृद्धि | - - | १०० | १,००० | | | | | | १ | " | |
| ५ | औद्योगिक बौद्धिक सम्पत्तिको विकास, दर्ता र नियमन | - - | शुरु गर्ने | ५,००० | | | | | | २ | - - | |
| ६ | व्यवसाय सहजीकरण एकीकृत सेवा केन्द्र सञ्चालन | - - | १ | ८,००० | | | | | | १ | उवासं | |

| क्र.स | कृयाकलाप/कार्यकमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | साझेदारीमा आधारित ऋण जोखिम बीमा कार्यक्रम | - - | शुरु गर्ने | १०,००० | | | | | | १ | विमा कम्पनीहरु | |
| **उद्यमशीलता विकास** | | | | | | | | | | | | |
| १ | वार्षिक १००- २०० जनालाई सीपमूलक तालीम ( प्लम्बर, इलेक्ट्रिसियन, वेल्डिङ, मेकानिक आदि) | नभएको | १००० जना | २५,००० | | | | | | २ | विकास साझेदार | |
| २ | बजारीकरण सम्बन्धी तालीम तथा सहजीकरण | नभएको | ५ | १,२५० | | | | | | २ | उवासं | |
| ३ | युवा उद्यमशीलता विकास सम्बन्धी संघीय सरकारको कार्यक्रममा सहभागी अभिवृद्धि गर्न युवा स्वरोजगार सहायता डेस्क स्थापना | नभएको | १ हेल्प डेस्क | ५०० | | | | | | १ | संघीय सरकार | |
| **उद्देश्य ५ : नगर क्षेत्रका उत्पादनलाई प्रवर्द्धन तथा बजारीकरण गर्दै निजी क्षेत्रसँग सहकार्य गर्ने ।** | | | | | | | | | | | | |
| १ | सार्वजनिक निजी सहकार्यमा सामुहिक प्रतीक चिन्ह र MELAMCHI ब्रान्डिङको विकास, | केही नगरिएको | केही उत्पादन र सहकार्य | २,५०० | | | | | | १ | पर्यटन व्यवसायी | |
| २ | स्थानीय परम्परागत ज्ञान तथा प्रविधिको वैज्ञानिक अनुसन्धान अभिलेखन प्रकाशन तथा बौद्धिक सम्पत्ति दर्ता, | केही भएको | शुरुवात गर्ने | २,५०० | | | | | | ३ | - - | |
| ३ | प्रविधि अनुसन्धान र हस्तान्तरणमा सार्वजनिक निजी बौद्धिक (Public Private Academic) | केही नगरिएको | शुरुवात गर्ने | ५,००० | | | | | | २ | - - | विश्वविद्यालय सँग सहकार्यमा |
| ४ | निजी क्षेत्रको सहकार्यमा व्यवसाय संवर्द्धन केन्द्र (Business Incubation Center) को स्थापना र सञ्चालन | नभएको | १ | १०,००० | | | | | | १ | साझेदार संघसंस्था | |
| ५ | निजी क्षेत्रसँग समन्वय गरेर उद्योग विकास तथा नियमन गर्न संयन्त्र निर्माण | नभएको | १ संयन्त्र बनाउने | २,५०० | | | | | | २ | उवासं | |

| क्र.स | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| ६ | मेलम्चीका स्थानीय उत्पादनलाई निर्यातमुखी बनाउन विषेश सहुलियत अनुदान | नभएको | निर्यात योग्य उत्पादनको सूचीकरण | १,१०० | | | | | | १ | " | |
| ७ | औद्योगिक मेला तथा प्रदर्शनी | नभएको | २ पटक गर्ने | ३,१०० | | | | | | १ | " | |
| ८ | नगर तथा निजी क्षेत्र परामर्श बैठक | अनौपचारिक | औपचारिक र नियमित | १,५०० | | | | | | २ | " | |
| **उद्देश्य ६ : विप्रेषणको रकमको सदुपयोग गर्न नगरमा बैंकिङ तथा वित्तिय सेवाको विस्तार गर्ने ।** | | | | | | | | | | | | |
| १ | बैंकिङ पहुँच विस्तार तथा जनचेतना अभिवृद्धि | सीमित क्षेत्र | सबै वडासम्म | ८०० | | | | | | १ | - - | वडा नं. ११ मा मात्र केन्द्रित |
| २ | नगर क्षेत्र बाहेक अन्य बजार क्षेत्रमा बैंकिङ सेवा विस्तार | मेलम्चीमा ५ वटा | थप नयाँ बैंक | १,२०० | | | | | | २ | - - | वडा नं. ११ मा मात्र केन्द्रित |
| ३ | वैदेशिक रोजगारीबाट फर्केका युवा लक्षित व्यवसायिकता प्रवर्द्धन कार्यक्रम (सिप विकास तालीम, उत्प्रेरणा तालीम, सिकाई आदान प्रदान तालीम) | नभएको | बार्षिक १० वटा | १,३५० | | | | | | १ | - - | उद्देश्य अनुरुप काम भएका नभएका अनुगमन |
| ४ | बैदेशिक रोजगारीबाट फर्केका युवा लक्षित विषेश उद्यम सुरक्षण कार्यक्रम | नभएको | ५० यूवा | १२,५०० | | | | | | २ | उवासं | |
| **उद्देश्य ७ : सहकारीता प्रवर्धन तथा** | | | | | | | | | | | | |
| १ | सहकारीता प्रवर्धन तथा सदस्यता विस्तार | १८८ | सबैलाई क्रियाशील | ५,००० | | | | | | २ | जिल्ला सहकारी संघ | |
| २ | सम्पूर्ण सहकारीलाई नगरको दायरमा ल्याइ ( सहकारी विभागले अनिवार्य गरेको सहकारी संस्थाको व्यस्थापकीय सूचना प्रणाली (COPMIS) मार्फत् अभिलेखीकरण | नभएको | १ | २,५०० | | | | | | १ | " | |
| ३ | सहकारी बचत ताथ ऋण कार्यक्रमको नियमित नियमन तथा सुपरिवेक्षण | नियमित नभएको | ५ | २,५०० | | | | | | १ | " | उद्देश्य अनुरुप काम भएका नभएका अनुगमन |

| क्र.स | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| ४ | पूर्वाधार विकासमा सहकारी तथा नगर साझेदारी कार्यक्रम सञ्चालन | नभएको | ५ | २५,००० | | | | | | २ | " | |
| ५ | सहकारी संस्थाहरुलाई सक्षम बनाउन तालीमको व्यवस्था | नभएको | ५ (वार्षिक १) | २,५०० | | | | | | | | |

### ६.५.३.३ मुख्य रणनीतिहरु

आर्थिक विकासका उद्देश्यहरू प्राप्तिका लागि निम्नलिखित प्रमुख रणनीतिहरू अवलम्वन गरिनेछ।

- कृषि विकासका लागि एकीकृत र व्यवसायिक कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम ल्याइनेछ।
- कृषिको व्यावसायीकरणमा जोड दिई नगरको गरिवी निवारणमा टेवा पु¥याइनेछ।
- कृषक समूहहरुलाई आधुनिक कृषि प्रविधिको उपयोग गर्न प्रोत्साहन गरिनेछ।
- आर्थिक क्षेत्रसँग सम्बन्धित सम्पूर्ण निकायहरु (सरकारी, अर्ध सरकारी, गैर सरकारी संस्था) बीच समन्वय गरी कार्यक्रमहरु संचालन गरिनेछ।
- नगरका भिराला जमीनहरुमा अदुवा, सुन्तला जात फलफूल, सिंचित भू–भागमा तरकारी, अन्न बाली तथा पहिचान भएका सबै पाकेट क्षेत्रहरुमा तरकारी खेती र पशुपालनलाई प्रोत्साहन गरिनेछ।
- कार्यक्रमहरु संचालन गर्दा लक्षित समूहको पहुँचमा अभिवृद्धि गरिनेछ।
- सर्वसुलभ तरिकाले मलखाद, बीउ, बिजन, कृषि ऋण प्रवाह गर्न सम्बन्धित पक्षहरु बीच समन्वय, सहकार्य गरिनेछ।
- पशु स्वास्थ्य, पशु आहार र नश्ल सुधारको प्रविधि विस्तारमा प्राथमिकता दिइनेछ।
- कृषि तथा पशु व्यवसायमा संलग्न महिला तथा पिछडिएका वर्गको क्षमता विकासका लागि उचित ध्यान दिइनेछ।
- नगरमा सम्भाव्य उद्योगहरुको स्थापना तथा संचालन गर्न आवश्यक पूर्वाधार विकास गर्न सहयोग गरिनेछ।
- औद्योगिक विकासको क्षेत्रमा सार्वजनिक निजी साझेदारी अभिवृद्धि गरिनुका साथै नीजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ।
- नगरको आर्थिक क्रियाकलापको प्रवर्द्धन गर्न वैदेशिक सहयोग उपलब्ध गराउनका लागि आवश्यकता अनुसार पहल गरिनेछ।
- औद्योगिक क्षेत्रमा वातावरण प्रदूषण न्यूनीकरणसम्बन्धी, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी चेतना अभिवृद्धिमा जोड दिइनेछ।
- वैदेशिक रोजगार प्रवर्द्धनमा पहल गरी विद्यमान समस्याहरु हल गर्न वैदेशिक रोजगार परामर्श केन्द्रको स्थपनामा गरिनेछ
- सीपमूलक तालीमहरु लक्षित वर्गसम्म पु¥याउँदै प्राप्त सीपको सदुपयोग गराउन प्रयत्न गरिनेछ।
- उपभोक्ता हक हित संरक्षण कार्यलाई प्रभावकारी तुल्याउन सहयोग गरिनेछ।
- मौरीपालन, व्यवसायिक कृषि एवं पशुपालन, मत्स्य विकास जस्ता कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ।
- साना तथा घरेलु उद्योगहरुको स्थापनामा अनुदान र कर छुटको नीति लिइनेछ।
- ग्रामीण र शहरी क्षेत्र बीचको अन्तर सम्बन्ध स्थापित गर्नको लागि विशेष नीति अवलम्बन गरिनेछ।
- बैङ्किङ पहुँच वृद्धि तथा सहकारी प्रवर्द्धन गर्ने नीति लिइनेछ।
- सहकारीतालाई सुदृढ गर्न क्षमता अभिवृद्धिमा जोड दिइनेछ।

### ६.५.४ पर्यटन, कला, धर्म तथा संस्कृतिक सम्पदा संरक्षण योजना

मेलम्ची नगरपालिकालाई पर्यटकीय हवको रुपमा विकास गर्न सकिन्छ। बार्षिक रुपमा धेरै पर्यटकहरुले मेलम्ची हुँदै ट्रेकिंगमा जाने अनुमति लिइएको पाईन्छ। मेलम्ची वडा नं. १, २, ३ शिवपुरी राष्ट्रिय निकुञ्जको क्षेत्रमा पर्ने र सो तिनै वडाहरुमा भोटै चौर, चिया बगान, ट्राउट माछा फार्मिङ, किवी खेतीले पर्यटकहरुलाई आकर्षण गरिरहेको छ। चिसापानी पर्यटकीय स्थल मेलम्चीको वडा नं. ३ मा समेत पर्ने भएकोले उल्लेख्य पर्यटक भित्री रहेको अवस्था छ। मेलम्ची भएर बहने मेलम्ची नदी र इन्द्रावती नदीको जल उपयोग गरी पर्यटकीय स्थलहरुको निर्माण गर्न सकिन्छ । परम्परागत आदीबासीहरुका बस्ती तथा त्यस्ता समुदायको कला, धर्म र संस्कृतिले समेत पर्यटकहरुलाई अर्कषण गर्न सकिन्छ। ऐतिहासिक धार्मिक स्थलहरुको नियमित मर्मत संभार र प्रचारप्रसार गर्न सके कला, धर्म र संस्कृतिको विकास हुन जान्छ। मेलम्ची काठमाण्डौंबाट ज्यादै निकट दुरीमा रहेकोले यस स्थानमा कृषि, धार्मिक, पर्यावरणीय, मानोरञ्जनात्मक, शाहसिक पर्यटन केन्द्रको रुपमा विकास गर्न सकिन्छ। कला, धर्म, संस्कृतिको जर्गेनाका साथमा पर्यटकीय पूर्वाधारहरुको विकास गर्न सके आर्थिक विकास हुने भएकोले पर्यटन पूर्वाधार विकास र कला, धर्म, सांस्कृतिक सम्पदा संरक्षणको योजना समेत अपरिहार्य रहेको छ।

**लक्ष्य**

**मेलम्ची नगर क्षेत्रलाई क्षेत्रिय पर्यटकीय गन्तव्यको रुपमा स्थापित गराउने।**

**उद्देश्यहरु**

१। नगरका प्रमुख पर्यटकीय गन्तव्यहरुमा पर्यटकीय पूर्वाधारको विकास गर्ने।

२। मेलम्ची पर्यटनको विकास गर्न प्रचारप्रसारको उचित प्रबन्ध गर्ने।

३। पर्यटन क्षेत्रमा दक्ष जनशक्ति एवं स्थानीयमा आतिथ्यता संस्कारको विकास गर्ने।

४। धार्मिक, सांस्कृतिक एवं स्थानीय कला, सभ्यताको संरक्षण एवं संबर्द्धन गर्ने।

#### ६.५.४.१ पर्यटन, कला, धर्म तथा संस्कृतिक सम्पदा संरक्षणका प्राथमिकताहरु क्षेत्रहरु

***क। स्थानीय भाषा, कला, धर्म र संस्कृतिको प्रवर्द्धन***

मेलम्ची नगरपालिकाभित्र विभिन्न भाषाभाषी जातजातिको बसोवास रहेको पाइन्छ। परम्परागत संस्कृतिको जगेर्ना, मौलिकपनको संरक्षण गर्न सकेमा पर्यटक भित्राउन सकिने संभावना रहन्छ। कतिपय मौलिक संस्कृतिको लोप भई रहेको छ। स्थानीय भाषा, कला, सांस्कृतिक चालचलनहरु, सहनसहन जातीय पर्व, संस्कारहरु, ऐतिहासिक धरोहर, मठमन्दिर हामी र हाम्रा सन्ततिका लागी अपार सम्पत्ति हुन्। यी सबै सम्पदाहरुको संरक्षण, सम्बर्द्धन, जगेर्ना गर्नु नगरको दायित्व र विकासको आधार हुन जान्छ।

***ख। पर्यटकीय पूर्वाधारहरुको विकास***

नगरभित्र जतिपनि पर्यटकीय स्थल र धार्मिक साँस्कृतिक सम्पदाहरु छन् ती सम्पदाहरुको महत्व तव बढ्दै जान्छ जव त्यसको लागि पर्यटकहरु अवलोकन गर्न आउँछन्। पर्यटक आउनको लागि पर्यटकीय पूर्वाधारहरुको निर्माण गरिनु पर्दछ। पर्यटकीय स्थलसम्म पुग्नको लागि बाटो, पर्यटकहरुको लागि विश्रामस्थल, शौचालय, सुचना केन्द्र, खानपान र बसोवासको लागि होटल, लजको व्यवस्था, होम स्टे, पर्यटक सुरक्षा, पर्यटकहरुलाई जानकारी दिन सक्ने गाईडहरु तथा पर्यटन मैत्री वातावरणको सृजना गर्नु पर्ने हुन्छ। योजनाले त्यस तर्फ पनि ध्यान दिएको छ।

***ग। पर्यटकीय स्थलहरुको पहिचान र विकास***

नगरभित्र रहेका र छाँयामा परेका पर्यटकीय स्थल तथा सम्पदाहरुको पहिचान र विकास तर्फ पनि नगरले ध्यान पुऱ्याउन सक्नु पर्छ। कतिपय स्थानहरुलाई पर्यटकीय स्थलका रुपमा विकास गर्न सकिन्छ। जस्तैः मेलम्ची भएर

बहने इन्द्रावती नदीमा बहुआयामिक ड्याम बनाई बोटिङ्ग, स्विमीङ्ग, रंगीन बत्तीयुक्त पानीको फोहरा, म्यूजिकल फाउण्टेन लगाएतका पूर्वाधार निर्माण गर्ने, पिकनिक स्पटहरुको निर्माण, पार्क तथा बगैंचाहरु, प्याराग्याइडिङ, साइक्लिङ रुट निर्माण गर्ने, पर्यटक पदमार्गको निर्माण गर्ने, धौले, गुम्वा डाँडा, भोटेचौर, चिसापानी आसपास, मेलम्ची बजार क्षेत्र जस्ता कार्यहरुले पर्यटकीय स्थलहरुको निर्माण गर्न सकिन्छ । यस्ता मानव निर्मित पर्यटकीय स्थलहरुको निर्माणका लागि सार्वजनिक तथा निजी लगानीलाई आकर्षण गर्न सकिन्छ ।

### ६.५.४.२ योजना तथा कार्यक्रमहरु

| क्र.सं | कृयाकलाप/कार्यकमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोग निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| **उद्देश्य १ : नगरका प्रमुख पर्यटकीय गन्तव्यहरुमा पर्यटकीय पूर्वाधारको विकास गर्ने ।** | | | | | | | | | | | | |
| १ | नगर क्षेत्रमा पर्यटन सूचना केन्द्र निर्माण | नभएको | १ | १६,५०० | | | | | | १ | ने.प.बो. | |
| २ | उपयुक्त स्थान तथा सम्भाव्यता अध्ययन गरी होम-स्टे सञ्चालन *(चियाबगानको वरिपरि, हैबुङको गुरुङ गाउँ, थाना भञ्ज्याङ, धौलेको वरिपरि, धुसेनी, मेलम्ची बजार, गुफा डाँडा, एकीकृत बस्ती माझी, वडा नं. १० र १२ को माझी गाउँ, गिरानचौर एकीकृत बस्ती)* | व्यवस्थित नभएको | ३० (घर) | १,५०० | | | | | | २ | " | |
| ३ | होमस्टे संचालन भैसकेका स्थानहरुमा होमस्टे सबलीकरण | २ | २ | १,५०० | | | | | | १ | " | गिरानचौर र नौलोबस्तीमा |
| ४ | धौले क्षेत्रको गुरुयोजना सहितको एकिकृत विकास ( मन्दिर, गुम्बा, चौत्य, पार्क निर्माण) | केही काम भएको | गुरुयोजना निर्माण र कार्यान्वयन | ५०,००० | | | | | | १ | " | |
| ५ | गुफा डाँडा क्षेत्रको गुरुयोजना सहितको एकीकृत विकास (पिकनिक स्पट, पार्क आदि) | - - | गुरुयोजना निर्माण र कार्यान्वयन | ५०,००० | | | | | | १ | " | |
| ६ | पर्यटकीय पदमार्गलाई व्यवस्थित गरी खानेपानी सुविधा उपलब्ध गराउने | - - | १५ वटा सार्वजनिक धारा निर्माण | २५,००० | | | | | | २ | " | प्रति २ कि.मी.मा धारा |
| ७ | १०१ र २०२ पदमार्ग व्यवस्थापन तथा निर्माण *(१०१ पदमार्ग ३० कि.मि. : भोटेचौर, सुरक्षा डाँडा, मौरीको छाँगो, पातलागुफा, तपचुली, धाप, गुरुङगाउँ, चिसापानी, पाटीभञ्ज्याङ, थानाभञ्ज्याङ, ओखेनी चौर, धौले, सूलीकोट, माने भञ्ज्याङ, नुवार, मेलम्ची) (१०२ पदमार्ग १७.५ कि.मि.: मेलम्ची, गोल्माथान, चाम्खु गुफा)* | व्यवस्थित नभएको | पूर्वाधार सहित व्यवस्थित गर्ने | १०,००० | | | | | | १ | प्रदेश सरकार, ने.प.बो. | |

| क्र.सं | कृयाकलाप/कार्यकमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोग निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| **उद्देश्य १ : नगरका प्रमुख पर्यटकीय गन्तव्यहरुमा पर्यटकीय पूर्वाधारको विकास गर्ने ।** | | | | | | | | | | | | |
| ८ | उपयुक्त स्थानहरुमा भ्यू प्वाइन्ट तथा भ्यू टावर निर्माण | - - | ३ | १७,५०० | | | | | | २ | संघिय सरकार | |
| ९ | स्थान पहिचान गरी पार्क निर्माण तथा व्यवस्थित गर्ने *(दुवाचौर, ककनी, सिम्ले (वडा नं. १०), सुकुरा बगरका, महाँकाल चौर (वडा नं. ९), सिम्लेको ग्रीन सिटी पार्क, धौले र पैयु खर्क क्षेत्र, तपचुली, भोटेचौरको सार्वजनिक)* | १ | ५ | १५,८०० | | | | | | २ | " | |
| **उद्देश्य २ :मेलम्ची पर्यटनको विकास गर्न प्रचारप्रसार तथा निजी क्षेत्र प्रोत्साहन गर्न उचित प्रबन्ध गर्ने ।** | | | | | | | | | | | | |
| १ | पर्यटन क्षेत्रको विस्तृत प्रोफाइल निर्माण | - - | नगर पर्यटन प्रोफाइल | १,५०० | | | | | | १ | - - | |
| २ | कला, धर्म तथा संस्कृतिको अभिलेखीकरण र प्रकाशन | व्यवस्थित नभएको | १ | ५०० | | | | | | १ | - - | |
| ३ | सामुदायिक पर्या पर्यटन विकास तथा प्रचार प्रसार | - - | ५ पटक | १,५०० | | | | | | २ | - - | |
| ४ | पर्यटन क्षेत्रमा लगानी गर्न निजी क्षेत्रलाई आह्वान तथा पर्यटनकर्मीसँग निरन्तर समन्वय बैठक तथा अन्तर्क्रिया कार्यक्रम | - - | १० बैठक | ५०० | | | | | | १ | उ.वा.सं | निजी क्षेत्रको लगानी |
| ५ | मेलम्चीका परिचयात्मक पर्चा निर्माण | नभएको | १ | ७५० | | | | | | १ | - - | |
| ६ | मेलम्ची भित्रका पर्यटकीय गन्तव्य समेटेर डकुमेन्ट्रि निर्माण | नभएको | १ | १,२५० | | | | | | १ | - - | सबै क्षेत्र समेटर डकुमन्ट्री |
| ७ | पर्यटन उद्योगको संरक्षण तथा संबर्द्धन गर्न साझेदारी कार्यक्रम | नभएको | २ | ५,००० | | | | | | २ | निजी क्षेत्र | |
| ८ | होटल व्यवसायी तथा उद्यमीसँग निरन्तर सहकार्य बैठक | लक्षित नभएको | बार्षिक १ | ५०० | | | | | | १ | होटल व्यवसायि | |

| क्र.सं | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोग निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| ९ | पर्यटन क्षेत्रमा लगानी गर्न साझेदारी कोष | नभएको | १ | १०,००० | | | | | | २ | ने.प.बो. | |
| **उद्देश्य ३ :पर्यटन क्षेत्रमा दक्ष जनशक्ति एवं स्थानीयमा आतिथ्यता संस्कारको विकास गर्ने ।** | | | | | | | | | | | | |
| १ | पर्यटकको गतिविधि निगरानी गर्न स्थानीय समिति निर्माण (नगर पर्यटन विकास समिति) | भएको | १ | १,५०० | | | | | | १ | - - | सबै पर्यटकको विवरण तथा निगरानी |
| २ | स्थानीय जनतालाई पर्यटकसँग गर्नु पर्ने आधारभूत आतिथ्यता तथा सत्कार सम्बन्धी तालीम | नभएको | १३ | ६५० | | | | | | २ | ने.प.बो. | |
| ३ | स्थानीय पर्यटनकर्मीलाई पर्यटकसँग गर्नु पर्ने आधारभूत आतिथ्यता तथा सत्कार तालीम | नभएको | १३ | ६५० | | | | | | २ | " | |
| ४ | कुक, वेटर तथा होटल व्यवस्थापन तालीम | नभएको | १० | २,५०० | | | | | | ३ | " | बार्षिक १५ दिने तालिम |
| ५ | सम्पूर्ण स्थानीय होटल तथा पर्यटन व्यवसायको अभिलेखीकरण तथा दर्ता | केही दर्ता | सबै दर्ता र अभिमूखीकरण | ५०० | | | | | | १ | होटल व्यवसायी | |
| ६ | पर्यटकीय होटल तथा रेष्टुरेन्ट निरीक्षण तथा अनुगमन | नभएको | बार्षिक | ७५० | | | | | | १ | " | |
| **उद्देश्य ४ : धार्मिक, सांस्कृतिक एवं स्थानीय कला, सभ्यताको संरक्षण एवं संबर्द्धन गर्ने ।** | | | | | | | | | | | | |
| १ | सांस्कृतिक संग्राहलय निर्माण | नभएको | १ | १०,००० | | | | | | २ | प्रदेश, संघीय सरकार | |
| २ | प्रमुख धार्मिक गन्तव्यहरुको गुरुयोजना निर्माण तथा कार्यान्वयन | नभएको | ३ | ५,००० | | | | | | १ | " | |
| ३ | घाटहरुको सुधार तथा व्यवस्थापन | सामान्य | ५ | ५,००० | | | | | | १ | " | |

| क्र.सं | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोग निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| ४ | फट्केश्वरीलाई व्यवस्थित बनाउने (खानेपानी व्यवस्थापन गरी ग्याबियन वाल लगाउने) | नभएको | पूर्ण व्यवस्थित | ३,५०० | | | | | | २ | " | |
| ५ | भूकम्पले क्षती पुगेका धार्मिकस्थल, मठ मन्दिर, गुम्वा तथा चैत्यहरुको पुनर्निमाण तथा मर्मत संभार | केही | १० | ५०,००० | | | | | | १ | " | |
| ६ | प्रत्येक वडामा एक सांस्कृतिक समुह निर्माण | नभएको | १३ | ३,२५० | | | | | | २ | - - | |

### ६.५.४.३ मुख्य रणनीतिहरु

संस्कृति, पर्यटन तथा सम्पदा संरक्षण तथा विकासको उद्देश्यहरू प्राप्तिका लागि निम्नलिखित प्रमुख रणनीतिहरू अवलम्वन गरिनेछ ।

- नगरमा प्रचलनमा रहेका संस्कृतिहरुको संरक्षण, प्रवर्द्धन र विकासका लागि संस्कृतिहरुको अभिलेखीकरण र संस्कृति बचाउ अभियान संचालन गरिनेछ ।
- संस्कृति बचाउनको लागि सांस्कृतिक संग्राहलयको निर्माणका लागि पहल गरिनेछ ।
- कृषि, साहशिक, धार्मिक, सांस्कृतिक, पर्या-पर्यटन विकासका लागि गुरुयोजना निर्माण गरी पर्यटन विकास गरिनेछ ।
- प्रमुख पर्यटकीय स्थलहरुको पहिचान साथै गुरुयोजना निर्माण गरी व्यवस्थित विकासको कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- पर्यटन प्रवर्द्धनमा निजी क्षेत्रको सहभागिता र साझेदारीलाई प्रोत्साहित गरिनेछ ।
- पर्यटन क्षेत्रको दीगो विकास र व्यवस्थापनका लागि स्थानीय समुदायको क्षमता विकास र परिचालन नीति अवलम्बन गरिनेछ ।
- इन्द्रावतीमा बहुआयामिक ड्यामको निर्माण गरी पर्यटकीय स्थलको विकास गरिनेछ ।
- पर्यटन विकासका लागि पर्यटकीय पूर्वाधार विकासमा विषेश ध्यान दिइनेछ ।
- पर्यटन विकासमा जनसहभागिता जुटाउन, समुदायको आर्थिक स्थिति सुधार गर्न समुदायमा आधारित क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।
- पर्यटकलाई स्थानीय संस्कृति, खानपान र बसोबासको मनोरञ्जन दिने व्यवस्था गरिनेछ ।

### ६.५.५ वन तथा वातावरणीय व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन योजना

खेतीयोग्य जमीन बाँझो बन्दै गएकोले मेलम्चीको हरियाली बढेको पाईन्छ । सामुदायिक वन व्यवस्थापन नीतिले नाङ्गा डाँडाहरुमा हरियाली वन बनेका छन् । तर बैज्ञानिक वन व्यवस्थापनको कार्यान्वयन हुन नसक्दा ती वनहरुबाट अपेक्षित उपलब्धि लिन सकिएको छैन् । वनमा उपयोगी बोटविरुवा भन्दा झ्याडीको रुपमा कुकाठ र स्यालाले ढाकेको छ । यसले कृषि उत्पादनलाई असर पार्ने बाँदर, दुम्सी जस्ता जनावरहरुको संख्या बृद्धि गर्न सहयोग गरेको छ । वनको वैज्ञानिक व्यवस्थापन गरी उपयोगी बोटविस्वाहरु राख्ने, जडिबुटी खेती गर्ने, अन्तर-बालीहरु लगाउने जस्ता कार्यहरु गर्न सकिन्छ । जलबायु परिर्वतनले बाली चक्रमा परिवर्तन भएको, उत्पादनमा असर परिरहेको छ । जलबायु परिर्वतन र त्यसको असरबारेमा नगरबासीलाई सचेत गर्ने, जलवायु परिवर्तन अनुकूलनको लागि परम्परागत तथा स्थानीय ज्ञानको विकास गर्ने, असर न्यूनता गर्ने योजना तर्जुमा गर्नु पर्ने आवश्यकता देखिन्छ ।

**लक्ष्य**

**"वन क्षेत्रको दीगो व्यवस्थापन, शहरी वातावरणमा सुधार एवं वैकल्पिक उर्जाको प्रवर्धन गर्दै दीगो तथा पर्यावरणमैत्री तवरले विकासका गतिविधिहरु अगाडि बढाउने ।"**

**उद्देश्यहरु**

१. वन तथा प्राकृतिक सम्पदाको दीगो व्यवस्थापनद्वारा जनताको आय आर्जन अभिवृद्धि गर्ने ।

२. फोहरमैलाको उचित व्यवस्थापन गरी वातावरण सफा राख्ने ।

३. वैकल्पिक उर्जाको प्रयोग वृद्धि गर्ने ।

४. जलवायु परिवर्तनका असरहरु कम गर्न अनुकूलन योजनाहरु लागू गर्ने ।

#### ६.५.५.१ वन तथा वातावरणीय व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनका प्राथमिकता क्षेत्रहरु

***क) वनको वैज्ञानिक व्यवस्थापन***

सामुदायिक वनको व्यवस्थापनले डाँडापाखा हरियाली भएपनि वन व्यवस्थापनबाट प्रर्यात फाईदा दिन नसकिएको सन्दर्भमा बैज्ञानिक वन व्यवस्थापनको नीति लिनु आवश्यक छ । वनको संरक्षण र त्यसबाट बढीभन्दाबढी फाईदा लिनको लागि उपयोगी बोट विरुवाको संरक्षण, उपयोग, बृक्षारोपण गरिनु पर्दछ । जडिबुटी खेती तथा अन्तरखेती, वनको बाँझो जमीन उपयोग गर्ने योजना तथा कार्यक्रम प्रस्ताव गरिएको छ ।

***ख) हरित शहरनिर्माण***

हरित शहरनिर्माणकोलागि कम्तिमा एक घर एक रुख वा एक जना एक बोट हुर्काउने योजना ल्याउन सकिन्छ । सडक किनारमा बगैंचा तथा रुख रोप्ने, पार्क तथा बगैंचाहरुको निर्माण गर्ने, खाली पाखा डाँडामा बृक्ष रोपण गर्ने, वातावरण संरक्षणका आधारभूत अवधारणाहरु अवलम्वन गर्ने, फोहरमैला व्यवस्थापनमा शून्य उत्सर्जन वा शून्य ल्याण्ड फिलिङको अवधारणा लागू गर्ने आदि कुरा योजनामा समावेश गरिएको छ र सोही अनुसार कार्यक्रमहरु तर्जुमा गरिएको छ ।

***ग) दीगो र पर्यावरणमैत्री विकास***

विकास निर्माण तथा भौतिक पूर्वाधारहरुको निर्माण गर्दा अनिवार्य रुपमा वातावरणीय प्रभाव मूल्यांकन र प्रारम्भिक वातावरणीय परिक्षणलाई कडाइका साथ लागू गर्ने । वातावरणीय प्रभाव मूल्यांकन तथा परिक्षण नगरिएका पूर्वाधार र भौतिक संरचना, आयोजनाहरुको पुन: मूल्यांकन र परिक्षण गराउने । उक्त अध्ययनको आधारमा कार्ययोजनाहरु लागू भएको नभएको कुरा कडाइका साथ अनुगमन तथा परिक्षण गर्ने ।

***घ) वैकल्पिक उर्जाको उपयोग***

बैकल्पिक उर्जाको विकासमा जोड दिंदै वातावरणमैत्री सोलार, वायो ग्याँस लगाएतका उर्जाको उपयोग गरी नगरबासीलाई न्यून शुल्कमा उर्जाको उपयोग गर्ने वातावरण श्रृजना गर्ने ।

***ङ) जलवायु परिर्वतन अनुकूलन ज्ञानको विकास***

जलवायु परिर्वतनको बारेमा सचेतना, जलवायु परिर्वतनको बारेमा मापन गर्ने तरिका र स्थानीय समुदायले जलवायु परिर्वतन अनुकूलनको लागि अपनाएको ज्ञान र सीप बारेमा अध्ययन गर्ने, अनुकूलन योजना कार्यान्वयनको लागि सम्बन्धित निकायहरुसँग सहकार्य र समन्वय राख्ने ।

### ६.५.५.२ योजना तथा कार्यक्रमहरु

| क्र.स | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| उद्देश्य १ : वन तथा प्राकृतिक सम्पदाको दीगो व्यवस्थापनद्वारा जनताको आय आर्जन अभिवृद्धि गर्ने । | | | | | | | | | | | | |
| वन | | | | | | | | | | | | |
| १ | सल्लाका रुखलाई विस्तारै replace तथा व्यवस्थापन | १० % सल्ला वन | ५ % मा झार्ने | ५००० | | | | | | वन कार्यालय/सावउमसं | २ | |
| २ | सम्पूर्ण सामुदायिक वन उपभोक्ता समितिहरुको बैज्ञानिक वन कार्ययोजना तयारी तथा परिमार्जन/ अद्यावधि | केहि | ७९ | ११८५० | | | | | | " | १ | |
| ३ | सम्पूर्ण सामुदायीक वन उपभोक्ता समितिहरुको निरन्तर अनुगमन तथा सुपरिवेक्षण र तालीम | न्यून | ५ पटक (वार्षिक) | ७५० | | | | | | " | १ | |
| ४ | अन्य वनको बैज्ञानिक वन कार्ययोजना तयारी तथा परिमार्जन | केहि | ३६ कवुलियती वन | ५४०० | | | | | | " | २ | |
| ५ | बैज्ञानिक वन व्यवस्थापन तालीम | अपर्याप्त | ५ | २५०० | | | | | | " | १ | |
| ६ | उत्कृष्ट सामुदायिक वनलाई पुरस्कार (नमुना वन पुरस्कार) | नभएको | ५ | १२५० | | | | | | " | ३ | |
| ७ | बृक्षारोपण कार्यक्रम संचालन (नदि किनार बृक्षारोपण, निजी तथा सामुदायीक वन बृक्षारोपण, सुख्खा तथा खाली क्षेत्र वृक्षारोपण) | १ हे वार्षिक | १०० हे. | १०००० | | | | | | " | २ | |
| ८ | बहु उद्देश्यीय नर्सरी स्थापना (नगर स्तर) | नभएको | १ | १०००० | | | | | | " | २ | |
| ९ | एक वडा एक नर्सरी निर्माण | नभएको | १३ | २६००० | | | | | | " | ३ | |
| १० | जडिबुटी बिरुवा उत्पादन तथा वितरण | अपर्याप्त | २०,०००/वर्ष | ५००० | | | | | | " | १ | |
| ११ | रुख बिरुवाको बेर्ना उत्पादन तथा वितरण | २५,०००/वर्ष | १००,०००/वर्ष | ३५०० | | | | | | " | १ | |
| १२ | डाले घाँस बिरुवा उत्पादन तथा वितरण | अपर्याप्त | ५०० हे. | ५००० | | | | | | " | १ | |
| १३ | वन जङ्गल आगलागी विरुद्ध प्रचार प्रसार तथा अभियान सञ्चालन | - - | ५ (वार्षिक) | २५०० | | | | | | " | १ | |

| क्र.स | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| १४ | जङ्गलमा उचित तरिकाले वर्षात्‌को पानी संकलन हुने पोखरीहरु निर्माण | नभएको | १०० (पोखरी) | ५००० | | | | | | " | २ | |
| १५ | फलफूल वनको विकास | नभएको | ५० हे. | ७५०० | | | | | | " | १ | |
| १६ | खाली रहेका बाझोँ जमीनमा निजी वनको विकास तथा वन सम्बन्धी तालिम (वृक्षारोपण अनुदान) | केहि भएको | १०० हे. | ५००० | | | | | | " | २ | |
| १७ | सेना तथा प्रहरीको सहकार्यमा वन संरक्षण तथा डँढेलो नियन्त्रण तालीम | केहि भएको | ५ तालिम | २५०० | | | | | | सेना/ प्रहरी | १ | |
| १८ | वन जङ्गल व्यवस्थापन (आवधिक रुख कटान तथा झाडी तथा पतझड सरसफाई) | सरकारी वनमा नहुने | वर्षमा १ पटक सबै वनमा गर्ने | - | | | | | | " | २ | वर्ष विराएर हरेका वनमा गर्ने |
| **वन्यजन्तु तथा विविधता संरक्षण** | | | | | | | | | | | | |
| १ | वन्यजन्तुको चोरी शिकारी नियन्त्रण (कानुनी जनचेतना तथा वन सुरक्षा) | - - | १० अभियान | ५०० | | | | | | वन कार्यालय/ सावउमसं | २ | |
| २ | बादर तथा जङ्गली जन्तु नियन्त्रण कार्यक्रम | नभएको | बादर समाउने सिकारी परिचालन | २००० | | | | | | " | १ | |
| ३ | लोपोन्मुख प्रजातिका बोट विरुवा पहिचान तथा संरक्षण | नभएको | १ अध्ययन | ५००० | | | | | | " | २ | |
| ४ | नदी जन्य पदार्थको अवैध उत्खनन तथा अधिक उत्खनन नियन्त्रण एवं प्रारम्भिक वातावरणीय परीक्षणको कर्यान्वयन | अपर्याप्त | पूर्ण कार्यान्वयन | १०००० | | | | | | " | १ | |
| ५ | करेन्ट तथा विष प्रयोग गरी माछा मार्ने कार्य नियन्त्रण | केहि भएको | नियन्त्रण तथा कारवाही | - | | | | | | प्रहरी | २ | |
| ६ | खुल्ला क्षेत्रमा बहु प्रजातिका बोट विरुवाहरुको वृक्षारोपण | नभएको | २० हे. | २००० | | | | | | वन कार्यालय/ सावउमसं | ३ | |

| क्र.स | कृयाकलाप/कार्यकमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **नदी व्यवस्थापन** | | | | | | | | | | | | |
| १ | गल्छी पहिरो उपचार | अपर्याप्त | १०० स्थान | ५०००० | | | | | | भू-संरक्षण कार्यालय | २ | |
| २ | वायो इन्जिनियरिङद्वारा खोला किनारा संरक्षण | केहि भएको | ५ किमी | २५००० | | | | | | " | २ | |
| ३ | क्रशर उद्योगहरुमा मापदण्ड लागू भएको वा नभएको नियमित अनुगमन तथा मुल्यांकन | अपर्याप्त | समितिद्वारा मासिक अनुगमन | ३००० | | | | | | " | १ | |
| ४ | ठूला तथा ऐनले तेकेका सबै आयोजनाहरु संचालन पूर्व IEE र EIA गराउने र नभएका आयोजनालाई अनुमति नदिइने नीति । | नीति कार्यान्वयन नभएको | नीति कार्यान्वयन गर्ने | - | | | | | | वन तथा वातावरण मन्त्रालय | १ | |
| **उद्देश्य २ :फोहरमैलाको उचित व्यवस्थापन गरी वातावरण सफा राख्ने ।** | | | | | | | | | | | | |
| १ | बजार क्षेत्रमा छोपिएको नाली निर्माण | १०० मी | १ किमि | २५००० | | | | | | शविभनिवि | २ | |
| २ | लेदोजन्य फोहरको व्यवस्थापन गर्न दीर्घकालीन रुपमा प्रशोधन केन्द्रको निर्माण | नभएको | १ केन्द्र निर्माण | ५०००० | | | | | | साझेदार संघ संस्था | ३ | |
| ३ | प्रमुख बजार केन्द्रहरुमा नियमित तथा दीगो फोहरमैला संकलन तथा व्यवस्थापन (सशुल्क सेवा) | दिन विराएर | हरेक दिन (गाडी तथा कामदार थप) | १०००० | | | | | | " | १ | |
| ४ | फोहरमैल प्रशोधन केन्द्र निर्माण | नभएको | १ केन्द्र निर्माण | २५००० | | | | | | " | १ | |
| ५ | फोहरको पुन: प्रयोग सम्बन्धी सचेतना तथा जागरण कार्यक्रम | नभएको | ९ | २२५० | | | | | | " | १ | |
| ६ | विद्यालय तथा टोल, बस्ती, समुदाय तथा वडा सरसफाई कार्यक्रम | अपर्याप्त | २० (त्रैमासिक अभियान) | २०० | | | | | | " | २ | |
| ७ | आवधिक नगर सरसफाई कार्यक्रम | २ (अपर्याप्त) | २० (त्रैमासिक अभियान) | ५०० | | | | | | सुरक्षा निकाय/जन समुदाय | २ | |

| क्र.स | कृयाकलाप/कार्यकमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| ८ | ल्यान्डफिल साईट निमार्ण (संभाव्यवता, DPR तथा निर्माण) | संभाव्यता अध्ययन भएको | DPR तथा निर्माण | ३०००० | | | | | | वन तथा वातावरण मन्त्रालय | २ | |
| ९ | फोहमैला सङ्कलक तथा व्यवस्थापन निजी क्षेत्रसँग साझेदारी | नपा आफैले गर्ने गरेको | निजी क्षेत्र छनौट र साझेदारी | - | | | | | | साझेदार संघ संस्था | १ | |
| १० | मेलम्ची आफैमा पानीको पर्याय भएको हुदा बोटल पानी तथा आयातीत पानी प्रतिबन्ध | - - | नीति निर्माण तथा कार्यान्वयन | - | | | | | | उवासं | २ | |
| **उद्देश्य ३ : वैकल्पिक / नविकरणीय उर्जाको प्रयोग वृद्धि गर्ने ।** | | | | | | | | | | | | |
| १ | वायोग्यास प्रवर्धन (एकीकृत बस्ती, विद्यालय, होटलहरुमा) | नभएको | ५० | २५०० | | | | | | बैकल्पिक उर्जा प्रवर्धन केन्द्र | २ | |
| २ | वायोग्यास प्रवर्द्धन (व्यक्तिगत भवनहरुमा) | हाल नभएको | २००० | २०००० | | | | | | " | ३ | |
| ३ | सुधारिएको चुँल्हो निर्माण अनुदान | - - | ३००० | ३०० | | | | | | " | १ | |
| ४ | वायू उर्जाको सम्भाव्यता अध्ययन | नभएको | १ | १५०० | | | | | | " | ३ | |
| ५ | वायो ब्रिकेट उत्पादन तालिम तथा उद्योग अनुदान | - - | ५ | २५०० | | | | | | " | २ | |
| ६ | सार्वजनिक भवनहरु सौर्य उर्जा प्रवर्द्धन | न्यून | १० (कार्यालय) | २५०० | | | | | | " | २ | |
| ७ | सडक तथा बाटोमा सौर्य बत्ती जडान | १५ स्थान | १०० स्थान | ३५०० | | | | | | " | १ | |
| **उद्देश्य ४ : जलवायु परिवर्तनका असरहरु कम गर्न अनुकूलन योजनाहरु लागू गर्ने** | | | | | | | | | | | | |
| **जलाधार संरक्षण** | | | | | | | | | | | | |
| १ | आकासे पानी संकलन | - - | ५० | १५००० | | | | | | बैकल्पिक उर्जा प्रवर्धन केन्द्र | ३ | |
| २ | विस्थापित आहाल पुनर्निमार्ण | नभएको | ५० | २५०० | | | | | | पशुपंक्षी शाखा | १ | |
| ३ | साना नदी तथा खोल्साहरुको बायो इन्जिनियरिङ माध्यमद्वारा संरक्षण | केहि भएको | ५ हे. | ७५०० | | | | | | भू-संरक्षण कार्यालय | २ | |
| ४ | ताल तलैया, पोखरी तथा जलाधार संरक्षण | केहि भएको | ५० | २५०० | | | | | | " | १ | |

| क.स | कृयाकलाप/कार्यकमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| ५ | प्राज्ञिक संस्थासँगको सहकार्यमा जलाधारको विस्तृत अध्ययन/अनुसन्धान | सुरु भएको | सबै वडा समेट्ने | ६५०० | | | | | | WWF/ UNDP | १ | |
| **अनुकुलन योजना तथा नीति** | | | | | | | | | | | | |
| १ | विकास गतिविधिहरु जलवायु परिवर्तनका असरहरु न्यूनीकरण हुने तवरले लागू गर्ने नीति | - - | नीति कार्यान्वयन | - | | | | | | विकास साझेदार | १ | |
| २ | जलवायु परिवर्तन सामायोजन ज्ञानको अध्ययन तथा मापन संयन्त्रको विकास | - - | १ अध्ययन | २५०० | | | | | | " | २ | |
| ३ | सामुदायिक जनचेतनामूलक अभियान आयोजना | - - | ५ (वार्षिक) | ७५०० | | | | | | " | १ | |
| ४ | समुदायमा आधारित जलवायु परिवर्तन अनुकूलन कार्यक्रम | केहि भएको | २०० | १०००० | | | | | | " | २ | |
| ५ | जलाधार संरक्षण तथा पर्यावरणमा आधारित जलवायु परिवर्तन अनुकूलन (जलवायु परिर्वतन अनुकुलन योजना निर्माण) | - - | कार्ययोजना निर्माण | ५०० | | | | | | " | १ | |
| ६ | पहिरोग्रस्त क्षेत्रको रोकथाम तथा वृक्षारोपण | केहि | ५ हे. | १५०० | | | | | | भू-संरक्षण कार्यालय | १ | |
| ७ | बढी तथा पहिरो ग्रस्त क्षेत्रमा पूर्वाधार विकास प्रतिबन्ध | नियमन नभएको | कार्यान्वयन गर्ने | - | | | | | | " | २ | |
| ८ | जलवायु परिवर्तनले असर गरेका कृषि उपजलाई वैकल्पिक बाली तथा कृषिको माध्यमद्वारा विस्थापन | - - | ५ प्रकारका बालीद्वारा सुरुवाती प्रतिस्थापन | २५०० | | | | | | ICIMOD | २ | |
| ९ | हिमाली क्षेत्रको तथा त्यसको अवस्था संबन्धी विस्तृत अध्ययन गर्न छिमेकी गाँ.पा. तथा प्राज्ञिक संस्थासँग सहकार्य | नभएको | १ अध्ययन | २५०० | | | | | | ICIMOD | २ | |
| १० | आकाशे पानी रिचार्ज हुने गरि शहरी क्षेत्रमा ढलान सिमित गरी हरियाली प्रवर्द्धन (नीति) | नभएको | नियम निर्माण तथा लागू | - | | | | | | - - | ३ | |

### ६.५.५.३ मुख्य रणनीतिहरु

वन, वातावरणीय तथा जलवायु परिवर्तन सम्बन्धी उद्देश्यहरू प्राप्तिका लागि निम्न लिखित प्रमुख रणनीतिहरू अवलम्वन गरिनेछ ।

- नगरभित्र रहेका वन क्षेत्रलाई क्रमशः उत्पादन वन, संरक्षित वन, कबुलियती वन तथा सामुदायिक वनको रुपमा पहिचान गरी त्यसको विकास गर्दै वन उपभोक्ता स्वयं वन संरक्षणमा सरिक गराइनेछ ।
- उपभोक्ताहरुको दैनिक काठ, दाउराको आपूर्तिको लागि सामुदायिक वनहरुको समन्वयमा प्रत्येक वडामा काठ, दाउरा खरीद, विक्रि डिपो स्थापना गर्दै लगिनेछ ।
- सामुदायिक वन उपभोक्ताहरुलाई प्राकृतिक सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने कार्यमा सरिक गराई सामाजिक दीगो विकासको लागि अग्रणी भूमिका निर्वाह गर्न सक्ने बनाइनेछ ।
- निजी वन तथा सामुदायिक वनमा जडिबुटी खेती, बाँस, बेत तथा निगालोको बृक्षारोपण गरी आय आर्जनमा वृद्धि गर्न प्रभावकारी कार्यहरु संचालन गरिनेछ ।
- सामुदायिक वनबाट भएको आय आर्जनबाट महिला, गरिव तथा पिछडिएका वर्गको उत्थान गर्ने उद्देश्यले विशेष रुपमा आयमूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- बहुमूल्य तथा दुर्लभ वनस्पति तथा वन्यजन्तुको संरक्षण गरी जैविक विविधताको जर्गेना गरिनेछ ।
- पहिचान भएका वन सम्पदाहरुको patent right कायम गर्न पहल गरी थप अध्ययन र अनुसन्धान गरिनेछ ।
- भू तथा जलाधार संरक्षणको लागि, जलाधार क्षेत्रहरुको पहिचान गरी एकीकृत जलाधार संरक्षण योजनाहरु ( निर्माण नभएको खण्डमा निर्माण गर्न पहल गर्ने) लागू गर्नका पहल गरिनेछ ।
- जलवायु अनुकूलन सम्बन्धी चेतनामूलक कार्यक्रम संचालन गर्नुका साथै तालीमहरु संचालन गर्न गैसस र निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।
- भू-क्षय तथा वन विनासका अति संवेदनशील क्षेत्रहरु पहिचान गरी व्यवस्थित बसोबास कार्यक्रमहरु संचालन गरिनेछ ।
- दाउराको खपत कम गर्न उन्नत चुलो, गोबर ग्याँस, सौर्य शक्ति जस्ता वैकल्पिक उर्जाको विकास र विस्तारमा जोड दिइनेछ ।
- हरित नगर निर्माणका लागि सडक किनारामा बोटविरुवा रोप्ने, प्रत्येक घरले विरुवा हुर्काउने नीतिको कार्यान्वयन गरिनेछ ।
- वातावरण संरक्षण सम्बन्धी कार्यक्रमहरूसँगै चेतना अभिवृद्धिका कार्यहरु संचालन गरिनेछ ।
- फोहरमैला व्यवस्थापनका निमित्त फोहरलाई स्रोतमै बर्गिकरण गर्ने, कुहिने फोहरको जैविक मल बनाउने, पुनः प्रयोगमा आउने फोहरलाई Material Recovery Facility मार्फन पुनः उपयोग गर्ने, फोहर विसर्जनको लागि डम्पिङ क्षेत्र पहिचान गर्ने, फोहर पानीलाई शुद्धिकरण गरेर मात्र नदीमा मिसाउने, ढल व्यवस्थित गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।
- प्रभावकारी अनुगमन तथा मूल्यांकनका आधारमा उचित दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।
- वन वातावरण तथा जैविक विविधता संरक्षण एवं सम्बर्द्धन गर्न स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय गैससहरुसँग साझेदारी कायम गरी कार्यक्रम संचालन गरिनेछ ।
- जलवायु परिवर्तन अनुकूलन ज्ञानको विकास र नगरबासीमा सचेतना कार्यक्रम संचालन गरिनेछ ।

### ६.५.६ विपद् व्यवस्थापन योजना

विपद् अपेक्षित रुपमा हुने एक प्राकृतिक दुर्घटना हो । केही प्राकृति विपद्हरुको अनुमान गर्न सकिन्छ भने केहीको अनुमान वा प्रक्षेपण समेत गर्न सकिन्दैन । तथापी विपद् व्यवस्थापनको लागि पूर्व तयारी, विपद्को बखत गरिने योजना र विपद् पश्चात गर्न सकिने योजना र सोको कार्यान्वयनले विपद्लाई न्यून गर्न र विपद्बाट हुने जोखिमलाई न्यूनीकरण गर्न सकिन्छ । सिन्धुपाल्चोक जिल्ला विपद्को हिसावले निकै बढी जोखिमयूक्त स्थान हो । मेलम्ची नगरपालिकामा आगलागी, बाढी पहिरो, भूक्षय, नदी कटान, भूकम्पीय जोखिम र मानव निर्मित संरचनाहरुको मापदण्ड विपरित निर्माणबाट हुने जोखिम प्रमुख रहेका छन् । यस्ता जोखिमहरुको न्यनीकरण योजना, जोखिमयुक्त स्थानहरुको पहिचान, जोखिमबारे सचेतना, जोखिम न्यूनीकरणका उपायहरुका बारेमा योजनाबद्ध कार्यहरु गरिनु पर्दछ ।

**लक्ष्य**

**विपद् उत्थानशील समाज बनाउन आर्थिक, सामाजिक एवं भौतिक पूर्वाधारहरु बलियो बनाउदैं समुदायमा आधारित विपद् व्यस्थापनको अवधारणा लागू गर्ने ।**

**उद्देश्यहरु**

१. मेलम्ची नगरमा विपद् व्यवस्थापनको पूर्व तयारी कार्य सञ्चालन गर्ने ।

२. नगर तथा अन्य साझेदारहरुको सहकार्यमा विपद् व्यवस्थापनमा कार्य गर्ने ।

#### ६.५.६.१ विपद् व्यवस्थापनका प्राथमिकता क्षेत्रहरु

**क) जोखिम संवेदनशील भू-उपयोग योजनाको विस्तृतीकरण तथा कार्यान्वयन**

गोरखा भूकम्प २०७२ पश्चात् सिन्धुपाल्चोक जिल्लाको पहिरो जोखिम मुल्याङ्कन कार्य भएको छ र सो मुल्याङ्कन कार्यलाई नगर स्तारमा उपयोग गर्न नगर क्षेत्रको पहिरो जोखिम नक्सा तयार पारिएको छ । पहिरोसँगै बाढी, आगलागी, आदि कुरा समावेश गरी विस्तृत जोखिम संवेदनशील भू-उपयोग नक्सा तयार पारी कार्यान्वयन गर्नु पर्ने हुन्छ । यस योजन निर्माणको क्रममा तयार परिएको जोखिम संवेदनशील नक्सा अनुसार जोखिम पूर्ण बस्तीहरु पहिचान तथा वैकल्पिक योजना निर्माणमा स्थानीय बासिन्दाको सहभागिता सुनिश्चित गरिनु पर्दछ । यसका लागि सुरक्षित बस्ती विकासको अवधारणा अवलम्बन गर्न बस्ती विकास योजनाहरु यस योजनामा समावेश गरिएको छ । जोखिम संवेदनशील भू-उपयोगको सञ्छिप्त अध्ययन यस योजनाको अनुसूची ६ मा संलग्न गरिएको छ ।

**ख) समुदायमा आधारित विपद् व्यवस्थापनको अवधारणा लागू**

नगरपालिकाले विपद् व्यवस्थापनको लागि वडा स्तरका विपद् व्यवस्थापन समितिहरु बनाई रहेको छ । वडास्तरमा बनेका त्यस्ता समितिले वडाको सबै भागमा सेवा दिन र व्यवस्थापन गर्न सहज हुँदैन् । विपद् व्यवस्थापनको लागि समुदायको सहभागिता र सक्रियताले मात्र संभव बनाउँछ । समुदायमा हुन सक्ने संभावित विपद् र त्यसका लागि तयारी गराउँन सक्नु पर्दछ । त्यसका लागि समुदाय सहभागि हुने सक्ने योजना को खाका तयार गरि लागू गरिनु पर्दछ । यस कार्यको लागि प्रत्येक टोल विकास संस्थाहरुलाई नै सामुदायकि विपद् व्यस्थापन समितिमा रुपान्त्रण गर्दा योजना तथा कार्यहरु सञ्चालन गर्न सहज हुन जान्छ ।


**ग) पूर्वाधार विकासमा राष्ट्रिय आचार संहिता लागू**

नेपालमा पूर्वाधार निर्माणलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि विभिन्न किसिमका आचार संहिताहरुको निर्माण गरी मानिसद्धारा निर्मित पूर्वाधारहरुको कमजोर संरचनागत बनावटबाट हुने क्षति र प्राकृतिक प्रकोप हुँदा हुन सक्ने क्षति न्यून गर्न प्रयत्नहरु भई रहेको देखिन्छ । भविष्यमा हुन सक्ने क्षतिको न्यूनीकरणका लागि आजै

कडाइ गरिनु पर्दछ । भवन निर्माण, आवास निर्माण, सडक निर्माण लगाएत पूर्वाधार निर्माण गर्दा राष्ट्रिय आचार संहिताको कार्यान्वयन गरिनु पर्दछ ।

**घ) उद्दार सामाग्री तथा भण्डारण केन्द्रको विकास**

वडास्तरका विपद् व्यवस्थापनको लागि समिति निर्माण गर्ने कार्य भईरहेको छ । विपद् व्यवस्थापन समितिका सदस्यहरुले केही सामान्य तालिमहरु पनि पाईरहेका छन् । उद्दार कार्यका लागि केही सामग्रीहरु पाउने गरेका तर प्राप्त हुने सामग्रीको लागि तालीम दिने संस्थाहरुले एउटा बाकस दिएको र सो बाकस वडा कार्यालयहरुमा रहेको पाइन्छ । वडाबासीहरुलाई उद्दार सामग्री कहाँ र कति छ भन्ने थाहा छैन् । उपलब्ध भएको सामग्री राख्ने, विपद्बारे समुदायलाई सचेत गर्नको लागि वडा तथा समुदायस्तरमा उद्दार सामग्री र सामग्रीहरुको लागि भण्डारण केन्द्र स्थापना गरिनु पर्दछ । यसले वडास्तरमा विपद् आईलाग्दा उद्दारमा ढिलासुस्ती र उपलब्ध भएका साधन र स्रोतको सदुपयोग गर्न सकिन्छ ।



### ६.५.६.२ योजना तथा कार्यक्रमहरु

| क्र.स | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| उद्देश्य १ : मेलम्ची नगरमा विपद् व्यवस्थापनको पूर्व तयारी तथा प्रतिकार्यका कार्यहरु सञ्चालन गर्ने । | | | | | | | | | | | | |
| पूर्वतयारी गतिविधि | | | | | | | | | | | | |
| १ | विपद् व्यवस्थापन समिति निर्माण (नगर स्तरीय तथा वडा स्तरीय) | १ नगर स्तरीय | १३ वडा समिति | १३० | | | | | | १ | दातृ निकाय | |
| २ | समुदाय स्तरमा विपद् व्यवस्थापन समिति गठन (टोल विकास संस्था वा नयाँ समिति) तथा समुदायमा आधारित विपद् व्यवस्थापनको कार्यान्वयन गर्न क्षमता समुदायिक समितिहरुको विकास (टोल विकास संस्थालाई विपद् क्षेत्रमा लगाउन सकिने) | नभएको | २२५ सामुदायीक समिति | - | | | | | | १ | साझेदार संघसंस्था | |
| ३ | खुला क्षेत्र पहिचान तथा अभिलेखाङ्कन | नभएको | १ पटक | २००० | | | | | | २ | दातृ निकाय | |
| ४ | विपद् सचेतना कार्यक्रम (विद्यालय तथा समुदायमा) | केहि भएको | २०० | २००० | | | | | | १ | " | |
| ५ | बाढी तथा पहिरो जोखिम क्षेत्रमा पूर्व सूचना प्रणाली तथा साइरन जडान | नभएको | ५ स्थान | २५०० | | | | | | २ | JICA / UNDP | |
| ६ | Fire Extinguisher सबै विद्यालय, संघसंस्था, अस्पताल, होटल आदिमा अनिवार्य (सार्वजनिक तथा घरायसी बाहेक अन्य प्रयोजनका भवनहरुमा अनिवार्य) | १ | ५० | २५०० | | | | | | १ | " | सार्वजनिक प्रयोजनाका निजी भवन समेतमा) |
| ७ | प्रत्येक टोलहरुमा टोल विकास संस्थाको रोहवरमा रहने गरी Fire Extinguisher को व्यवस्थापन | नभएको | २२५ | ३३७५ | | | | | | २ | " | |
| ८ | प्रकोप नक्सांकन तथा जोखिम न्यूनीकरण कार्यक्रम (नगर तथा वडास्तरमा) | अपर्याप्त | १४ | १४००० | | | | | | २ | " | |
| ९ | शव वाहनको व्यवस्था | नभएको | १ | ४००० | | | | | | २ | जिस्वाका | |
| १० | एम्बुलेन्सको सेवाको निरन्तरता तथा विस्तार | ३ | ६ | २०००० | | | | | | १ | जिस्वाका, रेडक्रस, स्थानीय सामाजिक संस्था | |

| क्र.स | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| ११ | सेना तथा प्रहरीसँग सहकार्य बैठक तथा उद्दार सामग्रीको लगत तयार | व्यवस्थत नभएको | १ लगत प्रतिवेदन | २०० | ■ | | | | | १ | सुरक्षा निकाय | |
| १२ | बहु प्रकारका विपद् जोखिम मुल्याङ्कन | अपर्याप्त | पूर्ण व्यवस्थापन | ५००० | | | ■ | ■ | ■ | २ | " | |
| १३ | मेलम्ची बजारमा जिल्ला तथा क्षेत्रीय स्तरको Logistic Hub निर्माण | नभएको | १ भवन | ५०००० | | | ■ | ■ | ■ | २ | संघीय सरकार | |
| १४ | वडा स्तरमा उद्दार तथा रहत सामग्री सहितको भण्डारण केन्द्र निर्माण | नभएको | १ भण्डार गृह | ६५००० | | | ■ | ■ | ■ | ३ | दातृ निकाय | |
| १५ | नगरबासीसँग विपद्का सूचना आदान प्रदान गर्न नगर स्तरमा आपद्कालिन सञ्चालन केन्द्र स्थापना तथा सञ्चालन | नभएको | १ केन्द्र स्थापना | १०००० | | | ■ | ■ | ■ | ३ | जिप्रका | |
| १६ | वडा स्तरमा विपद् व्यवस्थापन कोष स्थापना | - - | कोष स्थापना | १३००० | ■ | ■ | | | | ३ | | |
| १७ | चट्याङ जोखिम क्षेत्रमा अर्थिङ अनिवार्य /lightening Arrester अनिवार्य | - - | १०० घरधुरीलाई अनुदान | १००० | ■ | ■ | ■ | ■ | ■ | २ | विद्युत प्राधिकरण | |
| **प्रतिकार्य तथा उद्दार** | | | | | | | | | | | | |
| १ | नगर स्तरीय विपद् उद्दार संबन्धी अभ्यास (साझेदारहरुको सहकार्यमा) | १ | ५ (वार्षिक) | २५०० | ■ | ■ | ■ | ■ | ■ | १ | दातृ निकाय | |
| २ | वडा स्तरीय विपद् उद्दार सम्बन्धी अभ्यास (साझेदारहरुको सहकार्यमा) | नभएको | ६५ | ३७५० | ■ | ■ | ■ | ■ | ■ | १ | " | |
| ३ | विद्यालय स्तरीय Evacation Drill | नभएको | ३५५ | ३५५० | ■ | ■ | ■ | ■ | ■ | २ | " | |
| ४ | विद्यालयमा विपद् संबन्धी तालिम (विद्यार्थी तथा शिक्षक दुवैलाई) | नभएको | ७१ | ३५५० | ■ | ■ | ■ | ■ | ■ | २ | रेडक्रस | |
| ५ | नगर स्तरमा प्राथमिक उपचार संबन्धी तालिम | नभएको | ५ | १२५० | | ■ | ■ | ■ | | २ | " | |
| ६ | विद्यालय (मावि) स्तरमा प्राथमिक उपचार सम्बन्धी तालिम | नभएको | २९ | २१७५ | | ■ | ■ | ■ | | २ | " | |
| **विपद् पुनर्स्थापना** | | | | | | | | | | | | |
| १ | जोखिमयुक्त तथा विपद्मा परेका व्यक्ति वा परिवारलाई पुनःस्थापन र बसोबासको कार्यक्रम | केहि भएको | ५ बस्ती | २५००० | ■ | ■ | ■ | | | १ | रा.पु. प्रा/ साझेदार संघसंस्था | |

| क्र.स | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| २ | जोखिमयुक्त बस्ती पहिचान गरी एकीकृत बस्तीको योजना निर्माण | केहि भएको | ५ बस्ती विकास योजना | ७५०० | | | | | | १ | " | |
| **उद्देश्य २ : नगर तथा अन्य साझेदारहरुको सहकार्यमा विपद् व्यवस्थापनमा सहकार्य गर्ने ।** | | | | | | | | | | | | |
| **सडक दुर्घटना न्यूनीकरण** | | | | | | | | | | | | |
| १ | नगरका यातायात मजदुरहरुलाई विपद् उद्दार तथा First Aid तालीम | - - | ३ | ७५० | | | | | | २ | यातायात व्यवसायी | |
| २ | नगरका प्रमुख सडकहरुमा ट्राफिक चिन्ह व्यवस्था | १० स्थान | ३० स्थान | ६०० | | | | | | १ | ट्राफिक कार्यालय | |
| ३ | सार्वजनिक यातायातका साधनहरुमा आवश्यकता अनुसार Time Card लागू (निजी समेत) | नभएको | आवश्यकता अनुसार लागू | - | | | | | | ३ | " | |
| **विपद् व्यवस्थापनमा सहकार्य** | | | | | | | | | | | | |
| १ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण/अद्यावधि तथा कार्यक्रमहरु सञ्चालन | निर्माण भएको | १ पटक अद्यावधि | १००० | | | | | | २ | साझेदार संघसंस्था | |
| २ | बहु प्रकारका विपद् जोखिम मूल्याङ्कन | नभएको | १ पटक | ५००० | | | | | | १ | " | |
| ३ | राहत तथा सुरक्षण प्रदान गर्न प्रदेश सरकार, संघीय सरकार तथा दातृ निकायसँग साझेदारी | अपर्याप्त | नियमित समन्वय | - | | | | | | २ | दातृ निकाय | |
| ४ | भवन निर्माण मापदण्ड तथा आचार संहिता बारे तालिम | नभएको | २ पटक | ७०० | | | | | | १ | " | |
| ५ | दक्ष निर्माण मजदुरको प्रमाणीकरण | नगरपालिकाबाट नभएको | ५०० जना | ५०० | | | | | | २ | " | |
| ६ | विपद् व्यवस्थापन कोषमा स्थानीय सहभागिता (वार्षिक न्यूनतम शुल्क संकलन) | नभएको | शुल्क लागू | - | | | | | | ३ | स्थानीय जनता | |

### ६.५.६.३ मुख्य रणनीतिहरु

विपद् व्यवस्थापनको उद्देश्यहरू प्राप्तिका लागि निम्नलिखित प्रमुख रणनीतिहरू अवलम्वन गरिनेछ ।

- विपद् व्यवस्थापन पूर्वतयारी कार्ययोजनाको तयारी तथा प्रभावकारी कार्यान्वयनलाई प्राथमिकता दिइनेछ ।
- जोखिम संवेदनशील क्षेत्रहरुको पहिचान गरि विपद् पूर्व संकेत प्रणाली विकास तथा सूचनाहरुको व्यवस्थित संकलन गरिनेछ ।
- विपद् व्यवस्थापनमा समुदायको प्रत्यक्ष सहभागिता र आपसी समन्वयलाई प्राथमिकता दिइनेछ ।
- विपद् व्यवस्थापनको लागि जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, रेडक्रस लगायत सरोकारवाला निकायहरुबीच आपसी समन्वयमा योजना बनाई सो अनुरुप कार्य संचालन गरिनेछ ।
- विपद् व्यस्थापनको लागि क्षमता अभिवृद्धि तालीम मार्फत जनशक्तिको विकास गरिनेछ ।
- भौतिक पूर्वाधारहरुको विकास गर्दा राष्ट्रिय आचार संहिता, ऐन, कानूनको कडाइका साथ पालना गराईनेछ ।
- विपद् व्यवस्थापनको लागि उद्धार सामग्री र भण्डारणको उचित व्यवस्था गरिनेछ ।
- विपद् पूर्वतयारी, व्यवस्थापन र पुनर्स्थापनामा कार्यरत निकायहरु, गैससहरुसँग समन्वय र सहकार्यको नीति अवलम्बन गरिनेछ ।
- नगरमा क्षेत्रीय स्तरको विपद् राहत तथा उद्धार सामग्री भण्डारण गृहको निर्माण गरिनेछ भने वडा कार्यालयहरुमा पनि सो को व्यवस्था गर्न भण्डारण कक्षको व्यवस्था गरिनेछ ।
- विपद् व्यवस्थापन शुल्क लागू गरिनेछ ।
- साझेदार संघ संस्थाहरुको सहभागिता तथा सहयोगमा विद्यालय तथा नगर स्तरमा आवधिक पूर्वाभ्यासका कार्यहरु सञ्चालन गरिनेछ ।

### ६.५.७ संस्थागत क्षमता विकास

नगरको समग्र विकासका लागि सर्वप्रथम नगरपालिकाको संस्थागत विकास हुनु पर्दछ। नगरपालिका स्थानीय सरकार भएकोले सबै खालका कार्यहरुको अनुभव र ती कार्यहरु संचालन गर्ने दक्षता भएका जनशक्ति र पूर्वाधार सम्पन्न हुन जरुरी छ । नगरपालिकाको योजना तथा कार्यक्रमहरुको कार्यान्वयन गर्ने इकाई भनेको वडा कार्यालय हो र वडाले आफ्ना मातहतका भौतिक, सामाजिक, आर्थिक लगाएत विकासका सबै कार्यहरुको संचालन र व्यवस्थापन गर्ने क्षमता राख्न सक्नु पर्दछ । संस्थागत समन्वयका लागि नगरपालिका र वडा कार्यालयहरुको संस्थागत विकास गरिनु आवश्यक छ। नगरबासीहरुले नगरपालिकाबाट धेरै आश र भरोसा राखेका हुन्छन्। नगरपालिकाले आफ्नो संरचनालाई सक्षम नबनाई नगरबासीका आकांक्षालाई पूरा गर्न सक्दैन् । नगरका सबै शाखाहरुको कार्य विवरण, कार्य योजना, दक्षता, क्षमता विकास, प्रगति र नगरपालिका बाहिरका संघ संस्थाहरुसँग समन्वय र सहकार्य गर्न सक्ने वातावरण बनाईनु पर्दछ।

**लक्ष्य**

**सबै खाले विकासका कार्यहरु गर्न दक्ष जनशक्ति व्यवस्थापन गर्दै नगर भित्रका विभिन्न संयन्त्र र इकाईहरु बीच समन्वय र सहकार्य गरी नगरलाई सुशासन मैत्री बनाउन संस्थागत विकास गर्ने।**

**उद्देश्य**

१। दक्ष जनशक्ति व्यवस्थापन तथा कर्मचारीको क्षमता विकास गर्ने ।

२। सेवाग्राही मैत्री कार्य वातावरणको विकास गर्ने ।

३। आर्थिक अनुशासन कायम गर्दै पारदखर्शि एवं जनउत्तरदायी प्रशासनको विकास गर्ने ।

४। नगरभित्रका अन्य सरकारी एवं गैरसरकारी कार्यालयहहरु बीच सहकार्य र समन्वय अभिवृद्धि गर्ने ।

५। तुलनात्मक लाभका क्षेत्रमा सार्वजनिक निजी साझेदारी प्रवर्धन गर्ने ।

#### ६.५.७.१ संस्थागत क्षमता विकासमा प्राथमिकता क्षेत्रहरु

**क) क्षतिपूर्ती सहितको नागरिक वडापत्र लागू**

नगरपालिका, वडा कार्यालय, नगरका अन्य सबै सार्वजनिक सेवा प्रदायहरुले आ-आफ्नो कार्यालयबाट प्रवाह गरिने सेवा, सेवाको मूल्य, सेवा प्राप्त गर्ने प्रक्रिया, सेवा प्राप्त गर्न लाग्ने समय सहितको वडापत्र आफ्नो कार्यालयमा सेवाग्राहीले सजिलै देख्न र पढ्न पाउने स्थानमा राखिनु पर्दछ। उक्त वडापत्र अनुसार प्रक्रियागत रुपमा सेवा माग गर्दा प्राप्त नभएमा त्यसको सुनुवाई र सेवा प्राप्त नभएका कारण सेवाग्राहीले भोग्नु परेको तनाव, समयको खर्च र अन्य खर्चहरुको समेत हिसाव गरी सेवा प्रवाहमा ढिलासुस्ती वा सेवा प्रदान नगर्ने सार्वजनिक पदमा रहेका कर्मचारी वा व्यक्तिबाट क्षतिपूर्ति भराउने व्यवस्था सहितको नागरिक वडापत्र लागू गरिनु पर्दछ । नमूना नगर निर्माणका लागि क्षतिपूर्ति सहितको नागरिक वडापत्र लागू गर्नु आजको आवश्यकता हो । यसले सबैलाई जागरुक गर्दछ।

**ख) कर्मचारीको क्षमता विकास**

नेपालको संविधानले नगर क्षेत्रका सबै सार्वजनिक, निजी क्षेत्रको रेखदेख, व्यवस्थापन, समन्वय, सहकार्यको जिम्मेवारी स्थानीय सरकारलाई दिएको छ र त्यो सरकार भनेको नगरपालिका हो। नगरपालिकाले आफ्नो क्षेत्रमा रहेका अन्य निकायहरुलाई समेत विकास निर्माण कार्यमा प्रभावकारी रुपमा सहभागि गराउँनु पर्ने भएकोले नगरपालिकाका सबै शाखा, वडाका कर्मचारीहरु काममा अब्बल हुन जरुरी छ। यसका लागि नगरपालिको शिक्षा, स्वास्थ्य, लेखा, राजश्व, प्रशासन, संघ संस्था व्यवस्थापना तथा परिचालन (प्राविधिक तथा अप्राविधिक) सम्बन्धी आफ्ना कर्मचारीहरुको क्षमता विकासमा समेत ध्यान दिनु पर्दछ। योजनाको प्रभावकारी कार्यान्वयनका लागि सक्षम कर्मचारी हुनु आवश्यक छ। नगरको क्षमता भन्नु नै नगरपालिको कर्मचारीको क्षमता भएकोले यसलाई विशेष ध्यान दिनु जरुरी देखिन्छ।

**ग) दण्ड जरिवनामा आधारित कर्मचारी प्रोत्साहन**

नगरपालिकाले कर्मचारीहरुलाई प्रोत्साहित गर्नको लागि क्षमता विकास तालिम, बृत्ति विकास, दण्ड, जरिवानाको व्यवस्था गर्नु पर्दछ । नगरका योजनाहरुलाई प्रभावकारी कार्यान्वयन गरी नगरबासीलाई सहज सेवाको प्रत्याभूत गर्नको लागि कर्मचारी भूमिका सबैभन्दा महत्वपूर्ण हुन्छ । कर्मचारीले ढिलासुस्ती, सेवाग्राहीलाई अनावश्यक झन्झट दिएमा नगरबासीको नगर कार्यालय प्रतिको दृष्टिकोण नकरात्मक र असहयोगी हुन । यसले सार्वजनिक विकास निर्माणमा जनसहभागिता घट्ने र सार्वजनिक सम्पतिको सुरक्षामा समेत वेवास्ता हुन जान्छ । नगरमा कुनै कर्मचारी प्रभावकारी काम गर्ने र कुनै नगर्ने हुन्छन् । राम्रो काम गर्नेलाई पुरस्कृत गर्ने र नराम्रो काम गर्नेलाई नियमानुसार तुरुन्त दण्ड सजाय दिनु पर्दछ । यसले अन्य कर्मचारीलाई पनि राम्रो काम गर्न प्रोत्साहन र नराम्रो काम गर्न निरुत्साहित गर्दछ ।

**घ) सार्वजनिक निजी साझेदारी प्रवर्धन**

नगरपालिकामा हालसम्म कुनै पनि योजनाहरु सार्वजनिक निजी साझेदारीको अवधारणामा कार्यान्वयन भएका छैनन् । नगरबासीका असीमित आकांक्षा र नगरको सीमित स्रोतलाई व्यवस्थापन गर्नको लागि निजी क्षेत्रको लगानी र साझेदारीको आवश्यकता देखिन्छ । नगरमा साना साना आयोजनाहरु मात्र संचालन हुनुका विभिन्न कारणहरु मध्ये साझेदारीको योजना नहुनु पनि एक हो । लगानीमैत्री वातावरण बनाई ठूला, नाफामूलक तथा दीर्घकालीन महत्वका योजनाहरुमा लगानी गर्न निजी क्षेत्रलाई आकर्षण गरिनु पर्दछ । शिक्षा, स्वास्थ्य, पर्यटन, कृषि, औद्योगिक विकासका लागि सार्वजनिक निजी साझेदारीलाई प्रवर्द्धन गरिनु उपयुक्त हुनेछ ।

### ६.५.७.२ योजना तथा कार्यक्रमहरु

| क्र.स | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| **उद्देश्य १ : दक्ष जनशक्ति व्यवस्थापन तथा कर्मचारीको क्षमता तथा सेवाग्राही मैत्री कार्य वातावरणको विकास गर्ने ।** | | | | | | | | | | | | |
| १ | नियमित बैठक तथा समन्वय, शाखा प्रमुखको बैठक १५-१५ दिनमा | २-३ महिनामा १ पटक हुने गरेको | ११० | ११०० | | | | | | १ | - - | |
| २ | कर्मचारी तथा प्रशासन सम्बन्धी कार्यविधि निर्माण तथा कार्यान्वयन | नभएको | १ कार्यविधि निर्माण | ५०० | | | | | | १ | संघीय सरकार | |
| ३ | पुरस्कार तथा अनुदान कार्यविधि निर्माण तथा कार्यान्वयन (दण्ड तथा पुरस्कारको नीति) | नभएको | ५ कर्मचारी पुरस्कृत | १०० | | | | | | १ | - - | |
| ४ | वडा सचिव तथा प्राविधिक कर्मचारीको सरुवा नियन्त्रण तथा तिनको क्षमता विकास तालीम | १ तालीम भएको | ५ तालीम | ५००० | | | | | | २ | संघीय सरकार | |
| ५ | कर्मचारी प्रोत्साहन गर्न आवधिक भ्रमण तथा पिकनिक कार्यक्रम आयोजना | १ भ्रमण भएको | ५ भ्रमण ५ पिकनिक | २५०० | | | | | | १ | - - | |
| ६ | कर्मचारी तथा जनप्रतिनिधिहरुका लागि विद्यमान ऐन (खरिद ऐन, मुलुकी ऐन), कानुन, सफ्टवेयर, अंग्रेजी, प्राविधिक, प्रतिवेदन लेखन, ड्राइभिङ, सकरात्मक सोच जस्ता तालीमहरु सञ्चालन | - - | ५ | २५०० | | | | | | १ | विकास साझेदार संघ संस्था | |
| ७ | गुनासो सुनुवाई कक्षको व्यवस्था /उजुरी पेटिकाको व्यवस्था | - - | १ कक्ष | १०० | | | | | | १ | - - | |
| ८ | आन्तरिक तथा बाह्य क्षेत्रबाट कर्मचारीको मुल्याङ्कन गर्न मुल्याङ्कन फारम तथा पेटिकाको व्यवस्था | नभएको | मुल्याङ्कन फारम तथा पेटिकाको व्यवस्था | २५० | | | | | | २ | - - | |
| ९ | कर्मचारी हकहितका लागि अक्षयकोषको व्यवस्था | नभएको | कोष स्थापना | ५००० | | | | | | १ | - - | |
| १० | कर्मचारी स्वास्थ्य तथा जवीन वीमा सहायता | ५०% | १००% | १८७५ | | | | | | २ | - - | |
| ११ | सरोकारवालाहरुलाई ICT सम्बन्धी क्षमता विकास तालिम | १ | ५ | ७५० | | | | | | १ | - - | |
| १२ | JD र OD पुनरावलोकन तथा कार्यान्वयन | अपूर्ण | JD र OD | ३०० | | | | | | १ | - - | |

| क्र.स | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| १३ | तालीम केन्द्रको निर्माण तथा सञ्चालन | नभएको | १ भवन<br>२ कर्मचारी | २५००० | | | ■ | ■ | ■ | ३ | प्रादेशिक/ संघीय सरकार | |
| १४ | कार्यालय व्यवस्थापन तथा लेखा प्रशासन सम्बन्धी तालीम | नभएको | २ | ५०० | ■ | ■ | ■ | | | २ | कोलेनिका | |
| **उद्देश्य २ : आर्थिक अनुशासन कायम गर्दै पारदर्शिता एवं जनउत्तरदायी प्रशासनको विकास गर्ने ।** | | | | | | | | | | | | |
| **प्रशासनिक सुधार तथा पारदर्शीता** | | | | | | | | | | | | |
| १ | टोकन प्रणालीको व्यवस्था, सेवामा ढिलाईसुस्ती भएमा जिम्मेवार तथा दोषी कर्मचारीबाट पीडित सेवाग्राहीलाई क्षतिपूर्तिको व्यवस्था *(नगरले ५०% व्यहोर्ने तथा संबन्धित कर्मचारीले ५०% व्यहोर्ने)* | नभएको | १०० (क्षतिपूर्ति) | ७०० | ■ | ■ | | | | १ | - - | |
| २ | चौमासिक सार्वजनिक सुनुवाई, २० लाख माथिका परियोजनाको सार्वजनिक सुनुवाई | सबै परियोजनामा नहुने | नीति कार्यान्वयन | - | ■ | ■ | ■ | ■ | ■ | २ | - - | |
| ३ | सबै विषगत कार्यालय र विद्यालयहरुमा डिजिटल हाजिरीको व्यवस्था | नभएको | ५० | ५००० | ■ | ■ | ■ | | | २ | शिक्षा मन्त्रालय | |
| ४ | भ्रष्टाचार विरुद्धको शून्य सहनशिलता कार्यान्वयन *(जनचेतना, आचार संहिता, गुनासो सुनुवाई, आदि)* | - - | १०<br>प्रचार प्रसार | ५००० | ■ | ■ | ■ | ■ | ■ | १ | - - | |
| ५ | आर्थिक प्रशासन सम्बन्धी सफ्टवेयर जडान तथा प्रयोग तालीम *(वडा, नगरपालिका लगायत अन्य विषयगत शाखा तथा सरकारी कार्यालयहरुमा)* | - - | १ | ५०० | ■ | ■ | | | | २ | - - | |
| ६ | सार्वजनिक लेखा परीक्षण तथा खर्च विवरण प्रकाशन तथा वेव साइटमा राख्ने *(नगरपालिकाको website नियमित अद्यावधि)* | नभएको | *website* नियमित अद्यावधि | - | ■ | ■ | ■ | ■ | ■ | १ | - - | |
| **सूचना व्यवस्थापन** | | | | | | | | | | | | |
| १ | सूचना प्रविधिमैत्री प्रशासन लागू *(नगरिक वडापत्र, सूचना केन्द्र, सोधपुछ कक्ष, डिजिटल सूचना केन्द्रको व्यवस्था तथा नियमित सञ्चालन)* | सूचना केन्द्र नभएको | १<br>सूचना केन्द्र निर्माण | ५००० | ■ | ■ | | | | १ | - - | |
| २ | सूचना अधिकारीको दरबन्दी तथा क्षमता विकास *(सूचनाको हक तथा सुशासन तथा व्यवस्थापन ऐनलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने तथा सूचना शाखाको चुस्त व्यवस्थापन)* | दरबन्दी नभएको | १ | २५०० | ■ | ■ | | | | १ | - - | |

| क्र.स | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| ३ | विषयगत तथ्याङ्कहरु सहित नगरको चौमासिक प्रतिवेदन प्रकाशन | अर्धवार्षिक | १५ | ३७५ | ■ | ■ | ■ | ■ | ■ | २ | - - | |
| ४ | पञ्जिकरणलाई कम्प्यूटरकृत गर्ने तथा MIS मा अद्यावधि गरी आवधिक प्रतिवेदन प्रकाशन | अर्धवार्षिक | १० | २५० | ■ | ■ | ■ | ■ | ■ | २ | - - | |
| ५ | वडा तथा नगरको आधारभूत सम्पूर्ण सूचकहरु समावेश गरी सर्भेक्षण तथा पार्श्वचित्र प्रकाशन | १ | २ | ५००० | ■ | ■ | ■ | ■ | ■ | ३ | - - | |
| ६ | नगरपालिकाको प्रभावकारी Mobile Applicaion निर्माण | - - | १ | ५०० | ■ | ■ | ■ | ■ | ■ | १ | - - | |
| **उद्देश्य ३ : नगर भित्रका अन्य सरकारी एवं गैरसरकारी कार्यालयहरु बीच सहकार्य र समन्वय अभिवृद्धि गर्ने ।** | | | | | | | | | | | | |
| १ | NGO/ INGO सँग अर्धबार्षिक तथा वार्षिक अन्तरक्रिया कार्यक्रम | वार्षिक हुने तर अनियमित | १० | २५० | ■ | ■ | ■ | ■ | ■ | १ | साझेदार संघ संस्था | |
| २ | NGO/ INGO लाई नगरको आवश्यकता अनुसार लगानी गर्न प्रेरित गर्न NGO desk स्थापना | भएको | १ शाखा स्थापना | २००० | ■ | | | | | १ | " | |
| ३ | त्रिपक्षीय साझेदारी प्रणालीको विकास गर्न समुदायमा आधारित संघसंस्था/ स्थानीय गैसस तथा नगरपालिका बीच साझेदारीमा कार्यक्रम सञ्चालन | - - | ६५ | १३००० | ■ | ■ | ■ | | | २ | " | |
| ४ | टोल विकास संस्थाको क्षमता अभिवृद्धि तथा समाजका विकास निर्माण, जनचेतना अभिवृद्धि, सामाजिक मेलमिलाप आदि कार्यमा सक्रिय परिचालन | नभएको | ५ तालिम | ३५०० | ■ | | | | | १ | स्थानीय जनता | |
| ५ | सहभागीतात्मक दीगो विकास गर्न जनचेतनामूलक कार्यक्रम | - - | १० कार्यक्रम | ५००० | ■ | ■ | | | | २ | " | |
| ६ | नमूना टोल विकास संस्था निर्माण *(एउटा वडामा कम्तीमा एउटा नमूना टोल विकास संस्था निर्माण गर्ने)* | नभएको | ५ (वार्षिक १) | ७५० | ■ | ■ | ■ | | | १ | " | |
| ७ | लघु वित्तीय संस्थाहरुलाई दायरामा ल्याउन सरोकारवालासँग समन्वय *(नगरपालिकासँग सहकार्य)* | नभएको | ५ समन्वय बैठक | २५० | ■ | ■ | | | | २ | वित्तीय संघ सस्था | |
| ८ | बैंकहरुको कृषि लगानी बढाउन परामर्श बैठक | नभएको | ५ समन्वय बैठक | ३७५ | | ■ | | | | २ | बैंक/ वित्तीय संस्थाहरु | |

| क्र.स | कृयाकलाप/कार्यकमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| ९ | सहकारीहरुको मुनाफाको केही प्रतिशत सामाजिक उत्तरदायित्व प्रति लगानी गर्ने वातावरण श्रृजना गर्ने | - - | १० % सुश्चित | - | | | | | | ३ | सहकारी संघ | |
| १० | नगर भित्र रहेका सम्पूर्ण सरकारी तथा निजी कार्यालय, गैर सरकारी संस्था, संघ संगठन आदीको सांगठनिक पार्श्वचित्र प्रकाशन | नभएको | १ | १००० | | | | | | २ | साझेदार संघ संस्था | |
| **उद्देश्य ४ : योजना तर्जुमा कार्यान्वय, अनुगमन मुल्याकनलाई जनसहभागीता मुलक बनाई नतिजामा आधारीत ब्यवस्थापन पद्धतीको विकास गर्ने ।** | | | | | | | | | | | | |
| १ | विकासमा समावेशी सहभागीता कार्यक्रम *(हरेक उपभोक्ता समितीमा कम्तिमा ३ जना महिला सहित दलित, जनजाती, मुस्लिम, युवा लगाएत कम्तिमा ३ लक्षित वर्गको प्रतिनिधित्व अनिवार्य)* | - - | नीति कार्यान्वयन | - | | | | | | १ | टोल विकास संस्था | |
| २ | अनुगमनका सूचकहरु निर्माण *(नपा लगायत विकास निर्माणसँग सम्बन्धीत कार्यालयहरुबाट)* | नभएको | बनाउने | ३५० | | | | | | १ | - - | |
| ३ | नियमित अनुगमन/मूल्यांकन गर्न निर्देशिका निर्माण *(अ./मू. सम्पूर्ण पक्षहरु समेटेर)* | भएको | अद्यावधि | १५० | | | | | | २ | - - | |
| ४ | सार्वजनिक सुनुवाई कार्यक्रम *(२० लाख भन्दा माथिका परियोजनामा अनिर्वाय २ पटक : सुरु र अन्त्यमा)* | पूर्ण कार्यान्वयन नभएको | पूर्ण कार्यान्वयन गर्ने | १५०० | | | | | | १ | स्थानीय जनता | |
| ५ | अनुगमन समितिमा स्थानीय प्रतिनिधी तथा लाभान्वित समदायाको प्रतिनिधीत्व सुनिश्चित गर्ने नीति | - - | नीति कार्यान्वयन | - | | | | | | २ | " | |
| ६ | प्रविधिक तथा योजना शाखाका कर्मचारीलाई कार्यसर्त निर्माण, परामर्शदाता तथा ठेकेदार छनौट तथा टेन्डर मुल्याङ्कन संबन्धी तालिम | नभएको | ३ | ७५० | | | | | | १ | सार्वजनिक खरिद अनुगमन कार्यालय | |
| ७ | वडा-वडाको मुल्याङ्कन गर्न संयन्त्र तयार तथा वडाको स्तरीकरण ( स्तरीकरणको आधारमा प्रोत्साहन बजेट) | नभएको | संयन्त्र निर्माण | ३७५० | | | | | | १ | संघीय सरकार | |

### ६.५.७.३ मुख्य रणनीतिहरु

संस्थागत विकाससम्बन्धी उद्देश्यहरू प्राप्तिका लागि निम्नलिखित प्रमुख रणनीतिहरू अवलम्वन गरिनेछ

- स्थानीय सरकार संचालन ऐनको मर्म अनुरुप नगरको काम कार्यवाहीलाई व्यवहारिक कार्यान्वयनको लागि पहल गरिनेछ ।
- नागरिक जीवनसँग प्रत्यक्ष सम्बन्ध रहेका हरेक क्षेत्रमा लैंङ्गिक समतामूलक कार्यनीति अबलम्बन गरिनेछ ।
- नगर तथा नगरका सवै कार्यालयहरुलाई सेवाग्राही मैत्री बनाईदै Help Desk स्थापना गरिनेछ ।
- विभिन्न सरकारी तथा गैरसरकारी निकाय लगायत निजी क्षेत्र समेतको सक्रिय सहभागितामा स्थानीय सरकारको विकासको कार्य सञ्चालन गर्ने नीति अबलम्बन गरिनेछ ।
- गै.स.स.लाई विकासका साझेदार र खम्बाको रुपमा स्थापित गरी उनीहरुको योगदानलाई लक्षित वर्ग र क्षेत्रसम्म पुर्‍याउन एकद्धार प्रणाली मार्फत संचालित गराईनेछ ।
- गै.स.स.आचार संहिताको निर्माण र नगरको आवश्यकता भन्दा बाहिरका क्षेत्रमा परिचालन हुन नपाउने प्रावधान गरिनेछ ।
- स्थानीय सरकारहरुलाई सक्षम र सवल बनाई स्थानीय श्रोत र साधनको बढी भन्दा बढी मात्रामा सदुपयोग गरिने नीति अबलम्बन गरिनेछ ।
- नगरका सवै सरोकारवालाहरुलाई ICT Friendly बनाउन क्षमता अभिवृद्धि र तालीम कार्यक्रम सञ्चालन गरीनुका साथै सम्पूर्ण कार्यालयहरुमा E-governance लाई कार्यान्वयनमा ल्याईनेछ ।
- दातृ संस्थाहरुलाई आकर्षित एवं प्रोत्साहित गर्न समन्वयात्मक रुपले कार्यक्रमहरु संचालन गरिनेछ ।
- योजना तर्जुमा, कार्यान्वयन, मूल्यांकन र अनुगमन प्रक्रियामा प्रभावकारिता ल्याउन एकीकृत सूचना प्रणालीको विकास गर्न विशेष पहल गरिनेछ ।
- विगतका अधुरा योजनाहरुलाई फरफारक गरी न्यूनतम लागतमा बढी प्रतिफल हासिल हुने खालका योजनाहरु मात्र संचालन गरिनेछ ।
- नगरस्तरीय कार्यालयहरुमा हुन सक्ने आर्थिक अनियमितता, भ्रष्टाचारलाई प्रभावकारी नियन्त्रण गर्न उपयुक्त नीति अवलम्बन गरिनेछ ।
- नगरस्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिको भूमिका र कार्यक्षेत्र बढाइनेछ ।
- एकीकृत नगर विकास योजनाको परिधिभित्र रही वार्षिक कार्यक्रमहरुको तर्जुमा/स्वीकृति र कार्यान्वयन गर्ने परिपाटीको विकास गरिनेछ ।
- कार्यसम्पादन र मुल्यांकनलाई बस्तुनिष्ट बनाई कार्य सम्पादनको आधारमा दण्ड र पुरस्कार प्रणालीको अबलम्बन गरीनेछ ।
- नगरले गर्ने निर्णय र कार्यान्वयन प्रक्रियामा पारदर्शीता अपनाईनेछ ।
- सहभागितामूलक योजना पद्धतिको अबलम्बन मार्फत योजना तर्जुमा र कार्यान्वयनमा लागत प्रभावकारीता हासिल गर्ने नीति लिईनेछ ।
- वडास्तरबाट गरिनु पर्ने भनी सिफारिस भई आएका योजनाहरुलाई एकीकृत नगर विकास योजनाको परिधिभित्र रही प्राथमिकता दिइनेछ ।
- अन्य छिमेकी नगरपालिका, गाउँपालिका, जिल्लासँग प्राकृतिक श्रोतको संरक्षण र उपयोग लगायत अन्तर सम्बन्ध तथा आपसी सहयोगका विषयहरु (समस्या/चुनौति तथा सम्भावनाहरु) मा समन्वय र सहकार्य गरिनेछ ।
- संयुक्त राष्ट्र संघको बडापत्र र नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी सन्धि र सम्झौताहरूको पालना गर्ने नीति अवलम्बन गरिनेछ ।

- नगरका सबै सार्वजनिक निकायहरुले नागरिक वडापत्र प्रकाशन गरी सोही अनुसारको सेवा उपलब्ध गराउने नीति अबलम्बन गरिनुका साथै क्षर्तिपूर्ति सहितको नागरिक वडापत्रको कार्यान्वयनलाई प्राथमिकता दिईनेछ ।
- नगर स्तरमा सञ्चालन हुने योजना/आयोजना/कार्यक्रमहरुको विस्तृत विवरण स्थानीय जनताले बुझ्ने गरी प्रकाशमा ल्याई कार्यान्वयन गरिने नीति अबलम्बन गरिनेछ ।
- नेपालको संविधान, २०७२ मा उल्लेख भए बमोजिम स्थानीय निकायको क्षेत्राधिकारको सूची भित्र रहेका अधिकार कार्यान्वयनमा ल्याइनेछ ।

### ६.५.८ राजस्व तथा श्रोत परिचालन

कर नगरपालिकाको आयको मुख्य श्रोत हो । करको दर बृद्धि गर्दा नगरबासीलाई बढी मार पर्ने भएकोले करको दायरा फराकिलो बनाईनु पर्दछ । कर उठाउनु मात्र ठूलो कुरा होईन करको सही सदुपयोग गरी पूँजि निर्माण गरिनु पर्दछ । जनताबाट उठाइएको कर प्रशासनिक वा अनउत्पादक क्षेत्रमा खर्चमा खर्चिनाले आम जनतामा कर तिर्न उत्प्रेरणा मिल्दैन् । करको उपयोगबाट के कस्ता विकास निर्माण भए वा करको उपयोग कहाँ गरियो यसबाट सामुहिक प्रतिफल कसरी प्राप्त भयो भन्ने जन चासोको सुनुवाई हुनु पर्दछ । करको दरलाई फराकिलो पार्नको लागि श्रोतहरुको पहिचान र कर लिने संयन्त्र चुस्त दुरुस्ता हुनु पर्दछ । कर प्रणाली पारदर्शि र समानतामा आधारित हुनु पर्दछ । कर तिर्नेलाई प्रोत्साहन र नतिर्नेलाई कार्यवाही गरिनु पर्दछ ।

**लक्ष्य**

**राजस्व तथा करको दायरा फराकिलो बनाउदै आन्तरिक आम्दानी वृद्धि गरी नगरको दीगो श्रोत व्यवस्थापन गर्ने ।**

**उद्देश्यहरु**

१। सम्भाव्य राजस्वका श्रोतहरु पहिचान गरि करको दायरा वृद्धि गर्ने ।

२। नगरबासिमा करबारे चेतना र सकारात्मक सोंच अभिवृद्धि गर्ने ।

३। नगर, प्रदेश तथा संघबीच समन्वय अभिवृद्धि गरि ठूला परियोजनामा लगानी सुनिश्चित गर्ने ।

#### ६.५.८.१ राजस्व तथा श्रोत परिचालनका प्राथमिकता क्षेत्रहरु

**क) कर प्रतिको दायित्व बारे सचेतना**

नगरपालिकाको आम्दानी नै करबाट सङ्कलित रकम हुने भएकोले नगरका योजनाहरु संचालन गर्न, आन्तरिक खर्च व्यवस्थापन गर्न करमा भर पर्नु पर्दछ । कर नगरले प्रवाह गरिरहेका र गर्ने सेवा सुविधाहरुको लागि नगरबासीले तिर्नु पर्ने दायित्व हो भन्ने बारेमा सबै नगरबासीहरुलाई सचेत गरिनु पर्दछ । सचेत नागरिकले मात्र नगरले लगाएको कर समयमा बुझाउँदछन् । नगरपालिकाले कर र त्यसको दायरा फराकिलो पार्दै सबै करदातालाई करको दायरामा ल्याउनु पर्दछ । एकतर्फ करको दायित्व बारेमा सचेत गर्नु पर्दछ भने अर्कोतर्फ कर तिर्नेलाई पुरस्कृत र नतिर्नेलाई दण्ड जरिवाना लगाई करको दायरामा ल्याउनु पर्दछ । कर नगरपालिका संचालनको मुख्य स्रोत हो भन्ने बारेमा सबैलाई बोध गराउनु पर्दछ ।

**ख) एकीकृत सम्पत्ति कर लागू**

एकीकृत सम्पत्ति करले सबै नगरबासीलाई सम्पत्तिको आधारमा कर तिर्नु पर्ने व्यवस्था गरेको छ । नगरपालिकाले एकीकृत सम्पत्ति कर लगाउनको लागि तयारी गरिरहको छ । यसले सबै नगरबासीलाई आफ्नो सम्पत्तिको आधारमा कर आफैं मूल्यांकन गर्ने समेत जिम्मेवारी दिएको छ । यसले सबैलाई आफ्नो सम्पत्तिमा अधिकार अनुसार कर तिर्नु पर्ने दायित्वको समेत बोध गराउँदै नगर निर्माणमा सहभागि गराएको छ ।

**ग) सम्भावित सार्वजनिक जग्गा पहिचान तथा उपयोग**

नगर क्षेत्रमा रहेका सावर्जनिक जग्गाहरुको पहिचान गर्न नसक्दा कतिपय जग्गाहरुको अतिक्रमण र प्रयोग विहिन भएका छन् । नगरमा भएका यस्ता सार्वजनिक जमीनहरुको लगत तयार गरी सार्वजनिक प्रयोगमा ल्याउन सकिन्छ । नगरले कति सार्वजनिक जमीन कहाँ कहाँ छन् र तिनको प्रयोग अवस्था बारे पूर्ण विवरण राखी दीर्घकालीन महत्व, उत्पादनमूलक, सार्वजनिक पूर्वाधार, साझेदारीका योजनाहरु संचालन गर्ने, लिजमा उपयोग गर्न दिई त्यसबाट आम्दानी र त्यस्ता जमीनको संरक्षण गर्नु पर्दछ ।

**घ) पूर्वाधार विकासमा ऋण सहायता माग**

नगरपालिकाले आफ्नो आन्तरिक स्रोत र साधनले मात्र पूर्वाधार विकास गर्न नसक्ने भएकोले दीर्घकालीन र ठूला पूर्वाधारहरु जस्तैः क्षेत्रीय रंगशाला, इन्द्रावती ड्याम, उद्योग, पर्यटन, चिस्यान केन्द्रमा केन्द्रीय, प्रादेशिक बैंक, वित्तीय संस्था, नगर विकास संस्था, लगानी प्रवर्द्धन बोर्डबाट ऋण सहायता लिन र माग गर्न सकिने देखिन्छ । कतिपय अवस्थामा केन्द्रीय सरकारको सहयोग र समन्वयमा अन्तर्राष्ट्रिय साझेदार तथा सरकारसँग समेत ऋण माग गर्न सकिन्छ । नगर विकास कोष एउटा यस्तो निकाय हो, जसले नगरपालिकाका आम्दानी योग्य पूर्वाधारहरुमा ऋण लगानी गर्दछ । यस किसिमका कार्यहरुबाट नगरका धेरै ठूला र प्रसस्त आम्दानी हुने पूर्वाधार योजना विकास गर्न सकिन्छ ।

### ६.५.८.२ योजना तथा कार्यक्रमहरु

| क्र.स | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| उद्देश्य १ : सम्भाव्य राजस्वका श्रोतहरु पहिचान तथा नगरबासिमा करबारे चेतना र सकारात्मक सोंच अभिवृद्धि गरि करको दायरा वृद्धि गर्ने । | | | | | | | | | | | | |
| १ | राजस्व दायरा फाराकिलो बनाउन अध्ययन | नभएको | १ | ५०० | | | | | | १ | - - | |
| २ | एक द्वार कर प्रणाली बारे अध्ययन तथा कार्यान्वयन | नभएको | अध्ययन गर्ने | ३०० | | | | | | १ | - - | |
| ३ | एकिकृत सम्पत्ति कर बारे नीति निर्माण तथा लागू | नभएको | १ | ३०० | | | | | | १ | - - | |
| ४ | MIS प्रणालीमा नक्शा पास तथा घर निर्माण स्वीकृति दरको पुनरावलोकन | नभएको | १ | २,५०० | | | | | | २ | दातृ निकाय | |
| ५ | राजस्व सचेतना कार्यक्रम संचालन | केहि भएको | १० | १५० | | | | | | १ | आ. रा. का. | |
| ६ | घुम्ति कर संकलन | - - | १५ | १५० | | | | | | २ | आ. रा. का. | |
| ७ | आयात तथा निर्यात अनुगमन गर्न डेस्क संचालन | - - | १ | १,००० | | | | | | ३ | - - | |
| ८ | ढुङ्ग गिटि वालुवा उत्खखन तथा विक्रि वितरण नियमन | अपर्याप्त | नियमन समिति गठन | २५० | | | | | | १ | - - | |
| ९ | नगरपालिकाको आम्दानी वृद्धि गर्न पार्क, व्यापारिक भवन, बसपार्क आदि निर्माण (नगर विकास कोषसँग ऋण सहायता माग) | १ | ३ | ५०० | | | | | | २ | नगर विकास कोष | |
| उद्देश्य २ : प्रदेश तथा संघबीच समन्वय अभिवृद्धि गरि ठूला परियोजनामा लगानी सुनिश्चित गर्ने । | | | | | | | | | | | | |
| १ | संभावना बोकेका (बहुउद्देश्यीय इन्द्रावती ड्याम जस्ता) ठूला परियोजनाहरुमा लगानी गर्न समन्वय | नभएको | समन्वय गर्ने | ५,००० | | | | | | १ | प्रदेश सरकार | |
| २ | प्रदेश तथा संघीय सरकारसँग नगर एकिकृत विकास योजना संबन्धी परामर्श तथा समन्वय बैठक | - - | १ कार्याशाला | ५०० | | | | | | १ | - - | |

| क्र.स | कृयाकलाप/कार्यक्रमहरु | हालको अवस्था | लक्ष्य | अनुमानित रकम रु. हजारमा | समय सीमा | | | | | प्राथमिकता | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | ८०/८१ | | | |
| ३ | चालू परियोजनाहरु समयमै सम्पन्न गर्न संबन्धीत निकाय तथा केन्द्र / प्रदेश सरकारलाई ताकेता | नभएको | १० पत्राचार | - | | | | | | १ | प्रदेश एवं संधीय सरकार | |
| **उद्देश्य ३ : तुलनात्मक लाभका क्षेत्रमा सार्वजनिक निजी साझेदारी प्रवर्धन गर्ने ।** | | | | | | | | | | | | |
| १ | आयोजना सहवित्तीयकरण कार्यक्रम सञ्चालन | - - | वार्षिक रुपमा १ करोड विनियोजन | ५०,००० | | | | | | २ | प्रदेश सरकार | |
| २ | प्राथमिकता प्राप्त क्षेत्रमा सहुलियत ऋण कार्यक्रम सञ्चालनमा सहकार् | - - | ५ क्षेत्रमा सुरुवात | १०,००० | | | | | | २ | वित्तीय संध संस्था | |
| ३ | नगर उद्यमशीलता विकास कोष स्थापना र सञ्चालनमा सहकार्य | नभएको | ५ करोडको कोष स्थापना | ५०,००० | | | | | | १ | प्रदेश एवं संधीय सरकार | |
| ४ | लागानीकर्ता प्रोत्साहन गर्न नगरको नीति निर्माण | नभएको | नीति बनाउने | ५०० | | | | | | १ | उ.वा.सं | |
| ५ | तुलनात्मक लाभका केही सार्वजनिक निजी साझेदारीमा परियोजना संचालन | नभएको | २ परियोजना | २०,००० | | | | | | २ | उ.वा.सं | |
| ६ | लगानीकर्ता आकर्षित गर्न वृहत् उद्यमी भेला | - - | १ | ५,००० | | | | | | १ | उ.वा.सं | |

### ६.५.८.३ मुख्य रणनीतिहरु

राजस्व तथा श्रोत परिचालन विकाससम्बन्धी उद्देश्यहरू प्राप्तिका लागि निम्नलिखित प्रमुख रणनीतिहरू अवलम्वन गरिनेछ

- नगरको राजश्व वृद्धिका लागि करको दायरा फराकिलो, सबै जनता सहभागि गर्ने नीति अवलम्बन गरिनेछ।
- एकीकृत सम्पत्ति करको माध्यामद्धारा सम्पत्तिको आधारमा कर तिर्ने प्रणालीको विकास गरिनेछ।
- कर चुहावट रोक्न करदाता शिक्षा, कार दायित्वबारेमा सचेतना कार्यक्रमहरुको आयोजना गरिनेछ।
- नगरमा संचालित सबै सेवा प्रदायक संघसंस्था, व्यवसायहरुको दर्ता, नवीकरण गरी नियमित कर सङ्कलनको आधार खडा गरिनेछ।
- संघीय, प्रदेश सरकारबाट स्थानीय सरकारलाई राजश्व बाँडफाँट वापत प्राप्त हुने रकम फ्रीज नगरी सो रकम स्थानीय सरकारको कोषमा सुलभ रुपमा प्राप्त हुने नीति अबलम्बन गर्न तहगत सरकार समक्ष पहल गरिनेछ।
- खर्चका स्पष्ट मापदण्ड तयार गरी आम्दानी र खर्चलाई पारदर्शी बनाउन नियमित रुपमा सार्वजनिकीकरण गरीनेछ।
- आर्थिक अनुशासन कायम गर्नका लागि योजना परियोजनाहरुको लागत सबै जनताले थाहा पाउने गरी प्रकाशन गरिनेछ।
- लागत प्रभावकारिताको सिद्धान्त अनुसार योजना तर्जुमा र कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ।
- सार्वजनिक जग्गाहरुको लगत तयार गरी त्यस्ता जग्गाहरुको उपयोगको नीति अवलम्बन गरिनेछ।
- दीर्घकालीन महत्व राख्ने र ठूला पूर्वाधार विकासका आयोजनाहरुमा ऋण सहायता लिने नीति लागू गरिनेछ।
- कृषि, पर्यटन, उद्योग, शिक्षा, स्वास्थ्य क्षेत्रका परियोजना संचालनको लागि सार्वजनिक निजी साझेदारी अवधारणाको कार्यान्वयन गरिनेछ।

## ६.६ नगरका रणनैतीक तथा दीर्घकालीन योजनाहरु

मेलम्चीको दीगो र सन्तुलित विकासका लागि सार्वजनिक निजी साझेदारी कार्यक्रमहरु संचालन गरिनु पर्दछ । दीर्घकालीन महत्व राख्ने योजनाहरु सरकारको लगानीले मात्र संभव नहुने, संचालन र व्यवस्थापकीय पक्षमा समेत निजी क्षेत्रको सहभागिताले प्रभावकारिता हुने व्यवहारले पुष्टि गरेको र सरकारको नीति मै साझेदारीलाई प्राथमिकता दिने व्यवस्था भएकोले उल्लेखित दीर्घकालीन योजनाहरु सञ्चालनको लागि नगरले कानूनी, व्यवस्थापकीय पक्षमा ध्यान दिन थाल्नु जरुरी छ । दीर्घकालीन योजनाहरुको सञ्चालनको लागि सम्बन्धित पक्षहरुसँग छलफल, बहस, वकालत र पैरवीको थालनी र आवश्यक लगानीको तयारी गर्नुपर्दछ। कृषि, पर्यटन, जलाधार र उद्योगको दीर्घकालीन विकासको लागि साझेदारी अभियान संचालन गरिनु मेलम्चीको आवश्यकता हो ।

- **इन्द्रावती नदीमा ड्यामको र बहुआयामिक पर्यटकीय स्थल**

मेलम्ची र इन्द्रावती नदीको दोभानदेखि काभ्रेको सीमानासम्म इन्द्रावतीलाई विभिन्न भागमा विभाजन गरी बहुआयामिक ड्याम बनाउन सकिने देखिन्छ । इन्द्रावती नदीको चौडाई निकै फैलिएकोले सो भागमा पानी जमाई आकर्षक तलाउ बन्ने र सो तलाउ नगरका सबै वडाहरुमा देखिने भएकोले अन्य उच्च भागमा बनेका भ्यू टावर, पार्कमा आउने पयर्टकहरुले समेत तलाउको दृष्यावलोकन गर्न सक्ने हुन्छ,यसबाट मेलम्चीको अन्य भागमा समेत पर्यटक आवागमन बढ्ने छ । नदी उत्खननले उराठ लाग्दो देखिने नदी किनारमा बगैंचा निर्माण गर्न सकिन्छ । हिउँद महिनामा ड्याममा पर्यटकीय गतिविधिहरु जस्तैः स्विमीङ, बोटिंङ, पानीको फोहरा निर्माण गरी आम्दानी र आकर्षक नगरको रुपमा मेलम्चीको विकास गर्न सकिन्छ । नदीको बहावलाई रोक्नाले सम्भावित कटानको समस्या हट्ने रड्यामले रोकेको स्थानमा वर्षाको बाढीले संकलन भएको नदीजन्य सामाग्रीहरुको बिक्री गरी आम्दानी हुनेछ । ड्यामको पानी सुकाई वर्षा याम समाप्त हुनासाथ दुई तीन महिनामा सम्पूर्ण सामाग्री उत्खनन् गर्न सकिन्छ ।

- **नगर चक्रपथ**

नगरबासीहरुको यातायातको सुविधा बृद्धि गरी सरलर सहज पहुँचका लागि चक्रपथले सबै वडाहरुलाई जोड्ने योजना आवश्यक देखिन्छ। चक्रपथले नगर क्षेत्रभित्र संचालनमा रहेका सडकहरुलाई समेत जोडेर सबै वडा बीचको सम्पर्क बढाउन मद्धत गर्दछ। नगर चक्रपथ करिव १०० किलोमिटर जति हुने प्रारम्भिक अध्ययनले देखाउँछ। नगर चक्रपथले वडा-वडाबीच सम्पर्क बढने, वडाहरुको नगर केन्द्रसँगको सामिप्यता बढ्ने, बजार केन्द्रमा केन्द्रित हुने बसाईसराई, बसोवास नगरका अन्य भागमा छरिने, नगरका अन्यभागलाई विकसित हुन सहयोग पुग्ने छ ।

- **राष्ट्रिय तथा क्षेत्रीय रङ्गशाला**

मेलम्ची र काठमाण्डौंको सडक दुरी ४० किलोमिटर मात्र रहेकोले राष्ट्रिय तथा क्षेत्रीयस्तरका खेलकुदको लागि मेलम्चीमा बन्ने रङ्गशालाले निकै सहयोग पुग्दछ। सडकको अवस्था राम्रो हुँदा २ देखि ३ घण्टामा मेलम्ची काठमाण्डौं यात्रा गर्न सकिने हुन्छ । काठमाण्डौं उपत्यकामा रङ्गशाला निर्माणको लागि जमीनको अभाव र ज्यादै संकुचित स्थानहरुको कारण रङ्गशाला निर्माणको लागि मेलम्ची उपयुक्त स्थान हुन जान्छ ।

- **औद्योगिक करिडर**

मेलम्चीको विकासका लागि औद्योगिक विकासका लागि पूर्वाधारहरु निर्माण ध्यान दिनु जरुरी छ । औद्योगिक विकासका लागि इन्द्रावती नदी करिडोरमा सार्वजनिक जमीनहरुको पहिचान गरी छुट्टयाउन सकिन्छ । भविष्यमा चीनसँग हेलम्बु गाँ.पा. हुदै रसुवागढी तर्फको नाका खोलिने सम्भाव्यता अध्ययन तथा योजनाको छलफल भई रहेको सन्दर्भमा मेलम्ची नगरभित्र औद्योगिक ग्रामको लागि जमीन र नीतिगत, कानूनी, भौतिक पूर्वाधारहरुको चाँजो मिलाउनु पर्दछ। उक्त करिडरमा साना तथा मझौला किसिमका उद्योगहरु स्थापना गर्न विभिन्न प्रोत्साहन प्याकेजको अवधारणा ल्याइने हुदा औद्योगिक करिडरको विस्तृत डिपिआर तयार गरी कार्यान्वयन गर्न प्रदेश सरकार तथा संघीय सरकारसँग पहल गरिनु पर्दछ ।

- **साँस्कृतिक संग्राहलय**

मेलम्ची सिन्धुपाल्चोक जिल्लाको मुख्य नगरपालिका हो । सिन्धुपाल्चोक लगाएत काठमाण्डौ उपत्यका वरिपरिका जिल्लाहरुमा जनजातिहरुको बसोबास रहेकोले उनीहरुका कला, संस्कृति, धार्मिक तथा रीतिरिवाजहरुलाई समेटेर एक राष्ट्रियस्तरको साँस्कृतिक संग्राहलय निर्माण गर्न सकेको खण्डमा मेलम्चीको महत्व र विकास बढ्ने छ ।

- **एक घर एक धारा अभियान**

मेलम्चीको अर्को नाम पानी हो अर्थात मेलम्चीलाई पानीको स्रोत केन्द्रको रुपमा लिएको छ । नगरक्षेत्र भएर दुई ठूला हिमनदी बहने र कायौं पानीका स्रोत रहेको मेलम्ची नगरबासी बीचमा खानेपानीको समस्या छ भन्नु लज्जाको विषय हुन जान्छ । नगरले लिएको एक घर एक घारा निर्माण योजना लक्ष्यको लागि एकीकृत खानेपानी योजनाको निर्माण गरिनु पर्दछ । यसका लागि संघीय, प्रदेश सरकार, अन्तर्राष्ट्रिय सहयोग नियोगहरुको आपसी साझेदारी र समन्वयको खाँचो पर्दछ । बृहत खानेपानी योजना सञ्चालन नगरी एक घर एक धाराको अभियान सम्पन्न गर्न सकिदैन ।

- **वायु उर्जाको विकास**

मेलम्ची नगरपालिकाको वडा नं. ७ मा हावाको निकै प्रवाह हुने तथ्यांक देखिन्छ र यसलाई विपद्को समेत संज्ञा दिएको छ । हावाबाट चल्ने मील तथा वैकल्पिक उर्जाको विकास गरी विपद्लाई उपयोग गर्न सकिन्छ । नेपालको कतिपय स्थानमा हावाबाट विजुली निकाल्ने गरिएकोले यस ठाउँमा पनि संभाव्यता अध्ययन गर्न सकिने देखिन्छ । यसका लागि निजी क्षेत्रलाई सहभागि गराउने योजना बनाइनु पर्दछ ।

# ७ अनुगमन तथा मूल्याङ्कन

स्थानीय तहका विकासका मेरुदण्डका रूपमा रहेका विकास नीति, योजना तथा कार्यक्रमहरूका सफल कार्यान्वनका लागि अनुगमन तथा मूल्याकनको महत्वपूर्ण भूमिका रहन्छ । स्थानीय तहले योजना तर्जुमा तथा कार्यान्वनमा सशक्त स्वःअनुगमन तथा मूल्याकन प्रणालीको स्थापना गरी आफूले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्ने दिशातर्फ योजनाको प्रगति उन्मूख भएको छ वा छैन भन्ने जानकारी प्राप्त गर्नु पर्ने हुन्छ । कार्यान्यन चरणका समयमा नयाँ आयोजनाहरूमा भएको लगानी तथा साधनका प्रवाह समुचित ढंगले भएको छ वा छैन, कार्यतालिका अनुसार क्रियाकलापहरू सुचारु भएका छन वा छैनन् साथै व्यवस्थापकीय कमजोरीहरू के के छन भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन्छ । त्यसैले, नगरपालिकाले एकीकृत विकास योजनाका आधारमा वार्षिक विकास योजना तर्जुमा गर्नुपर्ने हुन्छ । वार्षिक योजना कार्यान्वयनको लागि कार्यान्वयन तालिका समेत तयार गर्नुपर्ने र सो कार्यान्वयन तालिकामा बजेट सहितका अनुगमनका कार्यहरू समेत निर्दिष्ट गरी तद्अनुसार अनुगमन गर्ने कार्य प्रणाली स्थापित गरिनु पर्दछ ।

नगरपालिकाले वार्षिक योजनाको कार्यान्वयन तालिका बनाएर कार्यान्वयनका चरणमा अनुगमनलाई प्राथमिकता दिने गरेको पाइदैन । अनुगमनलाई सामान्य प्राविधिक निरीक्षणका विषयको रूपमा ग्रहण गर्ने गरेको पाइन्छ । विकास साझेदारहरूको सहयोगमा सञ्चालित कार्यक्रमहरूको हकमा सघन अनुगमन प्रणाली पनि पाइन्छ । निर्वाचित जनपतिनिधिहरूको बहालीपछि प्रतिनिधि सहितका संयुक्त अनुगमनका अभ्यास पनि भएको पाइन्छ । यसगरी चौमासिक तथा वार्षिक समीक्षामा प्रगतिका स्थितिका समीक्षा पनि हुने गरेको छ । निरिक्षण, सुपरिवेक्षण र अनुगमनमा खास भिन्नता छ भन्ने महसुस हुन सकेको देखिदैन । अनुगमन गर्दा पूर्वनिर्धारित सूचकहरूका आधारमा हुने अभ्यास पनि भएका देखिदैन । अनुगमनलाई योजना चक्रको हिस्साका रूपमा बजेट विनियोजन समेत हुने गरेका छन । अुनगमनका परम्परागत प्रणाली समस्या समाधानका दृष्टिले त्यति प्रभावकारी हुन सकेको देखिदैन ।

योजनाबद्ध विकासका प्रयासमा अनुगमनलाई योजना चक्रका अभिन्न अंग र प्रगति सिंहावलोकन गर्ने प्रमुख आधार मान्ने गरिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का दफा १४ ले उपाध्यक्ष वा उपप्रमखको र वडाअध्यक्षको काम कर्तव्य र अधिकारमा योजना तथा कार्यक्रमका अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेस गर्नुपर्ने कानूनी व्यवस्था गरको छ । त्यस्तै उपप्रमुखको अध्यक्षतामा अनुगमन समितिको समेत प्रबन्ध भएको देखिन्छ । जिल्ला समन्वय समितिले पनि अनुगमन र वार्षिक समीक्षा गर्नुपर्ने सस्थागत र कानूनी व्यवस्था भएको छ । त्यस्तै ऐनका दफा ८४ ले प्रमुख प्रशासकीय अधिकृतले प्रमुखको निर्देशनमा अनुगमन तथा मूल्याङ्कन गर्न गराउन कानूनी व्यवस्था गरको छ । स्थानीय सरकार सञ्चालन ऐनले नगरपालिकालाई आफनो कार्यक्षेत्रभित्र पर्ने विकास योजनाका अनुगमनसम्बन्धी कानूनी संस्थागत तथा कार्य विधिगत जिम्मेवारी समेत किटानी व्यवस्था हनुलाई प्रभावकारी अनुगमन प्रणाली स्थापना गर्न अवसरका रूपमा लिनुपर्ने हुन्छ ।

भरखरै स्थापित स्थानीय तहहरूको संस्थागत विकास भई नसकेका वर्तमान अवस्थामा उपरोक्त कानूनी व्यवस्थाका कार्यान्वयन गर्न चुनौतीपूर्ण रहेका छ । योजना सम्बद्ध प्राविधिक जनशक्तिको अभावले नियमित अनुगमन प्रभावित भईरहेको अवस्था छ । अनुगमनसम्बन्धी संयन्त्रहरू क्रियाशील हुन सकिरहेका छैनन, अनुगमनका लागि बजेटका विनियोजनसमेत हुन सकेको देखिदैन । यसैगरी स्थानीय सरकारका रूपमा विभिन्न विषयगत कार्य जिम्मेवारीहरू प्राप्त भए तापनि ती कार्य जिम्मेवारी अनुसारका अनुगमनका सूचकहरू निर्धारण हुन नसक्नु, विषयगत शाखाबाट आआफ्ना र्यक्रमअनुसारका क्रियाकलापगत, परिमाणत्मक, नतिजागत, असर वा प्रतिफलगत तहसम्मका सूचकहरू प्राप्त गरी अनुगमन प्रणालीलाई सुव्यवस्थित गर्न चुनौतीपूर्ण कार्यका रूपमा रहेको छ । प्रतिनिधिहरूलाई अनुगमनको महत्वबोध गराउन नसकिंदा अनुगमनले उचित प्राथमिकता प्राप्त गर्न सकेको देखिदैन । कार्यक्रम अनुसारका चरणगत अनुगमन गरी पूर्व निर्धारित समय, गुणस्तर, लागतमा कार्य भए नभएको यकिन गर्न कार्यान्वय चरणदेखि नै प्रभावकारी अनुगमन प्रणाली स्थापित गरी नतिजामुखी अनुगमन प्रणाली स्थापना हुन झन् जरुरी देखिन्छ ।

## ७.१ मध्यावधि मूल्यांकन

यो दस्तावेजमा निर्धारित लक्ष्य, उद्देश्य, सूचक र नीतिहरूका आधारमा योजना कार्यान्वयनको तेस्रो वर्षमा र पाँचौ वर्षमा यसको मध्यावधि मूल्यांकन हुनेछ। यस मूल्यांकन टोलीमा कम्तीमा १ जना योजना सम्बन्धी दखल भएका र अनुभवी पेशाविद् (professional) समेत संलग्न रहनेछन्। मध्यावधि मूल्यांकन टोलीमा रहने अन्य सदस्यहरू र यसको कार्यविधि नगरपालिकाले निर्धारण गर्नेछ। उक्त मध्यावधि मूल्यङ्कन टोलीले गरेका सिफारिशका आधारमा यस योजनाको कार्यान्वयन अझ प्रभावकारी रूपमा अघि बढाइनेछ। साथै मध्यावधि मूल्याङ्कनको प्रतिवेदनलाई सार्वजनिक गरिनेछ।

स्थानीय विकासका सन्दर्भमा नगरस्तरमा तयार गरिएको यो पहिलो एकीकृत नगर विकास योजना हो। अभ्यास तथा सहभागिताको अधिकतम प्रयोग गरी उपलब्ध भएसम्मका तथ्याङ्कहरूको सङ्कलन र विश्लेषण गरी सहभागितामूलक पद्धतिद्वारा एकीकृत नगर विकास योजना तयार गरिएको छ। तापनि अझै कतिपय तथ्यांकहरू पूर्ण र भरपर्दो नभएको र संघीय संरचनाले तथ्यांक संकलनमा केही समस्या तथा कमी कमजोरी रहेकाले यस दस्तावेजको मध्यावधि मूल्यांकन गरी नपुग कुराहरू त्यसबेला थप गरी परिमार्जन गरिनेछ।

## ७.२ अन्तिम मूल्यांकन

एनवियोको ५ वर्षे समयावधि सकिए पश्चात् यसको अन्तिम मूल्यांकन गर्न पर्ने हुन्छ। यसका लागि नगरपालिकाको नेतृत्वमा मूल्याङ्कन टोलीको गठन हुन्छ र यस मूल्याङ्कन टोलीमा कम्तीमा १ जना योजना सम्बन्धी दखल भएका र अनुभवी पेशाविद् (professional) समेत संलग्नता रहने अथवा योजना सम्बन्धी परामर्शदाताको सहायता लिनु पर्ने हुन्छ। अन्तिम मूल्यांकन गर्नेको औचित्य, एनवियोले अंगिकार गरेको लक्ष्य र उद्देश्य के कति प्राप्त भए भनेर हेर्नु हो। यसले आगामी योजना बनाउदा अपनाउनु पर्ने सावधानी र आगामी योजनामा लिइनु पर्ने लक्ष्य र उद्देश्यको खाका तयार पार्न मद्दत पुऱ्याउँछ। तेस्रो पक्षबाट मूल्यांकन गराउँदा मूल्यांकनले विश्वासिलो वास्तविकता दिन्छ।

# ८ बजेटको व्यवस्थापन

## ८.१ लागत अनुमान

एकीकृत विकास योजनाले पहिचान गरेका सम्पूर्ण योजनाहरु सम्पन्न गर्न ५ वर्षको अवधिमा कूल १३ अरब २३ करोड रकम लाग्ने प्रारम्भिक अनुमान छ।

नगरको एकीकृत विकासका निम्ति क्रमानुगत कार्यक्रम बाहेक कही विषेश प्रकृतिका कार्यक्रमहरु पनि प्रस्ताव गरिएको छ । प्रस्ताव गरिएका कार्यक्रमहरुको कार्यान्वयन निम्ति ५ वर्षमा प्रशासनिक एवं चालू खर्च बाहेक करिब १३.२३ अरब रुपैयाको आवश्यकता देखिन्छ । यसमा करिव ३० प्रतिसत प्रशासनीक खर्च जोड्ने हो भने नगरको कूल बजेट १७ अरब २० करोड हुन जान्छ भने यसको अधिकांस हिस्सा योजनाको सुरुवाती ३ वर्षमा नै आवश्यक पर्ने देखिन्छ।

| क्षेत्र | अनुमानित बजेट |
|---|---|
| पूर्वाधार विकास | ८,६२८,८५०,०००.०० |
| आर्थिक विकास | २,३११,७८८,०००.०० |
| आर्थिक विकास | १,०६६,८००,०००.०० |
| संस्कृति, पर्यटन विकास तथा सम्पदा संरक्षण | २७६,१००,०००.०० |
| वन तथा वातावरण व्यवस्थापन | ४४३,०००,०००.०० |
| विपद् व्यवस्थापन | २५२,५३०,०००.०० |
| संस्थागत विकास | १०१,८२५,०००.०० |
| श्रोत परिचालन तथा वित्तीय व्यवस्थापन | १४६,१५०,०००.०० |
| **जम्मा** | **१३,२२७,०४३,०००.००** |

## ८.२ बजेट प्रक्षेपण

तालिकामा उल्लेखित मेलम्ची नगरपालिकाको बजेटको प्रारुप अन्तर्गत ४ वर्षको बजेट प्रवृत्ति हेर्दा बजेटको स्वरुपमा घनात्मक देखिन्छ । २०७२/७३ देखि ०७५/७६ सम्म आउदा बजेटमा वार्षिक ८५ % ले वृद्धि भएको छ। यस हिसावले विगत ४ वर्षको बजेट प्रवृत्तिबाट आगामी ५ वर्षको बजेट प्रक्षेपण गर्दा कूल ७ अर्व ८५ करोड रकम नगरलाई प्राप्त हुने देखिन्छ। यस बजेटमा नगरपालिका लगायत अन्य सरकारी कार्यालयको बजेट पनि समावेश छ भने साझेदार संघ संस्थाको बजेट यसमा समावेश छैन। भूकम्पले श्रृजित वर्तमान विकास वातावरणमा गैसस वा साझेदार संघ संस्थाको बजेट हाल नगरपालिका कै हाराहारीमा रहेतापनि सो क्रम पुनर्निमाण कार्य सम्पन्न हुदै जदा घट्दै जाने निश्चित छ तसर्थ यस योजना अवधिमा लगभग ४० % मात्र हिस्सा सझेदार संघ संस्थाको हुने हो भने नगरको कूल बजेट ११ अरब हुन जान्छ। यसरी हेर्दा नगरलाई कूल ६ अरब २० करोड बजेट अपुग हुन आउछ।

| आ.व. | जम्मा वजेट |
|---|---|
| २०७२/७३ | १४,४१,४१,१७०.३९ |
| २०७३/७४ | २५,०१,६९,५८३.३३ |
| २०७४/७५ | ६१,०७,७४,०२०.३३ |
| २०७५/७६ | ८३,५६,५५,०००.०० |
| **आ.व.** | **वजेट प्रक्षेपण** |
| २०७६/७७ | १,०६,८९,७१,४२५.०० |
| २०७७/७८ | १,३१,२४,८६,०१८.०० |
| २०७८/७९ | १,५९,०४,६०,२९१.०० |
| २०८०/८१ | १,८१,४५,३०,४१९.०० |
| २०८१/८२ | २,०६,८१,९२,५४१.०० |
| **५ वर्षको जम्मा** | **७,८५,४६,४०,६९४.००** |

## ८.३ श्रोत पहिचान

नगरको एकीकृत विकास गर्न केहि दीर्घकालीन प्रकृतिका परियोजनाहरु पनि छन्। त्यस्ता परियोजनाहरुमा क्रमागत रुपमा लगानी गर्न श्रोतको निरन्तरता आवश्यक हुन्छ। यस्ता प्रकृतिका योजनाहरुलाई संघीय वा प्रादेशिक सरकारको लगानी आकर्षित गर्न अत्यन्तै जरुरी हुन्छ जसले नगरको अतिरिक्त आर्थिक बोझ कम गर्दछ। यसका साथै नगरलाई निकट भविष्यमा मेलम्चीको पानी काठमाडौं लगे बापत केहि रोयल्टी प्रप्त हुनेछ , नगर विकास कोषमा पहल गरी केहि ऋण सहायता उपलब्ध हुनेछ, संघीय सरकारको समन्वयबाट पनि केहि वैदेशिक सहायता प्राप्त हुनेछ। यसरी विभिन्न माध्यमबाट प्राप्त हुने अनुदान, ऋण तथा रोयल्टीले गर्दा ६ अरब २० करोड अपुग रकम सहजै पुर्ती गर्न सकिन्छ। एकीकृत सम्पत्ति करको कार्यान्वयन, करबारे जन चेतना वृद्धि आदि कार्यक्रमबाट पनि नगरको आम्दानी थप वृद्धि हुने सम्भावना हुदा श्रोतको अभाव हुने देखिदैन।

## अनुसूचीहरु